
# विश्व संकट

# तथा

# शांतिको मार्ग



मिर्ज़ा मसरूर अहमद

# विश्व संकट

# तथा

# शांतिको मार्ग

# WORLD CRISIS
# AND
# THE PATHWAY TO PEACE

*(Nepali Translation)*

A Compilation of Speeches and Letters

*of*

**Mirza Masroor Ahmad**

*Imam and the Head of the Worldwide Ahmadiyya Muslim Jama'at,*

*Fifth Successor to the Promised Messiah[as], May Allah the Almighty be his help*

**ISLAM INTERNATIONAL PUBLICATIONS LTD.**

World Crisis and the Pathway to Peace

A Compilation of Speeches and Letters
of
Ḥaḍrat Mirza Masroor Ahmad,
Imam and the Head of the Worldwide Aḥmadiyya Muslim Jamāat,
Fifth Successor to the Promised Messiah[as]

Nepali Translation
विश्व संकट तथा शांतिको मार्ग
Translator - Ataur Rehman Khalid (H.A)
First Published in Nepal in Nov. 2014
Present Edition in Nepal in April 2019 (2000 Copies)
Published by : Wakalat Tabshir Tahrik-e-Jadid
(Ahmadiyya Sangh Nepal)

Contact:
Ahmadiyya Sangh Nepal
Sina Manghal-9
Near K.M.C Eye Hospital
Babu Ram Acharya Road, Kathamandu (Nepal)
Ph: 144-60102, Fax: 00977-14460102
Email: ahmadiyyasangh@gmail.com
Printed at:

*No part of this publication may be reproduced or transmitted in any form or by any means, electronic or mechanical, including photocopy, recording or any information storage and retrieval system, without prior written permission from the Publisher.*

# विषय सूचि

लेखकका विषयमा ........................................................ vii

प्राक्कथन ..................................................................... xiii

# भाषणहरू

विश्व सङ्कट सम्बन्धी इस्लामको दृष्टिकोण ..................................9

स्वदेशप्रति वफादारी र देशप्रेम सम्बन्धी इस्लामी शिक्षाहरू...............29

सम्भावित परमाणु युद्धका भयावह परिणामहरू र सार्वभौमिक

न्यायको नितान्त आवश्यकता ................................................47

शान्तिपथ-राष्ट्रहरूका बीच स्वच्छ न्यायपूर्ण सम्बन्ध .......................85

शान्तिको उपाय विश्व एकता ................................................103

के मुसलमानहरू पश्चिमी समाजमा समाहित हुन सक्छन ?...........121

इस्लाम शान्ति र करूणाको धर्म ............................................143

विश्वशान्ति आजको अपरिहार्य आवश्यकता ..............................163

वैश्विक शान्ति र सुरक्षा वर्तमान युगका भयानक समस्याहरु ..........173

वैशविक अशान्तिको अवसरमा शान्तिको स्रोत.............................189

## विश्वका प्रमुख नेताहरूलाई पत्र

आदरणीय पोप बेनेडिक्ट XVI को नाममा पत्र............................207

इज्राईली प्रधानमन्त्रीको नाममा पत्र.........................................215

इस्लामी गणतन्त्र इरानका राष्ट्रपतिको नाममा पत्र .......................221

संयुक्त राष्ट्र अमेरिकाका राष्ट्रपतिको नाममा पत्र .........................227

कनेडाका प्रधानमन्त्रीको नाममा पत्र.........................................233

दुईवटा पवित्र स्थलहरूका संरक्षक सऊदी अरबका सम्राटको नाममा पत्र.. 239

गणतन्त्र चीनका प्रधानमन्त्रीको नाममा पत्र................................245

बेलायती प्रधानमन्त्रीको नाममा पत्र .........................................251

जर्मन चान्सलरको नाममा पत्र ................................................257

गणराज्य फ्रान्सका राष्ट्रपतिको  नाममा पत्र................................265

बेलायत तथा राष्ट्रमन्डल देशहरूकी महारानीको नाममा पत्र...........273

इस्लामी गणराज्य इरानका सर्वोच्च नेताको नाममा पत्र .................281

रूसका राष्ट्रपतिको नाममा पत्र ...............................................287

# लेखकका बारेमा

हजरत मिर्जा मसरूर अहमद साहेब(अल्लाहले उहाँको सहायता गरून)प्रतिश्रुत मसीहका पञ्चम खलीफा विश्वव्यापी अहमदिया मुस्लिम जमाअतका सर्वोच्च प्रमुख हुनुहुन्छ साथै उहाँ प्रतिश्रुत मसीह तथा महदी हजरत मिर्जा गुलाम अहमद कादियानी (उहाँप्रति अल्लाहको शान्ति वर्षण होस)का पाँचौं खलीफा(उत्तराधिकारी)हुनुहुन्छ ।

उहाँको जन्म पाकिस्तानको रब्वा शहरमा स्वर्गीय मिर्जा मन्सूर अहमद र स्वर्गीय नासिरा बेगम साहिबाको घरमा सन १९५० को सेप्टेम्बर १५ मा भएको थियो ।

सन १९७७ ई. मा पाकिस्तानको फैसलाबादस्थित कृषि विश्वविद्यालयबाट कृषि-अर्थशास्त्रमा स्नातकोत्तर शिक्षा प्राप्त गरेपछि उहाँले आफ्नो जीवन औपचारिक रूपमा इस्लामको सेवाका लागि समर्पित गर्नुभयो । उहाँले सन १९७७ देखि लामो समयसम्म घाना (अफ्रिका)मा रहेर अहमदिया मुस्लिम जमाअतद्वारा संचालित विद्यालयहरूमा प्रधानाचार्यको रूपमा सेवा गर्नुभयो । त्यस अवधिमा उहाँले सालगामा सेकेन्डरी विद्यालयको उद्घाटन गर्नुका साथै सोही विद्यालयमा प्रारम्भिक दुईवर्षसम्म प्रधानाध्यापक रहेर सेवा दिनुभयो ।

उहाँबाट पाकिस्तान फर्किएर आएपछि उहाँ रब्वामा अहमदिया जमाअतको मुख्यालयमा विभिन्न पदहरूमा आसीन रही सेवारत रहनुभयो । सन १९९९ई.मा उहाँले एउटा साइनबोर्डबाट पवित्र कुर्आनका केही शब्दहरू मेटाएको मिथ्या आरोपमा अल्पावधिका लागि कारावास पनि भोग्नु पऱ्यो ।

उहाँ सन २००३ ई. को २२ अप्रिलका दिन आजीवनका लागि अहमदिया जमाअतका खलीफा(आध्यात्मिक प्रमुख) तथा सर्वोच्च प्रशासनिकको रूपमा निर्वाचित भई उक्त अन्तर्राष्ट्रिय धार्मिक जमाअतसँग आवद्ध रहेका करोडौं अनुयायीहरूलाई नेतृत्व प्रदान गरिरहनु भएछ । उहाँकै नेतृत्वमा अहमदिया मुस्लिम जमाअतको आज विश्वका २००भन्दा अधिक देशहरूमा विस्तार भएको छ । उहाँ जमाअतका खलीफा निर्वाचित भएदेखि नै इस्लामको शान्तिपूर्ण संदेशलाई विश्वसामु राख्न Print and digital संचारमाध्यमबाट सक्रिय हुनुहुन्छ । उहाँकै सक्षम नेतृत्वमा विश्वभरि छरिएर रहेका अहमदिया मुस्लिम जमाअतका राष्ट्रीय संस्थाहरूले इस्लामको सत्य र शान्तिपूर्ण शिक्षा प्रस्तुत गरिरहेछन । विश्वभरी छरिएर रहेका अहमदिया मुस्लिम जमाअतका सदस्यहरूले मुस्लिम र गैर मुस्लिम सबैमा लाखौंलाख शान्ति सन्देश लेखिएका फोल्डर र पत्रिकाहरू वितरित गरेका छन भने अनेकौं अन्तरधार्मिक सम्मेलन र शान्ति सम्मेलनको आयोजन तथा पवित्र कुर्आनको प्रदर्शनी गरी त्यसमा रहेका सत्य र शान्तिका महत्वपूर्ण संदेशहरूलाई जनतासमक्ष पस्कने काम भएको छ । यस्ता कार्यक्रमहरूलाई विश्वका प्रमुख समाचार माध्यमहरूले अत्यन्त प्रमुखताका साथ प्रसारण गरेर इस्लामले एउटा मानिसलाई आफूले बसोवास गरिरहेको देशप्रति वफादार रहन,शान्तिप्रति प्रतिबद्ध रहन र मानवीय सेवा गर्न प्रेरित गर्छ भन्ने सन्देशमा आधारित तथ्य छर्लङ्ग पारेको छ ।

आदरणीय हजूरले सन २००४ई.मा वार्षिक समारोहको उद्घाटन गर्नुभयो जहाँ प्रत्येक वर्गका मानिसहरूले शान्ति तथा एकताका लागि आफ्ना मतहरूको आदान प्रदान गर्नेगर्छन । प्रत्येक वर्ष आयोजित हुने यी शान्ति सम्मेलनहरूले अनेकौं मन्त्रीहरू,राजनीतिज्ञहरू,सांसदहरू,धर्मगुरूहरू तथा अन्य विशिष्ट व्यक्तिहरूलाई आकर्षित गर्न सफल भएको छ ।

परमादरणीय हजूरले मानवताको सेवालाई प्रोत्साहित गर्न र साकार तुल्याउनका निम्ति विश्वव्यापी भ्रमण गर्नुभएको छ । उहाँको नेतृत्वमा अहमदिया मुस्लिम जमाअतले संसारका सुदूर प्रान्तहरूमा उत्तम शिक्षा र स्वास्थ सुविधाहरू उपलब्ध गराउनको  लागि ठूलो संख्यामा स्कूलहरू र अस्पतालहरू निर्माण र परिचालन गरेको छ ।

परमादरणीय हजूरले समाजको प्रत्येक स्तरमा शान्ति स्थापना गर्ने प्रयास गरिरहनु भएछ । उहाँले अहमदिया मुस्लिम जमाअतका सदस्यहरूलाई व्यक्तिगत स्तरमा आ-आफ्नो सुधार गर्न सबैभन्दा ठूलो “ जिहाद” (संघर्ष) गर्ने उपदेश दिइरहनु भएछ । यस प्रकार प्रत्येक अहमदी मुसलमान व्यक्तिगत स्तरमा शान्ति स्थापना गर्न सफल हुनेछ र अन्य मानिसहरूका लागि पनि शान्ति उपलब्ध गराउन सहायक बन्नेछ ।

उहाँले मेलबोर्न(अस्ट्रेलिया)मा एकजना व्यक्तिको प्रश्नको उत्तर दिँदै भन्नुभयो,“ यदि तपाईंभित्र शान्ति छ भने तपाईं शान्तिका निम्न प्रयासरत हुनुहुन्छ भन्ने कुरो बुझिन्छ । यदि हामीमध्ये प्रत्येक व्यक्ति भित्र शान्ति रहेमा हामीले अरूहरूसम्म शान्ति पुऱ्याउन सक्षम हुनेछौं । उहाँले व्यक्तिगत र सामूहिक स्तरमा तथा राष्ट्रीय र अन्तर्राष्ट्रीय मंचमा इस्लामको वास्तविक शिक्षानुसार शान्ति स्थापनाका विशेष उपायहरूका बारेमा समस्त मानवजातिको मार्ग दर्शन गरिरहनु भएछ ।

परमादरणीय हजरत मिर्जा मसरूर अहमद साहेब वर्तमान लंदनमा रहिरहनु भएछ । अहमदी मुसलमानहरूका आध्यात्मिक प्रमुखको रूपमा उहाँले शान्ति र दयाको सुखदायी संदेशद्वारा उत्साहका साथ इस्लामको प्रचार गरिरहनु भएछ ।



Ḥaḍrat Mirza Masroor Ahmad
Khalīfatul-Masīḥ V[aba]

# प्राक्कथन

आज संसार अत्यन्त अशान्तिपूर्ण परिस्थितिमा घेरिएको छ । विश्वको आर्थिक संकटले प्रति सप्ताह लगातार नयाँ नयाँ भयानक रूप धारण गरिरहेछ । आजको स्थिति द्वितीय विश्वयुद्ध भन्दा पहिलाको स्थिति जस्तै रहेको अनुमान लगाइएको छ र वर्तमानका घटनाहरूले विश्वलाई एउटा भयंकर तृतीय विश्वयुद्धतर्फ अग्रसर गराइरहेको स्पष्टरूपमा देखिदै छ । स्थिति नियन्त्रणबाट बाहिर जान लागेको छ भन्ने कुरोको आभास प्रबलरूपमा भइरहेछ । मानिसहरू एउटा यस्तो व्यक्तिको खोजमा देखिन्छन जसले विश्वमा प्रकट भएर एउटा सुदृढ र सुमधुर समाधान प्रस्तुत गरोस जसप्रति विश्वासीले पूर्ण भरोसा र विश्वास गर्न सकून । जसले तिनीहरूको हृदयमा समान रूपले प्रभाव पारोस र शान्तितर्फ अग्रसर गराउने मार्ग उपलब्ध छ भन्ने आशा तिनीहरूको मनमा जगाउन सकोस ।

परमाणु युद्धका परिणामहरू कति भयानक हुनेछन भन्ने कुराको कसैले कल्पना समेत गर्न साहस गर्दैन ।

उक्त पुस्तकमा हामीले विश्वव्यापी अहमदिया मुस्लिम जमाअतका आध्यात्मिक प्रमुख हजरत मिर्जा मसरूर अहमद साहिबद्वारा प्रस्तुत मार्गदर्शनलाई संकलित गरेका छौं ।

गत केही वर्षदेखी जस्ता जस्ता परिस्थितिहरू उत्पन्न भइरहेछन उहाँले साहसपूर्वक यी समस्त परिस्थितिहरूबारे विश्लेषण गर्दै संसार आज उक्त स्थितिसम्म कसरी पुग्नगयो भन्ने कुरो विश्वले बुझोस र कसरी हामीले उक्त विनाशलाई टाली विश्वासीहरूलाई शान्ति र सुरक्षाको मार्ग उपलब्ध गराउन सक्छौं भन्ने तथ्यतर्फ मार्गदर्शन गरिरहनु भएछ । शान्तिलाई

सुनिश्चित तुल्याउने केवल मात्र उपाय संसारले विनम्रता र न्यायको मार्ग अवलम्बन गर्नु र अत्यन्त नम्र र विनीत भावका साथ अल्लाह (परमेश्वर)को शरणमा आउनु नै हो भन्ने कुरो उहाँले स्पष्ट शब्दहरूमा घाषित गर्नुभएको छ । यसैगरी मनुष्यले मानवताको भावनालाई प्रदर्शन गरोस । सशक्त व्यक्तिहरूले निर्बल र निरीह व्यक्तिहरूसित सहृदय सम्मान तथा न्यायपूर्ण व्यवहार गरून र सबैले सत्य एवं पुण्यको मार्ग अवलम्बन गरून र सबैजना पूर्ण विनम्रता तथा निष्कपटताका साथ आफ्ना स्रष्टाका शरणमा आऊन भन्ने कुरो स्पष्ट पार्नुभएको छ ।

समस्त देशहरूले परस्पर आपसी सम्बन्ध र व्यवहारलाई न्यायमा आधारित बनाउनु नै विनाशको खाडलबाट उम्कने एक मात्र उपाय रहेको छ भन्ने कुरोप्रति उहाँले बारम्बार सबैको ध्यानाकर्षण गराउनु भएको छ । यदि परस्पर एक आपसमा शत्रुता रहेतापनि तिनीहरूले न्यायलाई शिरोधार्य गर्नु अनिवार्य रहेको छ वस्तुत इतिहासबाट हामीलाई के शिक्षा मिल्छ भने भविष्यमा उत्पन्न हुने शत्रुताको उन्मूलनको केवल यही नै उपाय हो । अतः यसप्रकार चिरस्थायी शान्तिको स्थापना सम्भव छ ।

उहाँले व्यक्तिगत रूपमा विश्वका ठूला देशहरूका नेताहरू र राष्ट्रप्रमुखहरूलाई सम्बोधित गर्नका लागि टाढा टाढासम्म भ्रमण गर्नुभयो । जस्तै कैपिटल हिल वाशिङ्गटन डी.सी.,लंदनमा पार्लियामेन्टका दुवै सदनहरू,जर्मनीको सैन्य मुख्यालय,ब्रासल्वमा यूरोपेली पालिर्यामेन्ट र न्यूजीलेन्डको राष्ट्रीय संसदभवनमा दिएका ऐतिहासिक भाषणहरू शामेल रहेका छन । यी आयोजनहरूमा राष्ट्रप्रमुख, कांग्रेस सदस्यहरू, राजदूतहरू,गैर सरकारी संघ संस्थाहरूका नेताहरू,धार्मिक नेताहरू,प्राध्यापकहरू राजनितिक सलाहकारहरू र पत्रकारहरू सम्मिलित हुनेगर्थे । न्यायको माँग तब मात्र पूर्ण हुनसक्छ । जब सबै गुटहरू र

समूहहरूसित समान व्यवहार गरिन्छ भन्ने कुरो उहाँले स्पष्टरूपमा भन्नु भएको छ । साथै उहाँले अन्यायपूर्ण र अमानवीय आर्थिक र राजनीतिक नीतिहरूका कारण विश्वका विभिन्न जातिहरूका बीचमा जुन तनाव र असन्तुष्टि बढीरहेको छ त्यसको परिणामस्वरूप विश्व संकट बढदै जानेछ भनी चेतावनी दिनुभएको छ ।

विश्वका नेताहरूका नाममा लेखिएका आफ्ना पत्रहरूमा उहाँले पवित्र कुर्आनका निम्नलिखित शिक्षामाथि विशेष जोड दिनुभएको छ । त्यो शिक्षा यसप्रकार छः- " कुनै जातिको शत्रुताले (अर्थात)तिनीहरूले पवित्र मस्जिदबाट रोकेका थिए (भन्ने कुरोले)तिमीहरूलाई ज्यादती गर्न प्रेरित नगरोस । तथा पुण्य र तक्वा(संयम)मा एक अर्काको परस्पर सहयोग गर र पाप तथा ज्यादती(का कार्यहरू)मा सहयोग नगर । तथा अल्लाहसित डर । निस्सन्देह अल्लाह दण्ड दिनमा अति कठोर छन । " (अल् -माईदःआयत ३)

उहाँले अमेरिकाका राष्ट्रपति बराक ओबामालाई लेख्नुभएको छ :- " राष्ट्रसंघको विफलता र १९३२ ई.को आर्थिक संकट नै द्वितीय विश्वयुद्धका प्रमुख कारणहरू थिए भन्ने कुरा हामी सबैलाई थाहा छ । आजका प्रसिद्ध अर्थशास्त्रीहरूले वर्तमान आर्थिक संकट र १९३२ ई.को आर्थिक संकटमा धेरै समानताहरू रहेका छन भनी विचार प्रकट गरेका छन । राजनैतिक र आर्थिक समस्याहरू नै सा-साना देशहरूका बीचमा पुनः युद्धका कारण बनेका हामी देखिरहेछौं । यस परिस्थितिमा अन्ततः केही यस्ता शक्तिहरूले अनुचित लाभ उठाएर संसारको नियन्त्रणलाई आफ्नो अधिनस्थ गर्न चाहनेछन जसबाट विश्वयुद्ध हुने सम्भव छ । यदि सा-साना देशहरूका पारस्पारिक विवादहरूको राजनीति र कूटनीतिद्वारा सामाधान खोज्न सकिएन भने विश्वमा नयाँ गुटहरूको जन्म हुनेछ र यसले तृतीय विश्वयुद्धको पूर्वावलोकन गराउनेछ । अतः यस समय विश्वको विकाशमाथि ध्यान केंद्रित

गर्नुको सट्टा हामीले विश्वलाई यस विनाशबाट बचाउने आफ्नो प्रयासलाई तीव्र भन्दा तीव्र गर्नु अत्यावश्यक छ भन्ने मेरो विश्वास रहेको छ। यसैगरी मानवजातिले आफ्ना एक अद्वितीय स्रष्टा परमेश्वरलाई सनाखत गर्नु पनि अत्यावश्यक रहेको छ किनभने केवल यस कुराले मानव जीवनलाई सुरक्षित बनाउन सक्नेछ अन्यथा यो संसार निरन्तर आत्म विनाशतर्फ तीव्रतापूर्वक अग्रसर हुदै जानेछ।

रूसका राष्ट्रपति पुतिनलाई उहाँले लेख्नुभयोः-

" सीरियाको वर्तमान चिन्ताजनक परिस्थितिले हजूरलाई पत्र लेख्न म प्रेरित भएको छु किनभने हजूरले युद्धको सट्टा वार्तालापद्वारा समस्याहरूको समाधान खोज्नुपर्छ भनी विश्वका विभिन्न देशहरूका बीचमा सहमति जुटाउने प्रयास गर्नुभएको छ । यसका निम्ति हजूरलाई धन्यावाद दिन र सराहना गर्न चाहन्छु । कुनै पनि प्रकारको आक्रमणले त यहाँ युद्ध आरम्भ मात्र हुनेछैन अपितु यहाँबाट तृतीय विश्वयुद्धको थालनी हुने प्रवल सम्भावना रहेको छ । एउटा पश्चिमी समाचार पत्रमा यहाँको लेख पढेर मलाई अति खुशी लाग्यो जसमा यहाँले आक्रमणबाट विनाश हुनेछ र त्यसको परिणाममा विश्वयुद्ध हुने संम्भावना छ भनी विशेषरूपले लेख्नुभएको छ । हजूरको यही प्रयास र संकल्पका कारण महा-शक्तिहरूले आक्रमणको बाटो त्यागेर सहमति र सन्धिको बाटो अपनाए र उक्त समस्याको राजनैतिक समाधान निकाल्न सहमत भए । उक्त सहमतिले विश्वलाई एउटा महाविनाशकारी र विध्वंसक स्थितिबाट बचायो भन्ने मेरो विश्वास रहेको छ । यदि विश्वका सबै देशहरूले आ-आफ्नो स्तरमा तथा एक-पक्षीय निर्णय लिएमा संयुक्त राष्ट्रको पनि त्यही अन्त हुनेछ जो राष्ट्रसंघको भएको थियो भन्ने यहाँको विचारप्रति म सहमत छु।"

सिरीया र ईरानको सङ्कट सन् २०१३ ई. को अन्तिमतिर केही मात्रामा शान्त भएको थियो । ब्रिटेन सरकारले सिरीयामा सैन्य हस्तक्षेपको विरोधमा मतदान गरेको थियो । रूस र संयुक्त राज्य अमेरिकाका बीचमा सिरीयाका रासायनिक शस्त्रहरूको निपटारा सम्बन्धी एउटा योजनामाथि सहमति भएको थियो । संयुक्त राज्य अमेरिकाले सिरीयामाथि आक्रमण गर्ने विचार त्यागो र त्यसैगरी विश्वका महान शक्तिहरूले ईरानसित एउटा यस्तो परमाणु सम्झौतामाथि सहमति प्रकट गरे जो सबैका लागि स्वीकार्य थियो । सबै वर्गले त्यस दिशामा प्रगतिप्रति स्वागत गर्छन जसतर्फ परमादरणीय हजूरले विश्वलाई अग्रसर हुन आग्रह गर्दै आइरहनु भएथ्यो । परन्तु हामी सुरक्षित स्थितिबाट धेरै टाढाछौं र हामीले विश्व-शान्तिको चिरस्थायी समाधान खोज्नका लागि अत्यधिक प्रयास गर्नु पर्नेछ ।

सङ्कटको वर्तमान परिस्थितिमा यस पुस्तकमा संकलित सुझाव र समाधानहरू मानवताका लागि मार्गदर्शनको स्रोत बनून जसको फलस्वरूप न्याय र विनम्रताका सिद्धान्तहरूलाई पालन गरी तथा परमेश्वरको शरणमा आएर मानव-जातिलाई चिरस्थायी शान्ति प्राप्त होस भन्ने हाम्रो हार्दिक प्रार्थना छ । प्रकाशक

# SPEECHES

# भाषणहरू

विश्व संकट तथा  शांतिको मार्ग



# ISLAMIC PERSPECTIVE ON THE GLOBAL CRISIS

THE BRITISH PARLIAMENT, THE HOUSE OF COMMONS
LONDON, UK, 2008





Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba] delivering the keynote address at the House of Commons







Official tour of the House of Commons, courtesy of Justine Greening MP



Seated: Lord Avebury (Liberal Democrats Spokesman for Foreign Affairs), Rt. Hon. Hazel Blears MP (Secretary of State for Communities and Local Government); Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba]; Justine Greening MP (Shadow Treasury Minister); Gillian Merron MP (Foreign Office Minister); Councillor Louise Hyams (the Lord Mayor of Westminster). Standing: Jeremy Hunt MP (Shadow Culture Minister); Rafiq Hayat (National Amir AMA UK); Virendra Sharma MP, Rt. Hon. Malcolm Wicks MP (Former Minister at Department for Business, Enterprise and Regulatory Reform); Rob Marris MP, Simon Hughes MP (President of the Liberal Democrats Party); Martin Linton MP; Alan Keen MP.

विश्व संकट तथा शांतिको मार्ग

# *Preface*

Historic Address by Hadrat Mirza Masroor Ahmad aba ,Khalifatul-Masih v,Head of the worldwide Ahmadiyya Muslim Community at the House of Commons(British Parliament)on 22 October 2008.

The reception was organized by Justine Greening,MP for Putney,home to the fazl Mosque,the Headquarters of the Ahmadiyya Muslim Community,in honour of the completion of 100 years of *Khilafat-e-Ahmadiyya*.

In attendance at the reception were Gillian Merron MP,Rt Hon Hazel Blears MP,Alan Keen MP,Dominic Grieve MP,Simon Hughes MP,Lord Eric Avebury and also distinguished members of the press,politicians and professionals.

## भूमिका

२२ अक्तूबर २००८ ई.मा हाऊस ऑफ कामन्स (ब्रिटिश पार्लियामेंट)मा विश्वव्यापी अहमदिया मुस्लिम जमाअतका प्रमुख हजरत मिर्जा मसरूर अहमद साहेब,प्रतिश्रुत मसीहका पञ्चम खलीफाको ऐतिहासिक भाषण ।

यो स्वागत समारोह खिलाफत-ए-अहमदियाको सय वर्ष पूर्ण भएको शुभावसरमा अहमदिया मुस्लिम जमाअतको मुख्य कार्यालय मस्जिद फजलको संसदीय क्षेत्र Putney का सांसद माननीय Justine Greening द्वारा आयोजित गरिएको थियो । उक्त समारोहमा माननीय Gillian Merron MP,Rt Hon Hazel Blears MP,Alan Keen MP,Dominic Grieve MP,Simon Hughes MP,Lord Eric Avebury बाहेक पनि निकै जना प्रतिष्ठित पत्रकारहरू,राजनीतिज्ञहरू तथा विभिन्न व्यवसायिक क्षेत्रका विशेषज्ञहरू उपस्थित थिए ।

विश्व संकट तथा  शांतिको मार्ग

# विश्व संकटप्रति इस्लामको दृष्टिकोण

बिस्मिल्लाहिर्रहमानिर्रहीम

सबैभन्दा पहिला म आदरणीय अतिथिहरू तथा सांसदहरूको धन्यवाद गर्छु जसले एउटा धार्मिक संगठनको प्रमुखलाई केही विचारहरू प्रकट गर्ने अवसर प्रदान गरें । म अति आदरणीय संसद सदस्य जस्टिन ग्रीटिङ्गको जो हाम्रा क्षेत्रका सांसद हुन आभारी छु जसले आफ्नो निर्वाचन क्षेत्रमा रहने एउटा सानु जमाअतका लागि शतवर्षीय समारोहको अवसरमा यस आयोजनलाई सफल तुल्यायनमा धेरै योगदान दिनुभएको छ । उहाँको यो योगदानले उहाँका निर्वाचन क्षेत्रका समस्त मानिसहरू र समुदायहरूका भावनाहरूप्रति उहाँको रुचि प्रदर्शित गर्छ,उहाँको महानता र उदारतालाई प्रदर्शित गर्छ ।

यद्यपि अहमदिया जमाअत (सम्प्रदाय) एउटा सानु र इस्लामको प्रकृत शिक्षाको प्रतिनिधित्व गर्ने जमाअत हो । म अवश्य के भन्न चाहन्छु भने प्रत्येक त्यो अहमदी मुस्लिम जो ब्रिटेनमा रहन्छ त्यो यस देशको पूर्ण वफादार नागरिक रहेको छ । उसले यस देशलाई चाहन्छ र यससित प्रेम गर्छ तथा यो हाम्रा नबी (पैगम्बर) हजरत मुहम्मद (सल्लम)को शिक्षाको फल हो जसले हामीलाई " आफ्नो देशसित प्रेम गर्नु ईमान (आस्था)को एउटा अनिवार्य अंग हो "भन्ने शिक्षा दिनुभएको छ ।

अहमदिया जमाअतका संस्थापक जसलाई हामी मसीह मौऊद (प्रतिश्रुत मसीह) र युगावतार तथा सुधारक मान्छौं,उहाँले इस्लामी शिक्षाहरूको व्याख्या गर्दै तिनीहरूको तथ्य र सत्यलाई उचित परिप्रेक्ष्यको आधारमा विश्वसमक्ष अति सुमधुर रंगमा प्रस्तुत गर्नुभएको छ ।

उहाँले आफ्नो दावीको घोषणा गर्दै परमेश्वरले ममाथि दुईवटा दायित्व सुम्पिएका छन भनी भन्नुभएको छ :-

१. अल्लाह (परमेश्वर) को अधिकार

२. उनका सृष्टिको अधिकार

उहाँले यस सन्दर्भमा विस्तारपूर्वक के वर्णन गर्नुभएको छ भने यी दुवै अधिकारहरूमध्ये सृष्टिका अधिकारहरू पूर्ण गर्नु अत्यधिक कठिन र चुनौतिपूर्ण कार्य हो ।                    (मलफूजात भाग १,पृष्ठ ३२६)

खिलाफतका सन्दर्भमा तपाईंहरूलाई कहिले यस्तो समय पनि आउन सक्छ जब इतिहासको पुनरावृति हुनेछ र यसप्रकारको नेतृत्वका कारण युद्ध आरम्भ हुनसक्छ भन्ने आशंका लाग्छ भने म यहाँहरूलाई के विश्वास दिलाउँछु भने यद्यपि इस्लाममाथि यो आरोप लगाइएको छ परन्तु यदि खुदा तआलाले चाहेमा खिलाफत-ए-अहमदिया सदैव शान्ति र समन्वयको झण्डा फहराउने प्रमाणित हुनेछ । यसैगरी यो (जमाअत) प्रत्येक त्यो देशको वफादार रहनेछ जसमा यसका अनुयायीहरू बसोवास गर्नेछन । खिलाफत-ए-अहमदियाले यस सन्दर्भमा मसीह र महदी (कल्किअवतार)को लक्ष्यलाई नै सदा अघि बढाउने प्रयास गर्नेछ त्यसकारण खिलाफतबाट डराउनु पर्ने केही आवश्यकता छैन । यस खिलाफतले जमाअतलाई ती दुईवटा कर्तव्यहरू पूरा गर्नेतर्फ ध्यान दिलाउँछ जसलाई पूरा गर्न हजरत मसीह मौऊद( कल्किअवतार) अलैहिस्सलामको आगमन भएको थियो । यसैकारण यो जमाअत समस्त विश्वमा शान्ति र समन्वय स्थापित गर्ने प्रयासमा छ ।

समयको महत्वलाई ध्यानमा राखी मूल विषयतर्फ लाग्दै म के भन्न चाहन्छु भने यदि हामीले गत केही शताब्दीहरूको निष्पक्ष विश्लेषण गरेमा तत्कालीन युद्धहरू वास्तवमा धर्मयुद्ध थिएनन बरु विश्व-राजनीतिसित सम्बन्धित युद्धहरू थिए भन्ने कुरो ज्ञात हुनजान्छ । यसैगरी आजका लडाई

झगडाहरू र भिन्न भिन्न जातिहरूका बीचको शत्रुताबाट पनि राजनीति र क्षेत्रीय आर्थिक हित नै युद्धको मुख्य कारण हो भन्ने कुरो स्पष्ट हुन्छ ।

विश्वका देशहरूको राजनैतिक र आर्थिक गतिविधिहरू त्था समस्त प्रेरकहरूले विश्वलाई एउटा विश्वयुद्धतर्फ लैजान सक्छन भने आशंका मलाई लाग्छ । विश्वका केवल गरीब देशहरू मात्र नभएर धनी देशहरू समेत यसबाट प्रभावित भएका छन । अतः विनाशको छेउमा खडा मानवतालाई बचाउनका निम्ति विश्व शक्तिहरूले बसेर सोच विचार गर्नु आज तिनीहरूको कर्तव्य रहेको छ ।

ब्रिटेन पनि ती देशहरूमध्ये एउटा हो जसले विकसित र विकासशील देशहरूमाथि आफ्नो दबाव र प्रभाव राख्छ त्यसकारण यदि तपाईंहरूले चाहेमा न्याय र समव्यवहारको मागलाई पूर्ण गर्दै विश्वको मार्गदर्शन गर्न सक्नुहुनेछ । अतितलाई हेर्नेहो भने ब्रिटेनले धेरैवटा देशहरूमाथि शासन गरेको थियो । विशेषगरी भारत र पाकिस्तानमाथि त यहाँहरूले न्याय र धार्मिक स्वतंत्रताको एउटा उच्च आदर्श छाडेर निस्कनु भएको थियो । अहमदिया जमाअत यस कुराको साक्षी रहेको छ । अहमदिया जमाअतका संस्थापक हजरत मिर्जा गुलाम अहमद साहेबले ब्रिटेन सरकारको न्याय र धार्मिक स्वतंत्रतामा आधारित राजनीतिको खुबै प्रशंसा र सराहना गर्नभएको छ । उहाँले महारानी विक्टोरियालाई उनको डायमण्ड जुबली समारोहका अवसरमा शुभकामना दिँदै उनलाई इस्लामको सन्देश पठाउनु भएको थियो र विशेषरूपमा उहाँले ब्रिटिश सरकारको न्याय र समानताको मागलाई पूरा गर्ने कार्यलाई दृष्टिमा राखी परमेश्वरले यस सरकारलाई यसको सहृदयताको उत्तम प्रतिफल प्रदान गरून भनी प्रार्थना गर्नुभएको थियो ।

अतः हाम्रो इतिहास साक्षी छ जब जब ब्रिटेनले न्यायको प्रदर्शन गर्‍यो हामीले यसको सराहना गर्‍यौं । भविष्यमा पनि न केवल धार्मिक मामिलाहरूमा अपितु प्रत्येक क्षेत्रमा न्याय नै ब्रिटेनको एउटा स्पष्ट विशेषता

रहनेछ र यहाँहरूले भूतकालको आफ्नो उत्तम गुणलाई कहिल्यै विर्सनु हुनेछैन भन्ने हामी आशा राख्छौं ।

आज विश्वमा पूर्णतः व्याकुलता र कोलाहल मच्चिएको छ । निम्न स्तरका युद्धहरू भइरहेको हामी देखिरहेछौं । केही ठाँउहरूमा भने विश्व शक्तिहरूले शान्ति स्थापित गरेको दावी ठोकेका छन । परन्तु यदि न्यायको मांगलाई पूरा गरिएन भने यी सा-साना देशहरूका युद्धहरूको अग्नि र ज्वालामा तीव्रता आउनेछ र समस्त विश्वलाई युद्धको चपेटोमा लिन सक्नेछ । अतः विश्वलाई विनाशबाट बचाउनु होस भन्ने मेरो यहाँहरूसमक्ष सविनय निवेदन छ ।

विश्वमा शान्ति स्थापित गर्न इस्लामले के शिक्षा दिन्छ भन्ने कुरो म अब संक्षिप्त रूपमा प्रस्तुत गर्छु । मेरो सम्बोधन पहिला मुसलमानहरूकै निम्ति रहेको छ तिनीहरूले यस शिक्षालाई पहिला पालन गरून र विश्वका समस्त देशहरू र सरकारहरू तथा महाशक्तिहरूले पनि उक्त शिक्षालाई अपनाउनु आ-आफ्नो कर्तव्य ठानून भन्ने मेरो दुआ(प्रार्थना)रहेको छ ।

आजको समयमा सम्पूर्ण विश्व एउटा अन्तर्राष्ट्रीय गाउँको रूपमा देखिएको छ जसको कल्पना पहिला गर्न सकिदैनथ्यो । मानव हुनाको दृष्टिकोणले हामीले आफ्नो कर्तव्य बुझ्नुपर्छ र मानवाधिकार सम्बन्धी समस्याहरूको समाधानतर्फ ध्यान दिनुपर्छ जसबाट विश्वशान्ति र सौहार्द स्थापित होस । हाम्रो यो प्रयास न्यायसंगत र न्यायका मागहरू पूरा गर्ने हुनु पनि आवश्यक छ ।

वर्तमानका समस्याहरूमध्ये एउटा मुख्य समस्या भने धर्मका कारण उतपन्न भएको छ चाहे त्यो प्रत्यक्ष रूपमा होस अथवा अप्रत्यक्ष रूपमा । यसमा केही मुसलमान समूहहरूले अमानवीयरूपमा न केवल गैर मुस्लिम सैनिकहरूको अपितु निर्दोष नागरिकहरूको हत्या गर्न मानव बमहरू र विस्फोटक पदार्थहरूको प्रयोग गरिरहेछन । यिनीहरूले निर्दोष

मुसलमानहरूको हत्या समेत गरिरहेछन । यस्तो अत्याचारपूर्ण र अमानवीय कार्य गर्ने इस्लामले कदापि अनुमति दिदैन ।

केही मुसलमानहरूको यस्तो क्रूर आचरणकै कारण गैर मुस्लिम देशहरूमा एउटा भूल धारणाले जन्म लिएको छ । परिणामस्वरूप त्यस समाजको एउटा अंशले इस्लाम विरुद्ध खुल्लम खुल्ला दुष्प्रचार गर्छ र अन्यहरूले यद्यपि सार्वजनिक रूपमा त केही भन्दैनन तर तिनीहरूले पनि इस्लामका बारेमा राम्रो धारणा भने राख्दैनन यस कुराले पश्चिमी देशहरूका जनताका हृदयमा र गैर मुस्लिम देशहरूका मानिसहरूमा मुसलमानहरूका बारेमा अविश्वास र सन्देहको भावना उत्पन्न गरेको छ । दुखको कुरो के भने यी केही मुसलमानहरूको तथाकथित आचरणका कारण आजको परिस्थितिमा सुधार हुनुको सट्टा गैर मुस्लिमहरूमा दिन प्रतिदिन आक्रोश बढ्दैछ । तथा नराम्रो प्रतिक्रिया देखिन लागेको छ । उक्त नराम्रो प्रतिक्रियाको पहिलो स्पष्ट उदाहरण इस्लामका पैगम्बर (सल्लम)को जीवन चरित्र र पवित्र कुर्आन जुन मुसलमानहरूको पवित्र धर्मग्रन्थ हो,माथि आक्रमण रहेको छ । यस परिप्रेक्ष्यमा ब्रिटेनका राजनीतिज्ञहरू चाहे तिनीहरू कुनै पनि पार्टीका हुन र यहाँका बुद्धिजीविहरूको विचारधारा भने केही अन्य देशका राजनीतिज्ञहरूको भन्दा विपरीत रहेको छ यसका निम्ति म यहाँहरूको आभारी छु । यसप्रकार भावना विरुद्ध खेलवाड गर्नाले घृणा,द्वेष र परस्पर एक अर्कालाई होचो देखाउने सोचलाई बढाउनु बाहेक अरू के लाभ हुनसक्छ र ।

यस घृणाले केंही चरमपन्थी मुसलमानहरूलाई गैर इस्लामी कार्य गर्न उतप्रेरित गर्छ र त्यसको फलस्वरूप केही गैर मुस्लिमहरूलाई विरोध प्रकट गर्ने अवसर प्राप्त हुन्छ । वस्तुतः जो चरमपन्थी छैनन र जसले इस्लामका पैगम्बर हजरत मुहम्मद(सल्लम) सित अत्यधिक प्रेम गर्छन तिनीहरूलाई यी आक्रमणहरूबाट अत्यधिक दुःख पुग्नजान्छ र यस सन्दर्भमा अहमदिया जमाअत सबैभन्दा अग्रसर छ । हाम्रो प्रमुख कर्तव्य हजरत मुहम्मद( सल्लम)को पवित्र जीवन चरित्र र इस्लामको सुन्दर र उत्तम शिक्षालाई

## विश्व संकट तथा  शांतिको मार्ग

संसार समक्ष प्रस्तुत गर्नु रहेको छ । हामी विश्वका सबै नबीहरू ( अवतारहरू)प्रति विश्वास राख्छौं र उनीहरूको सम्मान गर्छौं । उनीहरू सबै अल्लाह (परमेश्वर)का तर्फबाट आएका थिए भन्ने हाम्रो विश्वास छ त्यसकारण हामी उनीहरूमध्ये कसैका बारेमा अपमानजनक कुरा गर्दैनौं । परन्तु जब हामी हजरत मुहम्मद (सल्लम)का बारेमा मिथ्या र निराधार आरोपहरू सुन्छौं तब हामीलाई अत्यन्तै दुख लाग्छ ।

वर्तमान समयमा विश्व जब दुईवटा खण्डमा विभाजित हुनलागेको छ उग्रवादमा पनि तीव्रता आउँदैछ र आर्थिक अवस्था विश्वको विग्रदै गईरहेछ । यससमय प्रत्येक प्रकारको घृणा र द्वेषभावलाई मेटाएर सद्भाव र शान्तिको नीव राख्नु अत्यावश्यक रहेको छ । यो कार्य तबमात्र सम्भव हुनेछ जब हामीले परस्पर सबैका भावनाहरूको आदर गर्नेछौं । यदि यो कार्य उचित समयमा र उचित रूपले पूर्ण इमानद्वारा र सद्भावपूर्वक नगरिएमा यी परिस्थितिहरू यतिसम्म भयानक हुनेछन जसमाथि नियन्त्रण गर्न असम्भव हुनेछ । आर्थिक रूपमा सुदृढ पश्चिमी देशहरूले निर्धन र विकासशील देशका गैर मुस्लिम र मुसलमान सबै मानिसहरूलाई उदार हृदयका साथ आफ्ना देशमा रहने अनुमति दिएकोमा म उनीहरूको सराहना गर्छु ।

वास्तविक न्याय कायम गर्नका लागि हामीले उनीहरूको भावना र धार्मिक रीति रिवाजहरूको आदर गर्नु आवश्यक छ । यही नै त्यो उपाय हो जसद्वारा मानिसहरूको मानसिक शान्तिलाई कायम राख्न सकिनेछ । जब कुनै व्यक्तिको मानसिक शान्ति भंग हुन्छ तब त्यस समाजको मानसिक शान्ति पनि प्रभावित हुन्छ भन्ने कुरो हामीले स्मरण राख्नुपर्छ ।

म ब्रिटेनका राजनीतिज्ञ र व्यवस्थापकहरूको न्यायप्रक्रिया र अनर्थक कुराहरूमा हस्तक्षेप नगरेवापत कृतज्ञता व्यक्त गर्छु भन्ने कुरो मैले पहिला पनि वर्णन गरिसकेको छु ।

## विश्व संकट तथा शांतिको मार्ग

वास्तवमा पवित्र कुर्आनले हामीलाई सिकाएको इस्लामी शिक्षा यही नै हो । पवित्र कुर्आनको घोषणा यसप्रकार रहेको छ :-

" धर्मका मामिलामा केही जबरदस्ती छैन " (सूर:बकर:,आयत २५७)

यस आदेशले न केवल इस्लाम तरवारको जोडले फैलाइएको हो भन्ने आरोपको खन्डन गर्छ अपितु यसले मुसलमानहरूलाई कुनै धर्मलाई स्वीकार्नु मनुष्य र उसको परमेश्वरका बीचको मामिला हो त्यसकारण तिमीहरूले कुनै परिस्थितिमा पनि यसमा हस्तक्षेप गर्नु उचित छैन भन्ने शिक्षा दिन्छ । आफ्नो आस्थानुसार जीवनयापन गर्नु प्रत्येक व्यक्तिको अधिकार हो र आफ्ना धार्मिक परम्पराहरूको पालन गर्ने उसलाई अनुमति मिल्नु पर्छ । परन्तु धर्मका नाममा कुनै यस्तो परम्परा रहेमा जसले अरूलाई हानि पुऱ्याउँछ भने र त्यो राष्ट्रीय कानून विपरीत रहेको भएमा त्यस देशको न्यायपालिकाले उचित कारवाई गर्नसक्छ किनभने कुनै धर्ममा यदि कोही अप्रिय र अमानवीय परम्परा प्रचलित रहेको भएमा त्यो परमेश्वरका कुनै नबी ( सन्देशवाहक)को शिक्षा हुनसक्दैन ।

राष्ट्रीय र अन्तर्राष्ट्रीय स्तरमा शान्ति स्थापित गर्न यही नै मूल सिद्धान्त हो ।

यसबाहेक इस्लामले हामीलाई के शिक्षा दिन्छ भने यदि तिमीले धर्मान्तरण गरेको खन्डमा कुनै समाज,वर्ग अथवा कुनै सरकारले तिम्रो धार्मिक परम्परा अथवा आचारको पालनामा कोही हस्तक्षेप गर्ने प्रयास गरेमा ध्येर्यधारण गर र यदि त्यसपछि परिस्थिति तिम्रो अनुकूल हुन गएमा के स्मरण राख भने पहिलाका कुराहरूलाई लिएर तिमीले आफ्नो हृदयमा कुनै घृणा,द्वेष,वैमनस्य र कपट राख्नु उचित छैन । तिमीले प्रतिशोध लिने धारणा नराख अपितु न्याय र समन्वय स्थापित गर्ने प्रयास गर ।

पवित्र कुर्आनको शिक्षा यसप्रकार रहेको छ :-

## विश्व संकट तथा  शांतिको मार्ग

" हे विश्वासीजनहो ! तिमीहरू न्यायपूर्वक साक्षी दिँदै अल्लाह ( परमेश्वर)का निम्ति खडा होऊ र कुनै जातिको शत्रुताले तिमीहरूलाई न्याय नगर्न उत्प्रेरित कदापि नगरोस । तिमीहरू न्याय गर्नेगर । तिमीहरू जे जसो गर्छौ अल्लाह अवश्य त्यसप्रति अवगत रहेका छन । (सूरः अल्माइदः आयत ९)

समाजमा शान्ति कायम राख्नका लागि आफ्नो शत्रुसित समेत न्यायपूर्ण व्यवहार गर्नु आवश्यक छ र कुनै पनि स्थितिमा न्यायलाई त्याग्नु हुनेछैन । इस्लामको प्रारम्भिक इतिहासले उपरोक्त शिक्षाको पालन गरी न्यायका समस्त मागहरूलाई पूर्ण गरिएको थियो भन्ने कुरो हामीलाई बताउँछ । म यहाँ यसका धेरै उदाहरणहरू त दिन सकिदन तर एउटा यस्तो घटना प्रस्तुत गर्छु जसप्रति इतिहास साक्षी छ र त्यो के भने जब मक्का विजय भयो तब हजरत मुहम्मद(सल्लम)ले ती शत्रुहरू विरुद्ध कुनै प्रतिशोध लिनुभएन जसले उहाँलाई लामो समयसम्म कठोर यातना र कष्ट दिएका थिए । उहाँले तिनीहरूलाई दण्ड दिनुको सट्टा क्षमा प्रदान गर्नुभयो । र तिनीहरूलाई आ-आफ्नो धर्म मान्ने अनुमति दिनुभयो । वर्तमान समयमा पनि यदि शत्रुप्रति न्यायका सबै पक्षहरू र मागहरू पूरा गरिएमा शान्ति स्थापित हुनसक्छ । न केवल कट्टरवादीहरूविरुद्ध युद्धमा अपितु अन्य सबै विवादहरू र युद्धहरूमा पनि । यस्तो शान्ति नै वास्तवमा स्थायी शान्ति हुनसकछ ।

गत शताब्दीमा दुईवटा महायुद्ध भए चाहे तिनीहरूको कारण जे होस,परन्तु यदि हामीले ध्यानपूर्वक विचार गरेमा एउटै कारण देखिन्छ र त्यो के हो भने न्यायलाई यथोचित कायम गरिएन । फलस्वरूप जसलाई निभेको आगो ठानिएको थियो त्यो तप्त खरानीमा परिवर्तित भयो र विस्तार विस्तारै आगो सल्किन लाग्यो र अन्तमा त्यसले एउटा भयानक ज्वालाको रूप धारण गर्‍यो तथा समस्त विश्वलाई आफ्नो लपेटोमा लियो ।

## विश्व संकट तथा शांतिको मार्ग

आज अशान्ति बढिरहेछ र एकातर्फ युद्ध तथा अर्कोतर्फ शान्तिका कार्यवाहिहरूले एउटा अर्को विश्वयुद्धको सङ्केत दिइरहेछन । यसप्रकार वर्तमान आर्थिक र सामाजिक कठिनाइहरूले पनि उक्त परिस्थितिलाई अझ विकराल तुल्याएका छन । पवित्र कुर्आनले विश्वमा शान्ति स्थापना गर्नका लागि अत्यन्त सुन्दर सिद्धान्तहरू प्रस्तुत गरेका छन । लोभ र मोहबाट नै शत्रुता उत्पन्न हुन्छ भन्ने कुरो सत्य हो । कहिले यो शत्रुता सीमोलङ्घनको रूपमा प्रकट हुन्छ र कहिले भने प्राकृतिक सम्पदाहरूमाथि अधिकार प्राप्तिको रूपमा अथवा अरूहरूमाथि आफ्नो वर्चस्व स्थापित गर्ने इच्छाको रूपमा पनि । त्यसपछि यस शत्रुताले अन्याय र अत्याचारतर्फ डोऱ्याउँछ । चाहे त्यो अत्याचार क्रूर र निरंकुश शासकहरूका तर्फबाट प्रजाको अधिकार हननको रूपमा होस अथवा आक्रमणकारी सेनाहरूद्वारा गरिएको विनाशद्वारा प्रायजसो यस्ता अत्याचारहरूबाट पीडित मानिसहरूको चीत्कार र हाहाकारले बाह्य विश्वलाई आकर्षित गर्छ । इस्लामका संस्थापक हजरत मुहम्मद (सल्लम)ले हामीलाई निम्नलिखित स्वर्णिम सिद्धान्त सिकाउनु भएको छ र त्यो के हो भने :- "अत्याचारी र पीडित दुबैको सहयोग गर ।"

हजरत मुहम्मद (सल्लम)का सहाबी (सहचर)ले सोधेः- " पीडितको सहायता गर भन्ने कुरो त बुझियो परन्तु एउटा अत्याचारीको सहायता कसरी गर्ने ? " उहाँले उत्तर दिनुभयो,त्यसको हातलाई अत्याचारबाट रोकेर किनभने त्यो आफ्नो अत्याचारका कारण खुदाको दण्डको पात्र बन्नेछ । (सही बुखारी,हदीस संख्या ६९५२)

अतः अत्याचारीमाथि दया गरी त्यसलाई अत्याचारबाट रोक्ने प्रयास गर्नु हाम्रो कर्तव्य हो । इस्लामको यो सिद्धान्त समाजका निम्न वर्गदेखि लिएर अन्तर्राष्ट्रीय स्तरसम्म एकसमान प्रयोगयोग्य रहेको छ । यस सन्दर्भमा पवित्र कुर्आनको कथन यसप्रकार छ :-

## विश्व संकट तथा  शांतिको मार्ग

" यदि मोमिन (विश्वासी)हरूको दुईवटा समूहहरूका बीचमा झगडा भएमा तिनीहरूका बीचमा सन्धि(सम्झौता)गराऊ । सन्धिपश्चात तिनीहरूमध्ये कुनै एक समूहले अर्को समूहमाथि पुनःआक्रमण गरेमा सबै मिलेर त्यो आक्रमण गर्ने (समूह) विरुद्ध तबसम्म युद्ध गर जबसम्म त्यो परमेश्वरको आदेशतर्फ फर्कदैन । परन्तु जब त्यो परमेश्वरको आदेशतर्फ फर्कन्छ तब न्यायका साथ (ती दुबै समूहहरूमा) सन्धि गराऊ तथा न्यायलाई सर्वोपरी राख । परमेश्वरले न्याय गर्नेहरूलाई मन पर्‍याउँछन । "  (अल् हुजुरात,आयत १०)

यद्यपि यो शिक्षा मुसलमानहरूसित सम्बन्धित रहेको छ परन्तु यस सिद्धान्तलाई अपनाएर अन्तर्राष्ट्रीय स्तरमा शान्तिको जंग राख्न सकिन्छ । शान्ति कायम राख्नका लागि प्रारम्भमा वर्णन गरे अनुसार त्यसको प्राथमिक माग न्याय हो । र न्याय प्रयोग गरेपश्चात पनि यदि शान्ति स्थापना गर्न विफल रहेमा संयुक्त रूपले त्यस सदस्यविरुद्ध युद्ध गर जसले अन्याय गरेको छ । तथा त्यसविरुद्ध तबसम्म युद्धगर जबसम्म त्यस अन्याय गर्ने सदस्यले शान्ति प्रस्तावलाई स्वीकार गर्दैन । न्यायको मूलभुत माग के हो भने प्रतिशोध लिने प्रयास नगरियोस,प्रतिबंध न लगाइयोस परन्तु अन्याय गर्ने त्यस सदस्यमाथि पूर्ण दृष्टि राखियोस र त्यसको स्थिति सुधार्ने प्रयास लगातार गरियोस ।

वर्तमान विश्वका केही देशहरूमा र विशेषतः दुर्भाग्यवश केही मुस्लिम देशहरूमा पाइएको अशान्ति र बेचैनीलाई समाप्त गर्नका लागि ती देशहरूले जसलाई Veto गर्ने अधिकार प्राप्त छ न्यायका सबै पक्षहरू यथोचित रूपमा कार्यान्वित गरिएका छन वा छैनन भन्ने कुरो राम्ररी निहार्नु र स्पष्ट पार्नु आवश्यक छ । जब जब सहायताको आवश्यक पर्‍यो शक्तिशाली देशहरूका सामुन्ने हात बढाइयो ।

ब्रिटेन सरकारको इतिहास रहेको छ र सधैं यसले न्यायलाई कायम राखेको छ भन्ने वास्तविकताका हामी साक्षी छौं भन्ने कुरो मैले पहिला

वर्णन गरिसकेको छु । यसै कुराले मलाई यहाँहरूको ध्यान केही मामिलातर्फ आकर्षित गर्न प्रोत्साहित गरेको छ ।

विश्वमा शान्ति स्थापनाका निम्ति हामीलाई इस्लामले एउटा अर्को महत्वपूर्ण सिद्धान्तको शिक्षा के दिएको छ भने हामीले लोभ र मोहको दृष्टिले अरूहरूको धन-सम्पतितर्फ हेर्नु हुदैन । पवित्र कुर्आनको वर्णन छ :-

" तथा हामीले तिनीहरूमध्ये केही व्यक्तिहरूलाई सांसारिक जीवनका केही साधन र ऐश्वर्यका सामानहरू दिएका छौं तिमी तिनीहरूतर्फ आफ्ना दुवै आँखाहरू गाडेर नहेर (ती सामानहरू त तिनीहरूलाई) हामीले त्यसद्वारा तिनीहरूको परीक्षा लिनका लागि दिएका हौं......। " (ताहा, आयत १३२)

अरूको धन-सम्पत्तिको डाहा र लालसा संसारमा बढ्दै जानु पनि अशान्तिको एउटा कारण हो । " छिमेकीलाई उच्छिन्ने होडले कहिल्यै समाप्त नहुने लालसालाई जन्म दिएको हो ।"

भन्ने भनाई अनुसार नै हो । जसले सामाजिक सद्‌भाव र शान्तिलाई नष्ट पारेको छ । जब राष्ट्रीय स्तरमा मोह र लालचमा आधारित प्रतिस्पर्धा आरम्भ भयो त्यसले विश्वलाई विनाशतर्फ लिएर गयो । यो कुरो इतिहासले सिद्ध गरेको छ । अर्काको धन-सम्पत्तिप्रतिको मोह र इच्छा तथा डाह र लालसा नै हानि र विनाशको कारण हो भन्ने कुरो प्रत्येक बुद्धिमान व्यक्तिले सहजै अनुमान लगाउँन सक्छ ।

प्रत्येकले आफ्ना साधनहरूमाथि निर्भर रहेर तिनीहरूबाट नै लाभ उठाउनु पर्छ भन्ने परमेश्वरको आदेश रहेको छ । सीमापार अथवा अर्काको अधिकारान्तर्गत क्षेत्रबाट लाभ उठाउने प्रयास कदापि न्यायसंगत र उचित हो भन्न सकिन्न ।

## विश्व संकट तथा शांतिको मार्ग

देशहरूको गठबन्धन र ब्लाक बनाउनुको उद्देश्य पनि केही देशहरूका प्राकृतिक संसाधनहरूमाथि अधिकार प्राप्त गर्नु हो । यस सन्दर्भमा धेरैजना यस्ता लेखकहरूले जो पहिला केही सरकारहरूका सलाहकार रहेका थिए यस्ता पुस्तकहरू लेखेका छन जसमा केही देशहरू कसरी अन्य देशका प्राकृतिक सम्पदामाथि अधिकार जमाउने प्रयास गर्छन भन्ने विवरण विस्तृत रूपमा पाइन्छ । यी लेखकहरू कहाँसम्म साँच्चा हुन भन्ने कुरो त तिनीहरूलाई नै थाहा होला र परमेश्वरलाई सर्वाधिक थाहा छ परन्तु ती लेखहरूको अध्ययनबाट जुन स्थिति र तथ्य स्पष्ट खुल्नजान्छ त्यसले ती व्यक्तिहरूको हृदयमा अत्यन्त आक्रोश र क्रोध उत्पन्न गर्छ जसले आफ्नो निर्धन देशसित प्रेम गर्छन र त्यसका वफादार रहेका छन । यो कुरो पनि उग्रवादको पोषण गर्ने र विनाशकारी शस्त्रहरू बनाउने प्रतिस्पर्धाको एउटा ठूलो कारण हो ।

आजका मानिसहरूले अतीतका मानिसहरू भन्दा स्वयंलाई अधिक बुद्धिमान र शिक्षित ठान्छन । पिछडिएका र निर्धन देशहरूमा पनि यस्ता उच्च शिक्षाप्राप्त र बुद्धिमान व्यक्तिहरू छन जो आफ्ना कार्यक्षेत्रमा पूर्ण दक्षता राख्छन । अति उच्च योग्यताप्राप्त विवेकशील व्यक्तिहरू विश्वका प्रख्यात शोध संस्थानहरूमा एकत्र भएर काम गर्छन ।

यसैगरी यदि आजका राजनीतिज्ञहरू र राष्ट्रप्रमुखहरू एकजुट भएर संयुक्त रूपमा अतीतका मुर्खताहरू र वर्तमानका गलत धारणाहरूलाई जुन शत्रुता र भयानक युद्धका कारण बने सुधार्ने प्रयास गरे कति उत्तम हुनेथियो ! ईश्वर प्रदत्त विवेक र विज्ञानको प्रगतिलाई केवल मानवजातिको हित र कल्याण तथा अरूका प्राकृतिक संसाधन र सम्पदाहरूबाट केवल वैध र न्यायोचित रूपमा लाभान्वित हुन प्रयोग गरे अति नै बेस हुनेथियो ।

परमेश्वरले प्रत्येक देशलाई प्राकृतिक सम्पदा प्रदान गरेका छन जसलाई विश्वको प्रगति र यसमा शान्ति स्थापनाका लागि प्रयोग गर्नु उचित हुनेछ ।

यसैगरी परमेश्वरले धेरैवटा देशहरूलाई भिन्न भिन्न फसल उप्जाउनका लागि उत्तम र अनुकूल जलवायु र वातावरण प्रदान गरेका छन । यदि आधुनिक टैक्नालॉजीलाई उचित ढंगमा र योजनाबद्धरूपमा खेती पातीका लागि उपयोग गरिएको भए विश्वको आर्थिक स्थिति सुदृढ हुनेथियो र संसारबाट भोकमरी र दरिद्रताको समस्यालाई समाप्त गर्न सकिनेथियो ।

ती देशहरू जसलाई खनिज सम्पदाहरूद्वारा सम्पन्न गरिएको छ तिनीहरूलाई स्वतंत्र रूपमा व्यापार गर्ने र उचित मूल्यमा आफ्ना उत्पादनहरू बेच्ने अधिकार दिनुपर्छ र एउटा देशलाई अर्को देशका खनिज पदार्थहरूबाट यथोचित र न्यायसंगत रूपमा लाभ उठाउने अवसर मिल्नुपर्छ । अतः यही नै उचित मार्ग हो जसलाई परमेश्वरले मन पऱ्याउँछन ।

परमेश्वरले आफ्ना पैगम्बरहरूलाई तिनीहरूले मानिसहरूलाई ती मार्गहरू देखाऊन जसले उनीहरूलाई परमेश्वरका निकट लिएर जान्छ भनी पठाउँछन । यसका साथै धर्मका मामिलामा पूर्ण स्वतंत्रता छ भन्ने परमेश्वरको भनाई छ । वास्तविक पुण्यफल अथवा दण्ड भने मृत्योपरान्त मिल्नेछ भन्ने हाम्रो आस्था छ परन्तु जब ईश्वरद्वारा स्थापित नियम र व्यवस्थाविरुद्ध जब उनका भक्तहरूमाथि र सृष्टिहरूमाथि अत्याचार गरिन्छ र न्याय तथा सद्भावनाको उपेक्षा गरिन्छ तब प्राकृतिको नियमानुसार यस संसारमा समेत त्यसको परिणाम र प्रभाव देखिनजान्छ । यस प्रकारका अन्यायहरूप्रति अत्यन्त कठोर प्रतिक्रिया हुनेगर्छ र त्यो प्रतिक्रिया उचित हो अथवा उचित होइन भन्ने कुरा कसैले हेर्दैन ।

निर्धन र प्रगतिशील देशहरूलाई तिनीहरूको उचित अधिकार र सम्मान प्रदान गर्नका लागि पूर्ण प्रयास गर्नु नै विश्वविजयको सर्वोत्तम मार्ग हो ।

वर्तमान समयको एउटा जटिल समस्या आर्थिक संकट हो जसलाई Credit Crunch भनिएको छ । चाहे यो कति नै विचित्र लागोस तर तथ्यहरूले वास्तविकतातर्फ सङ्केत गरिरहेछन । पवित्र कुर्आनले हामीलाई लेनदेनमा

ब्याज नलेऊ किनभने ब्याज एउटा अभिशाप हो भन्ने शिक्षा दिन्छ। वस्तुतः यसले पारिवारिक,राष्ट्रीय र अन्तर्राष्ट्रीय शान्तिको नाश गर्छ। स्थायी सुख-शान्तिको मार्गको यो ठूलो खतरा हो। जसले ब्याज लिनेगर्छ त्यो व्यक्ति एकदिन यस्तो बन्नजान्छ जसलाई सैतानले पागल बनाएर छाडेको हुन्छ भनी हामीलाई सतर्क गरिएको छ। अतः यस्तो परिणामबाट बच्नका लागि हामी मुसलमानहरूलाई ब्याजको व्यवसाय बन्द गर भनी चेतावनी दिइएको छ। ब्याजको रूपमा जुन धनराशि लिइन्छ त्यसले तिमीहरूको धनलाई बढाउँदैन। यद्यपि हेर्दा बढेको देखिन्छ परन्तु एउटा समय अवश्य यस्तो आउँछ जब त्यसका वास्तविक कुप्रभावहरू प्रकट हुनलाग्छन। त्यसकारण हामीलाई ब्याजको व्यवसायमा सम्मिलित हुने अनुमति छैन। यदि सम्मिलित भएमा त्यो परमेश्वर विरुद्ध युद्ध गरेसमान हो भन्ने चेतावनीका साथ सावधान गरिएको छ। यो कुरो वर्तमानको Credit Crunch बाट एकदमै स्पष्ट भएको छ। प्रारम्भमा यस्ता व्यक्तिहरू थिए जो सम्पत्ति Property_ खरीद गर्न धन ऋण लिने गर्थे परन्तु त्यस सम्पत्तिका स्वामी बन्नु अघि नै तिनीहरू ऋणको बोझमा दबेर मर्थे। परन्तु आज त यस्ता सरकारहरू छन जो स्वयं ऋणमा डुबेका छन मानौं तिनीहरूमाथि पागलपन छाएको छ। ठूला ठूला कम्पनीहरू दिवालिया हुनपुगेका छन। केही बैंक र फाइनेंस कम्पनीहरू बन्द गरिए अथवा केही आर्थिक सहयोग दिएर बचाइए। यो स्थिति प्रत्येक देशमा चाहे त्यो धनी हो अथवा गरीब चलिरहेको छ। यहाँहरूले उक्त संकटका सम्बन्धमा म भन्दा अधिक जान्नुहुन्छ। जसले धन जमा गराएका थिए तिनीहरूको धन बरबाद भयो। तिनीहरूलाई कसरी र कहाँसम्म राहत दिने हो त्यो काम अब सरकारको हो परन्तु यससमय विश्वका अधिकतर देशहरूका नागरिकहरू ,व्यापारीहरू तथा शासकहरूको मानसिक सन्तुष्टि र शान्ति नष्ट हुनपुगेको छ।

आज विश्व त्यस भयावह परिणामका निकट पुगिसकेको छैन र जसबारे धेरै पहिला हामीलाई सतर्क गरिएको थियो ? आजको स्थितिले हामीलाई

विश्व संकट तथा  शांतिको मार्ग

गम्भीर भएर विचार विमर्श गर्नतर्फ विवश गररहेको छैन र ? वर्तमान परिस्थितिका अधिक के के परिणामहरू हुनेछन त्यस बारे त परमेश्वरलाई नै सर्वाधिक जानकारी प्राप्त छ ।

परमेश्वरले शान्तितर्फ आऊ भनी बोलाएका छन । परन्तु यो आश्वासन केवल त्यस अवस्थामा दिन सकिन्छ जब एउटा शुद्ध र न्यायसंगत व्यापार हुनेछ तथा प्राकृतिक संसाधन र सम्पदाहरूको उचित उपयोग र प्रयोग हुनेछ ।

विश्वको वास्तविक शान्ति केवल अल्लाह (परमेश्वर)तर्फ ध्यान लगाउनमा निर्भरित छ भन्ने कुरोतर्फ ध्यानाकर्षित गर्दै म आफ्नो इस्लामी शिक्षाहरूको संक्षिप्त वर्णनलाई यहाँ टुंग्याउँछु । परमेश्वरले विश्वलाई यो रहस्य बुझ्ने सामर्थ्य र ज्ञान प्रदान गरून तब मात्र तिनीहरू अरूका अधिकारहरूको सुरक्षा र निर्वाहन गर्न योग्य बन्नेछन ।

अन्तमा यहाँहरू यहाँ पाल्नु भएको र मेरा कुराहरू सुन्नु भएकोमा पुनः म अत्यन्त आभारी छु । यहाँहरूको धेरै धेरै धन्यवाद !





# ISLAM'S TEACHINGS OF LOYALTY AND LOVE FOR ONE'S NATION

MILITARY HEADQUARTERS
KOBLENZ, GERMANY, 2012





Brigadier General Alois Bach of
the German Federal Army
with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]




Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] addressing
the German Federal Army





1.



2.



3.



4.

1. Colonel Ulrich, 2. Brigadier General Bach, 3. Colonel Trautvetter, and 4. Colonel I.G. Janke, meeting Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba]



विश्व संकट तथा  शांतिको मार्ग

# देशभक्ति र देशप्रेम सम्बन्धी इस्लामी शिक्षा

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यहाँहरू सबैमाथि अल्लाहको शान्ति,कृपा र मंगल वर्षण होस ।

सर्वप्रथम यहाँहरूले मलाई आफ्नो मुख्यालयमा आमन्त्रित गरेकोमा र केही शब्दहरू प्रकट गर्ने अवसर प्रदान गरेकोमा यहाँहरू सबैको हार्दिक धन्यावाद गर्न चाहन्छु । अहमदिया मुस्लिम जमाअतको प्रमुख भएको नाताले यहाँहरूसमक्ष इस्लामी शिक्षा प्रस्तुत गर्न चाहन्छु परन्तु यो एउटा व्यापक विषय हो जसलाई अल्प समयमा र एउटा सभामा पूर्णरूपले वर्णन गर्नु असम्भव छ । अतः इस्लामी शिक्षाको केवल एउटा पक्षको वर्णनसम्म स्वयंलाई सीमित राख्नेछु ।

यहाँहरूसमक्ष इस्लामी शिक्षाको कुन पक्षलाई वर्णन गरूँ भन्ने विचारको क्रममा अहमदिया जमाअत जर्मनीका नेशनल प्रेसिडेंट माननीय अब्दुल्लाह वागसहाउजर साहेबको एउटा पत्र प्राप्त भयो जसमा उहाँले देशप्रेम र देशभक्तिका बारेमा इस्लामी शिक्षा वर्णन गर्नुहोला भनी निवेदन गर्नुभएको छ । यसले मलाई निर्णय लिनमा सहयोग पुऱ्याएको छ । अतः म संक्षिप्त रूपमा उक्त विषयमाथि प्रकाश पार्नेछु ।

आफ्ना जातिसित प्रेम र वफादारी भन्ने शब्दहरू बोल्न र सुन्न अति सरल लाग्छन परन्तु यी शब्दहरूमा निहित अर्थहरू भने अत्यन्त गम्भीर र विशाल रहेका छन । यसैगरी यी शब्दहरूका अर्थहरूलाई पूर्णरूपले आफ्नो परिधिमा लिएर वास्तविक र प्रकृत अर्थ बुझ्नु र यिनीहरूको माग पूरा गर्नु त झन कठिन कार्य हो । अतः प्राप्त समयभित्र उक्त विषयलाई संक्षिप्त रूपमा वर्णन गर्ने प्रयास गर्नेछु ।

कुनै व्यक्तिको वचन र कर्ममा कुनै प्रकारको भिन्नता र प्रतिकूलता हुनुहुदैन भन्ने इस्लामको एउटा मूल सिद्धान्त रहेको छ । वास्तविक वफादारीका लागि निष्कपटता र सत्यता हुनु आवश्यक छ । अतः एउटा व्यक्तिले आफ्नो मुखले जो व्यक्त गर्छ त्यही त्यसको हृदयमा र अन्तःकरणमा पनि होस । राष्ट्रीयताका सम्बन्धमा यी सिद्धान्तहरूको अत्यन्त महत्व रहेको छ । अतः आफ्नो राष्ट्रप्रति एउटा साँच्चो वफादारी र ईमानदारीको सम्बन्ध राख्नु कुनै पनि देशका नागरिकका निम्ति नितान्त आवश्यक छ । चाहे त्यो जन्मजात नागरिक होस अथवा पछिगएर नागरिकता प्राप्त गरेको होस वा प्रवासीको रूपमा अथवा अन्य कुनै प्रकारले नै नागरिकता प्राप्त गरेको किन नहोस त्यसको कुनै महत्व छैन । महत्व केवल वफादारी र ईमानदारीको छ ।

वफादारी एउटा उच्चकोटिको महत्वपूर्ण विशेषता हो जुन अल्लाह (परमेश्वर) का पैगम्बरहरूले आ-आफ्नो व्यवहारद्वारा उक्त विषेशताको सर्वश्रेष्ठ प्रकटन गरेका छन । परमेश्वरसित उनीहरूको प्रेम र भक्ति तथा सम्बन्ध अत्यन्त दृढ र अटूट रहेकोले उनीहरूले प्रत्येक परिस्थिति र अवसरमा उनको आदेश चाहे त्यो कुनै प्रकारको होस निष्ठापूर्वक शिरोधार्य गरे र त्यसलाई पूर्णरूपले लागू गर्ने प्रयास गरे । यस कुराले उनीहरूको परमेश्वरको वचन पूरा गर्ने प्रतिज्ञा र उनीसितको उच्चकोटिको वफादारीलाई प्रकट गर्छ । अतः उनीहरूको वफादारी र ईमानदारीको मापदण्डलाई नै हामीले आफ्नो आर्दशको रूपमा लिनुपर्छ । हामीले अघिबढ्नु भन्दा पहिला वफादारीको वास्तविक अर्थ के हो भन्ने कुरो बुझ्नु जरूरी छ ।

इस्लामी शिक्षानुसार वफादारीको परिभाषा र वास्तविक अर्थ प्रत्येक स्तर र प्रत्येक परिस्थितिमा विश्वसनीय र निष्ठापूर्वक कठिनाईहरूको सामना र मुकाबिला गर्ने आफ्नो प्रतिज्ञा र शपथलाई व्यवहारिक रूपमा पूरा गर्नु हो । किनभने तिनीहरू आफुले गरेका सबै प्रतिज्ञाहरूकाप्रति

परमेश्वरसमक्ष उत्तरदायी हुनेछन । मुसलमानहरूलाई तिनीहरूले अल्लाहसित गरेका प्रतिज्ञाहरू तिनका महत्व र गुरुत्वानुसार पूरा गर भनी आदेश दिइएको छ । यस सन्दर्भमा एउटा प्रश्न उठ्न सक्छ र त्यो के हो भने मुसलमानहरू अल्लाह (परमेश्वर) र उनको धर्म तिनीहरूका निम्ति सर्वाधिक महत्वपूर्ण रहेका छन भन्ने दावी गर्छन । यसबाट अल्लाहप्रति वफादारी तिनीहरूको प्रथम प्राथमिकता हो र अल्लाहसित गरेको प्रतिज्ञा तिनीहरूका निम्ति सर्वाधिक महत्वपूर्ण हो भन्ने कुरो प्रकट हुन्छ । अतः तिनीहरूले त्यो प्रतिज्ञा पूरा गर्ने भरपूर प्रयास गर्छन । परन्तु जब एउटा मुसलमानसमक्ष आफ्नो राष्ट्रको वफादारी र राष्ट्रीय कानून र नियम पालन गर्ने प्रतिज्ञाको प्रश्न उठ्छ तब त्यो उसका लागि अधिक महत्वपूर्ण नहुन सक्छ र उसले विशेष अवसरमा आफ्नो राष्ट्रप्रतिको आफ्नो प्रतिज्ञालाई बलि चढाउन तयार हुनसकछ ?

उपरोक्त प्रश्नको उत्तरको रूपमा म हजरत मुहम्मद(सल्लम)को आदेश “आफ्नो देशको भक्ति र त्यससित प्रेम ईमानको अंश हो ” प्रस्तुत गर्छु । अतः शुद्ध देशप्रेम इस्लामको प्रमुख शिक्षा हो । एउटा साँच्चो मुसलमानलाई अल्लाह (परमेश्वर) र इस्लामसितको साँच्चो प्रेमले आफ्नो देशसित पनि साँच्चो प्रेम गर्न प्रोत्साहित गर्छ । अतः एउटा मुसलमानको अल्लाहप्रतिको प्रेम र देशप्रेममा कुनै टकराव हुनसक्दैन । जसरी अल्लाहको प्रेम उसको ईमान हो भने आफ्नो देशसित प्रेम गर्नु पनि उसको इमानको एउटा अंश हो । आफ्नो मातृभूमि अथवा स्वदेशप्रति वफादारी देखाउन एउटा मुसलमानले सर्वाधिक प्रयास गर्छ किनभने त्यो पनि परमेश्वरसम्म पुग्ने र उनको सान्निध्य प्राप्त गर्ने एउटा माध्यम हो । अतः परमेश्वरको जो प्रेम एउटा मुसलमानको हृदयमा बसेको छ त्यसले उसलाई आफ्नो देशसित प्रेम र वफादारी गर्नबाट रोकनु असम्भव छ । दुर्भाग्यवश केही देशहरूमा धार्मिक अधिकारहरूलाई सीमित र सङ्कीर्ण गरिएको अथवा पूर्णतया हनन गरिएको हामी देख्छौं ।

यहाँ एउटा अर्को प्रश्न के उठ्छ भने के ती व्यक्तिहरू जसमाथि स्वयं तिनीहरूको सरकारले अत्याचार गर्छ त्यस स्थितिमा पनि तिनीहरूले आफ्नो देशप्रतिको वफादारीलाई यथावत कायम राख्न सक्छन त ? यस्तै स्थिति आज पाकिस्तानमा विद्यमान छ जहाँ सरकारले हाम्रो जमाअतविरुद्ध कानून बनाएको छ भन्ने कुरो अति खेदका साथ म यहाँहरूलाई बताउँछु । त्यहाँ अहमदियत विरोधी कानून व्यवहारिक रूपमा लागू गरिएको छ ।

यसप्रकार त्यहाँको प्रचलित कानूनानुसार सबै अहमदी मुसलमानहरूलाई गैर मुस्लिम ठहऱ्याइएको छ । तिनीहरूले पाकिस्तानमा स्वयंलाई मुसलमान भन्न पाउँदैनन । त्यहाँ अहमदीहरूलाई अन्य मुसलमानहरूलेझैं उपासना गर्न र स्वयंलाई मुसलमान सिद्ध गर्ने अन्य इस्लामिक परम्परा र नियमहरू पलन गर्न प्रतिबन्ध लगाइएको छ । यसप्रकार स्वयं पाकिस्तान सरकारले जमाअतका अनुयायीहरूलाई उपासनाको मूल अधिकारबाट वञ्चित गरेको छ । यस्तो परिस्थितिमा अहमदी मुसलमानहरूले देशको कानूनलाई कसरी पालन गर्लान र आफ्नो देशप्रेम र वफादारी कसरी प्रकट गर्लान भन्ने प्रश्न स्वभाविक रूपमा उठ्न सक्छ ।

यहाँ म एउटा कुरो के स्पष्ट गर्न चाहन्छु भने जहाँ यस्ता विकट परिस्थितिहरू देखापर्छन त्याहाँ कानून र देशप्रति वफादारी दुईवटा भिन्न भिन्न मामिला बन्न जान्छन । धर्म भनेको प्रत्येक व्यक्तिको एउटा व्यक्तिगत मामिला हो र उसले स्वयंका निम्ति जो चाहन्छ जो निर्णय गर्छ त्यसमा उ स्वतन्त्र छ । धर्मको मामिलामा कुनै प्रकारको जबरजस्ती हुनुहुदैन भन्ने हामी अहमदी मुसलमानहरूको विश्वास छ । जहाँ मुल्की कानूनले यस अधिकारमा हस्तक्षेप गर्छ निस्सन्देह यो ठूलो अत्याचार र अन्यायपूर्ण कार्य हो । निस्सन्देह सरकारको नेतृत्व र समर्थनबाट हुने यसप्रकारका अत्याचार र अन्यायहरू जो प्रत्येक युगमा हुदै आएका छन बहुमतले यसको निन्दा गर्दैआएको छ ।

विश्व संकट तथा  शांतिको मार्ग

यूरोपको इतिहास अध्ययन गर्नाले त्यहाँ पनि मानिसहरू धार्मिक अत्याचारका शिकार भएका थिए भन्ने कुरो हामीलाई ज्ञात हुन्छ । त्यस अत्याचारका कारण हजारौं मानिसहरूले एउटा देश त्यागी अर्को देशमा शरण लिनुपर्‍यो । इतिहासकारहरू र विद्वानहरूले ती घटनाहरूलाई घोर अत्याचार र क्रूरताको संज्ञा दिएका छन । यस्ता परिस्थितिहरूमा जहाँ अत्याचारले सबै सीमाहरू पार गर्छ र असहनीय स्थिति उत्पन्न हुन्छ तब पीडित व्यक्तिहरूले त्यो ठाउँ अथवा त्यस देशलाई छाडेर कुनै सुरक्षित ठाउँ अथवा यस्तो देशतर्फ पलायन गर्नु उचित हो भन्ने इस्लामको मान्यता रहेको छ जहाँ तिनीहरूले शान्ति र सुरक्षा तथा स्वतंत्रतापूर्वक आफ्नो धर्म पालन गर्न सकून । उक्त मार्गदर्शनका साथ साथ इस्लामले के शिक्षा पनि दिन्छ भने कुनैपनि स्थितिमा कुनै व्यक्तिलाई कानून आफ्नो हातमा लिने अथवा आफ्नो देशविरुद्ध कुनै षडयन्त्रमा भाग लिने अनुमति छैन । यो एउटा स्पष्ट र महत्वपूर्ण शिक्षा हो जो इस्लामले हामीलाई दिएको छ ।

निरन्तर यातना र अत्याचारको सामना गर्नु परिरहेको भएतापनि लाखौं अहमदीहरू पकिस्तानमा बसोवास गरिरहेछन । आफ्नो जीवनको प्रत्येक क्षेत्रमा लगातार दुर्व्यवहार र अत्याचार सहेर पनि तिनीहरू त्यस देशका पूर्ण वफादार र कानूनका आज्ञाकारका रूपमा परिचित छन । तिनीहरू जुन जुन क्षेत्रमा र विभागमा कार्य गर्छन अथवा जहाँ जहाँ रहन्छन निरन्तर त्यस देशको उन्नति र सफलताका लागि प्रयास गरिरहन्छन ।

गत केही दशकदेखि हाम्रा विरोधिहरूले अहमदीहरू पाकिस्तानका वफादार हुन सक्दैनन भन्ने आरोप लगाउँदै आएका छन परन्तु तिनीहरूले कदापि यस आरोपलाई सिद्ध गर्न सकेनन । यसका विपरीत जब जब पाकिस्तानका लागि अथवा आफ्ना देशका लागि कुनै बलिदान वा योगदान दिने आवश्यकता पर्‍यो अहमदी मुसलमान सदैव प्रथम पंक्तिमा सबैभन्दा अग्रसर रहे र प्रत्येक समय त्यस देशका लागि आज पनि प्रत्येक प्रकारको बलिदान दिन तयार छन ।

त्यस्तो कठोर कानूनका शिकार हुँदाहुँदै पनि केवल अहमदी मुसलमानहरू नै हुन जसले अन्य व्यक्तिहरू भन्दा अधिक कानूनको पालना गर्छन र तिनीहरूको ध्यान राख्छन ।

वफादारीको संदर्भमा पवित्र कुर्आनले एउटा अर्को महत्वपूर्ण शिक्षा दिएको छ र त्यो के हो भने मानिसहरू ती समस्त कुराहरूबाट बचून जुन अशिष्ट,अप्रिय र विद्रोहतर्फ आकर्षित गर्ने रहेका छन । इस्लामले न केवल हामीलाई भयानक रूपमा प्रकट हुने अन्तिम परिणामप्रति सावधान गर्छ अपितु यस्ता सा-साना कुराहरूतर्फ ध्यानाकर्षित गर्छ जुन मनुष्यका लागि खतरापूर्ण मार्गमा अघिबढ्न सिँढीको रूपमा प्रयोग हुनसक्छन । यदि इस्लामी मार्गदर्शनलाई उचित र यथार्थ रूपमा अपनाइएमा कुनै पनि मामिला अथवा परिस्थितिलाई अनियन्त्रित हुनु भन्दा पहिला नै सुधार्न र सुलझाउन सकिनेछ । उदाहरणका लागि एउटा कुरो जुन कुनै देशका लागि हानिकारक हुनसक्छ त्यो मानिसहरूको धन-सम्पत्तिप्रतिको अत्यन्त मोह हो । अधिकतर मानिसहरू यी भौतिक साधनहरूप्रति अत्यन्त लालायित हुन्छन फलतः यदाकदा स्थिति अनियन्त्रित हुनपुग्छ र मानिसहरूलाई त्यसले अन्ततः धोकाधडी र विश्वासघाततर्फ अग्रसर गराउँछ । र परिणामस्वरूप यी कुराहरूले मानिसलाई देशद्रोहीसम्म बनाउन सक्छन । यसबारेमा केही विस्तार रूपमा म वर्णन गर्न चाहन्छु । अरबी भाषामा “बगा” शब्द ती कार्यहरू अथवा ती व्यक्तिहरूका बारेमा प्रयोग हुन्छ जसले आफ्नो देशलाई हानि पुर्‍याउँछन । यसमा ती व्यक्तिहरू पनि शामेल छन जसले धोका दिनेगर्छन तथा विभिन्न वस्तुहरूलाई अवैधरूपमा प्राप्त गर्ने प्रयास गर्छन । यो शब्द ती व्यक्तिहरूका लागि पनि प्रयोग हुन्छ जसले सबैप्रकारका सीमाहरूको अतिक्रमण गरिसकेका छन अर्थात जो अत्यन्त हानिकारक बन्न पुगेका छन । जसले यसप्रकारका कार्यहरू गर्छन जसबाट वफादारी र कर्तव्यपरायणताको आशा गर्न सकिदैन किनभने वफादारी उच्च नैतिक

मूल्यहरूमा आधारित छ र उच्च नैतिक मूल्यहरूको आभावमा वफादारीको अस्तित्व नै शेष रहँदैन भन्ने इस्लामको सिद्धान्त रहेको छ ।

भिन्न भिन्न व्यक्तिहरूको उच्च नैतिक मापदण्डका सम्बन्धमा भिन्न भिन्न विचारधारा हुनसक्छ परन्तु मुसलमानहरूलाई भने यस प्रकारका कार्यहरू गर्ने आदेश दिइएको छ जसबाट परमेश्वर प्रसन्न हुन्छन ।

संक्षिप्त रूपमा भन्ने हो भने इस्लामी शिक्षानुसार अल्लाह(परमेश्वर)ले प्रत्येक प्रकारको विद्रोह अथवा गद्दारी र बईमानीलाई निषिद्ध ठहऱ्याएका छन । चाहे त्यो व्यक्तिगत व्यवहारमा होस् अथवा आफ्नो देश र सरकारका विरुद्ध होस । यसको कारण के हो भने विद्रोह अथवा सरकार विरोधी कार्य देशको सुरक्षा र शान्तिका लागि खतरा बन्नजान्छ । जहाँ आन्तरिक विद्रोह अथवा शत्रुता उतपन्न हुन्छ त्यसले बाहिरी विरोधाग्निलाई समेत भडकाउँछ र बाहिरी संसारलाई आन्तरिक विद्रोहबाट लाभ उठाउन प्रोत्साहित गर्छ ।

यसप्रकार आफ्नो देशसित विश्वासघात र बेइमानीको परिणाम दूरगामी र खतरनाक हुनसक्छ । अतः जुन कुराले कुनै देशलाई हानि पुऱ्याउँछ त्यो “बगा” शब्दको परिभाषान्तर्गत आउँछ । यी सबै कुराहरूलाई ध्यानमा राखेर आफ्नो देशप्रतिको वफादारीले एउटा व्यक्तिसित धैर्य प्रदर्शन गर्ने तथा आफ्नो सदाचरण देखाउने र राष्ट्रीय कानूनको सम्मान गर्ने तकाजा गर्छ ।

आजको समयमा सामान्यत अधिकतर देशहरूमा तथाकथित प्रजातंत्रीय सरकार गठन भएको देखिन्छ । त्यसकारण यदि कोही व्यक्ति अथवा समूहले सरकार परिवर्तन गर्न चाहेको खण्डमा त्यसले उचित प्रजातंत्रीय प्रणाली अपनाएर त्यसो गर्नसक्छ । इस्लामको शिक्षानुसार मत पेटिमा आफ्नो वोट हालेर आफ्नो कुरो र विचार प्रकट गर्नु उचित मार्ग हो । व्यक्तिगत स्वार्थ वा हितलाई ध्यानमा राखेर होइन अपितु आफ्नो वोटको प्रयोग आफ्नो देशप्रेम र वफादारीको आधारमा देशहित र भलाईका निम्ति हुनुपर्छ ।

कुन प्रत्याशी अथवा पार्टीले देशको उन्नतिमा योगदान पुऱ्याउन सक्छ भन्ने कुरोलाई ध्यानमा राखी संतुलित ढंगमा आफ्नो मत प्रयोग गर्ने निर्णय लिनु एउटा नागरिकको कर्तव्य हो । सरकारको कुञ्जी एउटा ठूलो अमानत( धरौट) हो जसलाई त्यस पार्टीका सुपुर्द गर्नुपर्छ जसका बारेमा मतदाताहरूले इमानदारीपूर्वक त्यो सबैभन्दा उत्तम र सर्वाधिक योग्य रहेको छ भन्ने विश्वास राख्छन । इस्लामी शिक्षानुसार साँचो वफादारीको वास्तविक परिभाषा यही नै हो ।

पवित्र कुर्आनले निम्न आदेश दिएको छ :-

“ **अमानत केवल त्यस व्यक्तिका सुपुर्द गर जो त्यसको योग्य पात्र छ । तथा मानिसहरूका बीचमा निर्णय गर्दा न्याय र ईमानदारीपूर्वक निर्णय गर ।** ” **(सूरः निसा,आयत ५९)**

उपरोक्त शिक्षानुसार आफ्नो देशप्रति वफादारी र इमानदारीको तकाजा के हो भने सरकारको कुञ्जी र शक्ति तिनीहरूलाई दिनुपर्छ जो वास्तवमा त्यसका हकदार र पात्र रहेका छन,जसद्वारा देशले उन्नति गरोस र विश्वका अन्य देशहरूको तुलनामा अग्रणी होस ।

विश्वका धेरैजसो देशहरूमा त्यहाँका जनताहरूले सरकारका नीतिहरूविरुद्ध हडताल र विरोध प्रदर्शन गरेको हामी देख्छौं । तृतीय विश्वका देशहरूमा त प्रदर्शनकारीहरूले तोडफोड गर्ने र सरकारी अथवा निजी सम्पत्तिहरूलाई हानि पुऱ्याउने गर्छन । तिनीहरूको दावी भने त्यो प्रतिक्रिया न्याय र देशप्रेमले प्रेरित रहेको छ भन्ने हुन्छ परन्तु वास्तवमा यस्ता कार्यहरूको वफादारी र देशप्रेमसित कुनै सम्बन्ध नै हुदैन । जहाँ हडताल र प्रदर्शन शान्तिपूर्ण ढंगले कुनै उपद्रव र तोडफोड तथा अपराधिक क्रियाकलाप बिना नै गरिन्छ त्यहाँ पनि त्यसको एउटा नाकारात्मक प्रभाव त अवश्य देखिन्छ र त्यो के हो भने हडताल र प्रदर्शनका कारण देशलाई करोडौंको आर्थिक हानि उठाउनु पर्नेहुन्छ चाहे त्यो हडताल र प्रदर्शन

शान्तिपूर्ण नै किन नहोस । त्यसकारण यस्ता कार्यहरूलाई कुनै पनि अवस्थामा देशप्रति वफादारी अथवा देशप्रेमको संज्ञा दिन सकिदैन ।

अहमदिया जमाअतका संस्थापकले एउटा स्वर्णिम सिद्धान्त के प्रदान गर्नुभएको छ भने समस्त प्रकारका परिस्थितिहरूमा हामीले आफ्ना परमेश्वर,उनका सन्देशवाहकहरू र आफ्ना देशका शासकहरूका वफादार र आज्ञाकार रहनु आवश्यक छ । पवित्र कुर्आनमा पनि यही शिक्षा दिइएको छ । अतः त्यस देशमा पनि जहाँ हडताल र विरोध प्रदर्शन गर्ने अनुमति दिइएको छ त्यसको उपयोग त्यस सीमासम्म मात्र होस जसबाट देशलाई र देशको आर्थिक व्यवस्थालाई कुनै हानि नपुगोस ।

के मुसलमान पश्चिमी देशका सेनामा भर्ती हुनसक्छन ? यदि तिनीहरूलाई यसको अनुमति छ भने के तिनीहरूले मुस्लिम देशहरूका विरुद्ध आक्रमणमा भाग लिनसक्छन ? भन्ने एउटा प्रश्न प्रायः उठाइन्छ । अन्याय र अत्याचारपूर्ण कार्यमा कुनै व्यक्तिको सहायता गर्नुहुन्न भन्ने इस्लामको मूल सिद्धान्त रहेको छ । यो कुरो सबै मुसलमानहरूले सदैव स्मरण राख्नुपर्छ । यदि कुनै मुस्लिम देशले अन्याय र अनुचित ढंगमा आक्रमण गर्नमा पहल गरेको कारणले त्यसमाथि आक्रमण गरिन्छ भने यस्तो स्थितिमा त मुस्लिम देशहरूलाई पवित्र कुर्आनको अत्याचारीलाई अत्याचार गर्नबाट रोक भन्ने आदेश मौजूद छ । यसको अभिप्राय अत्याचारलाई समाप्त गरी शान्ति स्थापना गर्ने प्रयास गर भन्नु हो । अतः यस्तो परिस्थितिमा अत्याचारको अन्त गर्नका निम्ति सैनिक कार्यवाही गर्ने अनुमति छ । परन्तु यदि त्यो देश जसले अतिक्रमण गरेको छ स्वयंलाई सुधार्छ र शान्तिको मार्ग अपनाउँछ भने मिथ्या बहानाको आडमा त्यस देश र त्यसका नागरिकहरूलाई अधीनमा लिएर अनुचित लाभ उठाउनु हुनेछैन । सारांश के भन्ने सैन्य कार्यवाहीको उद्देश्य केवल शान्ति स्थापना हुनुपर्छ कुनै निहित स्वार्थसिद्धि होइन ।

यसैप्रकार इस्लामले सबै देशहरूलाई चाहे ती मुस्लिम हुन अथवा गैर मुस्लिम अन्याय र अत्याचार रोक्ने अनुमति र अधिकार प्रदान गर्छ । अतःआवश्यक परेको खण्डमा गैर मुस्लिम देशहरूले समेत न्याय र शान्तिस्थापनाको उद्देश्यले मुस्लिम देशहरूमाथि आक्रमण गर्न सक्नेछन । यस्ता गैर मुस्लिम देशका मुस्लिम नागरिकहरूले त्यहाँका सेनामा भर्ती भएर अन्य देशहरूलाई अत्याचार र अन्याय गर्नबाट रोक्न सक्छन । वास्तवमा जहाँ यस्ता परिस्थितिहरू उत्पन्न हुन्छन मुस्लिम सैनिकहरूको चाहे ती कुनै पनि पश्चिमी देशका सेनासित आबद्धित हुन शान्ति स्थापना हेतु आदेश पालन गर्दै युद्ध गर्नु तिनीहरूको कर्तव्य हो । परन्तु यदि कुनै देशका सेनाले अन्यायपूर्ण ढंगले कुनै अर्को देशमाथि आक्रमण गर्ने निर्णय लिन्छ भने एउटा मुसलमानलाई त्यो सेना छाड्ने विकल्प प्राप्त छ अन्यथा त्यो अत्याचारीको सहायक बन्नेछ । सेना छाड्ने निर्णयको अर्थ त्यसले आफ्नो देशसित विश्वासघात गर्‍यो भन्ने कदापि हुनसक्दैन । वास्तवमा यस्तो परिस्थितिमा देशभक्तिको भवनाको तकाजा के रहेको छ भने त्यसले आफ्नो देशको सरकारलाई अन्याय र अत्याचारपूर्ण व्यवहार गर्ने देश र सरकारको अनुसरण गरी स्वयंलाई नीच र घृणित नतुल्याओस भनी परामर्श दियोस । त्यसपछि पनि यदि सेनामा भर्ती हुनु वाध्यता रहेमा र सेनालाई त्यागने कुनै विकल्प नरहेमा तथा उसको अन्तरात्माले उसलाई धिक्कारेमा एउटा मुसलमानले त्यस्तो अवस्थामा त्यो देश त्यागेर जाओस तर त्यस देशको कानूनविरुद्ध आवाज उठाउने अनुमति भने छैन । त्यो देश त्यागनु नै एउटा मुसलमानका लागि उपरोक्त परिस्थितिमा केवल एक मात्र विकल्प रहेको छ । किनभने त्यस देशको एउटा नागरिकको रूपमा त्यहाँ रहने अनुमति त्यसलाई सरकारको तर्फबाट नरहेपछि त्यसले आफ्नो देशविरुद्ध कार्यगर्ने अथवा शत्रुको समर्थन र सहयोग गर्ने अनुमति पनि त्यसलाई छैन ।

अतः इस्लामी शिक्षाहरूका केही पक्षहरू यस्ता छन जसले देशप्रेम र देशभक्ति तथा देशप्रति वफादारीका तकाजा सम्बन्धी मुसलमानहरूको

मार्गदर्शन गर्छन । मलाई प्राप्त समय भित्र केवल संक्षिप्त रूपमा मैले यसबारे केही वर्णन गर्नसकें । अन्तमा म के भन्न चाहन्छु भने आज समस्त विश्व एउटा गाँव बन्न पुगेको छ । मानिसहरू एक-अर्काका अति निकट आएका छन ।

सबै देशहरूमा प्रत्येक जाति,धर्म,संस्कार र सभ्यताका मानिसहरू पाइन्छन । अतः प्रत्येक देशको सरकार र राजनीतिज्ञहरूले तिनीहरू सबैका भावना र आस्थाहरूको संरक्षण र सम्मान गर्नु आवश्यक छ । शासकहरू र सरकारहरू मिलेर यस्तो कानून बनाउने प्रयास गरून जसले सत्यको भावना र न्यायको वातावरणलाई प्रोत्साहित गरोस । यस्तो कानून नबनाउन जसले मानिसहरूलाई निराश गर्छ र अशान्ति बढाउँछ ।

अन्याय र अत्याचारको समाप्ति गर्ने प्रयास गर्नु जरूरी छ तथा वास्तविक न्यायको स्थापना तर्फ हामी सबैको ध्यान हुनुपर्छ । यसको सर्वोत्तम उपाय के हो भने संसारले आफ्ना स्रष्टालाई चिनोस र ती स्रष्टासित प्रत्येकको वफादारीपूर्ण सम्बन्ध स्थापित होस । यदि यसो हुनगएमा हामीले आफ्ना आँखाले समस्त देशहरूका मानिसहरूमा उच्चकोटिको स्वच्छ वफादारी र इमानदारीले जन्मलिएको र सम्पूर्ण विश्वमा एउटा यस्तो मार्ग विस्तार भएको देख्नेछौं जसले हामीलाई सुख र शान्तितर्फ लिएर जानेछ ।

आफ्नो भाषण समाप्त गर्नुभन्दा पहिला पुनः म एकपटक यहाँ आमन्त्रित गरिएको र मेरा कुराहरू ध्यानपूर्वक सुनिदिनु भएकोमा यहाँहरूप्रति आभार व्यक्त गर्न चाहन्छु ।

परमेश्वरले यहाँहरू सबैलाई सुखी राखुन र जर्मनीलाई समेत सुख र शान्ति प्रदान गरून ।

यहाँहरूको धेरै धेरै धन्यवाद !

विश्व संकट तथा  शांतिको मार्ग



# THE DEVASTATING CONSEQUENCES OF A NUCLEAR WAR AND THE CRITICAL NEED FOR ABSOLUTE JUSTICE

9TH ANNUAL PEACE SYMPOSIUM
LONDON, UNITED KINGDOM, 2012






Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba]
addressing the 9th Annual Peace Symposium




Mayor of London Boris Johnson presenting
His Holiness with a London bus souvenir



Dame Mary Richardson DBE, UK President
of SOS Children's Villages, accepting
the 'Ahmadiyya Muslim Prize for the
Advancement of Peace' from His Holiness






Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba]
talking to the overseas Pakistani press regarding world affairs



विश्व संकट तथा  शांतिको मार्ग

## प्राक्कथन

२४ मार्च २०१२ ई. का दिन मार्डन (U.K)मा पश्चिमी यूरोपको सबैभन्दा ठूलो मस्जिद“बैतुल फुतुह” मा जमाअत अहमदिया यू.के को तत्तावधानमा एउटा “ विश्व शान्ति ” गोष्ठीको आयोजन भयो । उक्त आयोजनमा एक हजारभन्दा अधिक श्रोताहरू सम्मिलित भए जसमा राजनीतिज्ञहरू,भिन्न भिन्न देशका राजदूतहरू,हाउस ऑफ कॉमन्सका सदस्यहरू, लन्दनका मेयर र विभिन्न विभागका आदरणीय व्यक्तित्वहरू र विद्वानहरू सम्मिलित थिए । शान्तिलाई बढुवा दिन æAhmadiyya Muslim Prize for Advancement of Peace” हजरत मिर्जा मसरूर अहमद साहेब,अहमदिया जमाअतका प्रमुखले “SOS Children’s Village U.K” लाई प्रदान गर्नुभयो । उहाँले उक्त बालकल्याण संस्था जसले निरन्तर विश्वका अनाथ र आपाङ्ग तथा निराश्रय बालकहरूलाई आश्रय प्रदान गर्ने र तिनीहरूको शिक्षा र स्वास्थ्य सेवाद्वारा कष्ट घटाउने र प्रत्येक बालकका लागि एउटा प्रेमपूर्ण र सहानुभूतिपूर्ण वातावरण र ठेगाना प्रदान गर्ने प्रयास गरेकोमा सराहना र प्रशंसा गर्नुभयो । उक्त आयोजन (गोष्ठी)मा निम्नलिखित अतिथिहरू सम्मिलित थिए :-

- Rt Hon Justine Greening–MP,Secretary of State for Transport
- Jane Ellison–MP(Battersea)
- Seema Malhotra–MP(Feltham and Heston)
- Tom Brake–MP(Carlshalton and Wallington)
- Virendra Sharma–MP(Ealing and Southall)
- Lord Tariq Ahmad– of Wimbledon
- HE Wesley Momo Johnson–the Ambassador of Liberia
- HE Abdullah Al-Radhi—the Ambassador of Yemen
- HE Miguel Solano-Lopez—the Ambassador of Paraguay
- Commodore Martin Atherton—Naval Regional Commander
- Councillor Jane Cooper—the Worshipful Mayor of Wandsworth
- Councillor Milton Mckenzie MBE—the Worshipful Mayor of Barking and Dagenham
- Councillor Amrit Mann—the Worshipful Mayor of Hounslow
- Siobhan Benita—independent Mayoral candidate for London
- Diplomats from several other countries including India,Canada,Indonesia and Guinea

# एउटा परमाणु युद्धको विनाशकारी परिणाम र पूर्ण न्यायको नितान्त आवश्यकता

अहमदिया जमाअतका वर्तमान इमाम (प्रमुख)ले सर्वप्रथम अल्लाहको नाम लिएर सबै सम्माननीय अतिथिहरूको अस्सलामु अलैकुम(तपाईंहरू सबैमाथि शान्ति वर्षण होस)भनी अभिवादन गर्दै भन्नुभयोः-

आज एकवर्ष पछि मलाई आफ्ना अतिथिहरूको यस समारोहमा अभिनन्दन गर्ने अवसर प्राप्त भएको छ । यहाँहरूले उक्त आयोजनलाई सफल तुल्याउन आफ्नो अमूल्य समय दिएकोमा हार्दिक आभारी र कृतज्ञ छु । निस्सन्देह यहाँहरू सबैले यस शान्ति गोष्ठी (Peace Symposium)को आयोजनका बारेमा जान्नुहुन्छ । अहमदिया जमाअतले प्रतिवर्ष यस गोष्ठीको आयोजना गर्छ । विश्वमा शान्ति स्थापित गर्ने उद्देश्यले गरिएका प्रयासहरूमध्ये यो पनि एउटा प्रयास हो ।

आजको यस गोष्ठीमा केही नयाँ मित्रहरू पनि पहिलोपटक भाग लिइरहेका छन । अन्य यस्ता मित्रहरू पनि उपस्थित छन जो निकै वर्षदेखि हाम्रो प्रयासलाई देखेर सराहना गर्दै आएका छन । अतः जे होस यहाँहरू सबै उच्च शिक्षाप्राप्त विद्वानहरू हुनुहुन्छ र विश्वमा शान्ति स्थापना हेतु हाम्रो अभिलाषा र प्रयासका भागीदार हुनुहुन्छ र त्यही इच्छाले प्रेरित भएर यहाँहरू यस आयोजनामा भाग लिइरहनु भएछ ।

## विश्व संकट तथा शांतिको मार्ग

यहाँहरू सबै आज यहाँ समस्त विश्व प्रेम,सद्भावना,सहानुभूति,मित्रता र भातृभावले परिपूर्ण होस भन्ने हार्दिक अभिलाषा लिएर उपस्थित हुनुभएको छ । विश्वका अधिकांश जनताहरूको यही अभिलाषा र विचारधारा रहेको छ र यसैको तिनीहरूलाई खाँचो छ । यसै अनुसार यहाँहरू सबै जसको सम्बन्ध भिन्न भिन्न जाति,विभाग,देश र धर्मसित रहेको छ आज मेरा सामुन्ने विराजमान हुनुहुन्छ । हामी प्रतिवर्ष यो शान्ति सम्मेलन गर्छौं र प्रत्येक अवसरमा हाम्रा सामुन्ने हाम्रो जीवनमा विश्वमा शान्ति स्थापित होस भन्ने भावना र आशा प्रकट गर्छौं । यसैकारण प्रतिवर्ष यहाँहरूलाई जहाँ जहाँ अवसर मिल्छ र जस जससित सम्बन्ध हुन्छ यहाँहरूले शान्तिलाई बढाउने र फैलाउने प्रयास गर्नुहोस भनी म निवेदन गर्छु । यसबाहेक म ती सबै सज्जनहरूसमक्ष जसको सम्बन्ध भिन्न भिन्न राजनीतिक पार्टी र सरकारसित रहेको छ उनीहरूले पनि आ-आफ्नो अधिकार क्षेत्रमा शान्तिको यस सन्देशलाई फैलाउन भनी निवेदन गर्छु । विश्वमा शान्ति स्थापित गर्नका लागि पहिलाका भन्दा अधिक उच्च सिद्धान्तहरूमा आधारित नैतिक मूल्यहरूको नितान्त आवश्यकता छ भन्ने कुरो प्रत्येकलाई अवगत गराउनु जरूरी छ ।

जहाँसम्म अहमदिया जमाअतको सम्बन्ध छ जहाँ जहाँ,जब जब यस्तो अवसर प्राप्त हुन्छ हामी खुल्लम खुल्ला आफ्नो विचार र विश्वास प्रकट गर्छौं र त्यो के हो भने विश्वलाई उक्त विनाश र बरबादीबाट जसतर्फ आज विश्व अग्रसर छ बचाउने केवल एउटा मार्ग छ र त्यो के हो भने हामी सबैले प्रेम र सहानुभूति तथा एकताको भावनालाई प्रचारित गर्ने प्रयास गर्नुपर्छ र आज विश्वले आफ्ना स्रष्टा एक अद्वितीय परमेश्वरको पहिचान गर्नु अत्यन्त आवश्यक छ । यसको कारण के हो भने स्रष्टाको पहिचानले नै हामीलाई सृष्टिको प्रेम र सहानुभूतितर्फ मार्गदर्शन गर्छ र जब यो कुरो हाम्रो चरित्रको अभिन्न अंश बन्नजान्छ  त्यस समय हामी परमेश्वरका प्रेमपात्र बन्नेछौं ।

## विश्व संकट तथा शांतिको मार्ग

हामी विश्वलाई निरन्तर शान्तितर्फ आह्वान र आमन्त्रित गरिरहेछौं र हाम्रो हृदयमा मानवताका लागि जुन पीडा र कष्ट छ त्यसैले हामीलाई मानवताको दु:ख र कष्ट कम गर्ने र विश्वलाई एउटा शान्तिभूमि बनाउने प्रयासप्रति प्रेरित गर्छ । अतः यो आयोजन उक्त उद्देश्यप्राप्तिका धेरैवटा प्रयासहरूमध्ये एउटा प्रयास हो ।

यहाँहरू सबैको यही शुभकामना रहेको छ भन्ने कुरो मैले प्रकट गरिसकेको छु । यसका अतिरिक्त मैले राजनीतिज्ञहरू र धार्मिक नेताहरूलाई विश्वशान्तिको उद्दश्यले आमन्त्रित गरेको छु परन्तु यी प्रयासहरू हुँदाहुँदै पनि सम्पूर्ण विश्वमा अशान्ति र अस्त-व्यस्तता निरन्तर बढ्दै गइरहेछ जो अत्यन्त चिन्ताको विषय हो भन्ने कुरो हामीलाई थाहा छ ।

वर्तमान विश्वमा हामी अत्यधिक लँडाई-झगडा अशान्ति र असन्तोष देखिरहेछौं । केही देशहरूमा जनताका प्रतिनिधिहरू आपसमा लडिरहेछन र एक-अर्कालाई प्रहार गरिरहेछन । केही देशहरूमा भने प्रजाहरू सरकारविरुद्ध लडिरहेछन । अथवा यसका विपरीत शासकहरू आफ्ना प्रजामाथि आक्रमण गरिरहेछन । उग्रवादी दलहरू आफ्नो व्यक्तिगत स्वार्थ र हितका लागि अशान्ति र उपद्रवको अग्निलाई भडकाउनमा व्यस्त छन । तिनीहरू निरपराध व्यक्तिहरू,महिलाहरू,बालकहरू र वृद्ध-वृद्धाहरूको निर्मम हत्या गरिरहेछन । केही देशहरूमा राजनीतिक दलहरू आफ्नो स्वार्थसिद्धिका लागि परस्पर लडिरहेछन । तिनीहरू आफ्ना जनताको हित र प्रगतिको लागि एकमत र एकत्रित हुनुको सट्टा केही आफ्नो देशको र केही भने अरुहरूका देशका प्राकृतिक संसाधनहरूतर्फ द्वेष र डाह तथा मोहपूर्ण दृष्टि गाडिरहेछन । विश्वका महाशक्तिहरू पनि आफ्नो श्रेष्ठता कायम राख्नका लागि प्रयासरत छन र त्यस उद्देश्यप्राप्तिमा कुनै कमि छाडेका छैनन ।

यी सबै कुराहरूलाई दृष्टिगत राखी न त अहमदिया जमाअतमा अथवा न तपाईंहरूमध्ये अधिकांश जो जन-प्रतिनिधि हुनुहुन्छ कसैमा सकरात्मक

परिवर्तन ल्याउन कुनै नीति गठन गर्ने शक्ति अथवा अधिकार रहेको छ । यसको कारण के हो भने हामीसित कुनै सरकारी शक्ति अथवा विभाग छैन । वास्तवमा म त के सम्म भन्छु भने ती राजनीतिज्ञहरू जससित हाम्रो मित्रतापूर्ण सम्बन्ध छ र जो हाम्रा आयोजनाहरूमा सदा हामीसति रहन्छन र हाम्रो समर्थन गर्छन तिनीहरू पनि बोल्न सक्दैनन । साँच्चै भन्नु हो भने तिनीहरूको स्वरलाई पनि दबाइन्छ र आफ्नो विचारधारा प्रकट गर्नबाट तिनीहरूलाई रोकिन्छ । यसको कारण के हो भने या त उनीहरूलाई आफ्नो पार्टीको कूटनीति अपनाउन विवश गरिन्छ अथवा कदाचित अन्य विश्व शक्तिहरूको वा ती राजनीतिक गठबन्धनहरूको बाहिरी दबाव र रोबका कारण यस्तो हुने गर्छ जसले यिनीहरूलाई कम र असमर्थ ठानिरहेका हुन्छन ।

यी कुराहरू भइरहेछन तापनि हामी प्रतिवर्ष शान्ति गोष्ठीमा भाग लिन्छौं । निस्सन्देह हामी आफ्ना विचारधाराहरू र भावनाहरू समस्त धर्म,समस्त देश,समस्त जातिका मानिसहरूका बीचमा प्रेम,सद्भावना,सहानुभूति र भातृभाव स्थापित हुनुपर्छ भनी प्रकट गर्छौं । यद्यपि हामी दुभार्ग्यवश उक्त भावना र विचारधारालाई व्यवहारिक रूप दिन सक्षम भएका छैनौं परन्तु हाम्रो प्रयास निरन्तर जारी रहने छ ।

दुईवर्ष अघि मैले यसै हालमा हाम्रो शान्ति गोष्ठीको अवसरमा विश्वमा शान्ति स्थापित गर्नका लागि विभिन्न उपायहरू र साधनहरूका विषयमा एउटा भाषण दिएको थिएँ । र संयुक्त राष्ट्र संघले कुन प्रकारको कार्य गरे उचित हुन्छ भन्ने कुरो पनि प्रकट गरेको थिएँ जसलाई सुनेर हाम्रा प्रिय र माननीय मित्र लार्ड एरिक एवबरीले यो भाषण वास्तवमा संयुक्त राष्ट्रसंघमा हुनुपर्‍थ्यो भनी समीक्षा गर्नुभएको थियो । जे होस त्यो एउटा उहाँको शुभेच्छाको प्रकटन थियो । वस्तुतः म के भन्न चाहन्छु भने केवल भाषण दिनु र त्यसलाई सुन्नु पर्याप्त छैन न त केवल यसद्वारा शान्ति स्थापना हुनेछ अपितु यस उद्देश्यको प्राप्तिका लागि पूर्ण न्याय र सबै मामिलाहरूमा

इन्साफ र इमानदारी हुनु अत्यन्त आवश्यकता छ । न्यायका तकाजा र मागहरू पूरा गर्नका लागि यदि तिमीहरूले स्वयं आफ्ना माता-पिता,निकट सम्बन्धीहरू र मित्रहरूविरुद्ध साक्षी दिनुपरे तापनि अवश्य देऊ भन्ने पवित्र कुर्आनको शिक्षा  (सूरः अन्निसा,आयत १३६) हाम्रा लागि एउटा स्वर्णिम सिद्धान्त रहेको छ । यही नै वास्तविक न्याय हो जहाँ प्रत्येक व्यक्तिगत स्वार्थ र हितलाई जनहितका लागि निछावर गरिएको छ ।

यदि हामीले सामूहिक रूपमा उपरोक्त सिद्धान्तका बारेमा ध्यानपूर्वक सोच्ने हो भने ती सबै अवैध तरीका र उपायहरू जसको उद्देश्य र आधार धन तथा प्रतिष्ठार्जन रहेको छ  तिनीहरूलाई त्यागनु उचित छ भन्ने कुरो हामीलाई अनुभव हुन्छ । अतः यी जन-प्रतिनिधिहरू र राजदूतहरूले शुद्ध सोच,न्याय र समानताका सिद्धान्तहरूको समर्थनको इच्छा लिएर अगाढि बढनु आवश्यक छ । हामीले प्रत्येक प्रकारको पक्षपात र भेदभावलाई समाप्त गर्ने प्रयास गर्नुपर्छ किनभने शान्ति स्थापनाको मुख्य माध्यम यही नै हो । संयुक्त राष्ट्रसंघको जनरल असैम्बली अथवा विश्व सुरक्षा परिषदमा दिइएका भाषण र बयानहरूको प्रायःअत्यन्त प्रशंसा गरिएको र प्रसिद्धि भएको हामी देख्छौं परन्तु त्यस्तो प्रशंसा र प्रसिद्धिको के लाभ,किनभने निर्णयहरू त पहिला नै लिइएका हुन्छन ।

अतः जहाँ निर्णय महाशक्तिहरूको दबाव अन्तर्गत लिइन्छ र त्यो सत्य र न्यायसंगत प्रजातंत्रीय प्रणालीविरुद्ध र विपरीत हुन्छ भने त्यस्ता लाभरहित र निरर्थक भाषणहरू र विचारहरू प्रकट गरी केवल बाह्य संसारलाई धोका दिने बाहानाबाहेक तिनीहरूले अन्य केही कार्य गर्दैनन । तथापि हामीले निराश हुनुपर्ने र समस्त प्रयासहरू त्यागने केही कारण छैन । हाम्रो लक्ष्य र प्रयास विशेषरूपमा राष्ट्रीय कानूनको सीमा र परिधि अन्तर्गत रहेर सरकारलाई निरन्तर समयको मांग र आवश्यकता स्मरण गराउने हुनुपर्छ । हामीले ती गुटहरू र समूहहरूलाई पनि उचित ढंगमा सम्झाउनु छ जसका आफ्ना व्यक्तिगत स्वार्थ र हितहरू रहेका छन ता विश्वस्तरमा न्याय कायम

होस । केवल यही मार्ग अपनाएर मात्र विश्व शान्ति र एकताको गढ बन्नेछ जसको हामी अभिलाषी छौं ।

यसकारण हामी आफ्नो प्रयास कदापि त्याग्नेछैनौं । यदि हामीले अन्याय र अत्याचारविरुद्ध आफ्नो आवाज उठाउन बन्द गरिदियौं भने हामी पनि तिनीहरूझैं हुनेछौं जसमा कुनै नैतिक मूल्य अथवा आदर्श छैन । चाहे हाम्रो पुकार सुनियोस वा न सुनियोस अथवा त्यसको प्रभाव होस वा नहोस शान्तिका लागि हामीले निरन्तर अन्यहरूसित सल्लाह र परामर्श गर्नु छ । धर्म र जातिको मतभेद हुँदा हुँदै पनि मानव मूल्य र आदर्शलाई जीवित राख्नका लागि असंख्य मानिसहरू यस आयोजनलाई सुन्न,सीख्न तथा विश्वलाई शान्ति र प्रेम स्थापित गर्ने उपायहरूका बारेमा आफ्ना विचार र भावनाहरू व्यक्त गर्ने इच्छा लिएर आउँछन र यसकुराले म अत्यन्त प्रभावित र प्रसन्न हुन्छु । अत:आफ्नो उत्तम योग्यता अनुसार शान्तिका लागि प्रयास गर्न म यहाँहरू सबैका सेवामा निवेदन गर्छु ता हामी आशाको यस दीपकलाई प्रकाशित राख्न सकौं । एउटा समय अवश्य आउँनेछ जब वास्तविक शान्ति र न्याय विश्वका सबै देशहरूमा स्थापित हुनेछ ।

जब मानव प्रयास विफल हुनजान्छ तब सर्वशक्तिमान परमेश्वरले मानवजातिको भाग्यनिश्चित गर्न आफ्नो अन्तिम निर्णय लिन्छन भन्ने कुरो हामीले स्मरण राख्नुपर्छ । अत: परमेश्वरको निर्णय जारी हुनुभन्दा पहिला र उनले मानिसहरूलाई त्यो निर्णय मान्न तथा मानवजातिको अधिकार कायम गर्न विवश गर्नु भन्दा पहिला नै विश्वका मानिसहरूले स्वयं यी महत्वपूर्ण मामिलाहरूतर्फ ध्यान दिए उचित हुनेछ । वस्तुत: जब ती सर्वशक्तिमान परमेश्वरलाई निर्णय लिन र कार्यवाही गर्न वाध्य गरिन्छ तब उनको क्रोध र प्रकोपले मनुष्यलाई कठोर र भयानक तरीकाले पक्रन्छ ।

आजको विश्वमा सर्वशक्तिमान परमेश्वरको अन्तिम निर्णयको एउटा भयानक प्रकटन तृतीय विश्वयुद्धको रूपमा हुनसक्छ । निस्सन्देह यस्तो

युद्धको प्रभाव तथा त्यसद्वारा हुने विनाश केवल त्यस युद्धावधिसम्म अथवा केवल आजको पीढीसम्म सीमित रहने छैन अपितु त्यसका भयानक परिणामहरूको प्रभाव भविष्यका धेरै पीढीहरूसम्म रहनेछ । यस्ता युद्धका ती भयानक परिणामहरू मध्ये एउटा के पनि हो भने यसको प्रभाव जहाँ वर्तमान नवजात शिशुहरूमाथि पर्नेछ भने भविष्यमा जन्मने बालकहरूले पनि त्यसको प्रकोप र दुष्प्रभाव भोल्नु पर्नेछ । आधुनिक शस्त्र अस्त्र र हतियारहरू कतिसम्म भयानक विनाशकारी छन भने तिनीहरूको प्रभावले भविष्यका धेरै पीढीहरू विकलाङ्ग हुनपुग्नेछन ।

वर्तमान जापान एउटा यस्तो देश हो जसले एटमी युद्धको अत्यन्त भयानक परिणाम देखिसकेको छ जसमाथि द्वितीय विश्वयुद्धमा एटम बमद्वारा आक्रमण गरिएको थियो । आजपनि यदि कोही जापान गएर त्यहाँका मानिसहरूको जानकारी लिएमा त्यस युद्धको एउटा भयावह र घृणित दृश्य तथा तिनीहरूमा त्यसप्रति भय र घृणा स्पष्ट देख्नेछ । वास्तवमा भन्ने हो भने ती एटम बमहरू जुन त्यस समय प्रयोग गरिए र जसबाट त्यो भयानक विनाश भयो आज सा-साना देशहरूमा उपलब्ध परमाणु बमहरू र अस्त्र-शस्त्रहरू भन्दा कम शक्तियुक्त थिए ।

जापानमा सातदशक बितीसक्दा पनि एटम बमको प्रभाव नवजात शिशुहरूमा अहिलेसम्म देखिन्छ भन्ने चर्चा सुनिन्छ । यदि कुनै व्यक्तिलाई गोली लागेमा उपचारद्वारा प्रायः त्यसको बचाउ हुनसक्छ परन्तु यदि रासायनिक युद्ध आरम्भ भयो भने जो पनि त्यसको लपेटोमा आउँनेछन तिनीहरूको त्यस्तो भाग्य रहनेछैन ।

त्यसका विपरीत मानिसहरू अकस्मात मरेको र अचल भएको तथा तिनीहरूका छालाहरू पग्लिन लागेका हामीले देख्नेछौं । यसैगरी पिउने पानी,भोजन र साग-सब्जिहरू,फलहरू सबै दूषित हुनेछन तथा विकिरणबाट प्रभावित हुनेछन । त्यस्तो विकिरण र प्रदूषणले कुनप्रकारका रोगहरू उत्पन्न

गर्ला भन्ने केवल कल्पना मात्र हामी गर्नसक्छौं । ती स्थानहरू जहाँ प्रत्यक्ष आक्रमण हुनेछैन र विकरणको-प्रभाव पनि त्यति पर्नेछैन त्यहाँपनि रोगहरूको खतरा भने अत्यधिक हुनेछ र भविष्यका नसलहरूले ठूलो खतरा उठाउनु पर्नेछ ।

अत: मैले वर्णन गरे अनुसार यस्ता युद्धहरूका भयानक र विनाशकारी प्रभावहरू केवल युद्धावधि अथवा त्यसपछि केही समयसम्म मात्र सीमित रहनेछैनन । अपितु भविष्यका अनेकौ पुस्ताहरूसम्म जारी रहनेछन । यही नै यस्ता युद्धहरूको वास्तविक परिणाम हो । यसोपरान्त यस्ता स्वार्थी र मूर्ख व्यक्तिहरू आज विद्यमान छन जसले आफ्ना यी अविष्कारहरू प्रति अत्यन्त गर्व गर्छन र ती विश्व विनाशका लागि तिनीहरूले विकसित गरेका ती शस्त्र-अस्त्रहरूलाई उपहारको रूपमा वर्णन गर्छन । वास्तविकता के हो भने रासायनिक शक्ति र टैकनालॉजीको केही मात्रामा लाभदायक पक्ष रहेतापनि साधारण असावधानीबाट हुने दुर्घटनाको परिणाम अत्यन्त भयानक हुनसक्छ र विश्वलाई महाविनाशतर्फ लिएर जानसक्छ । यो भन्दा पहिला हामीले १९८६ ई.मा चेरनोबिल(Chernobyl) अर्थात यूक्रेनमा र गतवर्ष जापानमा भूकम्प र सुनामीपश्चात भएका यसप्रकारका आकस्मिक आपत्हरू देखिसकेका छौं जसले सम्पूर्ण विश्वलाई भयभीत तुल्याएको थियो । जब यस्ता घटनाहरू घटित हुन्छन तब घटनाग्रस्त क्षेत्रहरूको पुर्ननिर्माण र पुनर्वास कार्य पनि अति कठिन हुनजान्छ । जापानमा भएको भयानक र दुखदायी अनुभवका कारण जापानीहरू अत्यन्त सतर्कहुनु यथोचित हो मानिसहरू युद्धमा मर्ने गर्छन र त्यो स्वभाविक कुरो हो । जापान पनि द्वितीय विश्वयुद्धमा जब सहभागी भयो तब त्यहाँको सरकार र त्यहाँका मानिसहरू युद्धमा केही मानिसहरू हताहत हुनेछन भन्ने कुराप्रति अवगत थिए परन्तु त्यस्तो महाविनाश होला भन्ने त तिनीहरूले कदापि ठानेका थिएनन । जापानमा प्राय: तीस लाख मानिसहरू त्यस युद्धमा मारिएका थिए भन्ने तथ्याङ्क छ । जुन त्यससमय देशको कूल जनसंख्याको चार प्रतिशत बन्थ्यो ।

यद्यपि मर्नेहरूको कुल संख्याको दृष्टिले अन्य धेरैवटा देशहरू पनि अत्यधिक प्रभावित भएका थिए तथापि युद्धको प्रति जो घृणा हामी जापानीहरूमा देख्छौं त्यो अन्यहरूको भन्दा अधिक र स्पष्ट रहेको छ । निश्चय नै यसको कारण ती दुईवटा परमाणु बमहरू हुन जुन द्वितीय विश्वयुद्धका समय जापानमाथि खसाइएका थिए जसको परिणाम तिनीहरू आजपनि देखिरहेछन र त्यस महाविनाशको पीडालाई सहन गरिरहेछन ।

यद्यपि जापानले अति शीघ्र आफ्ना शहरहरूको पुर्नस्थापना गरी आफ्नो योग्यता र श्रेष्ठता देखायो तथा शोक र पीडाबाट उकसने भावना र शक्ति उसमा छ भन्ने कुरो सिद्ध गऱ्यो परन्तु यदि आज पुनः परमाणु शस्त्र प्रयोग गरिएमा सम्भवतः केही विशेष देशहरूका भू-भागहरू पूर्णरूपले विश्व-मानचित्रबाट मेटिने छन र तिनीहरूको अस्तित्व शेष रहने छैन भन्ने कुरो स्पष्ट होस ।

द्वितीय विश्व-युद्धमा मारिएका मानिसहरूको संख्या एउटा अनुमानानुसार बासठ्ठी लाख थियो र चालीस लाख तिनीहरूमध्ये सामान्य नागरिकहरू थिए । यसप्रकार सेनाभन्दा जनसाधारण अधिक मारिए । यो विनाश जापानबाहेक अन्य देशहरूमा पारंपरिक शस्त्रहरूको प्रयोग गरिएतापनि हुनगयो । यू.केले लगभग पाँच लाख मानिसहरूको हानि उठाउनु पऱ्यो । यद्यपि यो देश त्यस समय एउटा उपनिवेशवादी शक्ति थियो र उसका अन्तर्गत रहेका देशहरूले पनि उसको समर्थनमा युद्ध गरेका थिए । यदि ती देशहरूको जनहानि जोडिएमा मर्ने व्यक्तिहरूको संख्या त्यो भन्दा धेरै अधिक हुनपुग्छ । केवल भारतका सोऱ्ह लाख मानिस मरिएका थिए । आज त्यो स्थिति परिवर्तित भएको छ । ती देशहरू जुन ब्रिटेनका उपनिवेश थिए र तिनले ब्रिटेन साम्राज्यका लागि युद्ध गरेका थिए आज युद्ध भएमा तिनीहरूले ब्रिटेनविरुद्ध पनि लड्न सक्छन । आज त केही सा-साना देशहरूले समेत परमाणु शस्त्र प्राप्त गरिसकेका छन जुन अति भयानक कुरो हो । किनभने यस्ता परमाणु हतियारहरू ती व्यक्तिहरूका हातमा आउन सक्छन जसमा या त योग्यता नै

छैन अथवा आफ्नो कार्यको परिणामका बारेमा सोच-विचार गर्ने पर्वाह नै गर्दैनन । अथवा आफ्नो कार्यको परिणामका बारेमा तिनीहरू कल्पना नै गर्न सक्दैनन ।

वास्तवमा यस्ता व्यक्तिहरू परिणामका बारेमा सोच-विचार गर्ने पर्वाह नै गर्दैनन अथवा सा-साना कुरामा शस्त्र उठाउने गर्छन । अतः आज महाशक्तिहरूले न्याय नगरेमा र सा-साना देशहरूलाई निराश हुनबाट बचाउन न्यायसंगत कार्यवाही नगरेमा वर्तमान परिस्थिति हाम्रो नियन्त्रण र पहुँचबाट निस्कनेछ । फलतः यस्तो विनाश आउँनेछ जसको कल्पना समेत हामी गर्न सक्दैनौं । त्यसले विश्वका ती अधिकांश देशहरूलाई समेत जो शान्तिका अभिलाषी छन आफ्नो विनाशको परिधिमा लिनेछ ।

अतः समस्त ठूला देशका नेताहरूले यस भयावह वास्तविकतालाई बुझ्नेछन तथा आफ्नो व्यक्तिगत स्वार्थ र हितप्राप्तिका लागि आक्रमक र अन्यायपूर्ण नीति अपनाउनु र शक्ति प्रयोग गर्नुको सट्टा उनीहरूले यस्ता नीतिहरू बनाउनेछन जसले न्यायलाई बढुवा दिनेछ र त्यसलाई रक्षा गर्नेछ भन्ने मेरो हार्दिक आशा र अभिलाषा छ ।

केही दिनअघि रसियाका एकजना वरिष्ठ सैनिक कमाण्डरले रासायनिक युद्धको सम्भावित खतराको बारेमा एउटा चेताउनी दिएका छन । उनको भनाई अनुसार यस्तो युद्ध एशिया अथवा कुनै अर्को ठाँउमा होइन अपितु यूरोपेली देशहरूको सीमामा लडिनेछ र यो खतरा पूर्वी यूरोपेली देशहरूबाट आरम्भ हुनसक्छ र यसको ज्वाला धेरै फैलन सक्छ । यो मात्र तिनको व्यक्तिगत विचार हो भनी केही मानिसहरूले भन्न सक्छन परन्तु म यस कुरोलाई असम्भव ठान्दिन । म त यसबाहेक के पनि विश्वास राख्छु भने यदि यो युद्ध आरम्भ भयो भने सम्भवतः एशियाली देशहरू पनि यसमा होम्मिन पुग्नेछन ।

## विश्व संकट तथा शांतिको मार्ग

एउटा अर्को सूचना जुन मीडियाद्वारा विशाल रूपमा प्रसारित गरियो इज्राईलको जासूसी एजेन्सीका भूतपूर्व चीफका विचारहरूका सम्बन्धमा थियो । उनले प्रसिद्ध अमरीकन टी.वी. च्यानल CBS सितको एउटा साक्षात्कारमा इज्राईली सरकार इरानसित युद्ध गर्न चाहन्छ भन्ने कुरो स्पष्ट हुँदैछ र यदि त्यसो भएमा त्यो युद्ध कहाँ पुगेर कसरी समाप्त होला भनी जान्न असम्भव हुनेछ भन्ने विचार प्रकट गरे । साथै उनले कडा शब्दहरूमा त्यस युद्धको विरोध गरे र त्यसबाट बच्ने नसीहत पनि गरे ।

मेरो धारणानुसार युद्धारम्भ भएमा एटमी विनाशपश्चात मात्र उक्त युद्धको समाप्ति हुनेछ । आज विश्वको आर्थिक र राजनैतिक स्थितिप्रति ध्यान दिनाले यो स्थिति त्यस्तै देखिन्छ जुन १९३२ ई.मा थियो भन्ने एउटा लेख मैले हालैमा पढें । केही विशेष देशहरूमा जनतालाई राजनितीज्ञहरू र तथाकथित प्रजातन्त्रमाथि कुनै विश्वास रहेन र साथै अन्य केही सम्भावनाहरू छन जसले मिलेर आज त्यही चित्र प्रस्तुत गरिरहेछन जुन द्वितीय विश्व युद्ध भन्दा ठीक पहिला देखिएको थियो भनी लेखकले स्पष्ट लेखेको थियो ।

केही व्यक्तिहरू यस कुरामा सहमत नहुन सक्छन परन्तु म सहमत छु । त्यसैले विश्वका सरकारहरूले वर्तमान परिस्थितिहरूप्रति अत्यन्त चिन्तित हुनु आवश्यक छ भन्ने मेरो विश्वास छ । यसैगरी केही मुस्लिम देशहरूका अन्यायी शासकहरू जसको एकमात्र उद्देश्य कुनै पनि प्रकारले र तरीकाले आफ्नो स्वार्थ र शक्ति कायम राख्नु रहेको छ,तिनीहरूले पनि जाग्नु र होसमा आउनु आवश्यक छ अन्यथा तिनीहरूका कार्यहरू र मूर्खता नै तिनीहरूको अन्त र विनाशको कारण बन्नेछन । साथै ती कार्यहरूले ती देशहरूलाई भयंकर परिस्थिति र दुर्दशातर्फ लिएर जानेछन ।

हामी अहमदिया जमाअतका सदस्यहरू विश्व र मानवतालाई विनाशबाट बचाउन आफ्नो यथासम्भव प्रयास र प्रयत्न गरिरहेछौं । यसको कारण के हो

भने हजरत मुहम्मद(सल्लम)जसलाई परमेश्वरले स्वयं मानवताप्रति दयासागरको रूपमा पठाएका थिए,उहाँको दासको रूपमा आएका वर्तमान युगका इमाम(मार्गदर्शक)लाई हामीले मानेका र स्वीकार गरेका छौं जसलाई परमेश्वरले मसीह मौऊद(प्रतिश्रुत मसीह)बनाएर पठाए । हामी हजरत मुहम्मद(सल्लम)को शिक्षा पालन गर्छौं त्यसकारण हामी वर्तमान विश्वको स्थितिप्रति आफ्नो हृदयमा अति दुःख र पीडा अनुभव गर्छौं । यही दुःख र पीडाले मानवतालाई संकट र विनाशबाट बचाउन प्रयासरत रहने प्रेरणा र शक्ति हामीलाई दिन्छ । त्यसैले म र अन्य सबै अहमदी मुसलमान विश्वमा शान्ति स्थापनाको उद्देश्यप्राप्तिका निम्ति आफ्नो दायित्व र कर्तव्य पूरा गर्ने प्रयासमा छौं ।

एउटा उपाय जसद्वारा म विश्वमा शान्तिलाई बढुवा दिने प्रयास गरिरहेछु त्यो पत्रचार हो । मैले विश्वका केही शासकहरू र राजनेताहरूलाई पत्र लेखेको छु । केही महीना अघि पोप बेनीडिक्टलाई एउटा पत्र पठाएँ जुन मेरा एकजना अहमदी प्रतिनिधिले उहाँलाई दिएर आए । उहाँ विश्वको सबैभन्दा ठूलो धार्मिक जमाअतका नेता हुनुहुन्छ त्यसकारण विश्वमा शान्ति स्थापित गर्ने प्रयास उहाँले गर्नुपर्छ भनी मैले त्यस पत्रमा उहाँलाई लेखेको थिएँ ।

यसै सन्दर्भमा यिनै दिनहरूमा इरान र इज्राईलको आपसी शत्रुतालाई ध्यानमा राखी जुन एउटा भयंकर रूप धारण गरिरहेछ मैले इज्राईली प्रधानमन्त्री बैजामिन नितिनयाहू र इरानी राष्ट्रपति महमूद अहमदी निजाद दुवैलाई पत्र पठाएँ जसमा मैले उनीहरूलाई मानवजातिको कल्याणलाई दृष्टिगत राखी निर्णय लिने समयमा कुनै प्रकारको शीघ्रता र असावधानी नगर्न आग्रह गरें । मैले यिनै दिनहरूमा अमेरिकाका राष्ट्रपति बराक ओबामा र कनेडाका प्रधानमन्त्री स्टीफन हार्परलाई पनि पत्र लेखें जसमा दुवैलाई विश्वको शान्ति र सुरक्षा तथा एकतालाई सुदृढ र सुरक्षित गर्न आ-आफ्नो भूमिका निभाउन र आफ्नो दायित्व पूरा गर्न आग्रह गरें ।

चाडैं नै अन्य देशहरूका शासकहरूलाई पनि यसै सन्दर्भमा पत्र लेख्ने मेरो इच्छा छ । मैले जुन शासकहरूलाई पत्र लेखेको छु तिनीहरूले मेरो पत्रलाई महत्व दिनेछन कि छैनन भन्ने कुरो म जान्दिन । तिनीहरूको जो प्रतिक्रिया रहेतापनि मैले विश्वभरी रहने लाखौं अहमदीहरूको खलीफा र आध्यात्मिक प्रमुख भएको नाताले विश्वको भयावह र सङ्कटपूर्ण स्थितिका बारेमा उनीहरूको भावना र सोचलाई उनीहरूसम्म पुऱ्याउने प्रयास गरेको छु । मैले ती भावनाहरूको प्रकटन कुनै व्यक्तिगत भयका कारण गरेको होइन अपितु मानवताप्रतिको प्रेम र दया तथा सहानुभूतिले मलाई त्यसो गर्न प्रेरित गरेको हो ।

जस्तै मैले वर्णन गरिसकेको छु हजरत मुहम्मद मुस्तफा(सल्लम)लाई समस्त मानवजातिका निम्ति कृपालु र उपकारी बनाएर पठाइएको हो । उहाँको शिक्षाले समस्त साँच्चा मुसलमानहरूका हृदयमा मानवताको प्रेम रोपेको छ र त्यसलाई विकसित गरेको छ । मानवताप्रति हाम्रो प्रेमको कारण हजरत मुहम्मद(सल्लम)का शिक्षाहरूको परिणाम हो भनेको सुनेर यहाँहरू आश्चर्य हुनु र स्तब्ध रहनु सम्भव छ । अतः यदि यस्तो हो भने यहाँ यस्ता उग्रवादी गुटहरू किन पाइन्छन जसले निर्दोष र निरपराध मानिसहरूको हत्या गर्ने गर्छन अथवा यस्ता मुसलमान सरकारहरू किन रहेका छन जसले आफ्नो शासन र आसनलाई सुरक्षित राख्नका लागि आफ्नै प्रजालाई मार्ने आदेश दिन्छन भन्ने प्रश्न यहाँ उठ्न सक्छ । अतः के स्पष्ट होस भने वास्तवमा यसप्रकारका अनुचित र अन्यायपूर्ण कार्यहरू इस्लामी शिक्षाविपरीत रहेका छन । पवित्र कुर्आनले कुनै पनि हालतमा र परिस्थितिमा उग्रवाद र कट्टरवादको अनुमति दिदैन ।

हाम्रो आस्थानुसार यस युगमा अल्लाहले (परमेश्वरले) अहमदिया जमाअतका संस्थापक हजरत मिर्जा गुलाम अहमद कादियानी (अलै.)लाई हजरत मुहम्मद मुस्तफा(सल्लम)को दासत्वमा प्रतिश्रुत मसीह र इमाम महदी(आध्यात्मिक मार्गदर्शक)बनाएर पठाएका हुन । प्रतिश्रुत मसीह(

अवतार)लाई पवित्र कुर्आनको वास्तविक शिक्षाको प्रचार प्रसारका निम्ति पठाइएको हो । उहाँलाई मानवजाति र परमेश्वरका बीचमा एउटा जीवित सम्बन्ध स्थापित गर्नका लागि अवतरित गरिएको हो । मनुष्यले एक अर्काप्रतिको आफ्नो कर्तव्य र दायित्वलाई बुझोस भनी उहाँलाई पठाइएको हो । यसैगरी प्रत्येक प्रकारका युद्ध र विवादहरू समाप्त गर्न तथा प्रत्येक धर्मका संस्थापकहरू, पैगम्बरहरू,अवतारहरू तथा नबीहरूको यथोक्त सम्मान र मर्यादा तथा स्थान कायम गर्न यसैगरी उच्च नैतिक र आध्यात्मिक मूल्यहरूको प्राप्तितर्फ संसारको ध्यानाकर्षण गर्न र समस्त विश्वमा शान्ति,प्रेम,सहानुभूति तथा भातृत्वभाव कायम गर्नका लागि उहाँको आविर्भाव भएको हो ।

विश्वका कुनै पनि देशमा गएर हेर्नुहोस यी विशेषताहरू सबै साँचा अहमदीहरूमा यहाँहरूले विद्यमान पाउँनुहुनेछ । हाम्रा निम्ति न उग्रवादी न चरमपन्थी न त कुनै अत्याचारी मुसलमानशासक आर्दश रहेको छ । यसैगरी पश्चिमी शक्तिहरू पनि हाम्रा निम्ति नमूना होइनन । जसको हामी अनुसरण गर्छौं उनै इस्लामका संस्थापक र प्रवर्तक हजरत मुहम्मद(सल्लम)को आदर्श हो । तथा हामीलाई मार्ग देखाउने निर्देशनहरू पवित्र कुर्आनमा रहेका छन ।

अतः म यस शान्ति सम्मेलनको माध्यमले समस्त विश्वलाई इस्लामको सन्देश र शिक्षा पूर्णतः प्रेम,सहानुभूति,शान्ति र सद्भावनामा आधारित छ भनी सूचित गर्छु ।

दुर्भाग्यवशः मुसलमानहरूको एउटा अल्पसंख्यक वर्गले इस्लामको पूर्णतया विकृत रूप प्रस्तुत गरेको र पथभ्रष्ट गर्ने आस्था पालन गरेको देख्छौं । त्यसलाई वास्तविक इस्लाम नठान्नुहोला र ती अन्यायपूर्ण तथा अत्याचारपूर्ण कार्यहरूलाई शान्तिप्रिय बहुसंख्यक मुसलमानहरूका भावनालाई आहत तुल्याउन र तिनीहरूलाई अत्याचारको लक्ष्य बनाउनका लागि लाइसेन्सको रूपमा प्रयोग नगर्नुहोला भनी म निवेदन गर्छु ।

विश्व संकट तथा  शांतिको मार्ग

पवित्र कुर्आन समस्त मुसलमानहरूको सर्वाधिक मंगलमय र पवित्र पुस्तक रहेको छ त्यसकारण यसका सन्दर्भमा अपवित्र र अशिष्ट भाषा प्रयोग गर्नाले र यसलाई जलाउनाले निश्चय नै मुसलमानहरूको भावनालाई चोट लाग्छ,त्यो आहत हुन्छ । जब जब यस्तो घटना घट्छ त्यसले कट्टरपन्थी मुसलमानहरूलाई एउटा गलत र अनुचित प्रतिक्रियातर्फ डोऱ्याएको हामी देख्छौं ।

हामीले हालैमा अफगानिस्तानमा दुईवटा घटनाहरूबारे सुन्यौं जहाँ अमेरिकी सेनाले पवित्र कुर्आनको अपमान गरे र निर्दोष महिलाहरू र बालकहरूलाई तिनीहरूका घरबाट निकालेर मारे । यसैगरी एउटा अत्याचारी व्यक्तिले दक्षिणी फ्रांसमा केही फ्रांसीसी सिपाहीहरूलाई अकारण गोली हानेर माऱ्यो र त्यसका केही दिनपछि त्यसले एउटा स्कूलमा प्रवेश गरेर एउटा शिक्षकको हत्या गऱ्यो ।

यस्तो आचरण पूर्णतः गलत र अमानवीय हो जसबाट शान्ति स्थापित हुनुको सट्टा अशान्ति बढ्दैजान्छ । यस्ता अत्याचारहरू निरन्तर पाकिस्तानमा भइरहेका हामी देख्छौं । यसैगरी अन्य स्थानहरूमा पनि । यसप्रकार यी समस्त गतिविधिहरू र अत्याचारहरूले इस्लामका विरोधीहरूलाई आफ्नो घृणा र कुभावना भड्काउन ईंधनको उपलब्ध गरिरहेछ्न । यस्ता अत्याचारपूर्ण कार्यवाहीहरू कुनै सीमित स्तरमा अथवा व्यक्तिगत शत्रुताका कारण गरिदैंनन अपितु यी सबै तिनै अन्यायपूर्ण नीतिहरूका प्रतिक्रिया र परिणामहरू हुन जसलाई केही विशेष सरकारहरूले राष्ट्रीय र अन्तर्राष्ट्रीय स्तरमा अपनाएका छन ।

अतः विश्वमा शान्ति स्थापित गर्नका लागि न्यायका उचित मापदण्डहरू प्रत्येक स्तरमा र प्रत्येक देशमा विकसित गरियोस । पवित्र कुर्आनले बिनाकारण कुनै निर्दोष व्यक्तिको हत्यालाई समस्त मानवजातिको हत्या ठहऱ्याएको छ । अतः इस्लामले अत्याचार र बर्बरताको कुनै रूपलाई कुनै

पनि स्थितिमा कदापि अनुमति दिदैन । यो एउटा स्पष्ट निर्णय हो जसमा कुनै अपवाद छैन भन्ने कुरो एउटा मुसलमान भएको नाताले म पुनः स्पष्टरूपमा वर्णन गर्दछु । पवित्र कुर्आनले यसका अतिरिक्त के आदेश दिन्छ भनेः- " यदि कोही देश अथवा जातिले तिमीहरूसित शत्रुता राखेतापनि उनीहरूसितको व्यवहारमा त्यस शत्रुताले तिमीहरूलाई न्यायगर्नबाट कदापि नरोकोस । शत्रुताले तिमीहरूलाई प्रतिशोध लिन अथवा अनुचित कार्यवाही गर्नतर्फ कदापि प्रेरित नगरोस"

पवित्र कुर्आनले एउटा अर्को महत्वपूर्ण आदेश हामीलाई के दिएको छ भनेः-

"अरूहरूको धन-सम्पति र संसाधनमाथि ईर्ष्या,द्वेष,डाह र लोभ-लालचपूर्ण दृष्टि नगाढ ।"

मैले केवल केही कुराहरू वर्णन गरें र यी यस्ता कुराहरू हुन जसको हामीलाई नितान्त आवश्यक पर्छ । किनभने यिनै कुराहरूद्वारा समाज र यस विशाल संसारमा शान्ति र न्यायको थालनी हुन्छ । विश्वले यी मूल समस्याहरूतर्फ ध्यान दियोस जसबाट हामी विश्वको त्यस विनाशबाट बच्न सकौं जसतर्फ हामीलाई ती अत्याचारी र बेइमान व्यक्तिहरू लिएर जाँदैछन भन्ने मेरो प्रार्थना छ ।

यहाँको निकै समय लिएकोमा म क्षमा चाहन्छु परन्तु वास्तविकता के हो भने विश्वमा शान्ति स्थापित गर्ने विषय अत्यन्त महत्वपूर्ण रहेको छ । समय हाम्रो हातबाट निस्कदै गइरहेछ अतः पूर्ण विलम्भ हुनुभन्दा पहिला नै हामीले यस समयको जटिलता र आवश्यकताप्रति अति ध्यान दिनु जरूरी छ ।

आफ्नु भाषण टुङ्याउनुभन्दा पहिला एउटा महत्वपूर्ण कुराका सम्बन्धमा केही भन्न चाहन्छु । जस्तै हामीलाई थाहा छ वर्तमान परमादणीय महारानी एलिजाबेथ द्वितीयको हीरक जयन्ती मनाइँदैछ । यदि हामीले ११५ वर्ष पूर्व

विश्व संकट तथा  शांतिको मार्ग

१८९७ ई.को समयलाई स्मरण गर्ने हो भने त्यससमय पनि महारानी विक्टोरियाको हीरक जयन्ती मनाइएको थियो । त्यससमय अहमदिया जमाअतका संस्थापकले महारानी विक्टोरियालाई एउटा शुभकामना सन्देश पठाउनु भएको थियो ।

उहाँले त्यस सन्देशमा इस्लामी शिक्षाको शौगात टक्र्याउँदै ब्रिटेन सरकारका लागि दुआ गर्दै महारानीको दीर्घायुको कामना गर्नुभएको थियो । उहाँले त्यस सन्देशमा महारानीको सरकारको सबैभन्दा ठूलो विशेषता समस्त जातिका मानिसहरूलाई उहाँको सरकारले धार्मिक स्वतन्त्रता प्रदान गर्नु नै हो भनी लेख्नुभएको थियो ।

आज ब्रिटेनले भारतीय उपमहाद्वीपमाथि शासन त गर्दैन तथापि धार्मिक स्वतन्त्रताका सिद्धान्तहरू भने ब्रिटेनको समाज तथा यहाँको कानूनसित गहिरो रूपमा जोडिएका छन जसद्वारा प्रत्येक व्यक्तिलाई धार्मिक स्वतन्त्रता प्रदान गरिएको छ ।

निस्सन्देह यस स्थानमा उक्त स्वतन्त्रताको अति सुन्दर नमूना आज देख्न पाइएको छ जहाँ विभिन्न आस्था,धर्म र विचार राख्ने व्यक्तिहरू एउटा सामूहिक उद्देश्य लिएर अर्थात विश्वमा शान्ति स्थापित गर्ने इच्छा लिएर एक स्थानमा एकत्रित भएका छन । त्यसकारण तिनै शब्दहरू र दुआहरू जुन हजरत मसीह मौऊद(प्रतिश्रुत मसीह)ले गर्नुभएथ्यो पुनः प्रयोग गर्दै म यस शुभावसरमा महारानी ऐलिजाबेथलाई हार्दिक शुभकामना प्रस्तुत गर्दछु ।

जस्तै उहाँले वर्णन गर्नुभएथ्यो :-  “ हाम्रो हार्दिक प्रसन्नतापूर्ण शुभसन्देश तथा कृतज्ञताका भावनाहरू हाम्री दयालु महारानीसम्म पुगून र ईश्वरले परमादणीय महारानीलाई सदैव प्रसन्न र सुखी राखुन ।”

प्रतिश्रुत मसीह(अलै.)ले महारानी विक्टोरियाका लागि यस बाहेक निम्न दुआ

(प्रार्थना)पनि गर्नुभएथ्यो । अतः म पनि महारानीका लागि दुआ गर्नका निम्ति पुनः उहाँकै शब्दहरू प्रयोग गर्छु जुन यसप्रकार छनः-

" हे शक्तिशाली र सामर्थ्यवान परमेश्वर ! आफ्नो कृपा र आर्शीवादले सदैव हाम्री महारानीलाई त्यसैप्रकार प्रसन्न राख जसरी हामी उहाँको सहानुभूति र दयाका कारण सुखी र प्रसन्न रहेका छौं । उहाँसित प्रेम र दयापूर्ण व्यवहार गर,ठीक त्यसैप्रकार जसरी हामी शान्ति र समृद्धिका साथ यस सहृदयी र संयमी सरकारका छत्रछायामा रहिरहेछौं ।"

यी हाम्रा सद्भावना र कृतज्ञतापूर्ण भावनाहरू हुन जुन प्रत्येक त्यो अहमदी मुसलमानका हृदयमा रहेका छन जो ब्रिटेनको नागरिक हो । म पुनः एकपटक यहाँहरू सबैलाई धन्यावाद दिन चाहन्छु जसले यहाँ आएर आफ्नो प्रेम,सहानुभूति तथा भ्रातृभाव प्रकट गर्नुभयो ।

यहाँहरूको धेरै धेरै धन्यवाद !



# THE PATH TO PEACE—
# JUST RELATIONS BETWEEN NATIONS

CAPITOL HILL

WASHINGTON, D.C., USA, 2012





The first Muslim Congressman, Keith Ellison meeting Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]



Brad Sherman (Democratic member of the United States House of Representatives) presenting American flag to Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]




Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba] delivers his keynote address at U.S. Capitol Hill



Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba] leading silent prayer at U.S. Capitol Hill



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] during his official tour of U.S. Capitol Hill



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] in U.S. Capitol Hill after his historic address to the US Statesmen and Bureaucrats

विश्व संकट तथा  शांतिको मार्ग

# भूमिका

२७ जून २०१२ ई.का दिन कैपिटल हिल वाशिङ्गटन D.C. मा एउटा ऐतिहासिक घटना घट्यो र त्यो के हो भने,अहमदिया जमाअतका वर्तमान पञ्चम खलीफा(आध्यात्मिक प्रमुख)ले अमेरिकी कांग्रेसका सदस्यहरू सेनेटर्स,राजदूतहरू,व्हाइट हाउस र स्टेट डिपार्टमेन्ट स्टाफ,समाज सेवी संस्थाका अधिकारीहरू,धार्मिक नेता,प्रोफेसर,राजनीति सलाहकार,सरकारी अधिकारी,डिप्लोमेटिक कोरका सदस्य,विचारक,पेन्टागनका प्रतिनिधिहरू र मीडियाका सम्पादकहरूलाई सम्बोधन गर्नुभयो । यो कान्फ्रेन्स जुन यसप्रकारको पहिलो कान्फ्रेन्स थियो,यसले संयुक्त राज्य अमेरिकाका केही अति प्रतिष्ठित नेताहरूलाई जसमा हाउस आफ रिप्रेजेन्टेटिव्ज्मा डेमोक्रेटिक पार्टीका नेता नेन्सी पेलोसी पनि सम्मिलित थिए,प्रत्यक्ष रूपमा विश्व शान्तिको विषयमा इस्लामको सन्देश सुन्ने अवसर उपलब्ध गऱ्यो । यस

अवसरमा अहमदिया जमाअतका आध्यात्मिक प्रमुख हजरत मिर्जा मसरूर अहमदलाई कैपिटल हिलको भ्रमण गराइयो । त्यसपश्चात हाउस आफ रिप्रिजेन्टेटिव्जमा Escort दिइनु भन्दा पहिला उहाँको संयुक्त राज्यमा आगमनको खुशीमा सम्मानस्वरूप एउटा प्रस्ताव प्रस्तुत गरियो । त्यसको भूमिका निम्नानुसार रहेको छ :-

"विश्वव्यापी अहमदिया जमाअतका आध्यात्मिक र व्यवस्थागत प्रमुख आदरणीय हजरत मिर्जा मसरूर अहमदको वाशिङ्गटन D.C.मा हार्दिक स्वागत छ र विश्वशान्ति,न्याय,उदारता,मानवधिकार,धार्मिक स्वतन्त्रताका लागि उहाँको निरन्तर प्रयासको हामी सराहना गर्छौं ।"

कैपिटल हिलमा उपस्थित सज्जनहरूको सूची निम्नानुसार रहेको छ :-

- U.S. Senator Robert Casey,Sr.(Democrat Pennsylvania)
- U.S. Senator John Coryn (Republican Texas)
- Democtatic Leader Nancy Pelosi (Democrat California)
- U.S. Congressman Keith Ellison (Democrat Minnesota)
- U.S. Congressman Bradley Sheman (Democrat California)
- U.S. Congressman Frank Wolf (Republican Verginia)
- U.S. Congressman Michael Honda (Democrate California)
- U.S. Congressman Timothy Murphy (Republican Pennsylvania)
- U.S. Congressman Jeannette Schmidt (Republican Ohio)
- U.S. Congressman Janice Hahn (Democrat California)
- U.S. Congressman Janice Schakowsky (Democrate Illinois)
- U.S. Congressman Jackie Speier (Democrat California)
- U.S. Congressman Zoe Lofgren (Democrat California)

- U.S. Congresswoman Sheila Jackson Lee (Democrat Texas)
- U.S. Congressman Gary Peters (Democrat Michigan)
- U.S. Congressman Thomas Petri (Republican Wisconsin)
- U.S. Congressman Adam Schiff (Democrat California)
- U.S. Congressman Michael Capuano (Democrat Massachusetts)
- U.S. Congressman Howard Berman (Democrat California)
- U.S. Congresswoman Judy Chu (Democrat California)
- U.S. Congressman André Carson (Democrat Indiana)
- U.S. Congresswoman Laura Richardson (Democrat California
- U.S. Congressman Lloyd Poe (Republican Texas)
- U.S. Congressman Barney Frank (Democrat Massachusetts)
- U.S. Congressman. Bruce Braley (Democrat Iowa)
- U.S. Congressman Dennis Kucinich (Democrat Ohio)
- U.S. Congressman Trent Franks (Republican Arizona)
- U.S. Congressman Chris Murphy (Democrat Connecticut)
- U.S. Congressman Hank Johnson (Democrat Georgia)
- U.S. Congressman James Clyburn (Democrat South Carolina)
- His Excellency Bockari Kortu Stevens, Ambassador of Sierra Leone to the United States

- Dr. Katrina Lantos Swett, Chairwoman, United States Commission on Inteternational Religious Freedom
- Hon. Tim Kaine, Former Governor of Virginia
- Amb. Susan Burk, Special Representative of President Barack Obama for Nuclear Nonproliferation
- Amb. Suzan Johnson Cook, U.S. Ambassador at Large for International Religious Freedom
- Hon. Khaled Aljalahma, Deputy Chief of Mission, Embassy of the Kingdom of Bahrain to the United States
- Rev. Monsignor Jean-Francois Lantheaume, First Counselor (Deputy Chief of Mission), The Apostolic Nunciature of the Holy See to the United States
- Ms. Sara Al-Ojaili, Public Affairs/Liaison Officer, Embassy of the Sultanate of Oman to the United States
- Mr. Salim Al Kindie, First Secretary, Embassy of the Sultanate of Oman to the United States
- Ms. Fozia Fayyaz, Embassy of Pakistan to the United States
- Hon. Saida Zaid, Counselor, Embassy of Morocco to the United States
- Hon. Nabeel Munir, Minister-IV (Security Council), Pakistan Permanent Mission to the United Nations
- Hon. Josef Renggli, Minister-Counselor, Embassy of Switzerland to the United States
- Hon. Alyssa Ayres, Deputy Assistant Secretary for South and Central Asia, U.S. Department of State
- Amb. Karl Inderfurth, Senior Adviser and Wadhwani Chair in U.S.-India Policy Studies, Center for Strategic

and International Studies

- Hon. Donald A. Camp, Senior Associate, Center for Strategic and International Studies
- Amb. Jackie Wolcott, Executive Director, U.S. Commission on International Religious Freedom
- Dr. Azizah al-Hibri, Commissioner, U.S. Commission on International Religious Freedom
- Mr. Isaiah Leggett, County Executive, Montgomery Count, Maryland
- Ms. Victoria Alvarado, Director, Office of International Religious Freedom, U.S. Department of State
- Dr. Imad Dean Ahmad, Director, Minaret of Freedom Institute
- Dr. Zainab Alwani, Assistant Professor of Islamic Studies, Howard University School of Divinity
- Ms. Deborah L. Benedict, Associate Counsel, U.S. Citizenship and Immigration Services, Department of Homeland Security
- Ms. Lora Berg, Senior Adviser to Special Representative to Muslim Communities, U.S. Department of State
- Dr. Charles Butterworth, Professor (Emeritus) of Government and Politics, University of Maryland, College Park
- Father John Crossin, Executive Director for Secretariat for Ecumenical and Interreligious Affairs, United States Conference of Catholic Bishops
- Major (Ret.) Franz Gayl, Senior Science Adviser, U.S. Marine Corps.

- Dr. Sue Gurawadena-Vaughn, Director of International Religious Freedom and South East Asia Programs, Freedom House
- Mr. Frank Jannuzi, Head of Washington Office, Amnesty International USA
- Mr. T. Kumar, International Advocacy Director, Amnesty International USA
- George Leventhal, Member of the Montgomery County Council
- Mr. Amer Latif, Visiting Fellow, Wadhwani Chair in U.S.-India Policy Studies, Center for Strategic and International Studies
- Mr. Tim Lenderking, Director of Pakistan Desk Office, U.S. State Department
- Mr. Jalal Malik, International Affairs Officer, U.S. Army National Guard
- Mr. Naveed Malik, Foreign Service Officer, U.S. Department of State
- Ms. Dalia Mogahed, Senior Analyst and Executive Director, Gallup Center for Muslim Studies
- Mr. Paul Monteiro, Associate Director, White House Office of Public Engagement
- Major General David Quantock, United States Army Provost General
- Ms. Tina Ramirez, Director of International and Government Relations, The Becket Fund
- Rabbi David Saperstein, Director and Counsel, Religious Action Center for Reform Judaism

- Chaplain, Brigadier General Alphonse Stephenson, Director of the National Guard Bureau Office of the Chaplain
- Mr. Knox Thames, Director of Policy and Research, U.S. Commission on International Religious Freedom
- Mr. Eric Treene, Special Counsel for Religious Discrimination, Civil Rights Division, U.S. Department of Justice
- Dr. Hassan Abbas, Professor, Regional and Analytical Studies Department, National Defense University
- Mr. Malik Siraj Akbar, Reagan-Fascell Fellow, National Endowment of Democracy
- Mr. Matthew K. Asada, Congressional Fellow to Rep. Gary Peters
- Ms. Stacy Burdett, Director of Government and National Affairs, Anti-Defamation League
- Ms. Elizabeth Cassidy, Deputy Director for Policy and Research, U.S. Commission on International Religious Freedom
- Ms. Aimee Chiu, Director of Media, Communication, and Public Relations, American Islamic Congress
- Mr. Cornelius Cremin, Department of State, Bureau of Democracy, Human Rights and Labor, Acting Deputy Director and Foreign Affairs Officer for Pakistan
- Mr. Sadanand Dhume, Resident Fellow, American Enterprise Institute
- Dr. Richard Gathro, Dean of Nyack College, Washington D.C.

- Mr. Joe Grieboski, Chairman, The Institute on Religion and Public Policy
- Ms. Sarah Grieboski, The Institute on Religion and Public Policy
- Dr. Max Gross, Adjunct Professor, Prince Alwaleed Bin Talal Center for Muslim-Christian Understanding, Georgetown University
- Dr. Riaz Haider, Clinical Professor of Medicine, George Washington University
- Ms. Huma Haque, Assistant Director, South Asia Center, Atlantic Council
- Mr. Jay Kansara, Associate Director, Hindu American Foundation
- Mr. Hamid Khan, Senior Program Officer, Rule of Law Center, U.S. Institute for Peace
- Ms. Valerie Kirkpatrick, Associate for Refugees and U.S. Advocacy, Human Rights Watch
- Mr. Alex Kronemer, Unity Productions
- Mr. Paul Liben, Executive Writer, U.S. Commission on International Religious Freedom
- Ms. Amy Lillis, Foreign Affairs Officer, U.S. Department of State
- Mr. Graham Mason, Legislative Assistant to Rep. Allyson Schwartz
- Ms. Lauren Markoe, Religion News Service
- Mr. Dan Merica, CNN.com
- Mr. Joseph V. Montville, Senior Associate, Merrimack

College Center for the Study of Jewish-Christian-Muslim Relations

- Mr. Aaron Myers, Program Officer, Freedom House
- Ms. Attia Nasar, Regional Coordinating Officer, U.S. Department of State
- Ms. Melanie Nezer, Senior Director, US Policy and Advocacy, HIAS
- Dr. Elliott Parris, Bowie State University
- Mr. John Pinna, Director of Government and International Relations, American Islamic Congress
- Mr. Arif Rafiq, Adjunct Scholar, Middle East Institute
- Ms. Maya Rajaratnam, Amnesty International
- Ms. Rachel Sauer, Foreign Affairs Officer, U.S. Department of State
- Dr. Jerome Schiele, Dean of College of Professional Studies, Bowie State University
- Ms. Samantha Schnitzer, Staff, United States Commission on International Religious Freedom
- Dr. Mary Hope Schwoebel, Senior Program Officer, Academy for International Conflict Management and Peacebuilding, U.S. Institute for Peace
- Ms. Sarah Schlesinger, International and Government Relations Associate, The Becket Fund
- Dr. Frank Sellin, Kyrgystan Desk Officer, U.S. Department of State
- Ms. Anna-Lee Stangl, Christian Solidarity Worldwide

- Ms. Kalinda Stephenson, Professional Staff, Tom Lantos Human Rights Commission
- Mr. Jordan Tama, Lead Democratic Staffer, Tom Lantos Human Rights Commission
- Mr. Shaun Tandon, AFP
- Dr. Wilhelmus Valkenberg, Professor of Religion and Culture, The Catholic University of America
- Mr. Anthony Vance, Director of External Affairs, Bahais of the United States
- Mr. Jihad Saleh Williams, Government Affairs Representative, Islamic Relief USA
- Ms. Amelia Wang, Chief of Staff to Congresswoman Judy Chu
- Ms. Moh Sharma, Legislative Fellow to Congresswoman Judy Chu

# यू.एस.कांग्रेस-हाउस
# प्रस्ताव संख्या-७०९

विश्व संकट तथा  शांतिको मार्ग

प्रस्ताव संख्या-७०९

श्रीमती ज्यू लाँफग्रेन आफ कैलिफोर्नियाले(स्वयंका तर्फबाट तथा Mr. SHERMAN, Mr. CONNOLLY of Virginia, Mr. HINCHEY, Ms. ESHOO, Ms. SPEIER, Ms. RICHARDSON, Virginia, Mr. SCHIFF, Ms.SCHAKOWSKY, Mr. HONDA, Mr. WOLF, Mr. PETERS, Mr. DENT, Ms. CHU, Mr. BERMAN, Mr. FRANKS of Arizona, Ms. Jackson LEE of Texas, Ms. SCHWARTZ, Mr. BRALEY of Lowa, and Mr. McGOVERN

का तर्फबाट)निम्नलिखित प्रस्ताव प्रस्तुत गरीन जुन विदेश मामिला( Foreign Affairs) कमेटीलाई पठाइयो ।

## प्रस्ताव

हामी विश्वव्यापी अहमदिया जमाअतका आध्यात्मिक र व्यवस्थागत प्रमुख आदरणीय हजरत मिर्जा मसरूर अहमद साहेबलाई वाशिङ्गटन डी.सी.मा अभिनन्दन गर्छौं तथा हामी उहाँको विश्व शान्ति,न्याय,अहिंसा,मानवाधिकार,धार्मिक स्वतन्त्रता र वास्तविक प्रजातन्त्रका लागि प्रयास र कटिबद्धताको सराहना गर्छौं ।

अहमदिया मुस्लिम जमाअत जुन एउटा अन्तर्राष्ट्रीय धार्मिक संगठन हो र सम्पूर्ण विश्वमा लाखौं सदस्यहरू रहेको यस विश्वव्यापी संगठनका आध्यात्मिक र व्यवस्थागत प्रमुख आदरणीय हजरत मिर्जा

मसरूर अहमदले १६ जून २०१२ ई. देखि जुलाई २०१२ ई.सम्म संयुक्त राज्य अमेरिकाको ऐतिहासिक भ्रमण गर्नुहुँदैछ ।

उहाँ २२ अप्रैल २००३ ई.मा हजरत मिर्जा गुलाम अहमद साहेबका पञ्चम खलीफा

(उत्तराधिकारी)निर्वाचित हुनुभयो । शान्तिलाई बढुवा दिने उहाँ प्रमुख मुस्लिम धार्मिक नेता हुनुहुन्छ जसले आफ्ना प्रवचन,भाषण,लेख तथा व्यक्तिगत भेटसम्बादको माध्यमद्वारा मानव सेवा,अन्तर्राष्ट्रीय मानवाधिकार,शान्ति र न्यायमा आधारित समाजको सम्बन्धमा अहमदिया जमाअतको आदर्श र मुल्यहरूको सदैव प्रचार र समर्थन गर्नुभएको छ । अहमदिया मुस्लिम जमाअत निरन्तर यातना र उत्पीडनको शिकार हुँदै आएको छ । यी यातनाहरूमा धार्मिक भेदभाव,अत्याचार,उत्पीडन र हिंसा सम्मिलित रहेका छन ।

२८ मई २०१२ ई.मा पाकिस्तानको लाहौर शहरमा जमाअत अहमदियाका दुईवटा मस्जिदमा अहमदिया जमाअतका विरोधी उग्रवादीहरूले आक्रमण गरे जसमा ८६ जना अहमदी मुसलमान शहीद भए । साम्प्रदायिक यातना र उत्पीडन झेलिरहेतापनि उहाँ अहमदीहरूलाई प्रतिशोधात्मक र हिंसात्मक प्रतिक्रिया प्रकट गर्नबाट निरन्तर मनाही गर्नुहुन्छ । उहाँले मानवताको सेवालाई बढुवा दिन र त्यस कार्यलाई सरल बनाउनका निम्ति सम्पूर्ण विश्वको भ्रमण गर्नुभयो तथा यस सम्बन्धमा उहाँले राष्ट्रपति,प्रधानमन्त्री,सांसद र भिन्न भिन्न देशका राजदूतहरूसित भेट गर्नुभयो ।

संयुक्त राज्य अमेरिकाको आफ्नो भ्रमणको क्रममा उहाँले संयुक्त राज्यका प्रमुख राजनेताहरूसित भेटघाट गर्नुका साथै सम्बन्ध सुदृढ तुल्याउन तथा समस्त मानिसहरूमा शान्ति र न्यायको माध्यम स्थापित गर्नका लागि हजारौं अमेरीकी मुसलमानहरूसित पनि भेट गर्नुहुनेछ ।

## विश्व संकट तथा  शांतिको मार्ग

२७ जून २०१२ ई.का दिन उहाँले रेबर्न हाउस आफिस बिल्डिङ्ग,कैपिटल हिलमा विशेष द्विपक्षीय अभिनन्दन समारोहका अवसरमा "शान्तिको मार्ग,देशहरूका बीच न्यायपूर्ण सम्बन्ध" शीर्षकान्तर्गत मुख्य भाषण दिनुहुनेछ । अतः निम्न प्रस्ताव पारित भयोः- हाऊस आफ रिप्रिजेन्टेटिव्जले

१. आदरणीय हजरत मिर्जा मसरूर अहमदको वाशिङ्गटन डी.सी.मा अभिनन्दन गर्छ ।

२. उहाँले प्रत्येक व्यक्तिको व्यक्तिगत शान्ति तथा न्याय र विश्वको सामूहिक शान्ति र न्यायलाई बढुवा र उत्थानको प्रयासको सराहना गर्छ।

३. स्थायी रूपमा अहमदी मुसलमानहरूलाई कठोरभन्दा पनि अति कठोर यातना दिइएको हुँदाहुँदै पनि उहाँले अहमदी मुसलमानहरूलाई हिंसात्मक कार्यवाहीबाट वञ्चित रहने परामर्श र उपदेश दिएकोमा हामी उहाँको सराहना गर्छौं ।

# शान्तिको पथ

## देशहरूका बीच न्यायपूर्ण सम्बन्ध

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

परम दयालु तथा अनन्त कृपालु अल्लाहको नाम लिएर आरम्भ गर्छु ।

आदरणीय अतिथिगण ! अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहू ।

केही वर्णन गर्नुभन्दा पहिला म यस अवसरमा मेरो भाषण सुन्न समय निकाल्नु भएकोमा यहाँहरूप्रति आभार प्रकट गर्नचाहन्छु । मलाई उक्त अवसरमा जुन विषयमा बोल्नु छ त्यो अत्यन्त विशाल छ र त्यसका धेरैवटा पक्षहरू छन । अत :यति कम समयमा विस्तारपूर्वक ती सबै पक्षहरू वर्णन गर्नु मेरा निम्ति सम्भव छैन । मेरो भाषणको विषयवस्तु विश्व शान्तिको स्थापना रहेको छ । निश्चय नै यो अत्यन्त महत्वपूर्ण र ध्यान दिनेयोग्य मामिला हो जसको सामना आज विश्वले गरिरहेछ । जे होस यस सीमित समयमा म संक्षिप्त रूपमा राष्ट्रहरूका बीचमा न्याय र समानताको आधारमा गाँसिएको सम्बन्धद्वारा कसरी शान्ति स्थापना सम्भव छ त्यसबारे इस्लामी विचारधारा यहाँहरूसमक्ष प्रस्तुत गर्नेछु ।

वास्तविकता के हो भने शान्ति र न्यायको परस्पर अटूट सम्बन्ध रहेको छ र दुवै अनिवार्य रहेका छन । यिनीहरूमध्ये एउटाको अनुपस्थिति र अभावमा दोस्रोलाई पाउनु असम्भव छ । यस सिद्धान्तलाई अवश्य सबै बुद्धिमान व्यक्तिहरूले राम्ररी बुझ्दछन । जो व्यक्तिहरू विश्वमा अशान्ति फैलाउन लागिपरेका छन तिनीहरूबाहेक अन्य कसैले

कुनै समाज,देश अथवा समस्त विश्वमा जहाँ न्याय कायम छ त्यहाँ अव्यवस्था र अशान्ति हुनसक्छ भन्ने दावी गर्न सक्दैन । आज हामी विश्वका धेरैवटा देशहरूमा अशान्ति फैलिएको देख्छौं र यो अशान्ति दुई प्रकारको देखिन्छ,एउटा आन्तरिक र अर्को बाह्य अर्थात विभिन्न राष्ट्रहरूका बीचको सम्बन्धको दृष्टिकोणले । यस्तो अव्यवस्था र टकराउ विद्यमान छ चाहे समस्त सरकारहरूले यस्ता नीतिहरू बनाउने दावी गरून जुन न्यायमा आधारित रहेका छन । शान्ति स्थापित गर्नु नै हाम्रो मूल उद्देश्य हो भनी सबै देशहरू दावी गर्छन । परन्तु विश्वमा अशान्ति र अराजकता बढ्दै गइरहेछ भन्ने कुरामा कुनै सन्देह छैन ।

यसबाट कहीँ न कहीँ न्यायका मांगहरू र तकाजाहरू पूरा गरिएका छैनन भन्ने कुरो स्पष्ट हुनजान्छ । अतः जहाँ जहाँ न्याय र समानताको अभाव छ त्यसलाई स्थापित गर्ने प्रयास गर्नु आवश्यक छ । विश्वव्यापी अहमदिया जमाअतको प्रमुख हुनुको नाताले म न्यायमा आधारित शान्तिप्राप्तिका माध्यमहरू र जरूरतहरूका सम्बन्धमा केही समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

अहमदिया जमाअत एउटा शुद्ध धार्मिक समुदाय हो । प्रतिश्रुत मसीह र सुधारक जसको यस युगमा आगमन निश्चित थियो तथा जसले विश्वलाई इस्लामको वास्तविक शिक्षाबाट अवगत गराउनु थियो उहाँको आगमन भइसकेको छ भन्ने हाम्रो दृढ विश्वास र आस्था रहेको छ । हाम्रो आस्था र ईमानानुसार अहमदिया जमाअतका संस्थापक हजरत मिर्जा गुलाम अहमद कादियानी(अलै.)नै ती प्रतिश्रुत मसीह र सुधारक हुनुहुन्छ । त्यसैकारण हामीले उहाँलाई मानेका हौं । उहाँले आफ्ना अनुयायीहरूलाई पवित्र कुर्आनमा आधारित इस्लामका वास्तविक मूल शिक्षाहरूलाई पहिला स्वयं पालन गरी पुनः त्यसको प्रचार गर्ने विशेषादेश दिनुभएको छ । अतः शान्ति स्थापना तथा न्यायपूर्ण

अन्तर्राष्ट्रीय सम्बन्ध कायम गर्ने सम्बन्धी मेरो भाषण पवित्र कुर्आनका शिक्षाहरूमा आधारित हुनेछ ।

विश्व शान्ति स्थापनाको सन्दर्भमा यहाँहरू सबै निरन्तर आफ्ना विचारधाराहरू प्रकट गर्नुहुन्छ र निस्सन्देह प्रयास पनि गर्नुहुन्छ । यहाँहरूको रचनात्मक र विवेकशील दिमागले उत्कृष्ट विचार,योजना र सुझाउ प्रस्तुत गर्ने प्रेरणा दिन्छ । अतः यस समस्याका सम्बन्धमा मैले सांसारिक अथवा राजनैतिक दृष्टिकोणले केही भन्नुपर्ने आवश्यकता छैन अपितु मेरो सम्पूर्ण ध्यान धर्ममा आधारित शान्ति स्थापना सम्बन्धी शिक्षाहरू प्रस्तुत गर्नतर्फ रहनेछ । त्यसकारण पहिला सूचित गरेअनुसार नै म पवित्र कुर्आनका शिक्षाहरूमा आधारित केही अत्यन्त जरूरी निर्देशहरू प्रस्तुत गर्नेछु । मानव ज्ञान र बुद्धि सम्पूर्ण छैन र यो सीमित रहेको छ भन्ने कुरो सदा स्मरण राख्नु आवश्यक छ । अतः विचार विमर्शको क्रममा अथवा निर्णय लिने समयमा केही यस्ता कुराहरू मानव मस्तिष्कमा प्रविष्ट हुन्छन जसले त्यस निर्णयलाई अस्पष्ट अथवा धमिलो पार्नसक्छन तथा एउटा व्यक्तिलाई आफ्नै स्वार्थ र हितपूर्तितर्फ अग्रसर गर्नसक्छन । अन्ततः यिनै कुराहरूले एउटा अन्यायपूर्ण परिणामतर्फ लिएर जानसक्छन । परमेश्वरको कानून भने निस्सन्देह सम्पूर्ण रहेको छ र त्यसमा कुनै व्यक्तिगत हित र अन्यायको मिश्रण हुनसक्दैन किनभने परमेश्वरले आफ्ना सृष्टिका निम्ति केवल शुभ र भलाई चाहन्छन । त्यसकारण उनको कानून पूर्णरूपले न्यायमा आधारित हुन्छ । जुनदिन विश्वका मानिसहरूले यस महत्वपूर्ण रहस्यलाई बुझ्नेछन त्यसदिन वास्तविक र स्थायी शान्तिको जग राखिनेछ । अन्यथा विश्वशान्ति स्थापनाका लागि धेरै प्रयत्नहरू गरिए परन्तु तिनले कुनै महत्वपूर्ण परिणाम दिन सकेनन भन्ने कुरो ज्ञात गर्नमा हामी व्यस्त रहनेछौं ।

प्रथम विश्वयुद्धको समाप्ति पछि केही राष्ट्रप्रमुखहरूले भविष्यमा सबै देशहरूका बीचमा राम्रो र न्यायपूर्ण सम्बन्ध हुनुपर्छ भन्ने इच्छा लिएर विश्वशान्ति प्राप्तिका लागि लीग ऑफ नेशन्स(Leage of Nations)बनाइयो । त्यसको मुख्य उद्देश्य विश्वमा स्थायी शान्ति कायम राख्नु थियो । दुर्भाग्यवश जब यस लीगका सिद्धान्तहरू र प्रस्तावहरू पारित गरिए तिनमा केही कमीहरू र त्रुटिहरू रहन गए । त्यसकारण त्यसले समस्त मानिसहरू र समस्त देशहरूका अधिकारहरूको यथोचित रक्षा गर्न सकेन । फलस्वरूप राष्ट्रहरूका बीचमा असमानता उत्पन्न भयो र स्थायी शान्ति कायम रहन सकेन । जब लीगका प्रयासहरू विफल भए तब प्रत्यक्ष रूपमा त्यही कुरो द्वितीय विश्वयुद्धको कारण बन्यो । द्वितीय विश्वयुद्धमा जुन भयङ्कर विनाश र बरबादी भयो त्यसप्रति हामी सबै परिचित छौं जसमा प्राय साढे सात करोड मानिसहरूको प्राण गयो । तिनीहरूमध्ये अधिकतर निर्दोष नागरिक थिए । यो युद्ध विश्वमानवको आँखा खोल्नका निम्ति पर्याप्त हुनुपर्‍थ्यो । विवेकपूर्ण तथा न्यायपूर्ण समस्त मानवजातिको आवश्यकीय अधिकारको सुरक्षा गर्ने नीतिहरू विकसित गर्ने माध्यम हुनुपर्‍थ्यो । त्यससमय विश्वका सरकारहरूले केही हदसम्म शान्ति कायम गर्ने प्रयत्न गरे । संयुक्त राष्ट्रसंघको स्थापना भयो परन्तु त्यसका महान र महत्वपूर्ण उद्देश्यहरू पूरा गरिएनन भन्ने कुरो शीघ्र नै स्पस्ट हुनगयो तथा आज केही सरकारहरूको स्पष्टीकरण र बयानबाट त्यसको असफलता सिद्ध हुन्छ ।

न्यायमा आधारित अन्तर्राष्ट्रीय सम्बन्ध जुन शान्ति स्थापित गर्ने एउटा माध्यम हो त्यसबारे इस्लामको भनाई के छ ? विश्वमा रहेका हाम्रा जाति प्रजातिहरू यद्यपि हाम्रो परिचयको एउटा माध्यम हुन परन्तु ती कुनैप्रकारको श्रेष्ठता र उच्चताको औचित्य प्रदान गर्ने माध्यम भने

कदापि होइनन भन्ने कुरो पवित्र कुर्आनमा अल्लाह तआला ( परमेश्वर)ले स्पष्ट पारेका छन ।

अत: समस्त मानवजाति एकसमान र बराबर हुन भनी पवित्र कुर्आनले शिक्षा दिएको छ । यसैगरी हजरत मुहम्मद मुस्तफा(सल्लम)ले आफ्नो अन्तिम खुत्ब:(भाषण)मा समस्त मुसलमानहरूलाई सम्बोधित गरी जुन उपदेश दिनुभएको थियो त्यो यसप्रकार थियो:-

“कुनै अरबी व्यक्तिलाई कुनै गैर अरबीमाथि र कुनै गैर अरबीलाई कुनै अरबीमाथि कुनै प्रकारको श्रेष्ठता र उच्चता प्राप्त छैन यसैगरी कुनै गोरो व्यक्तिलाई कालो व्यक्तिमाथि र कुनै कालो व्यक्तिलाई गोरोमाथि कुनै प्रकारको श्रेष्ठता र प्रधानता छैन ।”

अत: समस्त जातिहरू र वंशहरूका मानिस समान र बराबर रहेका छन भन्ने इस्लामको स्पष्ट शिक्षा रहेको छ । यसैगरी समस्त मानिसहरूलाई कुनै प्रकारको जातीय भेदभाव अथवा द्वेषभाव बिना समानाधिकार प्राप्त हुनुपर्छ भन्ने कुरो पनि इस्लामले स्पष्ट पारेको छ । यो एउटा मौलिक र स्वर्णिम सिद्धान्त हो जसले विभिन्न समूहहरू,जातिहरू र देशहरूका बीचमा एकता र शान्तिको जग राख्छ । आज हामी शक्तिशाली र निर्बल देशहरूका बीचमा एउटा फूट र दूरी देख्छौं ।

संयुक्त राष्ट्रसंघमा विभिन्न देशहरूमा भिन्नता र अन्तर गरिएको देखिन्छ । यसैगरी विश्व सुरक्षा परिषदमा केही स्थायी र केही अस्थायी सदस्यहरू रहेका हामी देख्छौं । यो विभाजन र भेदभाव नै फूट र अशान्तिको एउटा आन्तरिक माध्यम सिद्ध भएको छ । आज निरन्तर यस असमानता र भेदभावविरुद्ध प्रदर्शनहरूमा आधारित रिपोर्ट र समाचार भिन्न भिन्न देशहरूबाट आएको हामी सुन्छौं । इस्लामले समस्त मामिलाहरूमा पूर्ण न्याय र समान व्यवहारको पाठ दिन्छ ।

पवित्र कुर्आनको एउटा अर्को निर्देश यसप्रकार रहेको छः- “ तथा तिमीहरूलाई कुनै जातिको शत्रुताले अर्थात तिनीहरूले तिमीहरूलाई पवित्र मस्जिदबाट रोकेका थिए भन्ने कुरोले तिमीहरूलाई ज्यादती गर्न प्रेरित नगरोस । तथा पुण्य र भलाइका कार्यहरूमा एक अर्काको सहयोग गर र पाप तथा ज्यादतीका कार्यहरूमा (कसैको) सहयोग नगर । ” ( सूरः अल् माइदःआयत ३)

उक्त आयतमा यस्ता व्यक्तिहरूसित पनि जसले घृणा र शत्रुताका सबै सीमाहरू अतिक्रमण गरिसकेका छन न्याय र समानताको व्यवहार गर्ने पवित्र कुर्आनले आदेश दिएको छ । यसैगरी जहाँ जहाँ र जस जसले पनि तिमीहरूलाई भलाइ र पुण्यतर्फ बोलाउँछ त्यसको पुकार र आहवान स्वीकार गर र जहाँ कसैले तिमीहरूलाई अपकर्म र अन्यायतर्फ बोलाउँछ त्यसको निमन्त्रणा स्वीकार नगर भनी पवित्र कुर्आनले शिक्षा दिएको छ ।

इस्लामले कुन प्रकारको न्याय चाहन्छ भन्ने एउटा प्रश्न स्वाभाविक रूपमा उठ्नसक्छ । अत:पवित्र कुर्आन एउटा अर्को स्थानमा वर्णन गर्छ :- “ हे विश्वासीजनहो ! अल्लाहका लागि साक्षी बनी न्यायलाई दृढपूर्वक कायम गर्नेगर चाहे स्वयं आफूविरुद्ध साक्ष दिनुपरोस अथवा आफ्ना माता-पिता र निकटसम्बन्धीहरू विरुद्ध...(सूर:न्निसा,आयत-१३६)

अर्थात यदि तिमीहरूले स्वयं आफूविरुद्ध अथवा आफ्ना प्रियजनहरू विरुद्ध नै साक्ष्य दिनुपरेतापिन न्याय र सत्य कायम राख्नका लागि तिमीहरूले अवश्य त्यसो गर । शक्तिशाली र समृद्धिशाली देशहरूले आफ्नो अधिकारको रक्षा गर्ने प्रयासमा निर्धन र शक्तिहीन देशहरूको अधिकार हडप गर्नु कदापि उचित होइन । दोश्रोतर्फ निर्धन र शक्तिहीन देशहरूले अवसर पाएको खण्डमा शक्तिशाली र समृद्धिशाली देशहरूलाई हानि पुर्‍याउने प्रयास गर्नु हुनेछैन ।

यसको सट्टा दुवैपक्षले न्यायको सिद्धान्तको पूर्णरूपले पालन गर्नु आवश्यक छ । वास्तवमा विभिन्न देशहरूका बीचमा शान्तिपूर्ण सम्बन्ध कायम राख्ने मार्गमा यो समस्या अत्यन्त गम्भीर रहेको छ ।

देशहरूका बीचमा न्यायमा आधारित शान्तिको स्थापना सम्बन्धी एउटा अर्को माध्यम पवित्र कुर्आनले सूर:अल्हिज्र,आयत ८९मा निम्नानुसार बताएको छ :-

“ कसैले पनि अर्काको संसाधन र धनसम्पत्तिमाथि कहिल्यै लोभ-मोह र ईर्ष्याको दृष्टिले हेर्नु उचित छैन । यसैगरी कुनै पनि देशले कुनै अन्य देशका प्राकृतिक संसाधनहरू र सम्पदाहरूमाथि त्यसको सहायता अथवा समर्थनको बहानाले अधिकार जमाउने औचित्य खोज्नु हुनेछैन । कला-कौशल र सीप सिकाउने तथा आधुनिक यन्त्रहरू उपलब्ध गराउने बहाना उन्नत देशहरूले विकासशील देशका प्राकृतिक सम्पदाहरू र सम्पत्तिहरू हत्याउने प्रयास गर्नु अनुचित हो ।

जहाँका नागरिक अशिक्षित अथवा अल्पशिक्षित रहेका छन त्यहाँको सरकारले सहयोग मागेमा र आवश्यकता रहेको खण्डमा त्यहाँका प्राकृतिक संसाधनहरूको प्रयोग र उपयोगको ढँग र कौशल सिकाउन सकिनेछ ।

उचित रूपमा उन्नत देशहरूले निर्धन र प्रगतिहीन देशहरूको सेवा र सहायता गर्ने अवसर सदैव खोज्नु उचित कुरो हो परन्तु कुनैपनि परिस्थितिमा यस्तो सेवा र सहायतालाई आफ्नो राष्ट्रीय र राजनीतिक लाभ प्राप्त गर्ने अथवा निजी स्वार्थ र हितपूर्ति गर्ने उद्देश्य बनाउनु कदापि उचित हुनेछैन । संयुक्त राष्ट्रसंघले गत छ अथवा सात दशकदेखि निर्धन र पिछडिएका देशहरूको सहायता गर्ने र तिनीहरूलाई विकसित गर्ने उद्देश्यले धेरै कार्यक्रमहरू र योजनाहरू बनाएका हामीले देखेका छौं । उक्त प्रयासमा तिनीहरूले निकै देशहरूका प्राकृतिक संसाधनहरूको खोज लगाए परन्तु तिनीहरूको प्रयास रहेतापनि निर्धन र पिछडिएका देशहरूमध्ये कुनै एउटा

देशपनि विकसित देशहरूको स्तरसम्म पुग्नसकेको छैन । यसको एउटा मुख्यकारण त ती विकासशील अथवा पिछडिएका देशहरूका सरकारहरूको ठूलो स्तरमा घूस खाने प्रचलन हो । यसोपरान्त विकसित देशहरू आफ्नो स्वार्थ र हितपूर्तिका लागि यस्ता सरकारहरूसित व्यापारिक सम्झौता,अन्तर्राष्ट्रीय सहायता र व्यवसायिक ठेकाहरू जारी राख्नेगर्छन जो अति खेदको कुरो हो । यसैकारण निर्धन र निराश जनताको दुख र क्रोश बढ्दै गइरहेछ । फलतः दिन प्रतिदिन निरन्तर अशान्ति पनि बढिरहेछ । यो कुरो अधिकांश देशहरूमा आन्तरिक विद्रोह र अशान्तिको कारण बनेको छ । विकासशील देशका निर्धन र असहाय व्यक्तिहरू अति बेचैनी र अशान्तिका कारण केवल आफ्ना नेताहरूका विरोधी हुनपुगेका छैनन अपितु शक्तिशाली देशहरूका विरुद्ध पनि  ।

यसबाट उग्रवादी संगठनहरूको उद्देश्य पूरा हुनगएको छ । तिनीहरूले यस बेचैनी र अशान्तिको भरपूर लाभ उठाएका छन । अतः तिनीहरू यस्ता व्यक्तिहरूलाई आफ्ना संगठन अथवा दलहरूमा सामेल गर्न प्रोत्साहित गर्छन र आफ्ना घृणित विचारधाराहरूको प्रचारमा सफल हुनपुगेका छन । यसको परिणामस्वरूप आज विश्वको शान्ति र सुखको विनाश भएको छ ।

अतः इस्लामले शान्ति स्थापनाका लागि भिन्न भिन्न माध्यमहरू अपनाउन र प्रयोगमा ल्याउनतर्फ हाम्रो ध्यानाकर्षित गरेको छ । इस्लामले पूर्ण न्यायको सदैव साँचो साक्ष दिनुपर्छ र इर्ष्या र लालचपूर्ण दृष्टि अर्काको धन सम्पत्तिमाथि नपरोस,विकसित देशहरूले आफ्नो व्यक्तिगत हितलाई एकातर्फ राखून र यसका विपरीत विकासशील र निर्धन देशहरूको निस्वार्थ भावनाका साथ सेवा र सहयोग गरून भन्ने माग गर्छ । यदि यी सबै कुराहरूलाई ध्यानमा राखेर कार्य गरिएमा साँचो शान्ति कायम हुनेछ ।

यदि उपरोक्त समस्त उपायहरूको उपेक्षा गरी कुनै देशले सीमोलङ्घन गर्दै अर्को देशमाथि आक्रमण गर्छ र त्यसका प्राकृतिक संसाधनहरूमाथि

अन्यायपूर्ण ढङ्गले अधिकार जमाउने प्रयास गर्छ भने यस्तो स्थितिमा अरू देशहरूले यस्तो अत्याचार रोक्नका लागि निश्चय नै कुनै उपाय गर्नु आवश्यक छ । परन्तु तिनीहरूले पनि यस्तो कार्यवाही गर्दा न्यायका साथ गर्नु पर्नेछ ।

कार्यवाही कुन परिस्थितिमा कसरी गर्ने हो त्यसको विस्तारपूर्वक वर्णन पवित्र कुर्आनको सूरः अल् हुजुरात,आयत १०मा भएको छः- " जब दुईवटा देशहरूका बीचमा विवाद उत्पन्न हुन्छ र त्यसले युद्धको रूप धारण गर्छ तब अन्य सरकारहरूले कठोरतापूर्वक तिनीहरूलाई वार्तालापद्वारा विवाद समाप्त गर्ने सल्लाह र परामर्श दिऊन ता तिनीहरू दुवै वार्तालापद्वारा एउटा संधि र सल्लाहतर्फ आउँन । तथा यदि दुवै सदस्यहरूमध्ये कोही एकले सन्धिका शर्तहरूलाई मान्दैन र युद्ध आरम्भ गर्छ भने अन्य देशहरूले संयुक्त रूपमा त्यस अत्याचारी विरुद्ध युद्ध गरून र जब त्यो अत्याचारी ( देश) पराजित हुन्छ र पुनः वार्तालाप प्रति सहमत हुन्छ भने समस्त देशहरूले मिलेर एउटा यस्तो सम्झौताको प्रयास गर्नु आवश्यक छ जुन स्थायी शान्ति र सन्धिको आधार होस । यस्ता कठोर र अन्यायपूर्ण शर्तहरू कुनै देशमाथि नथोपियोस जसबाट त्यो देश अप्ठ्यारोमा पर्न जाओस । किनभने त्यही कुरो भविष्यमा गएर यस्तो अशान्तिको कारण बन्नजान्छ जुन सबैका लागि चिन्ताको विषय बन्नेछ ।

यस्तो परिस्थितिमा जुन मध्यस्थकर्ताले ती दुवै पक्षका बीचमा सन्धि गराउन चाहन्छ उसले शुद्ध नियत राखेर पूर्णतः निष्पक्षता सदा यथावत रहोस चाहे कुनै पक्षले त्यसका विरुद्ध किन नबोलोस । यदि त्यस्तो स्थिति आएतापनि मध्यस्थकर्ताले क्रोध प्रकट नगरोस न त प्रतिशोध लिने विचार मनमा राखोस । कुनै पक्षमाथि अन्याय नहोस र दुवै पक्षलाई तिनको उचित अधिकार प्राप्त होस । अतः न्यायका मागहरू र तकाजाहरू पूरा गर्नका लागि के आवश्यक छ भने ती देशहरू जसले सन्धि गराइरहेछन तिनीहरूले आफ्नो व्यक्तिगत स्वार्थ र हित पूरा गर्ने प्रयास नगरून । यसैगरी दुईवटा

देशहरूमध्ये कुनै एउटा देशबाट अनुचित लाभ उठाउने नियत पनि नराखून । तिनीहरूले अन्यायपूर्ण हस्तक्षेप नगरून न त दुवै देशहरूमध्ये कुनै एकमाथि अनुचित दबाउ दिऊन । यसैगरी तिनीहरूका प्राकृतिक संसाधनहरूको अनुचित लाभ उठाउने नियत नहोस । या देशहरूमाथि अनुचित प्रतिबंध र रोक लगाउनु न कुनै न्याय हो न त त्यो ती देशहरूका बीचको सम्बन्ध सुधार्ने साधन अथवा उपाय सिद्ध हुनसक्छ ।

समयलाई ध्यानमा राखी मैले यी कुराहरू अति संक्षिप्त रूपमा वर्नणन गरें । सारांश के हो भने यदि हामी संसारमा स्थायी शान्ति स्थापना गर्ने इच्छुक छौं भने हामीले आफ्नो व्यक्तिगत र राष्ट्रीय हितलाई एउटा ठूलो पुण्य र भलाई प्राप्तिका लागि एकातर्फ राखेर यस्तो सम्बन्ध परस्पर एक आपसमा कायम गर्नु पर्नेछ जुन पूर्णतया न्यायमा आधारित होस । यसो नभएमा यहाँहरूमध्ये केही राजनितीक गठबन्धनका कारण भविष्यमा ब्लाक बन्नेछन भन्ने कुराप्रति मसित सहमत हुनुहुनेछ । तथा ती ब्लाकहरू बन्न आरम्भ भएका छन भनी म भन्दछु । अतः त्यो समय टाढा छैन जब विश्वमा अशान्ति तीव्र गतिले बढ्दै जानेछ र अन्ततः एउटा भयानक विनाशको कारण बन्नेछ । यस्तो विनाश र महायुद्धको प्रभाव अवश्य धेरै पीढिहरूसम्म फैलने र व्याप्त हुनेछ । अतः अमेरिकाले विश्वको सबैभन्दा ठूलो शक्ति भएको दृष्टिले र नाताले वास्तविक न्याय स्थापनाको नियत लिएर सद्भावनाका साथ मैले वर्णन गरे अनुसार आफ्नो प्रभावपूर्ण भूमिका निर्वाह गर्नु आवश्यक छ । यदि अमेरिकाले त्यसो गरेमा विश्वले सदा यसको महान योगदान र प्रयासलाई गोरव र प्रशंसाका साथ स्मरण राख्नेछ । यो कुरो वास्तविकतामा परिवर्तित होस भन्ने मेरो हार्दिक प्रार्थना छ ।

यहाँहरू सबैको धेरै धेरै धन्यवाद !  हाम्रो नियमानुसार हामी कुनै आयोजन समापन हुँदा सामान्यतः दुआ(प्रार्थना) गर्छौं । अतः म दुआ आरम्भ गर्छु र सबै अहमदीहरू मेरो अनुसरणमा दुआ गर्नेछन । हाम्रा अतिथिहरूले भने आ-आफ्नो नियमानुसार दुआ गर्न सक्नेछन् ।



# THE KEY TO PEACE—GLOBAL UNITY

EUROPEAN PARLIAMENT
BRUSSELS, BELGIUM, 2012





Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] being welcomed by Martin Schulz, President of European Parliament




His Holiness leading silent prayer at conclusion of the European Parliament event.
Seated to his right: Dr. Charles Tannock (MEP-UK), left: Rafiq Hayat (National Amir AMA UK)




Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba] delivers the keynote address at the European Parliament event





Press Conference with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] at European Parliament. Seated with His Holiness is Dr. Charles Tannock (MEP-UK and Chair of European Parliament Friends of Ahmadiyya Muslims Group)



Tunne Kelam (MEP Estonia & Vice-Chair of European Parliament Friends of Ahmadiyya Muslims Group) meeting with His Holiness



Phil Bennion (MEP West Midlands and member of European Parliament's South Asia Delegation) meeting with His Holiness



विश्व संकट तथा  शांतिको मार्ग

# प्राक्कथन

**दिनांक ३,४ दिसम्बर २०१२ ई.**

हजरत मिर्जा गुलाम अहमद (अलै)प्रतिश्रुत मसीहका पाँचौं उत्तराधिकारी तथा विश्वव्यापी अहमदिया जमाअतका आध्यात्मिक प्रमुख हजरत मिर्जा मसरूर अहमद (अल्लाहले उहाँको सहायता र सुरक्षा गरून)ले ब्रसल्जमा यूरोपियन पार्लियामेन्टको आफ्नो पहिलो भ्रमणको अवसरमा ३० वटा देशका प्रतिनिधित्व गरिरहेका ३५० जना भन्दा अधिक गणमान्य अतिथिहरूले परिपूर्ण सभामा एउटा महत्वपूर्ण ऐतिहासिक भाषण दिनुभयो । यस सभाको आयोजना "फ्रैंड्स आफ अहमदिया मुस्लिम" नामक यूरोपियन पार्लियामेंट ग्रुपको एउटा नव-निर्मित संघका अध्यक्ष डा.चार्ल्स टैनक (M.P.-U.K) द्वारा गरिएको थियो । यो यूरोपियन पार्लियामेन्टका सदस्यहरूको एउटा अखिल यूरोपियन तथा अखिल पार्टीय संघ हो जसको गठन यूरोपेली पार्लियामेन्टमा अहमदिया मुस्लिम जमाअतको विकास तथा यूरोप र विश्वका अन्य देशहरूमा यस जमाअतका लक्ष्यहरूलाई प्रगति दिनका लागि गरिएको हो । हजरत मिर्जा मसरूर अहमद साहेबले आफ्नो भ्रमणको क्रममा निकैवटा पार्लियामेन्टका सदस्यहरू र उच्च पदाधिकारीहरूसित एकाधिक पटक भेटघाट गर्नुभयो । जस जससित उहाँले भेटघाट गर्नुभयो तिनीहरूमध्ये निम्नलिखित व्यक्तिहरू उल्लेखनीय रहेका छन :-

Dr. Charles Tannock (MEP-UK) ---Member of the Europeon

Parliament Foreign Affairs Committee, Member of the Sub-Committee on Human Rights, Vice-Chair of the Parliamentary Delegation for relations with the NATO Parliamentary Assembly and Chair of the European Parliament Friends of Ahmadiyya Muslims Group.

*Tunne Kelam (MEP-Estonia)*Member of the European Parliaments Foreign Affairs Committee, the Sub-Committee on Security and Defence and Vice-Chair of the European Parliament Friends of Ahmadiyya Muslims Group.

*Claude Moraes (MEP-UK)*Vice-Chair of the Delegation for Relations with the Arab Peninsula, Member of the Committee on Civil Liberties, Justice and Home Affairs, Deputy Leader of the European Parliamentary Labour Party and Vice-Chair of the European Parliament Friends of Ahmadiyya Muslims Group.

*Barbara Lochbihler (MEP-Germany)*Chair of the European Parliament Sub-Committee on Human Rights.

*Jean Lambert (MEP-UK)*Chair of the European Parliament South Asia Delegation.

*Phil Bennion (MEP-UK)*Member of the European Parliament South Asia Delegation and Chairman of the LibDem European Group.

## विश्व संकट तथा  शांतिको मार्ग

४ दिसम्बर २०१२ ई.का दिन मुख्य आयोजन र हजरत मिर्जा मसरूर अहमद (पञ्चम खलीफा)को मुख्य भाषण भन्दा पहिला यूरोपियन पार्लियामेन्टको प्रेस कक्षमा एउटा अन्तर्राष्ट्रीय प्रेस कान्फ्रेन्सको आयोजना गरियो । चालीस मिनटको उक्त प्रेस कान्फ्रेंसमा ब्रिटेन,स्पेन,फ्रान्स,बेल्जियम,पाकिस्तान र अन्य केही देशका पत्रकारहरू र मिडिया प्रतिनिधिहरू सम्मिलित थिए । उक्त अवसरमा पञ्चम खलीफा साहेबले पत्रकारहरूका प्रश्नहरूको उत्तर दिनुभयो । बी.बी.सीका प्रतिनिधिको प्रश्न विश्वमा इस्लामको भूमिका के रहेको छ ? को उत्तरमा उहाँले भन्नुभयो,“ इस्लामको शान्तिको सन्देश विश्वव्यापी रहेको छ । त्यसकारण हाम्रो आदर्श  र मुख्य नारा “ सबैलाई प्रेम गर,घृणा कसैलाई नगर ” भन्ने छ । स्पेनका एकजना पत्रकारको एउटा प्रश्नको उत्तरमा उहाँले भन्नुभयो ,“ सबै प्रमुख धर्महरूले मूलरूपमा शान्तिको सन्देश नै दिएको छ । अत: साँचा मुसलमानहरूले सबै धर्मका संस्थापक र अवतारहरूप्रति विश्वास गर्छन र सम्मान गर्छन । प्रत्येक अवतारले परमेश्वर एक छन भन्ने शिक्षा दिए । “ माल्टाका पत्रकारको एउटा प्रश्नको उत्तरमा उहाँले भन्नुभयो ,“ अहमदी मुसलमानहरूको मुख्य कर्तव्य मानवजातिलाई परमात्माका निकट ल्याउनु र विश्वका जनतालाई एकअर्काको अधिकार,सम्मान र रक्षा गर्नप्रति तिनीहरूलाई सगज गर्नु हो । ”

मुख्य सभाको समय आरम्भ हुँदासम्म सभाकक्ष आगन्तुक अतिथिहरूले टनाटन भरिएको थियो । यूरोपियन पार्लियामेन्ट फ्रैंड्स ऑफ अहमदिया मुस्लिम ग्रुपका अध्यक्ष तथा सभाका उपाध्यक्ष विश्वव्यापी अहमदिया मुस्लिम जमाअतका प्रमुख हजरत मिर्जा मसरूर अहमद साहेबको स्वागत गर्नका निम्ति स्टेजसम्म आए M.P तथा यूरोपियन पार्लियामेन्टका अध्यक्ष मार्टिन शुल्ज विशेष रूपमा भेट गर्नका लागि अघिबढेर आए । उहाँको मुख्य भाषण आरम्भ हुनुभन्दा पहिला यूरोपियन पार्लियामेन्टका विभिन्न सदस्यहरूले सभालाई सम्बोधित गरे र सबैले अहमदिया मुस्लिम

जमाअतद्वारा प्रतिपादित शान्तिपूर्ण इस्लामप्रति आ-आफ्नो प्रशंसा र सराहना व्यक्त गरे । डॉ.चार्ल्स टैनकले आफ्नो मन्तव्य व्यक्त गर्दै भने, " अहमदी मुसलमानहरू विश्वमा सहनशीलता र उदारताको एउटा उल्लेखनीय र अभिनन्दनीय उदाहरण रहेका छन ।"

हजरत मिर्जा मसरूर अहमद साहेब खलीफतुल मसीह तथा विश्वव्यापी अहमदिया मुस्लिम जमाअतका आध्यात्मिक प्रमुखको ऐतिहासिक भाषण पाठकवर्गका निम्ति प्रस्तुत छ ।

# शान्तिको कुञ्जी -विश्व एकता

बिस्मिल्लाहिर्रहमानिर्रहीम

परम दयालु तथा अनन्त कृपालु अल्लाहको नाम लिएर आरम्भ गर्छु ।

सम्माननीय अतिथिवर्ग !

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहू ।

सर्वप्रथम यस सभाको आयोजनाप्रति म सबै आयोजकहरूको आभारी छु जसले मलाई यूरोपियन पार्लियामेन्टमा यहाँहरू सबैलाई सम्बोधित गर्ने अवसर प्रदान गर्नुभयो । म भिन्न भिन्न देशका सबै प्रतिनिधि मण्डल र अन्य अतिथिहरूलाई पनि धन्यावाद दिन चाहन्छु जो अत्यन्त चाहना र श्रद्धाका साथ यस सभामा पाल्नुभएको छ ।

जो महानुभावहरू अहमदिया मुस्लिम जमाअतसित भलीभाँति परिचित हुनुहुन्छ र जो यस जमाअतसित र पूर्णतः परिचित हुनुहुन्न परन्तु व्यक्तिगत स्तरमा उहाँहरूको अहमदीहरूसित सम्बन्ध छ,उहाँहरू सबै हामी अहमदीहरू एउटा जमाअतको रूपमा शान्ति र सुरक्षाको स्थापनाका लागि निरन्तर विश्वको ध्यानाकर्षण गर्नेगर्छौं भन्ने कुराप्रति अवगत हुनुहुन्छ । निस्सन्देह हामी यस उद्देश्यको पूर्तिका निम्ति आफ्ना साधनहरूको आधार र उपयोगद्वारा यथासम्भव प्रयास गरिरहेछौं ।

अहमदिया जमाअतको मुखिया हुनाको नाताले जब जब अवसर मिल्छ म नियमित रूपमा यी समस्याहरूका सन्दर्भमा वार्ता र परामर्श गर्नेगर्छु । शान्ति र आपसी प्रेमको आवश्यकताका बारेमा कुरा गर्नुको कारण अहमदिया मुस्लिम जमाअतले कुनै नयाँ शिक्षा प्रस्तुत गर्दैछ भन्नु होइन

अपितु अहमदिया जमाअतका संस्थापकको आगमनको प्रमुख उद्देश्य नै शान्ति र सौहार्दको स्थापना थियो । वास्तविक कुरो के हो भने हाम्रा सबै कुराहरू र कार्यहरू ती शिक्षाहरूका अनरूप रहेका छन जुन इस्लामका संस्थापक हजरत मुहम्मद        (सल्लम)माथि अल्लाहका तर्फबाट अवतीर्ण भएका थिए ।

हजरत मुहम्मद(सल्लम)को जीवनकालको १४०० वर्ष पछि दुर्भाग्यवश अधिकतर मुसलमानहरूले उहाँले ल्याएका पवित्र शिक्षाहरूलाई भुल्नपुगे । अतः उहाँकै भविष्यवाणी अनुसार अल्लाह(परमेश्वर)ले इस्लामलाई पुनर्जीवित गर्नका निम्ति हजरत मिर्जा गुलाम अहमद साहेब कादियानी संस्थापक अहमदिया मुस्लिम जमाअतलाई पठाए । जब म शान्ति र समन्वय तथा एकताको प्रोत्साहन सम्बन्धी इस्लामी शिक्षाको चर्चा गर्नेछु यहाँहरूले यस कुरालाई आफ्ना सामुने राख्नुहोला भनी म अनुरोध गर्दछु ।

अतः शान्ति र सुरक्षाका विभिन्न रूप र पक्षहरू छन भन्ने कुरो म स्पष्ट गर्न चाहन्छु । यसैगरी त्यसको प्रत्येक रूप अथवा पक्ष आफ्नो परिधिमा महत्वपूर्ण रहेको छ । परन्तु यसका साथ साथ एउटा रूप र पक्षको अर्को रूप र पक्षसित रहेको अर्न्तसम्बन्ध भने त्यो भन्दा अधिक महत्वपूर्ण रहेको छ । उदाहरणस्वरूप समाजमा शान्तिको मूल आधार प्रारम्भिक स्तरमा एउटा परिवारको आन्तरिक शान्ति र सौहार्द नै हो । एउटा परिवारको आन्तरिक स्थिति केवल त्यही परिवारसम्म सीमित रहँदैन अपितु त्यसको प्रभाव त्यस क्षेत्र विशेषको शान्तिमाथि पनि पर्छ । तथा क्रमशः त्यसले सम्पूर्ण शहरको शान्तिलाई प्रभावित गर्छ । यदि कुनै परिवारमा अव्यवस्था र विवाद रहेमा स्थानीय क्षेत्रमाथि अवश्य त्यसको प्रतिकूल प्रभाव पर्नेछ । यसैगरी एउटा बस्ती अथवा शहरको परिस्थितिले सम्पूर्ण देशको शान्ति र एकतालाई प्रभावित गर्छ । अतः यदि शान्तिको एउटा पक्ष अथवा रूपबारे चर्चा गर्न चाहेमा यसको सीमा तोक्न अथवा त्यसलाई सीमित गर्न सकिदैन भन्ने कुरो यहाँहरूलाई ज्ञात हुनेछ । यसैप्रकार जहाँ शान्तिको अभाव हुन्छ

त्यस समस्याको समाधानार्थ वर्तमान परिस्थितिहरू र शान्ति सुरक्षाका ती पक्षहरूलाई जसको उल्लङ्घन गरिएको छ दृष्टिगत राखी विभिन्न प्रकारका उपायहरू गर्नुपर्ने हुन्छ भन्ने कुरो हामी देख्छौं । यदि हामीले यी सबै कुराहरूलाई सामुन्ने राखेमा यसप्रति विस्तिृत चर्चा र छलफलका लागि तथा यसको समाधान खोज्नका निम्ति जुन समय उपलब्ध छ त्यो भन्दा धेरै अधिक समयको आवश्यकता पर्नेछ भन्ने कुरो स्पष्ट होस । तापनि म इस्लामका वास्तविक शिक्षाहरूका केही पक्षहरू वर्णन गर्ने प्रयास गर्नेछु ।

आधुनिक युगमा इस्लाममाथि धेरै प्रकारका आरोपहरू लगाइएको हामी देख्छौं । मुख्य रूपमा यस धर्मलाई अशान्ति र कलहको उत्तरदायी ठहऱ्याइन्छ । यसका विपरीत वस्तुतः “इस्लाम” शब्दको अर्थ नै शान्ति र सुरक्षा हो । तथा इस्लाम त्यो धर्म हो जसले शान्ति स्थापनाका सम्बन्धमा विशेष मार्गदर्शन गरेको छ । साथै इस्लामले त्यस उद्देश्यप्राप्तिका लागि केही नियमहरू निर्दिष्ट पनि गरेका छन तापनि इस्लाममाथि यस्ता आरोपहरू लगाइन्छन । इस्लामका वास्तविक र शान्तिपूर्ण शिक्षाहरूको रूपरेखा प्रस्तुत गर्नुभन्दा पहिला म विश्वको वर्तमान परिस्थितिमाथि एउटा संक्षिप्त टिप्पणी गर्न चाहन्छु । यहाँहरू सबै यी परिस्थितिहरूसित पहिला नै परिचित हुनुहुन्छ भन्ने मेरो विश्वास छ । तापनि वर्णन गर्नु आवश्यक छ किनभने जब म शान्ति र एकताबारे इस्लामी शिक्षा प्रस्तुत गर्नेछु तब यहाँहरूले यसलाई दृष्टिगत राख्न सक्नुहुनेछ । विश्वले एउटा गाँउको रूप धारण गरिसकेको छ जसलाई विश्वग्राम भन्न सकिन्छ भन्ने कुरो हामी सबै विश्वास गर्छौं । किनभने हामी विभिन्न साधनहरूद्वारा चाहे ती यातायातका आधुनिक साधनहरू हुन अथवा प्रचार प्रसारका साधन इन्टरनेट र अन्य साधनहरू हुन,परस्पर जोडिन र सम्बद्ध हुनपुगेका छौं । यी सबै साधनहरूका कारण विश्वका देशहरू पहिलाभन्दा धेरै अधिक एक आपसमा नजिकिन पुगेका छन । विश्वका प्रत्येक देशमा आज हामी प्रत्येक धर्म,जाति,संस्कृति तथा विभिन्न नागरिकता राख्ने व्यक्तिहरू परस्पर मिलेर बसोवास गरेको

देख्छौं । धेरैवटा देशहरू यस्ता छन जहाँ निस्सन्देह विदेशी प्रवासीहरूको एउटा ठूलो संख्या आबाद छ । यी प्रवासीहरू अब ती देशहरूमा पूर्णरूपले त्यहाँका समाज र सोसाइटीका अंग बन्न पुगेकाले त्यहाँका सरकार अथवा स्थानीय नागरिकहरूका लागि तिनीहरूलाई विस्थापित गर्न अथवा हटाउन अत्यन्त कठिन मात्र होइन असम्भव हुनलागेको छ । यद्यपि विदेशी प्रवासीहरूको आगमन रोक्नका निम्ति विभिन्न कानुन र प्रतिबन्ध लागू गरिएका छन तथापि अन्य विभिन्न मार्गहरू अपनाएर एउटा देशका नागरिक कुनै अर्को देशमा सहजै प्रवेश गरिरहेछन । यदि अवैध प्रवासलाई एकातर्फ राखी केवल वैधानिक रूपमा हेर्ने हो भने पनि निस्सन्देह केही यस्ता अन्तर्राष्ट्रीय कानून र नियमहरू मौजूद छन जसान्तर्गत ती व्यक्तिहरूलाई सहायता प्रदान गरिन्छ जो उचित कारणवश आफ्नो देश त्याग्न विवश हुनजान्छन ।

अत्यधिक संख्यामा प्रवासीहरूको आगमनका कारण केही देशहरूमा चिन्ता र बेचैनी तीव्रताका साथ बढ्दैगएको पनि हामी देखिरहेछौं । यसका उत्तरदायी र जिम्मेवार दुवै पक्षप्रवासी र स्थानीय नागरिक रहेका छन । एकातर्फ केही प्रवासी स्थानीय नागरिकहरूलाई उत्तेजित गर्छन भने दोश्रोतर्फ केही स्थानी नागरिकहरू असहनशीलता र अनुदारता प्रदर्शन गर्छन । कहिलेकाँहि त घृणाको यो ज्वाला भयंकर रूप धारण गरी अनियन्त्रित हुनुपुग्छ । विशेषगरी वर्तमान केही प्रवासी मुसलमानहरूको प्रतिकूल व्यवहारको प्रतिक्रियामा पश्चिमी देशका स्थानीय नागरिकहरूका तर्फबाट विशेषतः इस्लामविरुद्ध घृणा र वैमनस्यको भावना प्रकट गरिएको देखिन्छ । यो रोष र प्रतिक्रिया केवल सीमित स्तरमा हुँदैन अपितु यो आफ्नो चरमसिमासम्म पुग्नसक्छ र पुग्छ पनि । त्यसैकारण पश्चिमी देशका नेताहरू नियमित रूपमा यी समस्याहरूबारे चर्चा गर्नेगर्छन ।

अतः यदाकदा जर्मनीका चान्सलरले मुसलमानहरूलाई जर्मनीका अङ्ग बताएको र ब्रिटेनका प्रधानमन्त्रीले मुसलमानहरू समाजका अभिन्न अंश

बनून भन्ने कुराप्रति जोड दिएको हामी सुन्छौं । अन्य केही देशका नेताहरूले त मुसलमानहरूलाई चेतावनी समेत दिइसकेका छन ।

आन्तरिक कलह र विवादको स्थिति यदि अधिक बिग्रिएको छ भनी स्वीकार नगरिए तापनि निश्चित रूपमा यो एउटा चिन्ताको विषय भने बन्नपुगेको छ । यी समस्याहरू बिग्रन गएर शान्तिको विनाशका कारण बन्न सक्छन । यी विवादहरूको दुष्प्रभाव केवल पश्चिमी देशहरूमा मात्र सीमित रहनेछ भन्नु गलत हो अपितु यसबाट समस्त विश्व र विशेषगरी मुस्लिम राष्ट्रहरू प्रभावित हुनेछन । अतः यस स्थितिमा सुधार ल्याउन र शान्तिलाई बढुवा दिनका लागि सबै वर्गले एकजुट भएर कार्य गर्नु आवश्यक छ । सरकारहरूले यस्ता नीतिहरू बनाउन जसद्वारा शान्ति स्थापना सम्भव होस । अरूहरूको भावनालाई आहत गर्ने अथवा कुनै प्रकारको हानि पुऱ्याउने गतिविधिहरूलाई अवैधानिक र गैर-कानूनी घोषित गरियोस ।

प्रवासी नागरिकहरूका सम्बन्धमा म के भन्न चाहन्छु भने तिनीहरूले स्थानीय समाज र नागरिकहरूका अभिन्न अङ्ग बन्ने इच्छा लिएर कुनै देशमा प्रवेश गरून र यसैगरी स्थानीय मानिसहरूले पनि उदारता र सहनशीलता देखाउने प्रयास गरून । यसका अतिरिक्त के पनि स्पष्ट होस भने केवल मुसलमानहरूमाथि प्रतिबन्ध लगाउनाले शान्ति स्गापित हुनेछैन किनभने केवल तिनीहरूद्वारा मानिसहरूको सोच र धारणामा परिवर्तन ल्याउन सकिने छैन यो केवल मुसलमानहरूका निम्ति अनिवार्य होइन अपितु कुनैपनि व्यक्तिमाथि यदि उसको धर्म र आस्थाको आधारमा प्रतिबन्ध लगाइएमा त्यसको प्रतिक्रियास्वरूप गंभीररूपमा शान्ति भंग हुनेछ । आज केही देशहरूमा विवादहरू बढिरहेछन विशेषगरी प्रवासी र स्थानीय नागरिकहरूका बीचमा । यसको मुख्यकारण दुवै पक्षमा सहनशीलता र उदारताको अभाव हो । यूरोपेली नेतृत्वले यस वास्तविकतालाई स्वीकार्नु आवश्यक छ । साथै धार्मिक सम्मान र परस्पर सहनशीलता कायम गर्नु तिनीहरूको कर्तव्य हो भन्ने कुरो बुझ्नुपर्नेछ । प्रत्येक यूरोपीय देशमा

आन्तरिक स्तरमा र यूरोपियन तथा मुस्लिम देशहरूका बीचमा सौहार्दको वातावरणलाई प्रोत्साहित र विकसित गर्नु अनिवार्य भएको छ ता विश्वमा शान्ति भंग नहोस        यी विवाद र मतभेदहरूको कारण केवल धार्मिक आस्था होइन न त यो पश्चिमी र मुस्लिम देशहरूका बीचको मतभेदको प्रश्न हो । वस्तुतः यस अशान्तिको मुख्यकारण अन्तर्राष्ट्रीय आर्थिक सङ्कट हो । जब आर्थिक सङ्कट थिएन तब कसैलाई प्रवासीहरूको आगमनको चिन्ता थिएन चाहे तिनीहरू मुसलमान हुन अथवा गैर मुस्लिम वा अफ्रिकन हुन । परन्तु अब आर्थिक स्थिति बिग्रनु नै वर्तमान विवाद र बेचैनीको मुख्यकारण हो । यूरोपीय देशहरूका परस्पर सम्बन्धहरूमाथि पनि यसको प्रतिकूल प्रभाव परेको छ । फलतः केही यूरोपीय देशका मानिसहरूमा रोष र क्रोधको भावना निरन्तर बढ्दै गइरहेछ । यो स्थिति प्रत्येक ठाँउमा देखिदैंछ ।

यूरोपीय संघको गठन यूरोपेली देशहरूको एउटा महत्वपूर्ण उपलब्धि हो । किनभने यो यस महाद्वीपको एकताको एउटा साधन हो । अतः यहाँहरू सबैले परस्पर अधिकारहरूको सम्मान र सुरक्षा गरी एकतालाई कायम राख्ने भरपूर प्रयास गर्नु जरूरी छ । सामान्य जनतामा जुन चिन्ता अथवा भय देखिएको छ त्यसको निवारण गर्नु आवश्यक छ । परस्पर एक आपसका सामाजिक र धार्मिक मागहरू र तकाजाहरूलाई स्वीकार गरी तिनीहरूलाई पूरा गर्ने प्रयास गर्नु पर्नेछ । यसका साथै प्रत्येक देशका जनताका मागहरू उचित र न्यायमा आधारित हुनु पनि जरूरी छ ।

एकताका साथ र संगठित रहनमा नै यूरोपको शक्ति र सम्पन्नता निहित छ भन्ने कुरो स्मरण रहोस । यो एकता यहाँहरूका निम्ति न केवल यूरोपमा लाभकारी सिद्ध हुनेछ अपितु अन्तर्राष्ट्रीय स्तरमा यस महाद्वीपको शक्ति र प्रभाव स्थापित गर्न समेत यो सहायक सिद्ध हुनेछ । सत्य के हो भने इस्लामी दृष्टिकोणानुसार त हामीले समस्त विश्वको एकताका लागि संघर्ष र प्रयास गर्नु अनिवार्य छ । समस्त विश्वमा मुद्रा दर एकसमान हुनुपर्छ । व्यपार र वाणिज्यको दृष्टिले पनि विश्वले एकत्र हुनु आवश्यक छ । यसैगरी

प्रवास र स्वतन्त्र स्थानान्तरणका सम्बन्धमा पनि समानता र समानाधिकारको आधारमा व्यवहारिक नीतिहरू बनाउनु आवश्यक छ । यस प्रकार समस्त विश्व एक हुन सम्भव छ । सारांश के हो भने सबै देशहरूले परस्पर एक अर्काको सहयोग गर्नु अत्यावश्यक छ । अनेकताको स्थानमा एकताको प्रचार र संचार होस । यदि यी नीतिहरू अपनाइएमा शीघ्र नै वर्तमान देखिएका विवादहरूको अन्त हुनेछ र सबैतर्फ शान्ति र परस्पर सदभावना र सम्मानको भावना तथा सौहार्दपूर्ण वातावरण उत्पन्न हुनेछ । परन्तु शर्त के छ भने प्रत्येक देशले वास्तविक न्यायको मार्गमा हिड्दै आफ्नो कर्तव्यलाई राम्ररी बुझोस । यद्यपि यो एउटा इस्लामी शिक्षा हो परन्तु स्वयं मुस्लिम देशहरू परस्पर मिल्न र एकत्रित हुन असफल रहेका छन भन्ने कुरो म अति खेदका साथ प्रकट गरिरहेछु । यदि मुस्लिम देशहरू एकत्रित भएर परस्पर एक-अर्काको सहयोग गर्थे भने उनीहरूले आफ्ना आन्तरिक समस्याहरू र विवादहरूको समाधानका लागि सदैव पश्चिमी देशहरूको सहयोग लिनु पर्नेथिएन ।

यस पश्चात अब म विश्वमा चिरस्थायी शान्ति स्थापनाका सन्दर्भमा वास्तविक इस्लामी शिक्षाहरूको चर्चा गर्नेछु । सर्वप्रथम इस्लामको मौलिक र आधारभूत शिक्षानुसार एउटा साँचो मुसलमान त्यो हो जसको बोली वचन र हातबाट अन्य सबै शान्तिप्रिय मानिसहरू सुरक्षित रहन्छन । एउटा साँचो मुसलमानको परिभाषा यही नै हो जुन हजरत मुहम्मद ( सल्लम)ले वर्णन गर्नुभएको छ । यस सुन्दर सिद्धान्तलाई सुनेर पनि कसैले इस्लामविरुद्ध कोही आरोप लगाउन सक्छ र ? कदापि सक्दैन । इस्लामले केवल ती व्यक्तिहरू दण्डनीय छन जसले आफ्ना हात र बोली वचनद्वारा अन्याय र घृणा फैलाउँछन भन्ने शिक्षा दिन्छ । अतः स्थानीय र अन्तर्राष्ट्रीय स्तरमा यदि सबैले यस स्वर्णिम सिद्धान्तको उल्लङ्घन नगरेको रहेमा कहिल्यै धार्मिक विवाद र अव्यवस्थाको स्थिति उत्पन्न हुने थिएन । कहिल्यै राजनीतिक विवाद हुनेथिएन तथा शक्तिप्राप्तिको इच्छा र लालचका कारण

उत्पन्न हुने झगडा र अव्यवस्था पनि देखिने थिएन । यदि यी इस्लामी सिद्धान्तहरूको अनुसरण गरिएमा राष्ट्रीय स्तरमा सामान्य जनताले एक अर्काको अधिकारको रक्षा तथा भावनाको आदर र सम्मान गर्नेछन र सरकारहरूले आ-आफ्नो अधिकार क्षेत्रमा सबै नागरिकको सुरक्षा गर्ने आफ्नो कर्तव्य पूरा गर्नेछन । यसैप्रकार अन्तर्राष्ट्रीय स्तरमा प्रत्येक देशले अन्य देशहरूसित साँचो न्याय र सहानुभूति तथा उदारताको भावनाका साथ सहयोग गर्नेछ ।

इस्लामले हामीलाई सिकाएको एउटा अर्को स्वर्णिम शिक्षा के रहेको छ भने शान्तिलाई बढुवा र प्रोत्साहित गर्ने प्रयासप्रति कसैले कदापि त्यसलाई आफ्नो गर्व र अभिमान प्रकट गर्ने साधन नबनाओस । अत: हजरत मुहम्मद( सल्लम)ले कुनै कालो व्यक्तिलाई गोरो व्यक्तिमाथि र कुनै गोरो व्यक्तिलाई कालो व्यक्तिमाथि कुनै प्रकारको श्रेष्ठता र बढाइ प्राप्त छैन भन्ने कुरो स्पष्ट पार्नु भएको छ । यस सिद्धान्तार्गत कुनै यूरोपेलीलाई अन्य कुनै देशका नागरिकमाथि तथा अफ्रीका,एशिया अथवा विश्वको अन्य कुनै भागका नागरिकलाई यूरोपेली नागरिकमाथि कुनै प्रकारको श्रेष्ठता प्राप्त छैन । राष्ट्रीयता,रङ्ग र जात-पातको अन्तर र भिन्नता त केवल सनाखत र पहिचानको चिन्ह हो ।

वस्तविकता यही नै हो किनभने वर्तमान युगमा हामी सबै एक अर्कामाथि निर्भरित छौं । आज यूरोप र संयुक्त राज्य अमेरिका जस्ता महाशक्तिहरू पनि अन्य देशहरूबाट पूर्णत: अलग रहेर जीवित रहन सक्नेछैनन । अफ्रीकी देशहरूले पनि पृथक रहेर सुखी र समृद्ध बन्ने आशा गर्न सक्दैनन । यसैगरी एशियाली देशहरू अथवा विश्वका अन्य देशहरू र त्यहाँका निवासीहरूले शेष संसारसित पूर्णत: अलग्गिएर जीवनयापन गर्न सक्नेछैनन । उदाहरणको रुपमा यदि तपाईंले आफ्नो आर्थिक स्थिति सुधार्न र उन्नत गर्न चाहनुहुन्छ भने तपाईंले आज अन्तर्राष्ट्रीय व्यपार र आदान प्रदानलाई स्वीकार्नै पर्छ । वर्तमान संसार कसरी आन्तरिक र वाह्यिक

रूपमा परस्पर जोडिएको छ भन्ने तथ्य यस उदाहरणबाट राम्ररी स्पष्ट हुन्छ । अतः गत केही वर्षमा उत्पन्न यूरोपीय तथा वैश्व आर्थिक सङ्कटको प्रतिकूल प्रभाव विश्वका प्रत्येक देशमाथि कुनै न कुनै प्रकार पर्न गएको छ । यसैगरी विज्ञान तथा अन्य क्षेत्रमा कौशल र शिपप्राप्तिका निम्ति प्रत्येक देशले एक अर्कामाथि अनिवार्य रूपमा निर्भर गर्नु र परस्पर सहयोग गर्नु परेको छ ।

हामीले के स्मरण राख्नुपर्छ भने सर्वशक्तिमान परमेश्वरले संसारका सबै मानिसहरूलाई चाहे ती अफ्रीकाका हुन अथवा यूरोप र एशिया तथा अन्य कुनै देशका हुन महान बौद्धिक शक्ति र योग्यता प्रदान गरेका छन । यदि सबै वर्गका मानिसहरूले आ-आफ्नो ईश्वरप्रदत्त शक्ति र योग्यतालाई मानवताको कल्याण र भलाईका लागि यथासम्भव प्रयोग र उपयोग गरेमा यो विश्व शान्तिको केन्द्र बन्नसक्छ । परन्तु यदि विकसित र उन्नतशील देशहरूले विकासशील र अल्प विकसित देशहरूको प्रगति र उन्नतिलाई रोक्ने प्रयास गरेमा र ती देशका प्रतिभाशाली र योग्य व्यक्तिहरूलाई उचित अवसर उपलब्ध नगराएमा निस्सन्देह आशंका र चिन्ता तथा बेचैनी बढ्ने छ र त्यसकै फलस्वरूप उत्पन्न हुने अशान्ति र कलहहरूले अन्तर्राष्ट्रीय शान्ति र सुरक्षालाई विनाश गर्नेछ ।

हामीले अरूमाथि हुँदैगरेको अन्याय र अत्याचारलाई बेवास्ता र उपेक्षा गर्नुहुदैन भन्ने एउटा अर्को सिद्धान्त इस्लामले प्रस्तुत गर्छ । जसरी हामी आफ्नो अधिकारको हनन गर्न दिदैनौं त्यसैगरी हामीले अरूको अधिकार हननलाई पनि सहन गर्नु अथवा बेवास्ता गर्नु हुदैन । इस्लामी शिक्षानुसार यदि कहीँ प्रतिशोध लिनु अनिवार्य भएमा त्यो प्रतिशोध अपराधीले गरेको अत्याचार बराबर नै होस । परन्तु यदि क्षमा गर्नाले सुधारको सम्भावना रहेमा त्यस विकल्पलाई अपनाउनु उचित हुनेछ । किनभने सुधार,सन्धि र चिरस्थायी शान्तिको स्थापना नै वास्तविक र मुख्य उद्देश्य हुनुपर्छ । परन्तु वर्तमान समयमा यो के भइरहेछ ? यदि कसैले अन्याय र अत्याचार गरेको

खण्डमा जब पीडित व्यक्तिले त्यससित प्रतिशोध लिन चाहन्छ तब त्यो प्रतिशोध अन्यायी अथवा अत्याचारीले गरेको अत्याचारको तुलनामा कहीँ अधिक रहेमा के भन्ने ? ठीक यही स्थिति इस्राईल र फलस्तीन ( Palestine)को विवादमा आज हामी देखिरहेछौं । विश्वका महाशक्तिहरूले प्रत्यक्षरूपमा सीरिया,लीबिया र मिश्र(इजिप्त)को परिस्थितिप्रति आ-आफ्नो रोष र चिन्ता प्रकट गरेका छन यद्यपि मूलरूपमा त्यो ती देशहरूको आन्तरिक मामिला हो भन्नसकिन्छ । परन्तु यी महाशक्तिहरू फलस्तीनका जनताहरूप्रति लेशमात्र पनि चिन्तित छैनन अथवा त्यति छैनन जति हुनुपर्‍थ्यो । यो दोहोरो मापदण्डका कारण मुस्लिम देशका प्रजाहरूमा विश्वका महाशक्तिहरूप्रति द्वेष र रोषको भावना बढ्दै गइरहेछ । यो रोष र खिन्नता अत्यधिक हानिकारक रहेको छ र कुनै पनि समयमा यो आफ्नो चरमसीमासम्म पुगेर विध्वंसकारी सिद्ध हुनसक्छ । त्यसको परिणम के हुनेछ ? विकासशील देशहरूको यसबाट कति हानि हुनसक्छ ? विकसित देशहरूमाथि यसको कहाँसम्म प्रभाव पर्नेछ ? केवल परमेश्वरले यी प्रश्नहरूको उत्तर जान्दछन । न मैले यी प्रश्नहरूको उत्तर दिन सक्नेछु न त अन्य कसैले । एउटा कुरो जुन निश्चितरूपमा हुनेछ त्यो हो विश्व शान्तिको विनाश ।

म कुनै विशेष देशको समर्थन गरिरहेको छैन । अपितु म केवल अत्याचार र अन्यायको प्रत्येक रूप चाहे त्यो कहीँ पाइयोस त्यसको उन्मूलन र सफाया हुनुपर्छ भन्ने चाहन्छु । चाहे त्यो फलस्तीनका जनताले गरिरहेको अत्याचार होस अथवा इस्राईलका जनताले अथवा कुनै अन्य देशका मानिसहरूले,अत्याचारको हर हालमा अन्त हुनैपर्छ । यदि समयमा यसलाई रोकिएन भने घृणा र रोषको ज्वालाले सम्पूर्ण विश्वलाई आफ्नो लपेटोमा लिनेछ र मानिसहरूले वर्तमान आर्थिक सङ्कटलाई भुलेर त्यो भन्दा भयंकर समस्याको सामना गर्नुपर्नेछ । यति विशाल संख्यामा जनहानि हुने आशंका छ जसको हामी कल्पना समेत गर्न सक्दैनौं । अतः ती यूरोपेली देशहरूको

जसले द्वितीय विश्वयुद्धमा ठूलो हानि उठाइसकेका छन,भूतकालको विनाशबाट शिक्षा लिएर भविष्यमा विश्वलाई विनाशबाट बचाउने कर्तव्यको पालन गरून । यसका लागि तिनीहरूले न्यायलाई यथार्थ रूपमा स्थापित गर्ने प्रयास गर्नुपर्नेछ

इस्लामले निष्पक्ष र न्यायपूर्ण व्यवहारप्रति अत्यधिक जोड दिएको छ । कुनै पक्ष अथवा वर्गलाई अनुचित ढील र छूट अथवा प्राथमिकता नदिइयोस, न त अनुचित समर्थन गरियोस भन्ने इस्लामको शिक्षा रहेको छ । अपराधी चाहे कति नै शक्तिशाली र पहुँच रहेको व्यक्ति होस उसलाई के ज्ञात हुनुपर्छ भने यदि उसले कुनै देशविरुद्ध अन्यायपूर्ण व्यवहार अथवा कार्यवाही गर्ने प्रयास गरेमा अन्तर्राष्ट्रीय समुदायले उसको सहयोग र समर्थन गर्नेछैन न त त्यसको अनुमति नै दिनेछ । यदि संयुक्त राष्ट्रका सबै सदस्य देशहरू,यूरोपीय संघसित सम्बद्ध देशहरू तथा ती देशहरू जो महाशक्तिहरूका प्रभावाधीन रहेका छन र अन्य सबै विकसित र अविकसित देशहरू यस सिद्धान्तलाई स्वीकार्न तयार भएमा मात्र शान्तिको पुनरोदय हुनेछ ।

एउटा अर्को कुरो के हो भने वास्तविक न्याय यथार्थ रूपमा तबमात्र स्थापित हुन सक्नेछ जब संयुक्त राष्ट्र संघमा वीटो शक्ति प्राप्त देशहरूलाई तिनीहरू आफ्ना कार्यवाही र निर्णयप्रति उत्तरदायी र जवाफदेही हुनेछन भन्ने अनुभव हुनेछ । म यो भन्दा अघिबढेर के भन्न चाहन्छु भने वीटो शक्तिको अधिकारबाट कदापि शान्ति स्थापना हुन सक्दैन किनभने यसमा सबै देशहरू समान स्तरका छैनन । यस वर्षको आरम्भमा पनि मैले संयुक्त राज्य अमेरिकाको कैपिटल हिलमा अग्रणी राजनीतिज्ञहरू र नीती निर्माताहरूको एउटा सभालाई सम्बोधित गरी यही तथ्य प्रस्तुत गरेको थिएँ । यदि हामीले संयुक्त राष्ट्रसंघमा भएका मतदानको इतिहास पल्टाएर हेरेमा वीटो शक्तिको उपयोग सदैव ती पीडित अथवा न्याय संगत कार्यवाही गर्ने देशहरूको सहयोगार्थ गरिएन भन्ने कुरो ज्ञात हुन्छ । केही अवसरमा त

अत्याचार रोक्नुको सट्टा त्यसको सहायता गर्नका लागि वीटो शक्तिको दुरूपयोग गरियो । यो कुनै गोप्य रहेको अथवा अज्ञात सत्य होइन । कतिपय टीकाकार र लेखकहरू निर्भीक भएर यस वास्तविकताको वर्णन गर्नेगर्छन अथवा लेख्नेगर्छन ।

इस्लामी शिक्षाको एउटा अर्को सुन्दर सिद्धान्त के रहेको छ भने समाजमा शान्ति स्थापित गर्नका निम्ति क्रोधलाई दबाउनु र शमन गर्नु अत्यावश्यक छ । न्याय र सत्यका सिद्धान्तहरू र नियमहरूमाथि कदापि त्यसलाई प्रभावक हुन दिनुहुन्न । इस्लामको आरम्भिक इतिहास यसकुराको साक्ष छ । त्यससमयका साँचा मुसलमानहरूले सदैव यस सिद्धान्तको पालन गरे र जसले यसको उल्लङ्घन गरे तिनीहरूको हजरत मुहम्मद(सल्लम)ले घोर निन्दा र भत्सर्ना गर्नुभयो । परन्तु दुर्भाग्यवश आज सदैव यसो हुँदैन । जो सैनिक अथवा सिपाहीहरूलाई शान्ति स्थापना हेतु पठाइन्छ तिनीहरूले आफ्नो कर्तव्य विपरीत व्यवहार गरेका घटनाहरू मैजूद छन । उदाहरणस्वरूप केही देशहरूमा विदेशी शान्ति सेनाहरूले विरोधीहरूका मृत शरीरहरूमाथि अत्यन्त अपमानजनक,अमानवीय र घृणात्मक व्यवहार गरेको तथ्य सामुन्ने आएको छ । के यसप्रकार शान्ति स्थापित हुनसक्छ र ? यस्ता घटनाहरूको प्रतिकिया केवल पीडित देशहरूसम्म सीमित नरहेर समस्त विश्वमा यसविरुद्ध प्रदर्शन हुने गर्छन । निस्सन्देह जब मुसलमानहरूसित दुर्व्यवहार गरिन्छ तब कट्टरवादी मुसलमानहरूले र आतंकवादीहरूले त्यसको अनुचित लाभ उठाउँछन । यद्यपि त्यो इस्लामी शिक्षा विपरीत हो । फस्वरूप विश्वको शान्ति भङ्ग हुनजान्छ । शान्ति केवल तब स्थापित गर्न सकिन्छ जब पूर्णतया निष्पक्ष रूपले,निहित स्वार्थहरूबाट माथि गएर र प्रत्येक प्रकारको द्वेष र शत्रुताको भावनालाई त्यागेर अत्याचारी तथा पीडित दुवैको सहयोग गरिनेछ भन्ने शिक्षा इस्लामले दिन्छ । विवादित मामिलामा प्रत्येक पक्षलाई समान स्तरमा राखेर न्यायका सबै तकाजाहरू यथार्थ रूपमा पूरा गर्नाले मात्र शान्ति स्थापित हुनेछ ।

सीमित समयका कारण म केवल एउटा अर्को तथ्य वर्णन गर्नेछु । इस्लामले अर्काको धन अथवा संसाधनहरूमाथि ईर्ष्या र मोहको दृष्टि नगाढ र अर्काको धन सम्पत्ति हतियाउने लालच नराख भन्ने शिक्षा दिन्छ । अतः उपरोक्त कारणबाट पनि शान्तिको ढाँचो ध्वस्त हुनजान्छ । यदि उन्नत र समृद्ध देशहरूले अल्प विकसित देशका सम्पदा र संसाधनहरूलाई आफ्नो आवश्यकतापूर्तिका लागि उपयोग गर्ने अनुचित प्रयास गरेमा स्वाभाविक रूपमा अशान्ति र बेचैनी बढ्छ । जहाँ उचित छ विकसित देशहरूले आफ्नो सेवाको बदलामा उचित रूपमा आफ्नो भाग लिनसक्छन । संसाधनहरूको अधिक भन्दा अधिक अंश अविकसित देशहरूको आर्थिक अवस्था र जीवन स्तरको विकास र उन्नतिका निम्ति प्रयोग हुनुपर्छ । ती देशहरूलाई उन्नत र विकसित हुने अवसर उपलब्ध गराउनु पर्छ र ती उन्नत र विकसित देशहरूको स्तरसम्म पुग्ने तिनीहरूको प्रयासमा तिनीहरूलाई सहयोग दिनुपर्छ । शान्ति स्थापनाको यो एउटा अचूक उपाय हो । यदि यस्ता अविकसित र पिछडिएका देशका नेताहरू इमानदार र योग्य नरहेमा विकसित देशहरूले तिनलाई अनुदान दिएर स्वयं ती देशहरूका विकासकार्य र योजनाहरूको संचालन र निरीक्षण गर्नु उचित हुनेछ ।

अन्य धेरै तथ्यहरू यस्ता छन जुन यहाँहरूसमक्ष म राख्नसक्छु परन्तु समयको अभाव रहेकोले म केवल यिनै कुराहरूसम्म सीमित रहनेछु जुन मैले वर्णन गरें । मैले वर्णन गरेका कुराहरूले निस्सन्देह इस्लामका वास्तविक शिक्षाहरूलाई प्रदर्शन गर्छन ।

एउटा प्रश्न यस्तो छ जुन यहाँहरूको मनमा उठ्नसक्छ । अतः म त्यसको समाधान पहिला नै गरिदिनेछु । यदि यिनीहरू नै इस्लामका वास्तविक शिक्षा हुन भने मुस्लिम देशहरूमा यस्तो अशान्ति र अव्यवस्था किन देखिन्छ त भनी यहाँहरूले भन्नुहोला । यसको उत्तर त मैले पहिला पनि दिइसकेको छु । पुनः संक्षेपमा के भन्छु भने वर्तमान युगलाई एकजना सुधारकको आवश्यकता थियो र हाम्रो विश्वासानुसार अहमदिया मुस्लिम

जमाअतका संस्थापक नै ती सुधारक हुनुहुन्छ । हामी अहमदिया मुस्लिम जमाअतका सदस्य सदैव यी इस्लामका वास्तविक शिक्षाहरूलाई अधिक भन्दा अधिक मानिसहरूसम्म पुऱ्याउने यथासम्भव प्रयास गर्छौं । यहाँहरूले पनि आ-आफ्ना प्रभावाधीन र कार्यक्षेत्रहरूमा यो जागरूकता उत्पन्न गर्ने भरपूर प्रयास गर्नुहोला भन्ने मेरो अनुरोध छ ता विश्वको प्रत्येक भागमा चिरस्थायी शान्ति स्थापित होस ।

यदि हामी यस कार्यमा विफल भयौं भने विश्वको कोही भाग युद्धको विनाशकारी र भयंकर त्रासदीपूर्ण परिणामबाट सुरक्षित रहनेछैन । सर्वशक्तिमान परमात्माले संसारका मानिसहरूलाई आ-आफ्ना निहीत स्वार्थहरूलाई पूर्णरूपले त्यागेर विश्वको भावी विनाशबाट मानवजातिलाई सुरक्षित राख्ने यथाशक्ति प्रयास गर्ने सार्मथ्य प्रदान गरून भन्ने मेरो हार्दिक प्रार्थना छ । आज संसारको अधिकतर शक्ति र साधन पश्चिमका विकसित देशहरूलाई प्राप्त छ त्यसकारण अन्यहरू भन्दा यहाँहरूको अनिवार्यरूपमा अधिक दायित्व र कर्तव्य यी महत्वपूर्ण कुराहरूतर्फ तत्काल ध्यान दिनु रहेको छ ।

अन्तमा यहाँहरू सबैलाई समय निकालेर मेरा कुराहरू सुन्न यहाँ पाल्नुभएकोमा धन्यवाद दिन चाहन्छु । परमेश्वरले यहाँहरूमाथि कृपा गरून यहाँहरूको धेरै धेरै धन्यवाद !




# CAN MUSLIMS INTEGRATE INTO WESTERN SOCIETIES?

---

BAITUR-RASHEED MOSQUE
HAMBURG, GERMANY, 2012





Ḥaḍrat Mirza Masroor Ahmad, Khalīfatul-Masīḥ V[aba] delivers the keynote address at Baitur-Rasheed Mosque






FRIEDEN
FREIHEIT
LOYALITÄT
15



# के मुसलमानहरू पश्चिमी समाजका अभिन्न अंग बन्न सक्छन ?

बिस्मिल्लार्हिरहमार्निरहीम

परम दयालु तथा अनन्त कृपालु अल्लाहको नाम लिएर आरम्भ गर्छु ।

सम्माननीय अतिथिवर्ग !

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहू

सर्वप्रथम म ती सबै अतिथिहरूप्रति आफ्नो आभार व्यक्त गर्न चाहन्छु जसले यस समारोहमा सम्मिलित हुन हाम्रो निमन्त्रण स्वीकार गरे ।

यहाँहरूमध्ये कतिपय सज्जनहरू हाम्रो जमाअतसित राम्ररी परिचित हुनुहुन्छ अर्थात अहमदी मुसलमानहरूसित उहाँहरूको पुरानो मैत्रीपूर्ण सम्बन्ध रहेको छ । अतः जसको अहमदिया जमाअतसित अधिक पुरानो परिचय छैन उहाँहरूको हृदयमा पनि जमाअतका बारेमा अधिक जानकारी पाउँने तीव्र इच्छा जागिसकेको होला भन्ने मेरो विश्वास छ । यहाँहरूको यहाँ उपस्थिति अहमदी मुसलमानहरूसित सम्बन्ध राख्नाले र उनीहरूका मस्जिदमा जानाले केही खतरा हुनेछैन भन्ने कुराको स्पष्ट र प्रत्यक्ष प्रमाण हो ।

वस्तुतः वर्तमान परिस्थितिमा जब इस्लामका बारेमा अधिकतर समाचार र सूचनाहरूले नाकारात्मक स्वरूप प्रस्तुत गरिरहेछन, यहाँहरूमध्ये जो मुसलमान हुनुहुन्न उहाँहरूको मनमा अवश्य कहीँ अहमदी मस्जिदमा

जानाले उहाँहरूका लागि समस्या उत्पन्न हुने त होइन अथवा कुनै ठूलो हानि त उठाउनु पर्ने छैन भन्ने आशंका र जिज्ञासा उत्पन्न भयो होला । परन्तु अहमदी मुसलमानहरूबाट यहाँहरूलाई कुनै भय लाग्दैन र उनीहरूलाई आफ्ना निम्ति यहाँहरूले खतरा मान्नुहुदैन भन्ने कुरो उहाँहरूको यस सभामा उपस्थितिले प्रमाणित गरेको छ भनी मैले पहिला पनि बताइसकेको छु । यसका विपरित यहाँहरूले अहमदी मुसलमानहरूको आदर गर्नुहुन्छ र उनीहरूलाई आफ्ना जनताहरू समान साँचा र सभ्य ठान्नुहुन्छ भन्ने कुरो सिद्ध हुनगएको छ । परन्तु यसका साथै यहाँहरूमध्ये केही यस्ता व्यक्तिहरू पनि होलान जो यद्यपि आज यहाँ उपस्थित भएका छन तर तिनका मनमा केही सन्देह र चिन्ता होला कि कहीँ उनीहरूको यहाँ आउनुको कुनै प्रतिकूल परिणाम निस्कन सक्छ भन्ने सम्भावनालाई म नकार्न सक्दिन । यहाँहरूलाई अन्य उग्रवादी स्वभावका केही मानिसहरू त कहीँ यहाँहरूसित बसेका छैनन भन्ने चिन्ता हुनु पनि सम्भव छ । यदि यहाँहरूमध्ये कसैको मनमा यस्तो आशंका र चिन्ता रहेको भएमा त्यसलाई तुरुन्तै आफ्नो मनबाट निकाली दिनुहोस । यस सन्दर्भमा हामी अत्यन्त सचेत र जागृत छौं । यदि केही उग्रवादी व्यक्ति हाम्रो मस्जिद अथवा यस क्षेत्रमा प्रवेश गर्ने प्रयासमा रहेको छ भने पनि त्यसलाई यहाँबाट निकाल्न हामी कडो कार्यवाही गर्नेछौं । यहाँहरू सुरक्षित स्थानमा हुनुहुन्छ भनी निश्चिन्त रहनुहोस । अहमदिया मुस्लिम जमाअत वास्तवमा एउटा यस्तो जमाअत हो जसको कुनै सदस्यले यदि कुनै समयमा र कुनै स्थानमा उग्रवादी मानसिकताको प्रदर्शन गरेको अथवा कानूनको उल्लङ्घन गरेको र शान्ति भंग गरेको प्रमाणित भएमा त्यसलाई जमाअतबाट निष्कासित गरिन्छ । हामी यस्तो कार्यवाही गर्न कटिबद्ध र प्रतिबद्ध छौं किनभने हामी इस्लामको सम्पूर्ण आदर गर्छौं । इस्लामको शाब्दिक अर्थ नै शान्ति र सुरक्षा हो । इस्लाम शब्दको वास्तविक व्यवहारिक रूप केवल हाम्रो जमाअतद्वारा प्रदर्शित भइरहेछ । इस्लामको यस वास्तविक रूपको प्रदर्शन हुनेबारे भविष्यवाणी इस्लामका संस्थापक हजरत मुहम्मद(सल्लम)ले आज भन्दा

१४००वर्ष पूर्व गर्नुभएको थियो । उक्त भविष्यवाणीमा उहाँले एउटा यस्तो समय आउँनेछ जब अधिकतर मुसलमानहरूले इस्लामको वास्तविक र शुद्ध शिक्षालाई भुल्नेछन भनी सूचित गर्नुभएको थियो । त्यही भविष्यवाणीको अन्तमा उहाँले यस्तो समय आएको खण्डमा परमेश्वरले वास्तविक इस्लामलाई संसारमा पुनः स्थापित गर्नका निम्ति एउटा व्यक्तिलाई सुधारक,मसीह र महदी बनाएर पठाउनेछन भनी शुभसन्देश दिनुभएको थियो ।

अहमदिया मुस्लिम जमाअतको विश्वासानुसार यस जमाअतका संस्थापक हजरत मिर्जा गुलाम अहमद कादियानी अलैहिस्सलाम नै त्यो व्यक्ति हुनुहुन्छ जसलाई त्यस महान भविष्यवाणी अनुसार पठाइएको हो । परमेश्वरको दया र कृपाले यो जमाअत आज विश्वका २०२ वटा देशहरूमा स्थापित भइसकेको छ । यी मध्ये प्रत्येक देशमा हर वर्ग र जातिका स्थानीय मानिसहरूले अहमदिया जमाअतलाई स्वीकारेको छ । अहमदी मुसलमान हुनुको साथै यस जमाअतका प्रत्येक सदस्यले आ-आफ्ना देशमा त्यसका वफादार र इमानदार नागरिकको रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेछन । तिनीहरूको इस्लामप्रतिको श्रद्धा र प्रेम तथा देशप्रतिको वफादारी र प्रेममा कुनै प्रकारको कोही विवाद अथवा विरोधाभास पाइँदैन । वास्तवमा यी दुवैवटा अथवा दुवै प्रकारका वफादारी र प्रेम परस्पर जोडिएका र गाँसिएका छन । अहमदी मुसलमानहरू जहाँ कहीँ निवास गर्छन तिनीहरू आफ्ना देशका सबै नागरिकहरू भन्दा अधिक कानून पालन गर्ने नागरिकको रूपमा परिचित छन । निस्सन्देह म पूर्ण विश्वासका साथ हाम्रा जमाअतका अधिकतर सदस्यहरूमा यी गुणहरू विद्यमान छन भनी वचन दिनसक्छु ।

यिनै गुणहरूका कारण जब जब अहमदी मुसलमानहरू एउटा देशबाट अर्को देशमा स्थानान्तरण गर्छन अथवा जुन देशका स्थानीय व्यक्तिहरूले अहमदिया जमाअतलाई स्वीकार गर्छन तब तिनीहरूलाई नयाँ समाजसित मिसिएर रहनमा कुनै प्रकारको भय र चिन्ता हुँदैन । यसैगरी तिनीहरूले

अपनाएको नयाँ देशको उन्नति र विकास कार्यमा तिनीहरूले आफ्नो भूमिकाको निर्वाह कसरी गर्ने भन्ने चिन्ता पनि हुदैन । अहमदी जहाँ जान्छन त्यहाँ उनीहरू त्यस ठाउँका स्थानीय साँचा नागरिकहरूझैं त्यस देशसित प्रेम गर्छन र आफ्नो देशको भलाई र उन्नतिका लागि सक्रिय रहन्छन । इस्लामले हामीलाई यसैप्रकारको जीवनयापन गर्ने आदेश दिन्छ । इस्लामको शिक्षानुसार आफ्नो देशसित वफादारी गर्नु र त्यसको श्रद्धा र प्रेम आफ्नो हृदयमा राख्नु एउटा साँचो मुसलमानको मुख्य कर्तव्य हो । हजरत मुहम्मद( सल्लम)ले पनि वास्तवमा आफ्नो देशसित प्रेम गर्नु प्रत्येक साँचो मुसलमानको ईमानको(आस्थाको)अंश हो भन्ने कुराप्रति जोड दिनुभएको थियो ।

अतः जब आफ्नो देशसित प्रेम गर्नु इस्लामको एउटा आधारभूत अङ्ग हो भने एउटा साँचो मुसलमानले कसरी आफ्नो देशसित विश्वासघात र विद्रोह गरी आफ्नो ईमान नष्ट गर्न सक्छ ? जहाँसम्म अहमदी मुसलमानहरूको सम्बन्ध छ,हाम्रो जमाअतको प्रत्येक सभा र कार्यक्रममा सबै सदस्यहरूले चाहे ती पुरुष,स्त्री,बालक अथवा प्रौढ हुन उभिएर परमात्मालाई साक्षी राखी एउटा प्रतिज्ञा गर्नेगर्छन । उक्त प्रतिज्ञामा तिनीहरूले केवल आफ्नो धर्मप्रति मात्र नभएर आफ्नो जाति र देशका लागि समेत धन,समय र आफ्नो आत्मसम्मान न्योछावर र त्याग गर्ने प्रण गर्छन । अतःयिनीहरूभन्दा अधिक साँचा देशभक्त नागरिक को हुनसक्छ जसलाई निरन्तर देशभक्तिको पाठ पढाइन्छ र बारम्बार तिनीहरू आफ्नो धर्म,जाति र देशका निम्ति प्रत्येक प्रकारको बलिदान र त्याग प्रस्तुत गर्न सदैव तत्पर रहनेछन भनी प्रतिज्ञा लिइन्छ ।

यहाँ जर्मनीमा अधिकतर मुसलमानहरूको संख्या तिनीहरूको छ जो पाकिस्तान,तुर्की अथवा अन्य एशियाई देशहरूबाट आएका छन । अतः जब देशका लागि बलिदान दिने समय आएको खण्डमा यिनीहरूले जर्मनीको सट्टा आफ्नो मूल देशलाई प्राथमिकता दिने त होइनन भन्ने प्रश्न केही

व्यक्तिहरूको मनमा उठ्न सक्छ । अतः म के स्पष्ट गर्न चाहन्छु भने जब कसैले जर्मनी अथवा कुनै अन्य देशको नागरिकता प्राप्त गर्छ तब त्यो व्यक्ति त्यस देशको पूर्ण नागरिक बन्छ । यस वर्षको आरम्भमा यही कुरो मैले जर्मन सेनाको मुख्यालय कोबलेजमा आफ्नो भाषणमा भनेको थिएँ । मैले इस्लामी शिक्षाको दृष्टिकोणले के स्पष्ट पारेको थिएँ भने यदि जर्मनीको कुनै यस्तो देशसित युद्ध आरम्भ भएमा जसको मूल नागरिकले जर्मनीको नागरिकता स्वीकार गरेको रहेमा त्यस नागरिकले के गर्ने हो ? यदि त्यो प्रवासीले आफ्नो मूल देशप्रति सहानुभूति राख्छ र जर्मनीलाई हानि पुऱ्याउने विचार उसको मनमा आउँछ भने यस्तो व्यक्तिले तत्काल आफ्नो नागरिकता त्यागेर आफ्नो मूल देशमा फर्केर जाओस । परन्तु यदि त्यही देशमा रहने इच्छा मनमा रहेमा इस्लामले कदापि त्यसलाई कुनैप्रकारको देशद्रोहको अनुमति दिदैन । इस्लामको यो शंकारहित र स्पष्ट शिक्षा हो । इस्लामले कुनै प्रकारको विद्रोहको शिक्षा दिदैन न त कुनै नागरिकलाई आफ्नो वर्तमान देशविरुद्ध षडयन्त्र गर्ने अथवा त्यसलाई कुनै प्रकारको हानि पुऱ्याउने अनुमति दिन्छ ।

यदि कोही व्यक्ति आफ्नो नागरिकता प्राप्त देशविरुद्ध कार्य गर्छ र त्यसलाई हानि पुऱ्याउँछ भने त्यस व्यक्तिलाई त्यस देशको शत्रु र देशद्रोही मानिनेछ र त्यसलाई त्यस देशको कानून बमोजिम दण्ड दिइनेछ ।

यसबाट एउटा प्रवासी मुसलमानको स्थिति स्पष्ट हुनजान्छ । एउटा स्थानीय जर्मन अथवा कुनै अन्य देशको नागरिक जसले आफ्नो धर्म परिवर्तन गरी इस्लाम स्वीकार गरेको रहेमा त्यससित आफ्नो वर्तमान देशप्रति सन्देहरहित पूर्ण वफादारी प्रदर्शन गर्नुबाहेक अन्य कोही विकल्प नै छैन भन्ने कुरो स्पष्ट रहेको छ । यस्तो स्थितिमा पश्चिमी देशका मुसलमानहरूको के प्रतिक्रिया हुनुपर्छ भन्ने प्रश्न यदाकदा उठ्ने गर्छ । यसको उत्तरस्वरूप सर्वप्रथम म हाम्रा जमाअतका संस्थापक हजरत मसीह मौऊद(अलै.)को स्पष्ट शिक्षा प्रस्तुत गर्छु र त्यो के हो भने,हामी आज यस्तो

युगमा रहिरहेछौं जहाँ धार्मिक युद्धको पूर्णतः अन्त र समाप्ति भइसकेको छ । इतिहासको विवरणानुसार यस्तो समय पनि थियो जब मुसलमानहरू र अन्य धर्मावलम्बिहरूका बीचमा अनेकौं युद्धहरू भए । ती युद्धहरूमा गैर-मुस्लिमहरूको उद्देश्य मुसलमानहरूलाई मार्नु र इस्लामलाई मेटाउनु र समाप्त पार्नु थियो ।

इस्लामका प्रारम्भिक युद्धहरूमा गैर-मुस्लिमहरूले नै आक्रमणको पहल गरेका थिए त्यसकारण मुसलमानहरूसित आफ्नो ज्यान र आफ्नो धर्मको प्रतिरक्षण गर्नबाहेक अन्य कुनै विकल्प थिएन । परन्तु अब यस्तो परिस्थिति रहेन किनभने वर्तमान समयमा यस्तो कुनै देश अथवा सरकार छैन जसले इस्लामको अन्त गर्नका निम्ति युद्धको घोषणा गरोस अथवा युद्ध गरोस । यसका विपरित अधिकतर पश्चिमी देशहरूमा र अन्य गैर मुस्लिम देशहरूमा पूर्णतः धार्मिक स्वतन्त्रता उपलब्ध र प्राप्त छ र यसले अहमदी मुसलमानहरूलाई गैर मुस्लिम देशहरूमा इस्लाम प्रचारको अनुमति प्रदान गर्छ । यसप्रति हाम्रो जमाअत अत्यन्त आभारी रहेको छ । यसकै फलस्वरूप हामीलाई पश्चिमी देशहरूलाई इस्लामको वास्तविक र अनुपम शान्ति र एकतामा आधारित शिक्षासित परिचित गराउने अवसर प्राप्त भएको छ । अतः आज धार्मिक मुद्दा र मामिलालाई लिएर कुनै प्रश्न नै छैन भन्ने कुरो स्पष्ट छ । अब केवल राजनैतिक अथवा अन्य कारणहरूवश मुस्लिम प्रधान र ईसाई प्रधान अथवा अन्य देशहरूका बीचमा युद्ध हुने सम्भावना रहेको छ। यस्तो स्थितिमा ईसाई अथवा अन्य कुनै धर्मप्रधान देशका मुसलमान नागरिकहरूको के प्रतिक्रिया हुनुपर्छ त ? यसको उत्तरस्वरूप इस्लामले एउटा स्वर्णिम सिद्धान्त प्रस्तुत गरेको छ र त्यो के भने यदि कोही मुस्लिम देशले अन्याय र अत्याचार गर्छ भने त्यसलाई रोक्नुपर्छ तथा यदि कुनै ईसाई देशले पनि अन्याय र अत्याचार गर्छ भने त्यसलाई पनि रोक्नुपर्छ ।

एउटा साधारण नागरिकले व्यक्तिगत स्तरमा आफ्नो देशलाई अन्याय र अत्याचारबाट कसरी रोक्न सक्छ त ? यसको उत्तर अत्यन्त सरल छ ।

## विश्व संकट तथा  शांतिको मार्ग

वर्तमान युगमा सबै पश्चिमी देशहरूमा लोकतन्त्र व्याप्त छ । यदि कोही न्यायप्रिय र देशभक्त नागरिकले आफ्नो सरकारलाई अन्यायपूर्ण र अत्याचारपूर्ण व्यवहार गरेको देख्छ भने त्यसविरुद्ध आवाज उठाउन र प्रतिक्रिया व्यक्त गर्नसक्छ र आफ्नो देशलाई उचित मार्गमा ल्याउने प्रयास गर्नसक्छ । यसैगरी मानिसहरूको एउटा समूह मिलेर अन्यायविरुद्ध आवाज उठाउन र रोष प्रदर्शन गर्न सक्छन । अत: कोही नागरिकले आफ्नो देशलाई अर्को कुनै देशको स्वाधीनता र सार्वभौमिकतामाथि आक्रमण गरेको देख्छ भने त्यसले आफ्नो सरकारको ध्यान न्यायतर्फ खिचेर आफ्नो चिन्ता व्यक्त गर्नु त्यसको कर्तव्य हो । शान्तिपूर्ण ढङ्गले विरोध गर्नु र रोष प्रदर्शन गर्नु कानूनी अधिकार हो । विद्रोहको परिभाषामा त्यो आउँदैन अपितु यो कार्य आफ्नो देशप्रतिको साँचो प्रेम प्रदर्शन हो । एउटा न्यायप्रिय नागरिकले कदापि अन्तर्राष्ट्रीय समुदायमा आफ्नो देशको प्रतिष्ठा र सम्मान धूमिल होस अथवा देश अपमानित होस भन्ने चाँहदैन । अत: उसले आफ्नो देशको सरकारलाई त्यसको वास्तविक कर्तव्यतर्फ ध्यानाकर्षण गराएर आफ्नो देशप्रेम र देशभक्तिको भावना प्रदर्शन गर्छ र त्यो त्यसको कर्तव्य पनि हो ।

जहाँसम्म अन्तर्राष्ट्रीय समुदाय तथा त्यसका संस्थाहरूको सम्बन्ध छ इस्लामको शिक्षा के रहेको छ भने यदि कुनै देशमाथि अन्यायपूर्ण आक्रमण हुन्छ भने शेष रहेका देशहरू मिलेर आक्रमणकारीलाई रोक्नुपर्नेछ । यदि आक्रमणकारी देशले कुरो बुझ्दछ र आदेश मान्दछ तथा आक्रमणबाट पछिहट्छ भने त्यसमाथि प्रतिशोधको रूपमा अथवा त्यस स्थितिको अनुचित लाभ उठाएर कठोर दण्ड दिने र अन्यायपूर्ण प्रतिबन्ध लगाउने निर्णय लिनुहुनेछैन । इस्लामी शिक्षाको सार नै स्वयं शान्तिको प्रचार प्रसार गर्नु हो। हजरत मुहम्मद(सल्लम)ले त कहाँसम्म भन्नुभएको छ भने,मुसलमान त्यही हो जसको हात र वचनबाट अन्य शान्तिप्रिय मानिसहरू सुरक्षित रहन्छन । हामीले कहिल्यै अन्याय र अत्याचारपूर्ण कार्यहरूमा कसैको सहायता गर्नु हुदैन भनी इस्लामले शिक्षा दिएको छ र यही नै त्यो सुन्दर र न्यायपूर्ण

शिक्षा हो जसले एउटा साँचो मुसलमानलाई चाहे त्यो कुनै पनि देशको नागरिक होस सम्मान र आदरणीय स्थान प्रदान गर्छ । निस्सन्देह सबै सभ्य र न्यायप्रिय तथा साँचा नागरिकहरूले यस्ता शान्तिप्रिय र दयाशील मानिसहरूलाई आफ्नो समाजको अंग बनाउने कामना गर्नेछन ।

हजरत मुहम्मद(सल्लम)ले साँचा मोमिन(विश्वासी)हरू सदैव पुण्यको खोजमा व्यस्त रहून भनी मुसलमानहरूका निम्ति जीवनयापनको एउटा अर्को सुन्दर सिद्धान्त वर्णन गर्नुभएको छ । अतः एउटा मुसलमानले जहाँबाट मिल्छ कुनै ज्ञानको कुरो अथवा उत्तम विचार भएमा त्यसलाई आफ्नो हराएको निजी वस्तु ठानी अपनाओस भन्ने उत्तम शिक्षा उहाँले दिनुभएको छ । अतः जसरी एउटा व्यक्तिले आफ्नो निजी सम्पत्तिमाथि अधिकार प्राप्त गर्न यथासम्भव दृढसंकल्पका साथ प्रयास गर्छ त्यसरी नै मुसलमानहरूले पुण्य कुराहरू र उत्तम विचारहरू जहाँ कहीँ पाए पनि तिनलाई प्राप्त गर्ने प्रयत्न गरून भन्ने शिक्षा दिइएको छ । आज यस्तो समयमा जब प्रवासी नागरिकहरूलाई स्थानीय समाजका अंग बनाउने सम्बन्धमा धेरै शंकाहरू उत्पन्न भइरहेछन यो एउटा सम्पूर्ण र सुन्दर मार्गदर्शक सिद्धान्त हामीलाई प्रदान गरिएको छ । मुसलमानहरूलाई आफ्नो स्थानीय समाजमा पूर्णरूपले मिलेर रहन तथा परस्पर सम्मान र आदरको भावना उत्पन्न गर्नका लागि तिनीहरूले प्रत्येक धर्म,समाज,संस्कृति,शहर र देशका उत्तम मूल्यहरू र रीतिहरूको ज्ञान प्राप्त गर्ने उपदेश दिइएको छ । केवल ज्ञान प्राप्त गर्नु नै पर्याप्त हुनेछैन अपितु मुसलमानहरूले यस्ता मूल्य र रीतिहरूलाई आफ्नो जीवनको अभिन्न अंग बनाउने भरपूर प्रयास गर्नु आवश्यक छ । यही नै त्यो मार्गदर्शक सिद्धान्त हो जसले वस्तुतः परस्पर एकता,प्रेम र विश्वास तथा सम्मान र सेवाको भावना उत्पन्न गर्छ । निस्सन्देह एउटा साँचो मोमिन(विश्वासी)भन्दा अधिक शान्तिप्रिय व्यक्ति अन्य को हुन सक्छ जसले आफ्नो धार्मिक कर्तव्यपालनका साथ साथ आफ्ना र अन्य समाजहरूका उत्तम मुल्यहरु र शिक्षाहरूलाई आत्मसात गर्ने प्रयास गर्छ । अतः साँचो

## विश्व संकट तथा शांतिको मार्ग

मोमिनभन्दा अधिक अन्य कसले शान्ति र सुरक्षाको स्थापना र प्रसार गर्नसक्छ ?

वर्तमान उपलब्ध संचार माध्यमहरूको फलस्वरूप एउटा विश्वग्रामको रूपधारण गरेको आजको संसारका सम्बन्धमा प्रायः १४०० सय वर्ष अघि हजरत मुहम्मद(सल्लम)ले भविष्यवाणी गरी भन्नुभएको थियो," यस्तो समय आउँनेछ जब समस्त संसार एउटा एकाइमा परिवर्तित हुनेछ र दूरी समाप्त भएको अनुभव हुनेछ । यसैगरी तीव्र संचार साधनहरूको अविष्कार हुनेछ फलतः मानिसहरूले समस्त विश्वलाई देख्न सक्नेछन ।" वास्तवमा यो पवित्र कुर्आनको भविष्यवाणी हो जसलाई उहाँले विस्तारपूर्वक वर्णन गर्नुभएथ्यो । यस सम्बन्धमा हजरत मुहम्मद(सल्लम)ले के शिक्षा दिनुभएको थियो भने,जब यस्तो युग आउँनेछ तब मानिसहरूले एक अर्काका उत्तम कुराहरू र गुणहरू सिकून र तिनीहरूलाई आत्मसात गरून । त्यसरी नै ती उत्तम मूल्यहरूको खोज गरून जसरी तिनीहरूले आफ्ना हराएका वस्तुहरूलाई खोज्दछन । सारंश के हो भने सबै सद्गुणहरूलाई ग्रहण गर्नुपर्छ र नराम्रा कुराहरूलाई त्याग्नु पर्छ ।

पवित्र कुर्आनको आदेश छ :- " साँचो मुसलमान त्यही हो जसले पुण्यको आदेश दिन्छ र पापबाट रोक्छ । " यी सबै कुराहरूलाई सामुन्ने राखी त्यो कुन देश र समाज होला जसले यस्ता शान्तिप्रिय मुसलमानहरूलाई अथवा इस्लामलाई आफूहरूका बीचमा सहन गर्न सक्दैन अथवा स्वीकार गर्न सक्दैन ? गतवर्ष मलाई बर्लिनका मेयर(महापौर)सित भेटगर्ने अवसर प्राप्त भयो तब मैले उहाँसमक्ष हामीले कुनै पनि देशको उत्तम गुणलाई यसप्रकार अपनाउनु पर्छ मानौं त्यो हाम्रो निजी सम्पत्ति हो भन्ने शिक्षा इस्लामले हामीलाई दिएको छ भनी बताएँ । यसको उत्तरमा उहाँले के भन्नुभयो भने, " यदि तपाईँले यस शिक्षाको पालन गर्नुभयो भने निस्सन्देह समस्त विश्वले यहाँको समर्थन र सहयोग गर्नेछ ।"

## विश्व संकट तथा  शांतिको मार्ग

मुसलमानहरूमा र इस्लाममा जर्मन समाजको अभिन्न अंग बन्ने गुण र सामर्थ्य छैन भनी जर्मनका केही भागमा रहेका मानिसहरू दावी गर्छन भन्ने कुरो सुनेर मलाई अत्यन्त आश्चर्य लाग्यो र म दुखित भएँ । निस्सन्देह जुन इस्लाम उग्रवादी र आतंकवादीहरूद्वारा प्रस्तुत गरिन्छ त्यसमा जर्मन मात्र नभएर विश्वका कुनैपनि देश अथवा समाजको अंग बन्ने योग्यता छैन भन्ने कुरो सत्य हो । यस्तो समय अवश्य आउँनेछ जब यस्ता उग्रवादी विचारधारा रहेका मुसलमानहरूको मुस्लिम देशहरूमा पनि कडा विरोध हुनेछ । यसका विपरीत साँचो इस्लामले जुन हजरत मुहम्मद(सल्लम)को इस्लाम हो,सभ्य र साँचा मानिसहरूलाई सदैव आफूतर्फ आकर्षित गरिरहेछ । वर्तमान युगमा इस्लामका वास्तविक एवं मूल शिक्षाहरूलाई पुनर्जीवित र पुन स्थापित गर्नका निम्ति परमात्माले हजरत मुहम्मद(सल्लम)को दासत्वमा हजरत मसीह मौऊद(प्रतिश्रुत अवतार)अलैहिस्सलामलाई पठाएका छन अतः उहाँको जमाअत अर्थात अहमदिया मुस्लिम जमाअतले इस्लामका वास्तविक शिक्षाहरूको पालन र प्रचार गर्छ ।

इस्लाम कुनै अन्य समाजको अंग बन्न सक्दैन भनी कसैले न्याय र इमानदारी पूर्वक दावी गर्नसक्दैन । वास्तविक इस्लाम त्यही हो जसले पुण्य र भलाइको प्रसार गर्छ र प्रत्येक प्रकारको पाप तथा अन्यायबाट रोक्छ । अतः इस्लाम कुनै अन्य समाजको अंग बन्न सक्दैन भन्ने प्रश्न नै गलत र व्यर्थ हो । वस्तुतः इस्लामले स्वाभाविक रूपमा एउटा चुम्बकले जस्तै समाजलाई आफूतर्फ आकर्षित गर्छ । इस्लामले केवल व्यक्तिगत रूपमा कसैले आफ्ना लागि शान्ति र सुखको कामना र प्रयास गरोस भन्ने शिक्षा दिदैन अपितु अन्य मानिसहरूसम्म पनि त्यही प्रेरणा र इच्छाका साथ शान्ति र सुख तथा एकताको प्रसार गर्ने प्रयास गर्न उत्प्रेरित गर्छ । यही निस्वार्थ भावना विश्वमा शान्ति स्थापित गर्ने मार्ग हो । के कुनै यस्तो समाज छ जसले यस्ता शिक्षाको प्रशंसा गर्दैन र यस्तो विचारधारालाई स्वीकार्दैन ? निस्सन्देह कुनै पनि सभ्य र स्वच्छ समाजले आफूभित्र पाप र अनैतिकताको

प्रसारलाई कदापि रूचाउँदैन भने त्यसले शान्ति र भलाई तथा पुण्यको प्रोत्साहनलाई कहिल्यै रोक्दैन ।

पुण्य र भलाइको व्याख्या गर्दा एउटा धार्मिक व्यक्ति र संसारिक व्यक्तिको परिभाषामा अन्तर अवश्य हुनसक्छ । इस्लामले सद्गुण र भलाइका जुन रूपहरूको चर्चा गर्छ तिनीहरूमध्ये दुईवटा गुणहरू अत्यन्त महत्वपूर्ण रहेका छन जुन भलाई र पुण्यका अन्य सबै रूपहरूका मूल हुन । ती मध्ये एउटा परमात्माप्रति मानिसको कर्तव्य हो र दोश्रो मानवताप्रति मानिसको कर्तव्य हो । प्रथम प्रकारको कर्तव्यको परिभाषामा एउटा धार्मिक व्यक्ति र सांसारिक व्यक्तिमा मतभेद हुनसक्छ परन्तु द्वितीय प्रकारको कर्तव्य अर्थात मानवताप्रति मनुष्यको कर्तव्यका सम्बन्धमा कुनै मतभेद हुन सक्दैन । परमात्माप्रतिको कर्तव्यको सम्बन्ध उपासना र आराधनासित रहेको छ । सबै धर्महरूले यस विषयमा आफ्ना अनुयायीहरूको मार्गदर्शन गर्छन । मानवताप्रतिको कर्तव्यका सम्बन्धमा मनुष्यलाई धर्म र समाज दुवैले शिक्षा दिएको छ र मार्गदर्शन गरेको छ ।

इस्लामले मानवताप्रति मनुष्यको कर्तव्य बारे अत्यन्त विस्तारपूर्वक र गहिराइका साथ शिक्षा दिन्छ । यससमय यी शिक्षाहरूबारे वर्णन असम्भव छ । परन्तु म इस्लामद्वारा स्थापित केही यस्ता महत्वपूर्ण कर्तव्यहरूको चर्चा गर्नेछु जुन समाजमा शान्ति स्थापित गर्नका निम्ति अत्यन्त आवश्यकीय रहेका छन । हामीले अन्य व्यक्तिहरूका भावना र विचारको आदर र सम्मान गर्नुपर्छ भन्ने शिक्षा इस्लामले दिन्छ । यसमा अन्य व्यक्तिहरूका धार्मिक भावनाहरू र सामान्य सामाजिक मुद्दाहरू पनि सम्मिलित छन । इस्लामको प्रारम्भिक युगमा एउटा यहूदीले एउटा मुसलमानसित भएको आफ्नो विवादको चर्चा जब हजरत मुहम्मद(सल्लम)का समक्ष गर्‍यो उहाँले त्यस यहूदीको धार्मिक भावनालाई ध्यानमा राखी त्यसको समर्थन गर्नुभयो । यद्यपि अल्लाह तआलाका तर्फबाट सम्पूर्ण धर्मविधान प्राप्त उहाँ नै अन्तिम र श्रेष्ठ नबी(पैगम्बर)हुनुहुन्थ्यो तापनि त्यस यहूदीको धार्मिक भावनाको सम्मानार्थ

उहाँले मुसलमानलाई हप्काएर भन्नुभयो " तिमीले उसलाई हजरत मुहम्मद(सल्लम)नै मूसा(अलै.)भन्दा श्रेष्ठ हुनुहुन्छ भनी विवाद गर्नु उचित थिएन,तिमीले त्यसो भन्नु हुनेथिएन ।" यसप्रकार उहाँले अर्काको भावनाको सम्मान गरी समाजमा शान्ति र सौहार्द स्थापन गर्नुभयो । इस्लामको एउटा महान र अति महत्वपूर्ण शिक्षा के रहेको छ भने निर्धन र जीवननिर्वाहका अत्यावश्यकीय साधनहरूबाट वञ्चित मानिसहरूको खाँचो र अभाव दूर गर्नु र तिनीहरूको हक अधिकार कायम गर्नु  धनवान व्यक्तिहरूको कर्तव्य हो । यस विषयमा इस्लामले यस्ता योजनाहरू बनाउने आदेश दिन्छ जसबाट ती समाजका अभावग्रस्त व्यक्तिहरूको जीवनस्तरको उत्थान होस । हामीले नि:स्वार्थ भावनाका साथ ती अभावग्रस्त र वञ्चितवर्गको सहायता गर्नु अति जरूरी छ । कुनै पनि तरीकाले तिनीहरुको शोषण हुनुहुदैन ।

आजको समाजमा दिखावटको रूपमा त्यस्ता वञ्चित वर्गको सहयोगार्थ योजनाहरू त अवश्य बनाइन्छ परन्तु दुर्भाग्यवश ती सबै योजनाहरू अथवा अधिकतर भने ऋण ब्याजसहित फर्काउनु पर्ने हुन्छ । उदाहरणको रूपमा विद्यार्थीहरूलाई शिक्षाप्राप्तिका लागि ऋण उपलब्ध गराइन्छ अथवा मानिसहरू व्यपार र कारोबारका निम्ति ऋण लिन्छन परन्तु त्यो ऋण चुक्ता गर्नमा नै लामो समय अथवा दशकौं लाग्छ । यदि निकै वर्षको संघर्ष र प्रयत्नपछि पनि कुनै आकस्मिक वित्तीय संकट आइलागेमा तिनीहरूमाथि ऋणको बोझ पुन: पर्नजान्छ अपितु त्योभन्दा पनि अधिक आर्थिक संकटमा तिनीहरू पर्नजान्छन । अत: गत केही वर्षमा हामीले विश्वका अधिकांश भागहरूमा आर्थिक संकटग्रस्त यस्ता असंख्य घटनाहरू देखिसकेका छौं ।

इस्लामविरुद्ध साधारणत: महिलाहरूसित असमान व्यवहार र तिनीहरूमाथि अन्यायको आरोप सरासर निराधार हो । इस्लामले नै वस्तुत: महिलाहरूलाई सर्वप्रथम आदर र सम्मान प्रदान गरेको हो । म एकाधिक उदाहरण प्रस्तुत गर्नेछु । जब संसारमा स्त्रीजातिलाई मुफतको सम्पत्ति मानिन्थ्यो त्यससमय इस्लामले स्त्रीलाई पतिले दुर्व्यवहार गरेको खण्डमा

“खुल्अ:”(पारपाचुके) लिने अधिकार दियो । यसका विपरीत संसारका विकसित देशहरूमा सहित गत शताब्दी अघिसम्म महिलाहरूलाई विधिवतरूपमा यो अधिकार प्राप्त थिएन । यसैगरी जब संसारमा महिलाहरूको कोही मान सम्मान र स्थान अथवा अधिकार थिएन त्यस समय इस्लामले महिलाहरूलाई पैतृक सम्पत्तिमा अंशको अधिकार प्रदान गर्‍यो । यूरोपेली देशहरूमा पनि इस्लामको तुलनामा महिलाहरूलाई यो अधिकार प्राप्त भएको अधिक समय बितेको छैन । इस्लामले त हामीलाई छिमेकीहरूको अधिकारबारे पनि शिक्षा दिएको छ ।

पवित्र कुर्आनले विस्तारपूर्वक छिमेकीको परिभाषामा को को आउँछन भन्ने कुरो बताएको छ र तिनीहरूका अधिकारहरूतर्फ मार्गदर्शन गरेको छ । छिमेकीमा ती व्यक्तिहरू गनिन्छन जो तपाईंहरूसित उठ्ने बस्ने गर्छन,तपाईंका घरका छेउछाउमा रहन्छन र तपाईंहरूका परिचित छन । र ती व्यक्तिहरू पनि जो तपाईंहरूका परिचित त छैनन परन्तु निकटमा रहन्छन । वास्तवमा छिमेकीको परिभाषामा तपाईंको घरका छेउछाउमा रहेका प्राय चालीसवटा घर परिवार सम्मिलित छन । जो तपाईंहरूसित प्रतिदिन यात्रा गर्छन तिनीहरू पनि तपाईंहरूका छिमेकी नै हुन त्यसकारण तिनीहरूको ध्यान राख्ने आदेश हामीलाई दिइएको छ । छिमेकीहरूको अधिकारप्रति अत्यन्त जोड दिइएको छ । अत: हजरत मुहम्मद(सल्लम)ले एकपटक भन्नुभयो,“ छिमेकीहरूका बारेमा बारम्बार उपदेश मिलेको हुनाले कहीँ तिनीहरूलाई हाम्रो सम्पत्तिमा अंश दिइने त होइन भन्ने धारणसम्म मेरो मनमा आयो । “ उहाँले कहाँसम्म भन्नुभएको छ भने, “ यस्तो व्यक्तिलाई मोमिन अथवा मुसलमान भन्न सकिन्न जसको छिमेकी उसबाट सुरक्षित छैन ।” समाजका पिछडिएका र निम्नवर्गका मानिसहरूको जीवनस्तरको उत्थानका लागि समाजका सबै वर्गले मिलेर आ-आफ्नो कर्तव्य निर्वाह गर्ने प्रयास गर भन्ने इस्लामको आदेश रहेको छ । अत: अहमदिया मुस्लिम जमाअतले यस उद्देश्यको पूर्तिका निम्ति आफ्नो कर्तव्य

निर्वाह गर्दै विश्वका निर्धन र निरूपाय तथा वञ्चितवर्ग रहेका क्षेत्रहरूमा प्राथमिक तथा उच्च शिक्षाको प्रबन्ध गरिरहेछ । हामी स्कूलहरूको निर्माण तथा संचालनका साथै उच्च शिक्षा प्राप्तिका निम्ति छात्रवृत्ति र अन्य प्रकारका वित्तीय सहायताहरू पनि दिइरहेछौं ता वञ्चितवर्गका युवा युवतीहरूले उन्नति गरी स्वावलम्बी र आत्मनिर्भर बनून ।

इस्लामले हामीलाई आफ्ना सबै वचनहरू र प्रतिज्ञाहरू पूरा गर भनी विशेषादेश दिएको छ । यिनमा ती सबै वचनहरू सम्मिलित छन जुन तिमीहरू एक आपसमा लिने दिने गर्छौ । यसैगरी एउटा नागरिकको रूपमा आफ्नो देशसित वफादारी र त्यसको सेवाको जुन प्रतिज्ञा गर्छौ त्यसलाई अनिवार्यरूपमा पूरा गर । यी कुराहरू म पहिला पनि वर्णन गर्दै आएको छु । यी ती तथ्यहरू हुन जसको वर्णन मैले यहाँहरूसमक्ष यहाँहरूप्रति इस्लाम एउटा अत्यन्त दयापूर्ण र प्रेमपूर्ण धर्म हो भन्ने सत्य प्रकट होस भनी प्रस्तुत गरेको हुँ । जुन स्पष्टता र प्रबलतापूर्वक इस्लामले विश्व-शान्तिको शिक्षा दिन्छ चिन्ताको विषय के हो भने विश्वमा रहेका इस्लामविरोधी अथवा इस्लामको वास्तविकताबाट अनभिज्ञ व्यक्तिहरूले त्यति नै कठोरता र कट्टरपनाका साथ इस्लामविरोधी निराधार आरोप र आक्षेपहरू इस्लाममाथि लगाउँछन । मैले पहिला वर्णन गरेअनुसार वर्तमान युगमा अहमदिया मुस्लिम जमाअतले इस्लामको वास्तविक सन्देशको प्रचार र प्रदर्शन गरिरहेछ । यस वास्तविकतालाई सामुन्ने राखी म ती व्यक्तिहरूसित निवेदन गर्छु जसले मुसलमानहरूको एउटा विशेषवर्गको गतिविधि र क्रियाकलापको आधारमा इस्लामप्रति आरोप लगाउँछन तिनीहरूले निस्सन्देह त्यस्ता उग्रवादीहरूलाई ती गतिविधिहरूका लागि उत्तरदायी र जिम्मेवार ठहऱ्याउन परन्तु इस्लामका वास्तविक शिक्षाहरूलाई बदनाम गर्नका निम्ति कुनै अनुचित उदाहरणहरू प्रस्तुत नगरून ।

इस्लामका शिक्षाहरू जर्मनी अथवा कुनै अन्य देशका निम्ति हानिकारक सिद्ध हुनसक्नेछन भन्ने यहाँहरूले कदापि नठान्नुहोस । कुनै मुसलमान जर्मन

समाजको अभिन्न अंग बन्नसक्छ अथवा सक्दैन भनी चिन्तित हुनु आवश्यक छैन । सबै सद्‌गुणहरू ग्रहण गर भनी इस्लामले मुसलमानहरूलाई शिक्षा दिएको छ र यो इस्लामको विशिष्टता पनि हो । अतः मुसलमान निस्सन्देह कुनै पनि समाजको सदस्य र अंग बनी जीवन व्यतित गर्नसक्छ । यदि कसैले यसविपरीत व्यवहार गर्छ भने त्यो केवल नाममात्रको मुसलमान हो र इस्लामका वास्तविक शिक्षाहरूको त्यो अनुयायी कदापि हुनसक्दैन । यदि मुसलमानहरूलाई कुनै अनुचित कार्य गर्न अथवा धर्मको मर्यादा र पवित्र सिद्धान्तहरूसित सम्बन्धित कुर्आनका शिक्षाहरूको अवहेलना गर्न अथवा तिनीहरूविरुद्ध आचरण गर्न वाध्य गरिएमा निस्सन्देह तिनीहरूले त्यसो गर्न सक्नेछैनन । यो विषय समाजको अभिन्न अंग बनेर रहने कुरोसित सम्बन्धित छैन अपितु यो व्यक्तिगत धार्मिक स्वतंत्रतासित सम्बन्धित कुरो हो ।

धार्मिक स्वतन्त्रताको उल्लङ्घन अथवा हनन यस्तो समस्या होइन जसको केवल मुसलमानहरूले मात्र विरोध गर्छन अपितु सबै सभ्य र शिक्षित व्यक्तिहरूले यसका विरुद्ध आवाज उठाउने र साहसपूर्वक विरोधाभासको प्रदर्शन गरी कुनै सरकार अथवा समाजको व्यक्तिगत धार्मिक स्वतन्त्रता र अधिकारमाथि हस्तक्षेप गर्ने अधिकार छैन भनी आफ्नो विचार र भावना व्यक्त गर्नेगर्छन । जर्मनी र वास्तवमा अब सबै देशहरू विभिन्न संस्कृति र धर्म तथा राष्ट्रीयतासित सम्बन्धित मानिसहरूका निवासस्थान बनिसकेका छन सबैले सहनशीलता र परस्पर एक-अर्काका भावनाहरूको सम्मान र आदर गर्ने उच्च आदर्श प्रदर्शित गर्नेछन भन्ने मेरो प्रार्थना रहेको छ । परमात्माले तिनीहरूलाई परस्पर प्रेम,सहानुभूति तथा शान्तिको प्रदर्शन गर्नेहरूका लागि मार्गदर्शक बन्ने सौभाग्य र सामर्थ्य प्रदान गरून । यो विश्वमा स्थायी शान्ति र सुरक्षा कायम गर्ने निश्चित माध्यम सिद्ध हुनेछ जसको फलस्वरुप विश्वलाई त्यस विनाशबाट सुरक्षित राख्न सकिनेछ जसतर्फ विश्व परस्पर शान्ति र सौहार्दको अभावमा अग्रसर भइरहेछ ।

## विश्व संकट तथा  शांतिको मार्ग

भयंकर विनाशको खतरा हामीमाथि मडराइ रहेछ । अतः यस विनाशबाट सुरक्षित रहनका लागि प्रत्येक देश र प्रत्येक समाज तथा व्यक्तिका लागि चाहे त्यो धार्मिक होस अथवा नहोस अति सावधानीपूर्वक अघिबढ्नु अत्यन्त आवश्यक छ । परमात्माले विश्वका प्रत्येक व्यक्तिलाई यो वास्तविकता राम्ररी बुझ्ने ज्ञान र विवेक प्रदान गरून ।

अन्तमा म यहाँहरूको पुनः धन्यावाद गर्न चाहन्छु,यहाँहरूले आफ्नो बहुमूल्य समय निकालेर यहाँ पाल्नु भइ मेरा कुराहरू ध्यानपूर्वक सुन्नुभयो । परमात्माले यहाँहरू सबैमाथि कृपा गरून । यहाँहरूको धेरै धेरै धन्यवाद !



# ISLAM—
# A RELIGION OF PEACE AND COMPASSION

HOUSES OF PARLIAMENT
LONDON, UK, 2013








The Deputy Prime Minister, Rt. Hon. Nick Clegg in discussion with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba], House of Commons, London, 11th June 2013



The Home Secretary, Rt. Hon. Theresa May MP with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]



The Shadow Foreign Minister Rt. Hon. Douglas Alexander with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]



Rt. Hon. Ed Davey MP with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] received at the House of Commons by Rt. Hon. Ed Davey MP
London, 11th June 2013



Rt. Hon. Ed Davey MP escorts Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] through Westminster Hall, House of Commons, London, 11th June 2013



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] delivering his historic speech to Parliamentarians, VIPs and diplomats at the House of Commons, London, 11th June 2013

# प्राक्कथन

यू.के.मा अहमदिया मुस्लिम जमाअतको स्थापनाको सयवर्ष पूरा भएको अवसरमा लन्दन पार्लियामेन्ट हाऊसेजमा ११ जून २०१३ का दिन शताब्दी समारोहको आयोजन गरियो । उक्त शुभावसरमा विश्वव्यापी अहमदिया मुस्लिम जमाअतका प्रमुख हजरत मिर्जा मसरूर अहमद,प्रतिश्रुत मसीह व महदीका पञ्चम खलीफा(उत्तराधिकारी)ले एउटा भाषण दिनुभएको थियो ।

उक्त शताब्दी समारोहमा ६८ जना उच्च अधिकारीहरू सामेल भए जसमा ३० जना पार्लियामेन्ट मेम्बर,१२ जना हाऊस ऑफ लार्डसका सदस्य,तिनीहरूमध्ये ६ जना कैबिनेट मन्त्री र २ जना मन्त्री थिए । भिन्न भिन्न टी.वी.चैनल जस्तै,BBC,SKY TV र ITV का प्रतिनिधिहरू पनि उक्त समारोहमा सामेल भए । उपस्थित उच्च पदाधिकारीहरूको तालिका निम्नानुसार रहेको छ :-

The Secretary of State of Energy and Climate Change. The Rt Hon. Ed Devey MP, the Deputy Prime Minister The Rt Hon. Nick Clegg MP, the Home Secretary The Rt Hon. Theresa

May MP, the Shadow Foreign Secretary The Rt Hon. Douglas Alexander MP, the Chairman of the Home Affairs Select Commuittee Rt Hon. Keith Vaz MP and Member of Parliament for Mitcham and Morden Soibhain McDonaugh MP.

# इस्लाम-शान्ति र दयाको धर्म

**<u>बिस्मिल्लाहिर्रहमानिर्रहीम</u>**

अर्थात अनन्त कृपालु र परम दयालु अल्लाहको नाम लिएर आरम्भ गर्छु ।

समस्त समादरणीय अतिथिगण !

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहु

यहाँहरू सबैमाथि अल्लाहको कृपा र शान्ति वर्षण होस ।

सर्वप्रथम म अहमदिया जमाअतका ती सबै मित्रहरूलाई धन्यवाद दिन चाहन्छु जसले हामीसित रहेको आफ्नो मित्रता र घनिष्ट सम्बन्धलाई व्यवहारिक रूप दिँदै यू.के.मा हाम्रो जमाअतको सय वर्ष पूरा भएको उपलक्ष्यमा उक्त शताब्दी समारोहको आयोजन पार्लियामेन्ट भवनमा गरेका छन । म ती सबै अतिथिवर्गप्रति पनि आभार व्यक्त गर्छु जसले आज यहाँ उपस्थित भएर यस समारोहलाई निश्चितरूपमा सफल तुल्याउन सहयोग पुऱ्याएका छन । यहाँहरूको यो शुभकार्य र भावनाप्रति धन्यवाद दिन र हर्ष प्रकट गर्नका साथै म के भन्न चाहन्छु भने,यस विशाल र सुन्दर भवनका सबै विभागमा कार्यरत समस्त कार्यकर्ताहरू आफ्नो देश र जनताप्रतिको आफ्नो कर्तव्यलाई पूरा गर्ने योग्य बनून तथा यहाँहरू सबैले अन्य देशहरूसित रहेको मधुर सम्बन्धलाई सुदृढ तुल्याउन र न्यायका मागहरूलाई

पूरा गर्दै यस्तो निर्णय गर्नुहुनेछ जुन सबै वर्गका लागि र पार्टिहरूका लागि लाभदायक र हितकारी हुनेछ भन्ने मेरो हार्दिक अभिलाषा र प्रार्थना रहेको छ । यदि यस भावनाका साथ आ-आफ्नो कर्तव्य पालन गरेमा - प्रेम,सहानुभूति र भातृत्वभाव उत्पन्न हुनेछ जसद्वारा विश्व वास्तविक अर्थमा शान्ति र समृद्धिको केन्द्र बन्नेछ ।

मेरो यो इच्छा र प्रार्थना समस्त अहमदी मुसलमानहरूको भावना र चाहनाको प्रतिनिधित्वमा रहेको छ किनभने आफ्नो देशप्रतिको प्रेम उनीहरूको विश्वास र ईमानको एउटा अनिवार्य अंग हो । इस्लामका प्रवर्तक हजरत मुहम्मद(सल्लम)ले स्पष्टरूपमा देशभक्ति र देशप्रेमको आदेश दिनुभएको छ । अतः प्रत्येक अहमदी मुसलमान जो यू.के.को नागरिक रहेको छ,चाहे त्यो यू.के.मा जन्मिएको होस अथवा अन्य देशबाट प्रवासीको रूपमा यहाँ आएर नागरिकता प्राप्त गरेको होस,त्यो पूर्णतया यस देशको वफादार रहेको छ र त्यसले यस देशसित हार्दिक प्रेम गर्छ । अहमदी मुसलमानहरूले केवल यस देशको उन्नति र समृद्धिको कामना गर्छन भन्ने कुरो म स्पष्ट गर्न चाहन्छु ।

अरू देशहरूबाट प्रवासीको रूपमा आएर यहाँ यू.के.मा बसोवास गर्ने व्यक्तिहरूको संख्या निकै ठूलो छ । तिनीहरूको जनसंख्या यस देशको जनसंख्याको प्रायः १४-१५ प्रतिशत रहेको छ । अतः ब्रिटेनवासीहरूले अरू देशहरूबाट आएका मानिसहरूलाई जसरी आफ्ना देशका नागरिक तथा ब्रिटिश समाजको रचनाको अंशस्वरूप स्वीकार गर्नमा जुन उदारता र सहिष्णुताको प्रदर्शन गरेका छन त्यसको वर्णन र प्रशंसा नगरी म आफ्नो भाषणलाई अघि बढाउन सक्दिन । यसैगरी जो मानिसहरू अन्य देशबाट आएर यहाँ बसोवास गरिरहेछन नैतिकरूपमा तिनीहरूको कर्तव्य रहेको छ,तिनीहरूले स्वयंलाई यस देशका वफादार र इमानदार नागरिक सिद्ध गरून र समस्त प्रकारका विवाद र कलहहरूको समाप्ति र निवारर्णाथ सरकारको प्रयासमा सहयोगी र समर्थक बनून । जहाँसम्म अहमदिया

मुस्लिम जमाअतका सदस्यहरूको सम्बन्ध छ तिनीहरू चाहे कुनैपनि देशमा बसोवास गरून यस सिद्धान्तको नितान्त पालना गर्छन ।

यस समय हामी यू.के.मा अहमदिया मुस्लिम जमाअतको स्थापनाको शताब्दी समारोह मनाइ रहेछौं भन्ने कुरो यहाँहरूलाई ज्ञात छ । अतः अहमदिया जमाअतका सदस्यहरूले सदैव आफ्नो देशप्रति वफादारीका मागहरू र तकाजाहरू पूरा गरेका छन र सरकारविरुद्ध प्रदर्शित उग्रवाद,विद्रोह तथा अव्यवस्थाबाट दूर रहेका छन भन्ने तथ्य गत सय वर्षको इतिहासले सिद्ध गरेको छ । वास्तवमा यस वफादारी र देशप्रेमको विचारधाराको मूलकारण अहमदिया मुस्लिम जमाअत एउटा साँचो इस्लामी जमाअत हुनु हो । हाम्रो जमाअत अन्यहरू भन्दा पूर्णतः भिन्न र विशेष छ । वस्तुतः हामीले निरन्तर इस्लामका वास्तविक शान्तिपूर्ण शिक्षाहरूसित विश्वासीहरूलाई परिचित गराएका छौं तथा यी शिक्षाहरूलाई वास्तविक इस्लामको रूपमा विश्वले स्वीकार गरोस भन्ने हाम्रो प्रार्थना र प्रयास सदैव रहेको छ ।

यस संक्षिप्त परिचयपछि म अब आफ्नो भाषणको मुख्य विषयतर्फ लाग्छु। हाम्रो जमाअत शान्ति,सन्धि र समन्वय तथा एकताको झण्डा उँचा गर्ने एउटा आध्यात्मिक जमाअत हो । हाम्रो आदर्श बोल " सबैलाई प्रेम गर घृण कसैलाई नगर " रहेको छ । केही हाम्रा परिचित गैर मुस्लिम अथवा जससित हाम्रो निकटसम्बन्ध रहेको छ तिनीहरू इस्लामलाई अहमदिया मुस्लिम जमाअतले आफ्नो शान्ति र भातृत्वभावको सन्देशको श्रोत मान्छन र प्रचार गर्छन भनी आश्चर्यित हुन्छन । यसको कारण के हो भने आज इस्लामको नाम लिने कथित विद्वानहरू र अन्य इस्लामी समुदायहरूको पूर्णतः पृथक आचरण र अलग्गै सन्देश रहेको तिनीहरूको अनुभव छ ।

यस अन्तरलाई स्पष्टपार्न म यहाँ के भन्न चाहन्छु भने अहमदी मुसलमानहरूले वर्तमान युगमा "तरवारद्वारा जिहाद(संघर्ष)"को विचारधारा

पूर्णतः गलत हो र यसको खण्डन र निन्दा हुनुपर्छ भन्ने विश्वास राख्छन । परन्तु यसका विपरित केही अन्य मुस्लिम समुदायका विद्वानहरू भने उपरोक्त उग्र विचारधाराको प्रचार गर्छन र त्यसप्रति अन्य मुसलमानहरूलाई प्रोत्साहित गर्नका साथै स्वयं त्यसको पालना गर्छन । तिनीहरूको यही विचारधारा विश्वका भिन्न भिन्न क्षेत्रमा मुसलमानहरूका बीचमा उग्रवादी तथा आतंकवादी संगठनहरूको जन्मको कारण बनेको छ । केवल केही संगठनहरू भिन्न भिन्न नामका साथ सामुन्ने देखा परेका छन भन्ने मात्र होइन अपितु केही मानिसहरूले व्यक्तिगत रूपमा यस गलत र मिथ्या विचारधाराको अनुचित लाभ उठाएर त्यही अनुरूप आफ्नो नमूना प्रदर्शन गरिरहेछन । लंदनको एउटा मार्गमा एकजना निर्दोष ब्रिटिश सिपाहीको निर्मम हत्या यसै विचारधाराको कुपरिणामको एउटा ताजा उदाहरण हो । उक्त आक्रमणको इस्लामी वास्तविक शिक्षासित कुनै सम्बन्ध छैन ।

इस्लामले त यस्ता घटनाहरूको अत्यन्तै निन्दा र तिरस्कार गर्छ । यस्ता घटनाहरू र षडयन्त्रहरूले इस्लामका वास्तविक शिक्षा र तथाकथित मुसलमानहरूले आफ्नो निहित स्वार्थसिद्धका कारण प्रचार गरिरहेका विकृत शिक्षाहरूका बीचको अन्तरलाई स्पष्टरूपमा प्रदर्शित गरिरहेका हुन्छन । यहाँ केही स्थानीय समुदायहरूको प्रतिक्रिया पनि उचित थिएन जसको फलस्वरूप समाजको शान्ति भंग हुनसक्छ भन्ने कुरो म यहाँ भन्न चाहन्छु ।

हामी जुन इस्लामी शिक्षा प्रस्तुत गर्छौं त्यही नै शुद्ध र सही हो भन्ने तर्कको समर्थनमा के प्रमाण छ त ? वस्तुतः ध्यानदिन योग्य कुरो के हो भने तरबार अथवा बलप्रयोगको अनुमति केवल त्यस स्थितिमा दिइएको छ जब इस्लामविरुद्ध धार्मिक युद्धको थालनी दोश्रो पक्षले गर्छ । वर्तमान युगमा कसैले,चाहे देश होस अथवा धर्म,भौतिक रूपमा इस्लामविरुद्ध धर्मको आधारमा आक्रमण अथवा युद्ध गरिरहेको छैन । अतः मुसलमानहरूका निम्ति कुनै अन्य समुदायमाथि धर्मको नाममा आक्रमण गर्नु कदापि न्यायसंगत र

उचित हुनसक्दैन । यदि त्यसो गरेमा त्यो पवित्र कुर्आनका शिक्षाहरूको उल्लङ्घन हो ।

पवित्र कुर्आनले केवल ती व्यक्तिहरूविरुद्ध बल प्रयोग गर्ने अनुमति दिन्छ जसले इस्लामविरुद्ध युद्धको थालनी गर्छन र तरबार उठाउँछन । एउटा अर्को महत्वपूर्ण कुरो के हो भने यदि कोही नागरिकले आफ्नो देश अथवा आफ्ना देशवासीहरूलाई कुनै प्रकारको आघात अथवा हानि पुऱ्याउँछ भने त्यो व्यक्ति निश्चितरूपमा इस्लामी शिक्षाको उल्लङ्घनकारी हो । हजरत मुहम्मद(सल्लम)ले भन्नुभएको छ :- “ जसले कुनै निर्दोष व्यक्तिको हत्या गर्छ त्यो मुसलमान होइन ।” अतः उहाँको दृष्टिमा यस्ता व्यक्तिहरू क्षीण इमानयुक्त र पापी हुन ।

अब म इस्लामका केही अन्य यस्ता पक्षहरू प्रस्तुत गर्नेछु जसबाट इस्लामका शिक्षाहरू अति विशुद्ध र उत्कृष्ट ज्ञानमा आधारित रहेका छन भन्ने कुरो सिद्ध हुनेछ । केही तथाकथित मुस्लिम संगठनहरूले इस्लामको जुन रूप प्रस्तुत गरिरहेछन त्यसले कुनै पनि पक्षमा इस्लाम धर्मको वास्तविक शिक्षाको प्रतिनिधित्व गर्दैन भन्ने कुरो म स्पष्ट पार्न चाहन्छु । वस्तुतः तिनीहरू केवल आफ्ना निहित स्वार्थसिद्धि हेतु त्यस्ता घृणापूर्ण गतिविधिहरूलाई न्यायसंगत ठहऱ्याउन अनुचित रूपले इस्लामको नाम प्रयोग गर्छन भन्ने कुरो विदित होस ।

इस्लामले धैर्य र सहनशीलताको महत्व र आवश्यकताप्रति यति जोड दिएको जसको उदाहरण अन्य धर्महरूमा पाउनु असम्भव छ । अन्य मानिसहरूको न्यायसंगत ठहऱ्याउन अनुचित रूपले इस्लामको नाम प्रयोग गर्छन भन्ने कुरो विदित होस ।

इस्लामले धैर्य र सहनशीलताको महत्व र आवश्यकप्रति यति जोड दिएको जसको उदाहरण अन्य धर्महरूमा पाउनु असम्भव छ । अन्य मानिसहरूको मतानुसार जबसम्म अरूका धर्महरूलाई झूटा र असत्य प्रमाणित गरिदैन

तबसम्म आफ्नो धर्मको सत्यता प्रमाणित गर्न सकिदैन । परन्तु यस सन्दर्भमा इस्लामको शिक्षा र मत पूर्वतः भिन्न छ । इस्लामको मतानुसार यद्यपि इस्लाम एउटा साँचो धर्म हो जुन समस्त मानवजातिका निम्ति स्थापति गरिएको हो तथापि वास्तविकता के हो भने परमेश्वरका सन्देशवाहककहरू र अवतारहरू विश्वका प्रत्येक भागमा र प्रत्येक जातिहरूतर्फ आविर्भाव गरिए । पवित्र कुर्आनमा यस कुराको स्पष्ट वर्णन छ। समस्त नबीहरू र अवतारहरूलाई प्रेम र स्नेहको शिक्षा दिएर मैले नै पठाएको हो भन्ने अल्लाह तआलाको वचन रहेको छ । अतः सबै साँचा मुसलमानहरूका निम्ति तिनीहरूलाई स्वीकार्नु र सम्मान दिनु अनिवार्य रहेको छ ।

कुनै अन्य धर्मले यति स्पष्टपूर्वक र उदारतापूर्वक समस्त धर्महरूको प्रशंसा गर्दैन जसरी इस्लामले गरेको छ । मुसलमानहरूले किनभने सबै जातिहरूमा र देशहरूमा अवतारहरू आएका हुन भन्ने विश्वास राख्छन त्यसकारण तिनीहरूले उनीहरूलाई झूटा ठान्ने विचारसम्म मनमा ल्याउन सक्दैनन ।

अतः साँचा मुसलमानहरूले परमात्माका कुनै पनि नबी अथवा अवतारको अनादर र उपहास गर्न सक्दैनन । न त तिनीहरूले अन्य धर्मावलम्बीहरूका भावनाहरूलाई आहत गर्न सक्छन ।

अति खेदको कुरो के भने केही गैर मुस्लिमहरूको व्यवहार यसको ठीक विपरित रहेको छ । तिनीहरूले इस्लामका संस्थापक हजरत मुहम्मद( सल्लम)प्रति कलङ्क लगाउने र योजनावद्धरूपमा उहाँको उपहास उडाउने अवसर हातबाट जान दिदैनन । यसप्रकार तिनीहरूले मुसलमानहरूको भावनालाई नराम्रो गरी आहत गरेका छन । परन्तु दुर्भाग्यवश यदाकदा केही तत्वहरूले जब मुसलमानहरूका भावनाहरूसित खेलबाड गर्छन तब केही तथाकथित मुसलमानहरूले आक्रोषमा आएर अज्ञानताका कारण अनुचित

प्रतिक्रिया देखाउँछन जसको इस्लामका वास्तविक शिक्षाहरूसित कुनै प्रकारको केही सम्बन्ध हुदैन । कोही अहमदी मुसलमानले कहिल्यै कुनै उत्तेजनात्मक स्थितिमा त्यसप्रकारको अनुचित प्रतिक्रिया प्रदर्शित गर्दैन भन्ने कुरो यहाँहरूले अवश्य अनुभव गर्नुहुनेछ ।

इस्लामका प्रवर्तक हजरत मुहम्मद(सल्लम)र पवित्र कुर्आनमाथि एउटा अर्को आरोप यिनले उग्रवादको शिक्षा दिएको छ र इस्लामको संदेश प्रचारार्थ बल प्रयोग गर्न प्रोत्साहित गरेको छ भन्ने लगाइन्छ । यस आरोपको समीक्षा र विवेचनार्थ स्वयं कुर्आनको अध्ययन गर्नु आवश्यक छ । सर्वशक्तिमान अल्लाह तआलाको वचन यसप्रकार रहेको छ :- यदि तिम्रा प्रतिपालकले आफ्नो इच्छा र चाहनालाई (बलपूर्वक)लागू गरेका भए धरतीका समस्त मानिसहरूले विश्वास गर्नेथिए । अतः के तिमी मानिसहरूलाई मोमिन(विश्वासी)बन्न विवश गर्न सक्छौ त ? (सूरः यूनुस आयत १००)

उपरोक्त पवित्र कुर्आनको आयतले यदि सर्वशक्तिमान परमेश्वरको इच्छा रहेको भएमा उनले समस्त मानवजातिलाई एउटा धर्म अपनाउन सहजै विवश गर्नेथिए भन्ने कुरो स्पष्ट पार्छ । परमेश्वरले त संसारका मानिसहरूलाई चाहे तिमीहरू ईमान ल्याऊ अथवा नल्याऊ भन्ने विकल्पको स्वतन्त्रता प्रदान गरेका छन ।

अतः जब परमेश्वरले स्वयं मानवजातिलाई कुनै पनि विकल्प अपनाउने स्वतन्त्रता प्रदान गरेका छन भने हजरत मुहम्मद(सल्लम)ले अथवा उहाँको कुनै अनुयायीले कसैलाई मुसलमान बन्न कसरी विवश गर्न सक्छ र ?

पवित्र कुर्आनमा अल्लाहको वाणी यसप्रकार पनि रहेको छ :- “.......सत्य तिम्रा रब्ब (प्रतिपालक)का तर्फबाट नै अवतीर्ण भएको हो,अतः जसले चाहोस विश्वास(स्थापना)गरोस र जसले चाहोस अस्वीकार गरोस.........” (सूरः अल्कहफ,आयत ३०)

यही हो इस्लामको वास्तविकता र यही हो यसको वास्तविक शिक्षा । यदि कोही व्यक्तिले चाहेमा त्यसलाई इस्लाम स्वीकार गर्ने स्वतन्त्रता प्राप्त छ । यदि उसको मनले नचाहेमा उसलाई अस्वीकार गर्ने पनि स्वतन्त्रता प्राप्त छ। अतः इस्लाम उग्रवाद र बलप्रयोगको पूर्णतः विरुद्ध छ अपितु इस्लामले त यसका विपरित समाजको प्रत्येक स्तर र वर्गमा शान्ति र समन्वयलाई समर्थन गर्छ ।

इस्लामले हिंसा र बलप्रयोगको शिक्षा दिनु असम्भव छ किनभने इस्लामको त शाब्दिक अर्थ नै शान्तिपूर्वक रहनु र शान्ति प्रदान गर्नु हो । यसोपरान्त जब हाम्रो धार्मिक भावनाको उपहास र ठट्टा गरिन्छ तब हामीलाई अत्यन्त कष्ट र पीडा अनुभव हुन्छ । हजरत मुहम्मद (सल्लम)का सम्बन्धमा यदि कुनै पनि अपमानजनक शब्द प्रयोग गरिन्छ भने त्यसले हाम्रो हृदय विदारित हुन्छ ।

हजरत मुहम्मद मुस्तफा (सल्लम)ले नै हाम्रो हृदयमा परमात्मा र उनका सृष्टिप्रति प्रेमको भावना जागृत गर्नुभएको हो । उहाँले नै हाम्रो मनमा समस्त मानवजाति र सबै धर्मप्रति आदर र प्रेमको भावना स्थापित गर्नुभयो। इस्लामका शान्तिपूर्ण शिक्षाहरूका सम्बन्धमा यसबाहेक अन्य कुन प्रमाण हुनसक्छ जब हजरत मुहम्मद(सल्लम)ले इस्लामको सन्देश दिएको समयमा उहाँका विरोधीहरूले  दिएका थिए । तिनीहरूले कदापि उहाँले हामीलाई इस्लामतर्फ बोलाएर कुनै प्रकारको अत्याचार अथवा अनैतिक कार्य गर्ने शिक्षा दिनुभयो भन्ने आरोप लगाएनन अपितु तिनीहरूको उत्तर थियो,यदि तिनीहरूले इस्लामका शिक्षाहरू स्वीकार गरेमा तिनको धन सम्पत्तिमाथि अत्याचारीहरूले अतिक्रमण गर्नेछन र तिनीहरूको मान र प्रतिष्ठा पनि खतरामा पर्नेछ किनभने हजरत मुहम्मद(सल्लम)केवल शान्ति र सौहार्द तथा समन्वयको शिक्षाप्रति जोड दिनुहुन्छ । तिनीहरूले इस्लाम स्वीकारेको खण्डमा शान्तिलाई अपनाउनेछन अतः त्यस अवस्थामा छेउछाउका मानिसहरूले र अन्य जातिहरूले त्यसको अनुचित लाभ उठाएर उनीहरूलाई

सताउने छन र उनीहरूको नाश गर्नेछन भन्ने आशंका व्यक्त गरे । सारंश के भने यदि इस्लामले हिंसाको प्रचार गऱ्यो भने र मुसलमानहरूलाई सीधै युद्ध गर्ने र तरबार उठाउने शिक्षा दिन्थ्यो भने अविश्वासीहरूले कदापि आफ्नो पक्षमा त्यस्ता तर्कहरू प्रस्तुत गर्नेथिएनन । तिनीहरूले कदापि इस्लामलाई स्वीकारेमा इस्लामको शान्तिपूर्ण शिक्षाको फलस्वरूप अन्य जाति र धर्मका मानिसहरूले तिनीहरूलाई सर्वनाश पार्नेछन भन्ने उत्तर दिने थिएनन ।

पवित्र कुर्आनको वर्णानुसार सर्वशक्तिमान अल्लाहको एउटा गुणवाचक नाम“सलाम”पनि रहेको छ । यसको अर्थ हो “शान्तिको श्रोत” यसबाट के स्पष्ट हुन्छ भने यदि परमात्मा वास्तवमा शान्तिका श्रोत हुन भने उनको शान्ति केवल एउटा विशेष जाति अथवा समुदायसम्म सीमित नरहेर समस्त सृष्टि र समस्त मानवजातिप्रति आच्छादित हुनुपर्छ अर्थात सबैलाई त्यसले ढाकेको हुनुपर्छ । यदि परमेश्वरको शान्ति केवल केही मानिसहरूको सुरक्षार्थ मात्र रहेको भएमा त उनलाई समस्त संसारका परमात्मा भन्न सकिन्न । सर्वशक्तिमान परमेश्वरले पवित्र कुर्आनमा यसको उत्तर यसप्रकार दिएका छन :- “ तथा यस रसूल(सन्देशवाहक)को त्यसकुराको शपथ ! जब उसले हे मेरा रब्ब(प्रतिपालक) ! यो जाति त यस्तो छ जसले ईमान(विश्वास)ल्याउँदैन भनी गुनासो गरेको थियो । अतः तिनीहरूलाई छाडिदेउ र भन” “तिमीहरूमाथि अल्लाहको शान्ति(वर्षण)होस ।” तथा तिनीहरूले शीघ्र नै जान्नेछन । ”   (सूरःअल् जुख्रफ आयत ८९-९०)

यी शब्दहरूबाट हजरत मुहम्मद मुस्तफा(सल्लम)ले यस्तो शिक्षा लिएर आउनु भएको थियो जुन समस्त मानवजातिका निम्ति शान्ति र दयाको श्रोत थियो र त्यो समस्त मानवजातिका निम्ति शान्तिको माध्यम थियो भन्ने कुरो विदित हुन्छ । यसैगरी हजरत मुहम्मद मुस्तफा(सल्लम)को शान्तिको सन्देशको उत्तरमा उहाँका विरोधीहरूले न केवल उहाँको शिक्षाको तिरस्कार गरे अपितु उहाँको अपमान र उपहास पनि गरे भन्ने कुरो स्पष्ट हुन्छ ।

वास्तवमा तिनीहरू त त्यो भन्दा पनि अघि बढेर पूर्ण शत्रुताका साथ उहाँको विरोध र अत्याचार गर्नलागे तथा कलह र अशान्तिको वातावरण उत्पन्न गर्नुपुगे । विरोधीहरूको त्यो व्यवहार र ती गतिविधिहरू देखेर पनि हजरत मुहम्मद(सल्लम)ले परमात्मासित केवल “ म यिनीहरूलाई शान्ति प्रदान गर्न चाहन्छु परन्तु यिनीहरू मलाई शान्ति दिदैनन अपितु मलाई दुख र पीडा दिने प्रयास गर्छन ।” भनी प्रार्थना गर्नुभयो ।

त्यसको उत्तरस्वरूप परमात्माले उहाँलाई सान्त्वना दिँदै भने, “ तिनीहरूले जे जसो गर्छन त्यसप्रति ध्यान नदेउ र तिनीहरूबाट अलग्ग होउ। तिम्रो एकमात्र कर्तव्य संसारमा शान्तिप्रसार गर्नु र त्यसको स्थापना गर्नु हो । तिमी तिनीहरूको घृणा र तिनीहरूको अत्याचारको उत्तरमा केवल के भन भने, “ तिमीहरूमाथि शान्ति होस” र तिनीहरूलाई भन, “ म तिमीहरूका निम्ति शान्ति लिएर आएको छु ।”

यसप्रकार हजरत मुहम्मद मुस्तफा(सल्लम)ले आजीवन विश्वमा शान्तिप्रसार गर्नुभयो । त्यही नै उहाँको महान उद्देश्य थियो । निस्सन्देह एउटा यस्तो दिन अवश्य आउनेछ जब संसारका मानिसहरूले यस तथ्यलाई बुझ्नेछन र उहाँले कुनै प्रकारको उग्रवादको शिक्षा दिनुभएन भन्ने कुरो स्वीकार गर्नेछन । उहाँ केवल शान्ति,प्रेम र सहानुभूतिको संदेश लिएर आउनुभएको थियो भन्ने अनुभव अवश्य हुनेछ । यस बाहेक के पनि भने यदि यस महान अवतारका अनुयायीहरूले पनि अत्याचारहरू र अन्यायहरूप्रति प्रेमपूर्वक आफ्नो प्रतिक्रिया व्यक्त गर्छन भने निस्सन्देह ती व्यक्तिहरू जसले इस्लामका सुन्दर र देदीप्यमान शिक्षाहरूप्रति आक्षेप र आरोप लगाइरहेछन,एकदिन तिनीहरूले इस्लामको सत्यता र सुन्दरतालाई स्वीकार्नेछन ।

अहमदिया  मुस्लिम जमाअतले यिनै शिक्षाहरूको पालना र अनुसरण गर्छ । यही सहानुभूति,सहनशीलता र दयामा आधारित त्यो शिक्षा हो जसको

हामी समस्त संसारमा प्रचार र प्रसार गर्छौं । हामी दया र उदारताको त्यही ऐतिहासिक र अद्वितीय तथा अनुपम आदर्शको पालना गर्छौं जसको प्रदर्शन र प्रसार हजरत मुहम्मद(सल्लम)ले धेरै वर्षसम्म अत्यन्त कडा र पीडादायक उत्पीडन र यातना तथा अत्याचारहरूलाई सहन गरी पुनः मक्काका मार्गहरूमा एउटा विजयीको रूपमा प्रवेश गर्दा गर्नुभएको थियो ।

धेरै वर्षसम्म उहाँलाई र उहाँका अनुयायीहरूलाई जीवनका मौलिक आवश्यकताहरू भोजन र पानी तथा अन्य वस्तुहरूबाट वञ्चित राखियो । त्यसको फलस्वरूप तिनीहरूले एक समयमा निकै दिनसम्म भोक र प्यासको पीडा सहन गर्नुपरेको थियो । उहाँका धेरैजना अनुयायीहरूमाथि आक्रमण गरियो,केहीलाई त अत्यन्त निर्दयतापूर्वक हत्या गरियो जसको कल्पना समेत गर्नसकिन्न । मुसलमान वृद्धहरू,स्त्रीहरू र बालक-बालिकाहरूलाई पनि क्षमा गरिएन,तिनीहरूसित पनि निर्दयतापूर्ण र अत्याचारपूर्ण व्यवहार गरियो । त्यसपश्चात जब हजरत मुहम्मद मुस्तफा(सल्लम)विजयी भएर पुनः मक्कामा प्रविष्ट हुनुभयो तब उहाँले कुनैप्रकारको प्रतिशोध लिनु भएन बरु उहाँले घोषणा गर्नुभयो, “ तिमीहरूमध्ये कसैलाई कुनै दण्ड दिइने छैन किनभने मैले तिमीहरू सबैलाई क्षमा गरिदिएँ । म प्रेम र शान्तिको दूत हुँ । अल्लाहनै शान्तिका श्रोत हुन भन्ने मलाई सर्वाधिक ज्ञान छ- अर्थात अल्लाह नै हुन जसले शान्ति प्रदान गर्छन । म तिमीहरूका पहिलाका सबै अत्याचारहरूप्रति तिमीहरूलाई क्षमा गर्छु र तिमीहरूलाई शान्ति तथा सुरक्षाको जमानत र ग्यारन्टी दिन्छु । तिमीहरूले स्वतन्त्र रूपमा मक्कामा निवास गर्न सक्नेछौ र आफ्नो धर्मको स्वेच्छापूर्वक पालन गर्न सक्नेछौ,कसैलाई कुनैप्रकारले वाध्य अथवा विवश गरिने छैन । ”

मक्काका केही कट्टर काफिर(अविश्वासी)हरू दण्डको भयले मक्का त्यागेर भागेका थिए किनभने मुसलमानहरूमाथि तिनीहरूले गरेका अत्यधिक अत्याचारहरूबारे तिनीहरूलाई ज्ञात थियो । परन्तु जब तिनीहरूका नातेदारहरूले उहाँको दया र प्रेमको त्यस्तो अद्वितीय उदाहरण र शान्ति र

सौहार्दको अभूतपूर्व प्रदर्शन देखे तब उनीहरूले तिनीहरूलाई फर्केर मक्का आउने सन्देश पठाए । हजरत मुहम्मद(सल्लम)ले शान्ति र सुरक्षा प्रदान गर्नुहुन्छ भन्ने त्यो सन्देश पाएर तिनीहरू मक्का फर्किएर आए । जो व्यक्तिहरू त्योभन्दा पहिला इस्लामका कट्टर विरोधी र शत्रु थिए तिनीहरूले जब स्वयं हजरत मुहम्मद मुस्तफा(सल्लम)को दया र उदारताको प्रत्यक्षरूपमा अवलोकन र अनुभव गरे तब तिनीहरूले स्वेच्छापूर्वक इस्लाम धर्म स्वीकार गरे ।

मैले वर्णन गरेका यी कुराहरू लिखित इतिहासका अंश हुन र अधिकतर गैर मुस्लिम इतिहासकारहरू र *Orientalists* हरूले यस सत्यको पुष्टि गरेका छन । यी इस्लामका वास्तविक शिक्षाहरू हुन र यही नै हजरत मुहम्मद मुस्तफा(सल्लम)को महान आदर्श हो । अतः इस्लाम र यसका संस्थापकलाई हिंसक र कट्टरवादीको रूपमा प्रस्तुत गर्नु र उहाँविरुद्ध त्यसप्रकारका आरोपहरू लगाउनु घोर अन्याय हो । निस्सन्देह जहाँ जहाँ यस्ता आरोपहरू र आक्षेपहरू लगाइन्छन हामीलाई त्यसबाट गहिरो पीडा र असहनीय कष्ट अनुभव हुन्छ ।

म पुनः के भन्न चाहन्छु भने वर्तमान समयमा केवल हाम्रो जमाअत अर्थात अहमदिया मुस्लिम जमाअत नै त्यो जमाअत हो जसले इस्लामका वास्तविक र शान्तिपूर्ण शिक्षाहरूको अनुसरण र पालना गरिरहेछ । म के पनि पुनः भन्न चाहन्छु भने केही आतंकवादी संगठनहरू अथवा केही विशेष व्यक्तिहरूद्वारा जुन घृणापूर्ण व्यवहार र दुष्कर्महरू गरिन्छन तिनीहरूको इस्लामका संस्थापकसित अथवा इस्लामका वास्तविक शिक्षाहरूसित कुनै प्रकारको सम्बन्ध छैन । वास्तविक न्यायको आधारभूत सिद्धान्त के हो भने कुनै समुदाय अथवा व्यक्ति विशेषको निहित स्वार्थलाई कुनै पनि धर्मका शिक्षाहरूसित नजोडियोस । यस्ता गतिविधिहरूलाई कुनै धर्म अथवा त्यसका प्रवर्तकको अन्यायपूर्ण ढंगले उपहास अथवा निन्दा गर्नका लागि एउटा बहानाको रूपमा अनुचित प्रयोग गर्नु अत्यन्त खेदको कुरो हो । समयको

नितान्त माग र आवश्यकता के रहेको छ भने विश्व-शान्ति र एकताको स्थापना हेतु सबै मानिसहरूको सम्मान र एक अर्काका धर्मको आदर गर्ने भावनाको प्रदर्शन र प्रसार गरियोस अन्यथा वर्तमान स्थितिको परिणाम अति भयानक हुनेछ ।

विश्वले आज विश्वग्रामको रूप धारण गरिसकेको छ । अतः परस्पर आदर सम्मानको अभाव र शान्ति स्थापनार्थ संगठित हुनुमा विफलताका कारण न केवल स्थानीय क्षेत्र,शहर अथवा देशलाई हानि पुग्नेछ अपितु क्रमशः सम्पूर्ण विश्व एउटा भयानक विनाशको लपेटोमा आउनेछ । गत दुईवटा विश्वयुद्धका भयानक विध्वंसकारी परिणाम बारे हामी सबैलाई ज्ञात छ । आज केही देशहरूका गतिविधिहरू यस्ता देखिन्छन जुन तृतीय विश्वयुद्धका सूचकका रूपमा लिन सकिन्छन ।

यदि तृतीय विश्वयुद्ध आरम्भ भयो भने पश्चिमी देशहरू पनि त्यसका दूरगामी र विनाशकारी परिणामबाट नराम्रो गरी प्रभावित हुनेछन । हामीले आफ्ना भावी पिढीहरूलाई युद्धको भयानक विनाशकारी परिणामबाट सुरक्षित राख्ने यथासम्भव प्रयास गर्नु आवश्यक छ । स्पष्ट छ, सबैभन्दा भयानक परमाणु युद्ध नै हुनेछ र यससमय संसार जसतर्फ अग्रसर छ निस्सन्देह त्यो एउटा परमाणु युद्ध आरम्भ हुने सूचक प्रतित हुन्छ । यस विनाशकारी परिणामलाई रोक्नका लागि हामीले न्याय,एकता र अखण्डता तथा इमानदारीको मार्ग अपनाउनु पर्नेछ र संगठित रूपमा ती गुटहरू र दलहरूको दमन र नियन्त्रण गर्नु पर्नेछ जसले घृणाको प्रचार गरी विश्वको शान्तिलाई पूर्णतः समाप्त गर्न चाहन्छन ।

सर्वशक्तिमान परमेश्वरले विश्वका महाशक्तिहरूलाई आ-आफ्नो कर्तव्यको यस सम्बन्धमा न्यायपूर्ण ढंगले पालना र निर्वाह गर्ने सामर्थ्य प्रदान गर्नेछन भन्ने म आशा राख्दछु र यही मेरो प्रार्थना छ । आफ्नो भाषणको समाप्तिमा

## विश्व संकट तथा  शांतिको मार्ग

म यहाँहरूको धन्यवाद गर्न चाहन्छु , यहाँहरू सबैजना समय निकालेर यहाँ पाल्नुभयो परमात्माले यहाँहरू सबैमाथि आफ्नो कृपा गरून ।



# WORLD PEACE—
# THE CRITICAL NEED OF THE TIME

NEW ZEALAND NATIONAL PARLIAMENT
WELLINGTON , NEW ZEALAND, 2013







Hon. Kanwaljit Singh Bakshi (MP) receiving the HolyQur'an from Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]



Iranian ambassador Seyed Majid Tafreshi Khameneh meeting Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]



Det. Rakesh Naidoo meeting Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] in representation of the Commissioner of Police New Zealand



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] leading silent prayers at the conclusion of the official function in the Grand Hall, New Zealand Parliament



Dr. Cam Calder MP meeting Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] delivering the keynote address at the Grand Hall, in the New Zealand Parliament. 4th Nov 2013



Hon. Kanwaljit Singh Bakshi (MP) with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] and his entourage in front of the New Zealand Parliament

# प्राक्कथन

विश्वव्यापी अहमदिया जमाअतका प्रमुख हजरत मिर्जा मसरूर अहमद( अल्लाहले उहाँको सहायता गरुन) प्रतिश्रुत मसीहका पञ्चम खलीफाले ४ नवम्बर २०१३ ई.का दिन वेलिङ्गटन शहरमा न्यूजीलेण्डको राष्ट्रीय पार्लियामेन्टमा एउटा ऐतिहासिक भाषण दिनुभयो । पार्लियामेन्टका सदस्यहरू र भिन्न भिन्न क्षेत्रसित सम्बन्धित अतिथिहरूसमक्ष उहाँले विश्वका विभिन्न भागहरूमा तिव्र गतिले बढिरहेका विवादहरू र तनाउलाई ध्यानमा राखी विश्व-शान्ति स्थापनार्थ न्यायको नितान्त आवश्यकता छ भन्ने कुराको महत्व प्रकट गर्नुभयो । उहाँको मुख्य भाषणपछि अन्य उच्च पदाधिकारीहरूले पनि आ-आफ्ना विचारहरू प्रकट गरे । श्री कंवलजीत बख्शी M.P.ले भन्नुभयो, “ हजरत मिर्जा मसरूर अहमदको यहाँ न्यूजीलेण्डको पार्लियामेन्टमा पदार्पण हाम्रा लागि अत्यन्त सौभाग्यको कुरो हो । हामीलाई उहाँका ज्ञानहरू र विचारहरू सुन्ने अवसर प्राप्त भएको छ ।” डॉ.राजन प्रसाद M.P.ले भन्नुभयो,न्यूजीलैण्डको पार्लियामेन्टमा हजरत साहेबको स्वागत गर्न पाउनु हाम्रा निम्ति सदैव अत्यन्त सुखदायी अनुभव रहनेछ । अहमदीहरू कसरी एउटा राष्ट्रको नागरिकको रूपमा आफ्नो जीवन यापनका साथै शान्तिको सन्देशको पालना गर्छन भन्ने कुरोले मलाई सदैव

अत्यन्त प्रभावित गरेको छ ।" सभाको अन्तमा हजरत मिर्जा मसरूर अहमद साहेबले विभिन्न उच्च पदाधिकारीहरूसित जसमा इरान र इज्राईलका राजदूत पनि सम्मिलित थिए भेट गर्नु भयो । श्री कंवलजीत सिंह बख्शी M.P.ले उहाँलाई पार्लियामेन्टको अवलोकन गराए ।

# विश्व शान्ति
# वर्तमान समयको नितान्त आवश्यकता

**बिस्मिल्लाहिर्रहमानिर्रहीम**

अनन्त कृपालु र अत्यन्त दयालु अल्लाहको नामका साथ आरम्भ गर्छु ।

सबै विशिष्ट अतिथिगण !

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहू

यहाँहरू सबैमाथि अल्लाहको कृपा होस ।

सर्वप्रथम म यस अवसरमा ती सबै व्यक्तिहरूको र विशेषतः कंवलजीत सिंह बख्शी M.P. प्रति धन्यवाद प्रकट गर्न चाहन्छु जसले यो सभाको आयोजन गरी यहाँहरू सबैलाई सम्बोधित गर्ने अवसर मलाई प्रदान गरे । यसपश्चात म यहाँहरू सबैको धन्यवादी छु जो मेरा विचारहरू सुन्नका निम्ति यहाँ पाल्नुभएको छ ।

निस्सन्देह यस पार्लियामेन्ट हाउसमा देशको उन्नति र विकासार्थ भिन्न भिन्न नीतिहरू र योजनाहरू तथा कानून निर्माणका लागि विभिन्न राजनीतिज्ञहरू र पार्लियामेन्टका सदस्यहरू नियमित रूपले उपस्थित र

एकत्रित हुनेगर्छन । यसैगरी धेरैजना संसारका नेताहरूले यहाँ आएर आफ्नो ज्ञान,कौशल र आफ्ना अतीतका अनुभवहरूको आधारमा यहाँहरूलाई सम्बोधित गरेका होलान भन्ने मेरो विश्वास छ। परन्तु कुनै धार्मिक समुदाय विशेषगरी एउटा मुस्लिम समुदायको प्रमुखले यदाकदा नै यहाँहरूलाई सम्बोधित गरेको होला । अतः विश्वव्यापी अहमदिया मुस्लिम जमाअत जो वास्तविक इस्लामी संस्था हो,जसको एकमात्र उद्देश्य इस्लामका वास्तविक शिक्षाहरूको प्रसार प्रचार रहेको छ,का प्रमुखलाई यहाँ सम्बोधन गर्ने अवसर प्रदान गरी यहाँहरूले आफ्नो विशाल हृदयता र उदारता तथा उच्चस्तरीय सहनशीलताको संकेत र प्रमाण प्रस्तुत गर्नुभएको छ । यस दयापूर्ण व्यवहारप्रति म यहाँहरूको अत्यन्त आभारी छु।

अब म आफ्नो भाषणको मुख्य विषयतर्फ लाग्छु र इस्लामका सुन्दर र अनुपम शिक्षाहरूका सम्बन्धमा केही वर्णन गर्नेछु । सर्वप्रथम वर्तमान समयको नितान्त आवश्यकता अर्थात विश्वशान्ति स्थापनाका सम्बन्धमा केही चर्चा गर्नेछु। यहाँहरूमध्ये अधिकतर व्यक्तिहरू राजनीतिज्ञ हुनुहुन्छ र व्यक्तिगत स्तरमा तथा सरकारहरूले सामूहिक रूपमा सांसारिक दृष्टिकोणले शान्ति स्थापित गर्ने प्रयास गरिरहनु भएछ । यहाँहरूको प्रयास शुभेच्छा र सुभावनायुक्त हुनाले केही मात्रामा आफ्ना प्रयासमा सफलता पनि मिल्यो होला । यसैगरी यहाँहरूको सरकारले गत वर्षहरूमा विश्वशान्ति र एकता स्थापित गर्ने मार्गमा केही सुझाउहरू पनि दिएका होलान ।

निस्सन्देह विश्वको वर्तमान परिस्थिति अत्यन्त संकटपूर्ण र चिन्ताजनक छ। फलतः समस्त विश्व बेचैन र चिन्तित छ । यससमय जब विश्वका मुख्य संकटहरू अरब देशहरूमा उत्पन्न भइरहेछन। परन्तु प्रत्येक बुद्धिजीवी र विवेकशील व्यक्तिका निकट यस्ता संकटहरू र विवादहरू केवल तिनै क्षेत्रहरूमा सीमित रहने छैनन। वस्तुतः कुनै सरकार र त्यसका प्रजाहरूका बीचको विवाद विस्तृत भएर अन्तर्राष्ट्रीय विवादको रूप धारण गर्छ भन्ने कुरामा केही सन्देह छैन । विश्वका महाशक्तिहरूमा पहिला नै दुईवटा गुट

बनेको हामी देखिरहेछौं । एउटा गुटले सीरियाको सरकारको समर्थन गरिरहेछ भने दोस्रो गुटले विद्रोहीहरूको । स्पष्टरूपले यो परिस्थिति न केवल मुस्लिम देशहरूका निम्ति एउटा गंभीर खतरा रहेको छ अपितु विश्वका अन्य सबै देशहरूका निम्ति पनि अत्यन्त संकटको सूचक रहेको छ ।

गत शताब्दीमा भएका दुईवटा विश्वयुद्धका भयानक र हृदय विदारक परिणामहरूलाई हामीले कहिल्यै विस्मृत गर्नु हुनेछैन । विशेषशः द्वितीय विश्वयुद्धको परिणामस्वरूप भएको विस्तृत विनाश अविस्मरणीय रहेको छ । परंपरागत अस्त्रहरूको उपयोगद्वारा नै विशाल जनसंख्यायुक्त धेरै नगरहरू र शहरहरू पूर्णतः नाश भएर लाखौं मानिसहरू हताहत हुनपुगे । यसोपरान्त द्वितीय विश्वयुद्धमा त्यो सम्पूर्ण विनाशको घटना पनि विश्वले देख्यो जब जापानमाथि परमाणु बम प्रयोग गरियो । त्यसको फलस्वरूप भएको महाविनाशबारे सुन्दा मात्रै पनि मानिस काँप्न लाग्छ । हीरोशीमा र नागासाकीका संग्रहालयहरू त्यस महाविनाशलाई स्मरण गराउनका निम्ति पर्याप्त रहेका छन ।

द्वितीय विश्वयुद्धमा एउटा अनुमानानुसार सात करोड भन्दा अधिक मानिसहरू मारिएका थिए । तिनीहरूमध्ये चार करोड भने साधारण नागरिक थिए । यसप्रकार सेनाका सदस्यहरूभन्दा साधारण नागरिकहरूको अधिक ज्यानहानि भयो । युद्धोपरान्त मर्नेहरूको संख्या पनि लाखौं थियो । प्रमाणु बमको प्रयोगपछि निकै वर्षसम्म त्यसको विकीर्णका भयानक आनुवाशिंक दुष्प्रभावहरूबाट अनगिन्त नवजात शिशुहरू प्रभावित भइरहे । यससमय विश्वका केही सा-साना देशहरूले समेत परमाणु शस्त्र प्राप्त गरिसकेका छन र तिनीहरूका नेताहरू उत्तेजित र उग्रस्वभावका रहेका छन । तिनीहरू आफ्ना कार्यहरूको विनाशकारी परिणामप्रति अज्ञात र उदासीन प्रतित हुन्छन ।

## विश्व संकट तथा  शांतिको मार्ग

यदि आज हामी परमाणु युद्ध आरम्भ हुने सम्भावनाको कल्पना गरौं त जुन चित्र सामुन्ने आउँछ त्यसलाई देखेर एउटा मनुष्य आतङ्कित भएर काँप्न लाग्नेछ । आज जो परमाणु बम विश्वका सा-साना देशहरूसित रहेका छन ती द्वितीय विश्वयुद्धमा प्रयोग गरिएका बमहरूभन्दा धेरै शक्तिशाली र भयानक छन ।

आज संसारको अवस्था अत्यन्त दयनीय छ । एकातर्फ मानिसहरू शान्ति स्थापनाको कुरो गरिरहेछन भने दोस्रोतर्फ तिनीहरू शक्तिको अहंकार र दम्भमा उद्दण्ड र मदमत्त छन । प्रत्येक शक्तिशाली देशले आफ्नो श्रेष्ठता र शक्तिको प्रमाण दिनका निम्ति हरप्रकारको उपाय अपनाउन तत्पर रहन्छ । द्वितीय विश्वयुद्धपछि विश्वमा चिरस्थायी शान्ति स्थापना हेतु र भविष्यमा युद्धको सम्भावनालाई रोक्नका लागि विश्वका देशहरू एकत्र भएर एउटा विश्व संगठनको निर्माण गरे जसलाई संयुक्त राष्ट्रसंघको नाम दिइयो । परन्तु जसरी राष्ट्रसंघ दुर्भाग्यवश आफ्ना उद्देश्यहरूमा विफल भयो त्यसैप्रकार संयुक्त राष्ट्रसंघको आदर र सम्मान पनि दिन प्रतिदिन घट्दै गइरहेछ । यदि समय रहँदै न्यायका मागहरू र तकाजाहरू पूरा गरिएन भने शान्तिको स्थापनाका लागि चाहे जति सुकै संगठनहरू बनाइए पनि तिनीहरूका सबै प्रयासहरू विफल हुनेछन ।

मैले अहिले लीग ऑफ नेशन्स(राष्ट्रसंघ)को विफलताको चर्चा गरें । प्रथम विश्वयुद्धपछि विश्वशान्ति कायम राख्नका निम्ति एकमात्र उद्देश्यको र उपायको रूपमा यस संगठनको निर्माण गरियो परन्तु यो द्वितीय विश्वयुद्धको अशुभ आगमनलाई रोक्न पूर्णतः विफल भयो । त्यस युद्धमा न्यूजीलैण्डका पनि निकै मानिसहरू मारिए । प्रायः एघार हजार व्यक्तिहरू जो सबै सैनिक थिए त्यस युद्धमा हताहत भएका थिए भनिन्छ । न्यूजीलेण्ड युद्ध क्षेत्रबाट धेरै टाढा रहेको हुनाले साधारण नागरिकहरूको ज्यान भने गएन । परन्तु सामूहिक रूपमा भने त्यस युद्धमा सैनिक भन्दा साधारण नागरिकहरू अधिक मारिएका थिए भन्ने कुरो मैले वर्णन गरिसकेको छु । कल्पना गर्नुहोस !

साधारण निर्दोष मानिसहरू जसमा असंख्य महिलाहरू र बाल बालिकाहरू सम्मिलित थिए,बिना कुनै अपराध,अकारण कसरी मारिए होलान !

त्यसैकारण यहाँहरूले द्वितीय विश्वयुद्धमा प्रत्यक्ष रूपमा प्रभावित देशका मानिसहरूमा युद्धको नाममात्रप्रति पनि स्वभाविक घृणा अनुभव गर्नुहुनेछ । वास्तविक देशप्रेम र देशभक्तिको तकाजा के हो भने यदि आफ्नो देशमाथि कोही आक्रमण हुन्छभने एउटा नागरिकले देशको रक्षा र स्वतन्त्रता कायम राख्नका लागि प्रत्येक प्रकारको बलिदान दिन तत्पर रहोस । त्यसपछि पनि यदि वार्तालापको माध्यमले र राजनैतिक स्तरमा विवादको शान्तिपूर्ण र मैत्रीपूर्ण समाधान सम्भव भएमा अकारण मृत्यु र विनाशलाई निमन्त्रणा दिनु कदापि उचित होइन । प्राचीनकालका युद्धहरूमा साधारणतः सैनिकहरू नै मारिन्थे जन साधारणको हानि अति कम हुनेगर्थ्यो । परन्तु वर्तमान समयका युद्धका साधनहरूमा हवाइ बम्बारी,विषालु गैस र रासायनिक शस्त्रहरू प्रयोग हुन्छन । सबैभन्दा विनाशकारी बम परमाणु बम हो र यसको उपयोगको पनि प्रबल सम्भावना छ । अतः यस दृष्टिकोणले आजको युद्ध प्राचीनका युद्धहरूभन्दा सर्वथा भिन्न छ । वर्तमान युद्धमा सम्पूर्ण मानवजातिलाई धरतीबाट विलुप्त गर्ने शक्ति विद्यमान छ । अतः यसको तुलना अतीतका युद्धहरूसित गर्नु व्यर्थ छ ।

शान्ति स्थापना हेतु पवित्र कुर्आनको एउटा अनुपम शिक्षा यसै सन्दर्भमा वर्णन गर्न चाहन्छु । पवित्र कुर्आनको कथन छ :- “ तथा पाप र पुण्य बराबर हुन सक्दैनन । तिमी दुर्व्यवहार र दुष्टयाइँको उत्तर अति उत्तम व्यवहारद्वारा देउ । त्यसको परिणामस्वरूप त्यो व्यक्ति जससित तिम्रो शत्रुता रहेको छ,तिम्रो उत्तम व्यवहार देखेर तिम्रो घनिष्ठ मित्र  बन्नेछ ।” (सूरःहा मिम अस्सजद्‌दा,आयत-३५)

अतः पवित्र कुर्आनको शिक्षानुसार परस्पर शत्रुता र विवादलाई यथासम्भव समाप्त गर्नु उचित हुनेछ । वार्तालापको माध्यमले त्यसको समाधान

सर्वोत्तम मार्ग हो । यदि तपाईंले दयाभाव र समझदारीपूर्वक वार्ता गरेमा निश्चित रूपमा अरूमाथि यसको सकारात्मक र सुखद प्रभाव पर्नेछ तथा त्यो घृणा र द्वेष मेटाउने माध्यम सिद्ध हुनेछ ।

निस्सन्देह हामी वर्तमान युगमा स्वयंलाई उन्नत र सभ्य ठान्छौं । हामीले विभिन्न अन्तर्राष्ट्रीय सेवामूलक संस्थाहरू कायम गरेका छन जसबाट बालकहरूलाई स्वास्थ्य सुविधा र विद्या उपलब्ध भइरहेछ यसैगरी महिलाहरू र माताहरूलाई पनि स्वास्थ्य सुविधा दिइन्छ । यसैप्रकारका अन्य असंख्य सेवामूलक अथवा धमार्थ संस्थाहरू छन जसको स्थापना मानवजातिप्रतिको दया र सहानुभूतिको आधारमा भएको हो ।

यी सबै कुराहरू हुँदाहुँदै पनि हामीले स्वयंलाई र सबै मानिसहरूलाई विनाश र सङ्कटबाट कसरी सुरक्षित राख्न सक्नेछौं भन्ने वर्तमानको नितान्त आवश्यकताप्रति विचार गर्नु र ध्यान दिनु जरूरी छ । वर्तमान विश्व अत्यन्त समेटिन पुगेको छ भन्ने कुरो हामीलाई राम्ररी ज्ञात भइसकेको छ । परन्तु आज यो देश निकट मानिन्छ र विश्व समुदायको एउटा अभिन्न अंग बन्न पुगेको छ । अत: युद्धको स्थितिमा आज कुनै देश अथवा क्षेत्र सुरक्षित रहन सक्दैन । यहाँहरूका नेता र राजनीतिज्ञहरू यहाँहरूका देशका संरक्षक हुन । देशको सुरक्षा र निरन्तर प्रगति,विकास र भलाइका निम्ति प्रयास गर्नु तिनीहरूको उत्तरदायित्व हो । स्थानीय स्तरको युद्धबाट आरम्भ भएको विनाश र संकट टाढा टाढासम्म फैलिन जान्छ भन्ने महत्वपूर्ण तथ्यलाई सदैव स्मरण राख्नु तिनीहरूका लागि अत्यन्त जरूरी छ । केही महाशक्तिहरूलाई परमेश्वरका तर्फबाट बुद्धि र विवेक प्राप्त भएको छ फलत: विश्वलाई सम्भावित सर्वनाशबाट बचाउनका लागि विशेष कार्यवाही गर्नुपर्छ भन्ने समझ तिनीहरूमा आएको छ यसप्रति परमेश्वरको धन्यवाद गर्नु आवश्यक छ । मुख्य रूपमा रूसका राष्ट्रपतिले केही महाशक्तिहरूलाई सीरियामाथि आक्रमण गर्नबाट रोक्न भरसक प्रयास गर्नुभएछ । उहाँले स्पष्ट रूपमा चाहे कोही देश सानु होस अथवा ठूलो उससित समान व्यवहार

गरिनु पर्छ । यदि न्यायका मागहरू र तकाजाहरू पूरा गरिएन भने र यदि अन्य देशहरू आ-आफ्नो स्तरमा युद्धमा सम्मिलित भएको खण्डमा संयुक्त राष्ट्रसंघको पनि त्यही दुर्भाग्यपूर्ण अन्त हुनेछ जुन राष्ट्रसंघको भएको थियो भन्ने तथ्य प्रकट गर्नुभयो । उहाँको यो विश्लेषण पूर्णतया उचित र युक्तियुक्त रहेको छ भन्ने मेरो विश्वास रहेको छ ।

यद्यपि म उहाँका समस्त नीतिहरूको समर्थन त गर्दिन तथापि जुन समझदारीपूर्ण कुरो छ त्यसलाई स्वीकार गर्ने पर्छ । उहाँले एक कदम अघि बढेर संयुक्त राष्ट्रसंघको सुरक्षा समितीका पाँच स्थायी सदस्यहरूलाई जुन वीटोको अधिकार प्राप्त छ त्यसलाई सदाका लागि समाप्त गरियोस ता विश्वका समस्त देशहरूका बीचमा वास्तविक न्याय र समानता स्थापित होस भनी भन्नुभएको भए अति बेस हुनेथियो ।

गतवर्ष मलाई वाशिङ्गटन डी.सी.को कैपिटल हिलमा एउटा भाषण दिने अवसर दिइएको थियो । त्यस सभामा निकैजना सेनेटरज,कांग्रेसका सदस्यहरू,विशेष सलाहकार तथा विभिन्न वर्गका शिक्षित व्यक्तिहरू सम्मिलित थिए । मैले न्यायका मागहरू र तकाजाहरू त्यही स्थिति र अवस्थामा पूरा हुनसक्छन जब सबै वर्गका मानिसहरूसित समव्यवहार गरिनेछ । यदि यहाँहरूले साना र ठूला,धनी र गरीब देशहरूका बीचको अन्तरलाई महत्व दिन चाहनु भयो भने र वीटोको अन्यायपूर्ण शक्तिलाई कायम राख्न चाहनुभयो भने त्यसको फलस्वरूप अवश्य अशान्ति र बेचैनी तथा चिन्ता प्रकट हुनेछ र हुनलागेको छ भनी स्पष्ट पारेको थिएँ ।

अतः विश्वव्यापी मुस्लिम जमाअतको प्रमुख हुनाको नाताले शान्ति स्थापनाप्रति विश्वको ध्यानाकर्षण गराउनु मेरो प्रमुख कर्तव्य हो । इस्लामको अर्थ नै शान्ति र सुरक्षा हो त्यसकारण पनि म यसलाई आफ्नो कर्तव्य ठान्छु। यदि केही मुस्लिम देशहरूले घृणापूर्ण आतंकवादी गतिविधिहरूलाई प्रोत्साहित गरिरहेछन अथवा तिनीहरूको पालना गरिरहेछन भने त्यसबाट

## विश्व संकट तथा शांतिको मार्ग

इस्लामको शिक्षाले अशान्ति र कलहलाई बढुवा दिन्छ अथवा प्रोत्साहित गर्छ भन्ने निष्कर्ष निकाल्नु पूर्णतः गलत हो । शान्ति कसरी स्थापित गर्न सकिन्छ भन्ने शिक्षामा आधारित पवित्र कुर्आनको आयत मैले अहिले प्रस्तुत गरिसकेको छु । यसबाहेक इस्लामका संस्थापक हजरत मुहम्मद मुस्तफा( सल्लम)ले आफ्ना अनुयायीहरूलाई “सलाम” गर्ने अर्थात सदैव शान्तिको सन्देश प्रसार गर्ने शिक्षा दिनुभएको छ । हामीलाई उहाँको पवित्र आचरणको अध्ययनबाट उहाँ सबै गैर-मुस्लिमहरूलाई चाहे ती यहूदी हुन अथवा ईसाई या कुनै अन्य धर्मका अनुयायी हुन सलामी दिनुहुन्थ्यो अर्थात परमात्माका तर्फबाट शान्ति वर्षण होस भन्ने आर्शिवाद दिनुहुन्थ्यो । सबै मानिसहरू परमात्माका सृष्टिका अंश हुन र अल्लाहको एउटा गुणवाचक नाम “ सलाम ” अर्थात शान्तिका स्रोत हो अतः उनी समस्त मानवजातिका निम्ति शान्ति र सुरक्षा चाहन्छन भन्ने कुरो उहाँलाई सर्वाधिक ज्ञात थियो त्यसैकारण उहाँ त्यसो गर्नुहुन्थ्यो भन्ने कुराको ज्ञान हुन्छ ।

मैले शान्तिका सम्बन्धमा केही इस्लामी शिक्षाहरूको चर्चा गरें र समयको अभावका कारण केही पक्षको चर्चा गरिनँ । वास्तवमा इस्लाम समस्त मानवजातिका निम्ति शान्ति र सुरक्षाका शिक्षाहरू र उपदेशहरूले परिपूर्ण छ । न्याय स्थापित गर्ने सम्बन्धी इस्लामको के शिक्षा छ त ?

पवित्र कुर्आनको सूरः माइदा,आयत नं.१ मा अल्लाह तआलाको वचन यसप्रकार छ :- “ हे इमानदार मानिसहरूहो ! तिमीहरू न्यायपूर्वक गवाही दिँदै अल्लाह(को प्रसन्नता प्राप्ति गर्न)का निम्ति खडा हुनेगर । तथा कुनै जातिको शत्रुताले तिमीहरूलाई कदाचित न्याय नगर्न प्रेरित नगरोस । तिमीहरू न्याय गर्नेगर । यही कुरो तक्वा(अल्लाहको डर)को अधिक निकट छ। तथा अल्लाहसित डर । निस्सन्देह अल्लाह त्यसप्रति सदा विदित छन जो तिमीहरू गर्दछौ ।”

उपरोक्त आयतमा पवित्र कुर्आनले न्यायको सर्वोच्च मापदण्डलाई रेखांकित गरेको छ । यस आदेशले ती व्यक्तिहरूका निम्ति शंकाको कुनै सम्भावना छाडदैन जो मुसलमान कहलाएर पनि अत्याचार गर्छन । यस आदेशले ती व्यक्तिहरूलाई पनि आलोचना गर्नबाट रोक्छ जसले इस्लामलाई एउटा उग्रवादी र हिंसावादी धर्मको रूपमा प्रस्तुत गर्छन । पवित्र कुर्आनले न्यायका अरू पनि उच्च मापदण्डहरू प्रस्तुत गरेका छन । पवित्र कुर्आनले केवल न्याय गर्ने आदेश दिदैन अपितु समानताको पनि स्पष्ट आदेश दिन्छ । जस्तै वर्णन छ :-   " हे इमानदारहरूहो ! तिमीहरू पूर्णरूपमा न्यायप्रति कायम रहने र अल्लाहका निम्ति साक्ष दिने व्यक्तिहरू बन । यद्यपि तिमीहरूको साक्ष आफ्ना माता पिता र नातेदारहरूविरुद्ध नै किन नपरोस । यदि त्यो( जसका पक्षमा साक्ष दिइन्छ)धनवान रहेमा अथवा निर्धन रहेमा(प्रत्येक स्थितिमा)अल्लाहले ती दुवैमाथि सवार्धिक कृपा र भलाई गर्नेछन । अतः तिमीहरू तुच्छ इच्छा र कामनाको अनुसरण नगर ता तिमीहरूले न्याय गर्न सक ।  र यदि तिमीहरूले(कसैको साक्षलाई)लुकायौ भने अथवा(सत्य प्रकट गर्नबाट)आनाकानी गर्‍यौ भने(स्मरण राख)जे पनि तिमीहरू गर्छौ त्यसप्रति अल्लाह सर्वविदित छन । (सूरःन्निसाः१३६)

अतः यिनै ती सिद्धान्तहरूमा आधारित न्यायका मापदण्डहरू हुन जसद्वारा समाजको सबैभन्दा निम्नस्तर देखि लिएर अन्तर्राष्ट्रीय स्तरसम्म र समस्त विश्वमा शान्ति स्थापन गर्न सकिनेछ । इस्लामका संस्थापक हजरत मुहम्मद(सल्लम)का साँचा सेवक र श्रद्धालु हजरत मिर्जा गुलाम अहमद कादियानी(अलै.)संस्थापक अहमदिया जमाअतले उपरोक्त शिक्षाको प्रसारका निम्ति भरपूर प्रयास गर्नुभयो र आफ्ना अनुयायीहरूलाई पनि शान्ति र सौहार्दको प्रचार प्रसारको शिक्षा र उपदेश दिनुभयो । उहाँले आफ्ना अनुयायीहरूलाई परमात्माप्रति र उनका सृष्टिप्रतिको दायित्व र कर्तव्य पालनतर्फ मानवजातिको ध्यानाकर्षण गराउने विशेषादेश दिनुभएको छ । त्यसैकारणवश अहमदिया जमाअत अल्लाहप्रति र उनका सृष्टिप्रतिको कर्तव्य

पालनको महत्वमाथि र न्यायको उच्च मापदण्ड स्थापित गर्नुपर्ने आवश्यकतामाथि सबै मानिसहरूको ध्यानाकर्षण गर्ने विषयमा विशेष जोड दिन्छ ता यो विश्व शान्ति र सौहार्दको स्थायी केन्द्र बन्न सकोस ।

यी शब्दहरूका साथै म आफ्नो भाषण समाप्त गर्छु तथा मलाई आमन्त्रित गरेप्रति र यहाँ आएर मेरो भाषण ध्यानपूर्वक सुनिदिनुभएकोमा यहाँहरू सबैलाई धेरै धेरै धन्यवाद ज्ञापित गर्दछु ।



# WORLD PEACE & SECURITY— THE CRITICAL ISSUES OF OUR TIME

DUTCH NATIONAL PARLIAMENT
BINNENHOF, THE HAGUE, NETHERLANDS, 2015





Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] at a special session of the Standing Committee for Foreign Affairs at the Netherlands National Parliament.



Members of the Standing Committee for Foreign Affairs at the Netherlands National Parliament with Ḥaḍrat Khalīfatul-Masīḥ V[aba]




Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] delivering his historic address at a special session of the Standing Committee for Foreign Affairs at the Netherlands National Parliament.



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] answering a question about a range of political and religious issues.

# परिचय

दिनाङ्क ६ अक्तूबर २०१५ ई का दिन विश्वव्यापि जमाअत अहमदियाका आध्यात्मिकप्रमुख हजरत मिर्जा मसरुर अहमद साहिब प्रतिश्रुत मसीहका पञ्चम खलीफा (उत्तराधिकारी)ले हालैण्डको राजधानी हेगमा नेदरलैण्डको नेशनल पार्लियामेण्टको विदेशी मामिलाहरुको स्टैंडिंग कमेटीको विशेष सभामा एक सयभन्दा अधिक अतिथिहरु र सम्माननीय व्यक्तिहरुका सामुन्ने एउटा ऐतिहासिक भाषण दिनुभयो ।

आयोजनको आरम्भमा मिस्टर वैन बोमलले पार्लियामेण्टमा जमाअत अहमदियाका प्रमुखको अभिनन्दन गर्दै कमिटीका सदस्यहरुको परिचय गराए। यसपछि उनले अन्य देशहरुका पार्लियामेण्टका सांसदहरु, भिन्न भिन्न देशहरुका राजदूत, अल्बानिया, क्रोशिया, आयरलैण्ड, मोन्टो निग्रो, स्पेन र स्वीडनका प्रतिनिधिहरुको पनि अभिनन्दन गरे ।

विश्व संकट तथा  शांतिको मार्ग

# वैश्विक शान्ति र सुरक्षा वर्तमान युगका भयानक समस्याहरु

**दिनाङ्क ६ अक्तूबर २०१५ ई का दिन हालैण्डमा दिइएको भाषण ।**

प्रारम्भिक प्रार्थनापश्चात प्रतिश्रुत मसीहका पञ्चम खलीफा हजरत मिर्जा मसरुर साहेबले भन्नुभयो: समस्त आदरणीय अतिथिहरुका सेवामा अस्सलामु अलैकुम व रहमतुल्लाह । यहाँहरु सबैप्रति अल्लाहको शान्ति र सुरक्षा अवतीर्ण होस ।

सर्वप्रथम म आजको यस आयोजनका प्रबन्धक समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु जसले आज मलाई यहाँ भाषण दिनहेतु आमन्त्रित गरे ।

आज हामी देखिरहेछौं, केही यस्ता समस्याहरुलाई यससमयका सबैभन्दा ठूला समस्याहरुको रुपमा उजागर गरिरहिएको छ । उदाहरणस्वरुप केही ग्लोबल वार्मिंग र मौसम परिवर्तनप्रति जोड दिइरहेछन तथा केही भने वढ्दा विवादहरु र विश्वको अस्त-व्यस्त परिस्थितिप्रति अत्यन्त चिन्तित छन । ध्यानपूर्वक समीक्षा गर्नाले विश्वशान्ति र सुरक्षा वर्तमान युगको सबैभन्दा ठूलो समस्या नै हो भन्ने कुरो सिद्ध हुन्छ। निस्सन्देह दिन प्रति दिन विश्व असन्तुलित र भयावह हुँदै गइरहेछ । यस वर्तमान परिस्थितका केही सम्भावित कारकहरु छन, जसमध्ये एक त्यो आर्थिक सङ्कट हो जसले विश्वका केही क्षेत्रहरुलाई प्रभावित गरेको छ ।

एउटा अर्को कारण न्याय र इन्साफको अभाव हो । केही सरकारहरुले न्याय नगर्ने व्यवहारलाई न केवल आफ्ना प्रजाहरुअपितु अन्य जातिहरुका निम्ति समेत वैध ठहऱ्याएका छन । एउटा अर्को कारण के पनि हुनसक्छ भने केही धार्मिक अगुवाहरुले आफ्ना दायित्वहरुलाई उचित रुपमा पूरा गरिरहेका छैनन र व्यक्तिगत हितलाई ठूला र उत्तम हितहरुमाथि प्राथमिकता दिइरहेछन । जहाँसम्म अन्तर्राष्ट्रीय सम्बन्धहरुको प्रश्न छ विवादहरुको एउटा ठूलो कारण धनी र गरीब देशहरुका बीचमा परस्पर मतभेद हो । शक्तिशाली देशहरु निर्धन देशहरुका प्राकृतिक सम्पदाहरुबाट तिनलाई तिनका आफ्ना सम्पत्तिबाट वैध र उचित अधिकार दिए बिना नै स्वयं लाभान्ति हुन्छन ।

अतः विश्वशान्तिमा विध्नका कारणहरुको एउटा लामो सूची छ जसमध्ये केहीको अहिले मैले उल्लेख गरें । कारण जे होस मलाई के विश्वास छ भने विश्वमा शान्तिको अभाव वर्तमान नसलको सबैभन्दा ठूलो समस्या हो । यहाँहरुमध्ये केहीले के भन्न सम्भव छ भने, सर्वाधिक अस्थिरताका शिकार भने मुस्लिम देशहरु छन र के भने विश्वमा शान्तिको अभावको मूल पनि मुस्लिम जगतको अशान्तिमा नै मौजूद छ ।

सम्भवतः यहाँहरुमध्ये केहीले के विचार राख्नुहोला भने, किनभने म पनि एउटा विश्वव्यापी मुस्लिम समुदाय अर्थात अहमदिया मुस्लिम जमाअतको प्रमुख हुँ त्यसैले म पनि वर्तमान स्थितिको केही सीमासम्म उत्तरदायी हुँ । र के पनि सोच्नु हुन्छ होला भने, देशमा हिंसाद्वाराकान्ति ल्याउने सिद्धान्त मानने तत्वहरुको अस्तित्वको उपार्जन र आतङ्कवादमा वृद्धि वास्तवमा इस्लामी शिक्षाहरुकै कारण हो । तर इस्लामलाई यस घृणा र अशान्तिसित जोडनु अति ठूलो अन्याय हो ।

यहाँ धर्मको इतिहासमाथि विस्तृत वार्तालाप गर्नु मेरो उद्येश्य होइन तर के भन्न चाहन्छु भने यदि समस्त धर्महरुको इतिहासमाथि सामान्य

दृष्टि गर्नाले के ज्ञात हुन्छ भने , समयका साथै प्रत्येक धर्मका अनुयायीहरु आफ्ना मूल शिक्षाहरुबाट टाढा हुँदैगए जसकारण आन्तरिक मतभेद र धार्मिक आधारमा गुटबन्दीले जन्म लियो । धेरै अत्याचारहरु भए । धेरै मानिसहरुको ज्यान गयो । यस वास्तविकतालाई दृष्टिमा राखी हार्दिक रुपमा के स्वीकार गर्छु भने, समयका साथै मुसलमानहरु पनि इस्लामका वास्तविक शिक्षाहरुबाट दूर हुनपुगेका छन । यसको परिणामस्वरुप निराश र होडबाजीले जन्म लियो जसबाट साम्प्रदायीकता, आतङ्क र अन्याय उत्पन्न हुनगए । तथापि एउटा साँचो मुसलमानको दृष्टिकोणले इस्लामको दुर्दशा देखेर मेरो इमान भने घट्दैन । किनभने चौदह सय वर्षभन्दा अधिक समयअघि इस्लामका संस्थापक हजरत महम्मद सल्लल्लाह अलैहि व सल्लमले भविष्यवाणी गरी भन्नुभएको थियो, विस्तार विस्तारै इस्लामी शिक्षाहरुमा बिगाड उत्पन्न हुनेछ र मुसलमानहरु नैतिक सङ्कटमा पर्नेछन । पुन: हजरत मुहम्मद सल्लल्लाह अलैहि व सल्लमले के पनि भविष्यवाणी गर्नुभएको थियो भने, आध्यात्मिक अन्धकारको त्यस युगमा खुदा तआलाले एकजना सुधारकलाई प्रतिश्रुत मसीह र इमाम महदी (ईश्वरीय मार्गदर्शक) को रुपमा अवतरित गर्नेछन जसले मानव जातिलाई इस्लामको वास्तविक र शान्तिपूर्ण शिक्षाहरुतर्फ फर्काएर ल्याउनेछन । हजरत महम्मद (सल्लम) को उक्त भविष्यवाणी अनुसार प्रतिश्रुत मसीह अलैहिस्सलामले इस्लामको वास्तविक र पूर्णतया शान्तिले परिपूर्ण शिक्षाहरुको दिव्य ज्ञान प्रदान गरे । अत: हामी अहमदी मुसलमान वर्तमान युगका ती अशान्ति र बेचैनी फैलाउने तत्वहरुसित सम्मिलित छैनौं अपितु हामी ती व्यक्तिहरु हौं जो विश्वमा शान्ति स्थापनाका अभिलाषी रहेका छन । हामी त ती व्यक्तिहरु हौं जो विश्वको वर्तमान स्थितिको उपचारका लागि प्रयासरत छौं । हामी तिनीहरु नै हौं जो मानवतालाई जोड्न चाहन्छौं, हामी तीं व्यक्तिहरु हौं जो प्रत्येक प्रकारका घृणाहरु र शत्रुताहरुलाई प्रेम र सहनशीलतामा परिवर्तित गर्न चाहन्छौं । तथा निस्सन्देह हामी ती व्यक्तिहरु हौं जो विश्वशान्ति स्थापितहेतु यथासम्भव प्रयास गर्न चाहन्छौं । एउटा धार्मिक प्रमुखको रुपमा

म के भन्न चाहन्छु भने, परस्पर आरोप प्रत्यारोप र परस्पर भडकाउनुको ठाउँमा हामीले वास्तविक र स्थायी विश्वशान्ति स्थापनाहेतु तयार हुनुपर्नेछ।

यसै क्रमका अहमदिया जमाअतका सस्थापकले हामीलाई एउटा स्वर्ण सिद्धान्तसित परिचित गराउँदै के भन्नुभएको छ भने, मानव जातिका लागि उसले यथासामर्थ्य प्रयास गरी खुदा तआला (परमेश्वर) का विशेषताहरुलाई आफूभित्र उत्पन्न र उजागर गरी उनको अनुकरण गर्ने यथासम्भव प्रयत्न गर्नु आवश्यक छ ।

उहाँले भन्नुभएको छः-

मानवजातिको स्थायी भलाइ र कल्याणका लागि एउटा अनिवार्य कुरो के हो भने निस्सन्देह मनुष्यको सांसारिक र आध्यात्मिक कल्याण र उन्नति खुदा तआलाका विशेषताहरुबारे विचार र अनुकरणमाथि निर्भरित छ किनभने उनका उत्तम विशेषताहरुमा नै प्रत्येक प्रकारको शान्ति निहित छ। यो वास्तविकता पवित्र कुरआनको पहिलो आयतबाट स्पष्ट हुन्छ जहाँ वर्णित छ अल्लाह नै समस्त लोकहरुका रब्ब (पालनहार) हुन । अर्थात उनी प्रत्येक मनुष्य अपितु समस्त सृष्टिका रब्ब, अन्नदाता र सदा कायम रहनेवाला हुन । उनी केवल मुसलमानहरुका नै पालनहार होइनन अपितु उनी ईसाईहरु, यहूदीहरु र हिन्दुहरु र समस्त जातिहरुका रब्ब हुन चाहे तिनीहरु कुनै पनि धर्म अथवा आस्थासित सम्बन्धित रहून ।

खुदा तआलाको आफ्ना सृष्टिसित प्रेम र सहानुभूति अतुलनीय र अनुपम रहेको छ । उनी रहमान (कृपालु), रहीम (दयालु) हुन तथा शान्तिका स्त्रोत पनि हुन । अतः जब इस्लामले मुसलमानसित तकादा गर्छ अर्थात उसले स्वयंमा खुदा तआलाका विशेषताहरुलाई उजागर गर्ने प्रयास गरोस । तब कुनै मुसलमानका लागि उसले कसैको हानिको कारण बन्नु सम्भवै छैन अपितु वास्तविक मुसलमानको इमानले त उसलाई मानवजातिसित प्रेम गर्न

र प्रत्येक मनुष्यसित सम्मान, सहानुभति तथा दयापूर्ण व्यवहार गर्न अनिवार्य ठहऱ्याउँछ ।

एउटा प्रश्न बारम्बार के गरिन्छ भने, यदि इस्लाम शान्तिको धर्म हो भने पवित्र कुरआनमा युद्धको अनुमति किन दिइयो त ? त्यस अनुमतिलाई त्यसका अघि र पछिका पंक्तिहरुको प्रसंगमा राखी त्यसकुराको सन्दर्भमा बुझ्नु आवश्यक छ जुनकरो मैले अहिले वर्णन गरेको छु । स्थायी शान्तिको स्थापना आधारभूत र मूल उद्देश्य हो । यसलाई प्राप्त गर्नहेतु कहिलेकाहिँ चेतावनी दिनु र हकार पकार गर्नु पनि आवश्यक हुन्छ । यसैप्रकार जब अल्लाह तआलाले युद्धको अनुमति दिए तब त्यो अनुमति केवल शान्ति बहाल गर्न र प्रतिरक्षात्मक उपायको रुपमा थियो । अतः केही समुदायहरु र मानिसहरु पवित्र कुरआन र इस्लामका संस्थापक हजरत मुहम्मद (सल्लम) सित अन्याय र अत्याचारलाई जोड्छन यो ठूलो अन्यायपूर्ण कुरो हो । पवित्र कुरआन र हजरत मुहम्मद (सल्लम) को जीवन चरित्रलाई निष्पक्ष भएर अध्ययन गर्नाले इस्लाम प्रत्येक प्रकारको आतङ्कवाद वा रक्तपातको सर्वथा विरुद्ध छ भन्ने कुरो ज्ञात हुन्छ ।

समयलाई ध्यानमा राखी यसको विवरणमा सम्भवतः म जानसक्दिन तर यहाँ इस्लामका केही मौलिक शिक्षाहरु वर्णन गर्छु जसले निस्सन्देहइस्लाम एउटा शान्तिपर्ण धर्म हो भन्ने कुरो सिद्ध गर्छ । अहिले मैले उल्लेख गरें, एउटा आरोप के लगाइन्छ भने इस्लाम आतंकवाद र लडाइ झगडाको समर्थक रहेको छ । परन्त यो आरोप वास्तविकताको सर्वथा विरुद्ध छ । पवित्र कुरआनको सूरः अल बकरः को आयत नं १९१ मा अल्लाह तआला भन्छनः

कुनै पनि युद्ध केवल प्रतिरक्षात्मक दृष्टिले लडिएकोखण्डमा मात्र वैध ठहर्छ । यसै कुरोलाई पुनः सूरः अल् हजको आयत न ४० मा पनि स्पष्टः वर्णनगरिएको छ । अर्थात युद्धको अनुमति केवल तिनीहरुलाई

दिइएको छ जसमाथि आक्रमण गरियो र जसमाथि युद्ध लादियो । तथा अल्लाह तआलाले जहाँ इस्लामी सरकारहरुलाई युद्धको अनुमति दिए त्यो केवल धार्मिक उद्देश्य र विचारधाराको स्वतन्त्रता स्थापित होस भनी दिए। अतः सूरः अल् बकरः को आयत न १९४ मा अल्लाह तआलाले मुसलमानहरुलाई के आदेश दिएका छन भने, कुनै पनि यस्तो क्षेत्रमा युद्धको अनुमति छैन जहाँ धर्मिक सहिष्णुताको वातावरण मौजूद छ । त्यसकारण कुनै पनि मुस्लिम देश, सङ्गठन वा सदस्यलाई त्यसले कुनै पनि सरकार वा त्यसको जनताविरुद्ध कुनै पनि प्रकारको अत्याचार लडाइ र कानूनको उल्लङ्घन गर्ने कार्यमा सहभागी हुने अधिकार प्राप्त छैन । पूर्णतः स्पष्ट छ, यूरोप र पश्चिमी देशहरुमा सरकारको नीव धर्ममाथि छैन । तथा कुनै मुसलमानका लागि कानूनको उल्लङ्घन गर्नु अथवा आतङ्कवादको रुपमा सरकारको विरोध गर्नु वा कुनै पनि प्रकारको विद्रोह गर्नेवाला बन्नु वैध छैन। इस्लामको वास्तविक शिक्षा त के हो भने, यदि कुनै गैर मुस्लिम देशमा निवास गर्ने कुनै व्यक्तिलाई आफ्नो धार्मिक स्वतन्त्रता प्राप्त छैन भन्ने लागेमा त्यसले कानूनको उल्लङ्घनगर्न तत्पर हुने अधिकार छैन बरु उसले यस्तो परिस्थितमा हिजरत (प्रवास) गरोस जहाँ परिस्थिति अनुकूल होस । पवित्र कुरआनको सूरः अन्नहलको आयत न १२७ मा इस्लामी सरकारहरुलाई के आदेश दिइएको छ भने, यदि तिनीहरुमाथि यदाकदा आक्रमण हुनगएमा तिनले केवल आफ्नो प्रतिरक्षाहेतु मौका अनुकूल उत्तर दिऊन । अतः पवित्र कुरआनको शिक्षा अति स्पष्ट छ, दण्ड मूल अपराधानुसार होस न त त्योभन्दा अधिक ।

सूरः अन्फाल आयत न ६२ मा अल्लाह तआलाको  वाणी छः- यदि तिमीहरुको शत्रु कुभावनाका साथ तिमीहरुमाथि आक्रमण गर्ने योजना बनाउँछतर पछिगएर पुनः त्यसलाई त्यागी सन्धिको हात बढाउँछ भने त्यसको प्रस्तावलाई तुरन्त स्वीकार गरी परस्पर शान्तिपूर्ण मित्रतातर्फ बढ तिनीहरुको नियती कस्तो छ भन्ने कुरोतर्फ नजाऊ।

## विश्व संकट तथा  शांतिको मार्ग

पवित्र करआनको यो शिक्षा अन्तर्राष्ट्रीय शान्ति र सुरक्षाको स्थापनाहेतु स्वर्णिम सिद्धान्त हो । आजको विश्वमा धेरै उदाहरणहरु छन जहाँ केही देशहरुले केवल कल्पनामा आधारित कुनै देशका काल्पनिक अत्याचारहरु विरुद्ध आतङ्कवादी कार्यप्रणाली ग्रहण गरे । के ज्ञात हुन्छ भने मानौ तिनीहरुले यस सिद्धान्तलाई पालन गरिरहेछन ।त्यो के भने, शत्रुमाथि आम्रमण गरिहाल कहिँ त्यसले पहल नगरोस ।

इस्लामकोशिक्षा त के रहेको छ भने, शान्ति स्थापनार्थ कुनै पनि अवसरलाई खेर नहालियोस चाहे त्यसको आशा काल्पनिक नै किन नहोस । पवित्र करआनको सूरः अल् माइदः आयत न ९मा अल्लाह तआलाको वाणी छ :- कुनै जातिको शत्रुताले तिमीहरुलाई त्यस जातिसित न्याय नगर्नप्रति नउकसाओस । इस्लामले के सिकाउँछ भने परिस्थिति चाहे कति नै प्रतिकूल किन नहोस न्याय र इन्साफ गर्ने कर्तव्यलाई नछाडियोस । युद्धको स्थितिमा पनि न्याय र इन्साफको स्थापना अति महत्वपूर्ण रहेको छ र युद्धपश्चात विजेताका लागि के आवश्यक  छ भने त्यसले न्याय गरोस र कदापि अनुचित अत्याचार गर्नेवाला नबनोस ।

परन्तु आज हामीले विश्वमा सहनशीलताका यस्ता उच्च नैतिक मापदण्डहरु देख्दैनौं अपितु युद्ध समाप्तिपछि विजेता देशहरुले यस्ता प्रतिबन्धहरु लगाउँछन जसले पराजित देशको उन्नतिका सम्भावनाहरुलाई सीमित गरी ती जातिहरुको  स्वतन्त्रता र संप्रभुतालाई अवरुद्ध गरिदिन्छन । यस्ता कार्यपद्धतिहरु अन्तराष्ट्रीय सम्बन्धहरुमा बिगाडका कारण हुन र तिनको परिणाम असन्तोष र नकारात्मक प्रभावातिरिक्त अन्य केही हुनसक्दैन । वास्तविकता के हो भने स्थायी शान्ति तबसम्म स्थापित हुनसक्दैन जबसम्म समाजको प्रत्येक स्तरमा न्यायको स्थापना हुदैन । इस्लामको एउटा अर्को महत्वपूर्ण शिक्षा हामीलाई सूरः अल् अन्फाल आयत न ६८ मा मिल्छ । त्यो के भने, मुसलमानहरुका लागि युद्ध बन्दीहरुलाई युद्धक्षेत्रभन्दा बाहिर लिएर जानु उचित छैन । त्यसकारण हिंसाद्वारा कान्ति

ल्याउने सिद्धान्त राख्ने र आतङ्कवादी सङ्गठनहरु जसले बिनाकारण कैदीहरुलाई लिएर जान्छन तिनीहरुले इस्लामी शिक्षाविरुद्ध आचरण गरिरहेछन । सूचनानुसार तिनीहरुले न केवल कैदी बनाएर लगिरहेछन अपितु ती केदीहरुमाथि कठोर अत्याचार पनि गर्नेगर्छन ।

आतङ्कवादी सङ्गठनहरुको यो कार्यपद्धति अत्यन्त निन्दनीय रहेको छ। दोस्रोतर्फ पवित्र कुरआनको शिक्षा के छ भने, यदि युद्धमा कैदी बनाउने कुनै औचित्य रहेतापनि तिनीहरुसित नम्र व्यवहार गरियोस र यथाशीघ्र तिनीहरुलाई स्वतन्त्र गरियोस । शान्तिस्थापनाहेतु एउटा अन्य स्वर्णिम सिद्धान्त सूरः अल् हुजरात आयत न १० मा के वर्णन भएको छ भने, यदि दुईवटा देशहरुका बीचमा कुनै विवाद खडा भएमा कुनै तेस्रो देश अथवा समूहले मध्यस्थताको भूमिका निर्वाह गर्दै विवादलाई परस्पर सन्धिद्वारा समाधान गराउने प्रयास गरोस । परस्पर सन्धिको स्थितिमा दुवै पक्षमध्ये कुनै पनि पक्षले यदि अनुचितरुपमा सन्धि का शर्तहरुको अवहेलना गरेमा अन्य पक्षहरुले संयुक्तरुपमा अत्याचारीका लागि बाधा बन्नुपर्नेछ चाहे त्यसका लागि बल प्रयोग नै किन गर्न नपरोस । पुनः यदि अत्याचारी पक्ष पछिहटेमा त्यसको भर्त्सना गर्नु वा त्यसमाथि प्रतिबन्ध लगाउनुको ठाउँमा त्यसलाई एउटा स्वतन्त्र देश तथा स्वतन्त्र समाजको रुपमा उन्नति गर्ने अनुमति दिनुपर्नेछ । वर्तमान समयमा यो सिद्धान्त अति महत्वपूर्ण छ विशेषतः महाशक्तिहरु र अन्तर्राष्ट्रीय संगठनहरु जस्तै यु-एन-ओको लागि ।

विश्वशान्तिको स्थापनाका क्रममा एउटा अर्को अत्यन्त महत्वपूर्ण सिद्धान्त छ जसले भौतिक स्तरमा धार्मिक स्वतन्त्रताको वातावरण स्थापित गर्ने ग्यारन्टी दिन्छ पवित्र कुरआनको सूरः अल् हज्ज आयत नं ४१ मा वर्णित छ :- यदि युद्धको अनुमति दिइनथ्यो भने मस्जिदहरुका साथै कलीसा, गिरजाघर, मन्दिर तथा अन्य धर्महरुका उपासना गृहहरु सबै भयङ्कर खतरामा पर्ने थिए । अतः जहाँ इस्लामले बल प्रयोगको अनुमति दियो त्यो

केवल इस्लामको नै होइन अपितु सबै धर्मको साधारणतः सुरक्षा उपलब्ध गराउनहेतु थियो ।

वास्तविक करो के भने इस्लाम समस्त धर्महरुका लागि स्वतन्त्रता, सहिष्णुता र सुरक्षाको ग्यारंटी दिन्छ र प्रत्येक सदस्यलाई आफ्नो इच्छानसार धर्म वा आस्थाको पालन गर्ने अधिकार दिन्छ । मैले यहाँहरुसमक्ष पवित्र कुरआनका शिक्षाहरुमध्ये केही यस्ता बिन्दुहरुप्रस्तुत गरें जसले समाजका प्रत्येक स्तर र विश्वका प्रत्येक भागमा एकता, सहमति पैदा गर्ने मार्ग खोल्छन । यी यस्ता स्वर्णिम सिद्धान्तहरु हुन जुन पवित्र कुरआनले शान्ति स्थापित गर्ने उद्देश्यले विश्वका मानिसहरुलाई प्रदान गरेको हो । यी तिनै शिक्षाहरु हुन जसमाथि इस्लामका पैगम्बर हजरत मुहम्मद (सल्लम) र उहाँका सहचरहरुले व्यवहारिक आदर्श प्रस्तत गरे । सारशंतः पुनः के भन्छु भने, विश्वलाई शान्ति र सुरक्षाको अति खाँचो छ । यही नै हाम्रो युगको तत्कालिक र आवश्यक समस्या हो । समस्त देशहरु र जातिहरुले धर्म अथवा कुनै अन्य नाममा हुने अत्याचार, आतङ्क र अन्यायको रोकथामका लागि एकजुट हुनु जरुरी छ । यसमा कुनै धर्मको उपहास पनि सामेल छ जसको परिणामस्वरुप बेचैनी बढ्ने र हस्तक्षेप हुने सम्भावना छ। तथा यस्ता घृणित कार्यहरु पनि जसका कर्ता आतङ्कवादी समुदाय हुन्छन र तिनले धर्मबाट औचित्य देखाउँछन ।

यसबाहेक हामीले समस्त जातिहरुदेशहरुसित न्यायपूर्ण व्यवहार गर्नु र तिनीहरुको सहयोग गर्नु आवश्यक छ । किनभने प्रत्येक देशले आफ्नो योग्यतालाई जानोस र उन्नतिको मार्गमा अघिबढोस । ईर्ष्या र तनावपूर्ण वर्तमान वातावरण धन सम्पत्तिको लोभ र लालचको परिणाम हो। यस बारेमा पनि पवित्र कुरआनमा स्वर्णित सिद्धान्त वर्णित छ र त्यो के भने, लालचमा आएर कुनै अन्यको धन माल हडपनु उचित होइन । यस शिक्षालाई पालन गरी विश्व शान्तिको उद्देश्य प्राप्त हुनसक्छ । समाजको प्रत्येक स्तरमा न्यायको मागलाई पूर्ण गर्नु आवश्यक छ । जसबाट प्रत्येक

व्यक्ति रङ्ग र नस्लको भेद बिना आफ्नो पावमाथि सम्मान र मर्यादाका साथ खडा हुनसकोस । आज हामी उन्नत देशहरुमा पूँजी निवेश गर्ने रुझानमा वृद्धि भएको देख्छौं । तिनीहरुले न्यायप्रदर्शन गर्नु आवश्यक छ । केवल प्राकृतिक स्रोतसाधन तथा कम मूल्यमा परिश्रमिकलाई आफ्नो राष्ट्रहित र लाभका लागि प्रयोग नगरुन । तिनीहरुले यी देशहरुबाट प्राप्त हुने लाभबाट प्राय: यिनै देशहरुमा पुन: पूँजी निवेशको रुपमा लगाए उचित हुन्छ किनभने स्थानीय मानिसहरु पनि उन्नति र समृद्धितर्फ अघिबढ्न सकून । यदि उन्नत देशहरुले यी निर्धन देशहरुको सहायोगार्थ त्यसो गरेमा न केवल ती निर्धन देशहरुलाई लाभ मिल्नेछ अपितु त्यसको लाभ दुईपक्षीय हनेछ । यसद्वारा परस्पर विश्वासको वातावरण स्थापित हुनेछ र वर्तमानको निराशा र बेचैनीमा कमी आउँनेछ । यसबाट महाशक्तिहरु स्वार्थी हुन र निर्धन र कंगाल जातिहरुका संसाधनहरुबाट अवैध लाभ प्राप्त गर्छन भन्ने प्रभावको निवारण पनि हुनेछ । यसैगरी यसबाट स्थानीय जीविका सम्बन्धी र विश्व स्तरमा वर्तमान आर्थिक स्थितिमा सुधार हनेछ ।

यसबाट निस्सन्देह विश्व स्तरमा प्रेम, भातृत्व र मित्रताको वातावरण पैदा हनेछ । यो भन्दामाथि के भने यस्तो कार्यपद्धति विश्वशान्तिको स्थापनाको नीव सिद्ध हुनेछ । यदि चाँडै यसतर्फ ध्यान नदिइएमा विश्वको वर्तमान स्थितिको परिणाम विश्वयुद्ध हुनेछ जसको दुष्प्रभाव भावी वंशहरुसम्म पर्नेछ र हाम्रा नसलहरुले हामीलाई क्षमा गर्नेछैनन ।

यिनै शब्दहरुका साथ यहाँहरुसित आज्ञा चाहन्छु । अल्लाह तआलाले विश्वमा वास्तविक शान्ति प्रकट गरुन। धेरै धेरै धन्यवाद ।




# THE KEYS TO PEACE IN A TIME OF GLOBAL DISORDER

TOKYO, JAPAN, 2015





Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] leading silent prayer at a special reception in Tokyo, Japan.





Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] watering a plant at a special reception in Tokyo, Japan.



Ḥaḍrat Khalīfatul-Masīḥ V[aba] delivering keynote address at a special reception in Tokyo, Japan.

# परिचय

२३ नवम्बर २०१५ ई का दिन विश्वव्यापी अहमदिया जमाअत का पञ्चम खलीफा हजरत मिर्जा मसरुर अहमद साबिहले हिल्टन होटल ओडाइबा, टोकियोमा आफ्नो सम्मानमा आयोजित एउटा समारोहमा भाषण दिनुभयो । उक्त आयोजनामा साठीभन्दा अधिक प्रतिष्ठित अतिथिहरु सम्मिलित भए । यस अवसरमा उहाँले सत्तर वर्ष पूर्व हिरोशिमा र नागासाकी माथि भएका एटमी आक्रमणहरुका सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्नुभयो । यो भन्दा पहिला दुईजना वक्ताहरु मिस्टर माइक साटा याओशीका चेयरमेन टोकीबो ग्रुप आफ इन्डस्ट्रीज़ र २०११ ई को भूकम्पका अवसरमा सर्वाधिक प्रभावित भएको क्षेत्र टोहोकोसित सम्बन्ध राख्ने मिस्टर एण्डोशीनी चीले दर्शकहरु समक्ष भाषण दिएका थिए ।

# वैशविक अशान्तिको अवसरमा शान्तिको स्रोत

**23 नवम्बर 2015ईस्थान हिल्टन होटल, टोकियो जापान ।**

विश्वव्यापी अहमदिया जमाअतका पञ्चम खलीफा (आध्यात्मिक प्रमुख) हजरत मिर्जा मसरूर अहमद साहेबले अतिथीहरूलाई सम्बोधित गर्दै भनुभयो :–

अस्सलामु अलैकुम व रहमतुल्लाह व बरकातूहु (अल्लाहतआलाको कृपा र अनुग्रह यहाँहरूप्रति अवतीर्ण होस ।)

सर्वप्रथम म यस अवसरमा समस्त अतिथीहरूलाई धन्यवाद दिन चाहन्छु । यहाँहरूले आजको यस सभाका लागि हाम्रो निमन्त्रणा स्वीकार गर्नुभयो । हामी एउटा अत्यन्त खतरापूर्ण र भयानक युगमा जीवनयापन गरिरहेछौं जहाँ संसारको हालत अत्यधिक चिन्ताजनक हुनपुगेको छ । संसारलाई आफ्नो लपेटामा लिएका मतभेदहरूर बेचैनीहरू अन्तर्राष्ट्रीय शान्ति र सुरक्षाकालागि एउटा खतरा बन्नपुगेका छन ।

मुस्लिम देशहरूमादृष्टि गर्नाले धेरैवटा सरकारहरूले आफ्नै नागरिकहरूसित अत्याचारपूर्ण गृहयुद्ध गरिरहेको देखिन्छ । निरन्तर उत्पीडन र रक्तपातले यी देशहरूको मौलिक ढाँचालाई नाश गरिरहको छ । परिणामस्वरूप आतङकवादी संगठनहरूले शासनव्यवस्थामा उत्पन्न अराजकताको अनुचित लाभ उठाउँदै केही स्थानहरूमा काबिज भएर

आफ्नो मनमानीपूर्ण तथाकथित सरकार बनाएका छन । तिनीहरूले अत्यन्त अमानवीय व्यवहारद्धारा केवल आफ्ना देशहरूमा मात्र अत्याचारगरिरहेका छैनन अपितु तिनीहरूको पहुँच यूरोपसम्म हुनपुगेकोछ जसको एउटा उदाहरण पेरीसमा हालैमा भएको आक्रमणमा गरिएको अत्याचार र उत्पीडन हो ।

पूर्वी यूरोपलाई हेर्ने हो भने रसिया र यूक्रेन तथा केही यूरोपेली देशहरूका पारस्परिक अत्याचारहरू बढ्दै गइरहेछन । यसबाहेक एउटा अमेरिकी सामरिक समुद्रीजहाज दक्षिण चीनको समुद्रमा पुगेकोले अमेरिका र चीनका बीचमा तनातनीको वातावरण बढेको छ । यसैगरी चीन र जापानका बीचमा विवादित द्धीपहरूका मामिलामा लामो समयदेखि पारस्परिक क्लेश मौजूद छ। भारत र पाकिस्तानका बीचमा कश्मीर समस्या एउटा स्थायी विवादको कारण रहेको छ। तथा यसमा सुधारको कुनै मार्ग देखिदैन । यसैगरी इज्राईल र फलस्तीनको विवादले पनि क्षेत्रमा शान्ति भङ्ग गरेको छ । अफ्रीकामा केही आतङ्कवादी संगठनहरूले केही क्षेत्रहरूमा कब्जा र शासन प्राप्त गरी विस्तृतरूपमा विनाश र बर्बाद फैलाएगा छन । यी त ती धेरै समस्याहरूमध्ये केहीको चर्चा गरिएको हो जुन यससमय संसारमाथि आइलागेका छन अन्यथा वैश्विक अशान्ति र असन्तोष फैलाउने अरू पनि धेरै उदाहरणहरू मौजूद छन। अतः त्यो एउटै मात्र परिणाम जससम्म हामी पुग्छौं त्यो के हो भने संसार यस समय उत्पीडन र अशान्तिको लपेटोमा परेको छ। वर्तमान युगमायुद्धको मापदण्ड पहिलाका युद्धहरूको भन्दा अत्यधिक विस्त्रित हुनपुगेको छ । संसारको कुनै एउटा क्षेत्रका विवादहरू स्थानीय स्तरमा सीमित नरहेर यिनको प्रभाव र परिणामहरू टाढा-टाढासम्म पुग्नजान्छन ।

आधुनिक सन्चार माध्यमद्धारा विश्व आज एउटा वैश्विक गाउँ बन्नपुगेको छ । पहिला त युद्धरत निश्चित समूहहरूमै युद्ध सीमित रहने गर्थ्यो परन्तु आज प्रत्येक विवाद र युद्धको पणिाम वास्तवमा विश्वस्तरमा

प्रकट हुनजान्छ । सत्य के हो भने म केही वर्ष अघिदेखि संसारलाई एउटै कुराप्रति सतर्क गरिरहेछु र त्यो के भने अब कुनै पनि एउटा क्षेत्रमा हुने युद्धको प्रभाव अन्य सबै क्षेत्रहरूको शान्ति र सुरक्षामाथि पर्नेछ भन्ने कुरोलाई मानिसहरूले जानून ।

बीसौं शताब्दीमा भएका विश्वयुद्धप्रति दृष्टि गर्नाले त्यससमय प्राप्त युद्धशस्त्रहरू वर्तमान शस्त्रहरू र हतियारहरूको तुलनामा यति आधुनिक र विनाशकारी थिएनन भन्ने कुरो ज्ञात हुन्छ । यसोपरान्त केवल दोस्रो विश्वयुद्धमा सात करोड मानिसहरू मारिए जसमा अधिकतर निरपराध नागरिकहरू थिए भनिन्छ । त्यसकारण वर्तमानमा हुने विनाश र वर्वादीको अनुमानबारे कल्पना गर्नु पनि असम्भव छ । दोस्रो विश्वयुद्धको समयमा अमेरिकाका आणविक शस्त्रहरूको शक्ति वर्तमानका निउकिल्याइ हतियारहरूको तुलनामाअति कम थियो । यसैगरी अब आणविक शस्त्र केवल ठूला देश कहलाउनेहरूसित मात्र उपलब्ध छैन अपितु केही साना देशहरूमा पनि उपलब्ध छ । जहाँ ठूला शक्तिहरूले यी हतियारहरूलाई केवल एउटा रोकथामको रूपमा राखेका छन भने साना देशहरूले पनि त्यसै गर्लान भन्ने कुराको केही ग्यारन्टी छैन । तिनीहरूले यिनलाई प्रयोग गर्नेछैनन भनी हामी ढुक्क पर्न सक्नेछैनौं । अत: संसार एउटा विनाशको किनारामा खडा छ भन्ने कुरोप्रति केही सन्देह छैन ।

दोस्रो विश्वयुद्धकोअन्तिम चरणमा यहाँहरू (जापान) का नागरिकहरूले पनि एउटा कल्पनातीत विनाश र बर्बादीको शोक सहनु परेको थियो । जब यहाँहरूका लाखौं नागरिकहरू निर्ममरूपमा हत्या गरियो र यहाँहरूका दुईवटा शहरहरूलाई आणविक बमद्धारा यसप्रकार ध्वस्त पारियो जसप्रति मानवता समेत लज्जित हुनपुगेको छ । यस्तो भयानक घटनालाई देखेपश्चात र अनुभव गरेपश्चात जापानीहरूले यस्तो आक्रमण पुन: जापानमा अथवा संसारको अन्य कुनै क्षेत्रमा दोहोऱ्याइयोस भन्ने कदापि चाहने छैनन । यहाँहरू ती व्यक्तिहरू हुनहुन्छ जसले आणविक युद्धको

विनाशकारी प्रभावलाई  राम्ररी जान्नुहुन्छ । यहाँहरू तिनीहरू नै हुनहुन्छ जसले यस्ता विनाशकारी शस्त्रहरूबाट उत्पन्न हुने कुप्रभाव  र कुपरिणाम केवल एउटा नसलसम्म सीमित नरहेर भविष्यका कैयों नसलहरूसम्म फैलन्छ भन्ने कुरो जान्नुहुन्छ। यहाँहरू ती व्यक्तिहरूहुनहुन्छजसले आणविक शस्त्रहरूको असीम कप्रभावप्रति साक्षी दिन सक्नुहुन्छ । तसर्थ जापानीहरूभन्दा बढी अन्य कोही जाति छैन जसले विश्वशान्ति र सुरक्षाको मूल्यलाई जान्नसकोस ।

जापान आज पुनर्निर्माणको स्तरबाट अघिबढेर सर्वाधिक उन्नत देश बन्नपुगेको छ र यो कृतज्ञता व्यक्त गर्नुपर्ने कुरो हो । यिनीहरूले अतीतलाई ध्यानमा राख्दै विश्वशान्तिका लागि आफ्नो योगदान दिनु अत्यावश्यक रहेको छ । दुःखको कुरो के हो भने दोस्रो विश्वयुद्धको अन्तमा जापानमाथि यस्ता प्रतिबन्धहरू र रोकहरू लगाइए जसले गर्दा यहाँहरूले अन्तर्राष्ट्रीय प्रतिनिधित्वको मार्ग निश्चित गर्नमा कुनै ठोस प्रयास गर्न सक्नुहुनेछैन । तापनि यहाँहरूको देशले आजपनि अन्तर्राष्ट्रीय समस्याहरू र राजनैतिक विषयहरूमा एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । त्यसैले यहाँहरूले आफ्नो प्रभाव र पहूँचलाई उत्तमरूपमा प्रयोग गरी जातिहरू र देशहरूका बीचमा शान्ति स्थापनाको प्रयास गर्नु आवश्यक छ ।

यसवर्ष इतिहासका यी भयानक दिनहरू बितेको सत्तरी वर्ष पुग्यो जब हिरोशिमा र नागासाकीमाथि आणविक बम प्रहार गरी यहाँहरूका नागरिकहरूलाई विनाशको वेदना र अत्याचारको निसाना बनाइएको थियो । यहाँहरूले यस महाविनाश र बर्बादीको पृकत चित्र प्रर्दशनका लागि मिउजिएमहरू बनाएका छन र त्यस आणविक बम्बारीका केही अवशेष र प्रभावहरू आजपनि जारी छन । त्यसकारण जापानी जातिले युद्धको खतरालाई राम्ररी बुझ्न सक्छन ।

जस्तै मैले साङ्केतिकरूपमा यहाँहरूमाथि आइलागेका विपदको एउटा पक्ष युद्धपछि जापानमाथि अनावश्यक र अत्याचारपूर्ण प्रतिबन्धहरू पनि लगाइए भनी उल्लेख गरेको छु । धेरै दसकहरू बित्नका साथ साथ यी प्रतिबन्धहरू पनि युद्धका विनाशकारी प्रभावहरूको एउटा स्थायी स्मरणको रूपमा रहन गएहोलान ।

जापानमाथि आणविक आक्रमणको समयमा, द्धित्तीय खलीफा, जो त्यससमयका अहमदीया जमाअतका प्रमुख थिए, उहाँले यी आक्रमणहरूको अत्यन्त निन्दा गर्दै भन्नुभएको थियोः- "हाम्रो धार्मिक र नैतिक शिक्षाले हामीबाट के आशा राख्छ भने हामी संसारका सामुन्ने यस अमानवीय कार्य र यस रक्तपातलाई कुनैप्रकार पनि न्यायसंगत मान्नेछैनौं भनी घोषणा गरौं । केही देशहरूले मेरो यस बयानलाई मन पर्‍याउने छैनन भन्ने कुरोप्रति मलाई रत्तिभर पनि पर्वाह छैन ।" उहाँले पुनः भन्नभयोः- यिनीहरूलाई भविष्यमा युद्ध कम होला भन्ने लाग्दैन अपितु यिनीहरूले उत्पीडन र विवादहरूमा बढोतरी हुदैगएको देखिरहेछन । आज यिनीहरूको चेतावनी पूर्णतः सत्य सिद्ध हुनपुगेको छ । यद्यपि तेस्रो विश्वयुद्धको कुनै निश्चित समयसीमा तेकिएको त छैन तर वास्तवमा एउटा विश्वयुद्ध यससमय जारी छ । संसारभरीका पुरुष र महिला र बालकहरू समेतलाई अत्यन्त हृदयभेदी अत्याचारको निसाना बनाइदैछ र हताहत गरिरहिएको छ ।

जहाँसम्म हाम्रो सम्बन्ध छ, मुस्लिम जमाअत अहमदियाले सदा प्रत्येक प्रकारका अत्याचार र उत्पीडनको निन्दा गरेको छ । चाहे त्यो संसारको कुनै पनि क्षेत्रमा होस । किनभने इस्लामी शिक्षाको तकादानुसार हामीले अन्यायविरुद्ध आवाज उठाउनु र उत्पीडित वर्गको सहयोग गर्नु अनिवार्य रहेको छ । मैले यसअघि वर्णन गरिसकेको छु, महामहीम द्धितीय खलीफा (प्रमुख) ले कसरी स्पष्ट घोषणा गरी जापानमाथि  भएको आणविक आक्रमणको निन्दा गर्नुभएको थियो । यसबाहेक  एकजना प्रसिद्ध अहमदी मुसलमानले जो विश्वस्तरमा प्रभाव राख्थे, जापान र यहाँका जनताको

समर्थनको भार उठाए । मेरो सङ्केत  सर चौधरी जफरुल्लाह खानतर्फ रहेको छ । उनी धेरै अन्तर्राष्ट्रीय उच्च पदहरूका स्वामी हुनका साथ साथ पाकिस्तानका पहिला विदेश मन्त्री पनि थिए र पछिगएर राष्ट्रसंघको जनरल एसेम्लीका सभापति पनि बने । द्वितीय विश्वयुद्धपश्चात उनले केही महाशक्तिहरूका तर्फबाट जापानमाथि अन्यायपूर्ण प्रतिबन्धहरू लगाइएकोमा घोर निन्दा गरे । 1951मा सनफ्रान्सिस्कोमा भएको शान्ति सम्मेलनमा पाकिस्तानी प्रतिनिधिमण्डलका प्रमुखको रूपमा चौधरी जफरूल्लाह खानले भनेः- "जापानसित शान्तिस्थापनाको नीव न्याय र सम्झौतामाथि राखियोस न त अत्याचार र उत्पीडनमाथि । भविष्यमा जापानले एउटा महत्वपूर्ण भूमिका आफ्नो राजनैतिक र सामाजिक ढाँचाको सुधारमाथि राख्नेछ जुन प्रगतिका उज्वल जामिनहरूहुन र जसले जापानलाई शान्तिप्रिय जातिहरूको पंक्तिमा बराबरीको स्थान दिलाउन सक्छन।"

उनको भाषण पवित्र कुरआनका शिक्षाहरू र इस्लामका पैगम्बरको आदर्शको आधारमा थियो । इस्लामका प्रकृत शिक्षाहरूलाई आधार बनाएर उनले के व्यक्त गरे भने, "कुनै युद्धमा विजयी पक्षले कदापि पराजयी पक्षमाथि यस्ता अनुचित प्रतिबन्धहरू लगाउनु हुनेछैन जसले भविष्यमा त्यसको प्रगति र सुखशान्तिमा रोक उत्पन्न गरोस ।" चौधरी महम्मद जफरुल्लाह खान साहेबले यो ऐतिहासिक बयान जापानको समर्थनमा दिए । किनभने  एकजना अहमदी मुस्लिमको हैसियतमा उनी केवलपाकिस्तान सरकारका प्रतिनिधि मात्र थिएनन अपितु त्योभन्दा माथिगएर उनी इस्लामका उच्च शिक्षाहरूको प्रतिनिधित्व गरिरहेथे । जस्तै मैले पहिला पनि भनिसकेको छु, यहाँहरू त्यो जाति हुनहुन्छ जसले युद्धको कुपरिणामलाई अन्य जातिहरूभन्दा बढी बुझ्न सक्नुहुन्छ । अतः जापान सरकारले यथासम्भव तरीकाले र प्रत्येक स्तरमा प्रत्येक प्रकारका अमानवीय व्यवहार, अत्याचार र अन्यायको विरोध गर्दै त्यसको रोकथाम गर्नु जरूरी छ । जुन अमानवीय आक्रमण यिनीहरूमाथि भयो त्यो कहिल्यै, कहीँ पनि

नदोहोऱ्याइयोस भन्ने कुरोप्रति यिनीहरूले जोडदिनु आवश्यक छ । जहाँ कहीँ पनि युद्धको बादल छाउँछ जापानी नेताहरू र नागरिकहरूले तनाव कम गर्न र शान्ति स्थापित गर्न आफ्नो भूमिका निर्वाह गर्नुपर्नेछ । जहाँसम्म इस्लामको सम्बन्ध छ केही मानिसहरूका दृष्टिमा यो एउटा कट्टर र आतंकवादको धर्म हो । इस्लामी देशहरूमा युद्ध र विवादहरू तथा आतंकवादी क्रियाकलापहरू चलिरहेकोलाई नै तिनीहरूले आफ्नो धारणाको आधार बनाएका छन । तिनीहरूका यी विचारधाराहरू पूर्णतः सत्यविपरीत रहेका छन । वास्तवमा इस्लामका शान्तिमय शिक्षाहरूको संसारका इतिहासमा कुनै तुलना छैन । त्यसैले त द्वित्तीय खलीफा (अहमदीया जमाअतका द्वित्तीयप्रमुख) र चौधरी महम्मद जफरुल्लाह खान साहेबले यहाँहरूका मानिसहरूमाथि भएका अत्याचारहरू विरुद्ध जोडदार आवाज उठाए ।

अब म इस्लामका वास्तविक शिक्षाहरूको संक्षिप्त रूपरेखा प्रस्तुतगर्न चाहन्छु । इस्लामको एउटा मौलिक सिद्धान्त के रहेको छ भने,कुनै पनि यस्तो युद्धको केही औचित्य छैन जुन भौगलिक, राजनैतिक आधारमा अथवा प्राकृतिक साधनहरूमाथि कब्जा गरी आर्थिक लाभ प्राप्त गर्नहेतु लडिन्छ । यतिमात्र होइन पवित्र कुरआनको सूरः अल् नहलको 127 नं आयतमा अल्लाहको वाणी यसप्रकार छः–"युद्ध चलिरहेको अवस्थामा कुनै पनि दण्ड वास्तविक अपराधानुसार हुनुपर्छ, उचित सीमाभन्दा बढी होइन । पवित्र कुरआनको नै शिक्षा के छ भने , युद्धपश्चात माफ गरिदिनु र धैर्य देखाउनु अति उत्तम रहेको छ ।"

यसैगरी पवित्र कुरआनको सूरः अनफाल आयत नं 62 मा वर्णित छः– "जहाँ दुई पक्षको पारस्परिक सम्बन्धमा बिगाड उत्पन्न हुन्छ र युद्धको तयारी गरिन्छ , यदि कुनै एउटा पक्षले सन्धि चाहेमा दोस्रो पक्षप्रति के अनिवार्य हुन्छ भने त्यसले त्यस प्रस्तावको स्वागत गरोस र अल्लाहप्रति भरोसा राखोस ।" पवित्र कुरआनको वर्णन छः– कुनै एउटा पक्षले दोस्रो पक्षको

सोचप्रति सन्देह गर्नु (उचित) हुनेछैन अपितु सदा सन्धि र समझदारीको मार्ग खोज्नु उचित हुनेछ । यो कुरआनको शिक्षा अन्तर्राष्ट्रीय शान्ति स्थापनाका लागि मौलिक सिद्धान्तको रूपमा रहेको छ ।

सूरः अल् माइदाको आयत नं 9 मा अल्लाह तआलाको वाणी यसप्रकार छः– "कुनै जातिको शत्रुताले तिमीहरूलाई न्याय र अदलका तकादाहरूप्रति सम्झौता गर्न नउकसाओस ।" अपितु इस्लामले त के सिकाउँछ भने, कुनै पनि स्थितिमा चाहे कुनै प्रकारको कठिनाइ आइपरोस न्याय र इन्साफका तकादाहरूको गाँठोलाई दृढतापूर्वक थामेर राखियोस ।

निस्सन्देह न्याय नै हो जसबाट पारस्परिक सम्बन्धमा सुधार उत्पन्न हुनसक्छ । तथा यो नाकामीको अनुभूति र युद्धका स्मरणहरूलाई दूर गर्ने साधन बन्नसक्छ । सूरः नूरको आयत नं34मा पवित्र कुरआनको वाणी युसप्रकार छः– यदि युद्धपश्चात युद्धबन्दीहरूलाई मुक्त गर्नहेतु तिनीहरूमाथि कुनै आर्थिक जरिमाना लगाउने हो भने त्यसका शर्तहरू युक्तियुक्त हुनुपर्छ किनभने तिनीहरूले सहजरूपमा तिर्न सकून । त्यसलाई आंशिकरूपमा वसूल गरिएमा त्यो उत्तम हुनेछ । शान्ति स्थापनाको एउटा बहूमूल्य सिद्धान्त जुन पवित्र कुरआनको सूरः अल् हुजरात, आयत नं 10मा वर्णित छ त्यो के हो भने– यदि ती जातिहरू अथवा समूहहरूका बीचमा विवाद र तानातानी रहेको भएमा कुनै तेस्रो जाति वा समूहले समझौता गराउने प्रयास गरोस र शान्तिपूर्ण समझदारीको वातावरण पैदा गर्ने प्रयास गरोस । समझौताको स्थितिमा, दुवैपक्षमध्ये कसैलेपनि यदि अनुचितरूपमा समझौताका शर्तहरूको अवज्ञा गरेमा अन्य पक्षहरूले एकमतभएर अत्याचारीलाई रोक्नुपर्नेछ चाहे त्यसका लागि शक्ति प्रयोग नै किन गर्नु नपरोस । परन्तु यदि अत्याचारी पक्षले हात खडा गरेमा वा पछिहटेमा त्यसमाथि प्रतिबन्ध लगाउनुको सट्टा त्यसलाई एउटा स्वतन्त्र जाति र स्वेचापूर्वक रहने समाजको रूपमा प्रगति गर्ने अनुमति दिनु उचित हुनेछ । वर्तमान समयमा यस सिद्धान्तको महत्व अत्यधिक रहेको छ । विशेषरूपमा ठूला शक्तिहरू र

अन्तर्राष्ट्रीय संस्थाहरू, जस्तै राष्टसंघका लागि । यदि यी कुराहरूमाथि चल्न आरम्भ गरिएमा संसारमा वास्तविक शान्ति र न्याय स्थापित हुनसक्छ । तथा अनावश्यकीय बेचैनी र असफलताको अनुभूति स्वयं समाप्त हुनपुग्नेछ।

यसैप्रकार पवित्र कुरआनका अन्य धेरै आदेशहरू यस्ता छन जसले संसारमा शान्ति स्थापना र युद्धको रोकथामतर्फ मार्गदर्शन गर्छन । हाम्रा परमकृपालु र परमदयालु खुदाले उनको सृष्टिमा समानता र मेलमिलापको वातावरणरहोस भनीशान्तिको स्त्रोत प्रदान गरेका हुन र त्यो प्रत्येक प्रकारको घृणा र द्वेषभावबाट स्वतन्त्र रहोस भन्ने उनी चाहन्छन । अतः यही निवेदनका साथ मेरो यहाँहरू सबैसित के विन्ती छ भने, आफ्नो पहूँचलाई प्रयोगमा ल्याएर संसारमा शान्ति र समानता बढाउने प्रयास गर्नुहोस– हाम्रो सामूहिक दायित्व संसारमा जहाँ पनि अशान्ति र तनाव छ त्यहाँ न्यायहेतु आवाज उठाउनु र शान्ति स्थापनाहेतु प्रयास गर्नु रहेको छ जसबाट हामी त्यस्तो भयानक युद्धबाट सुरक्षित रहन सकौं जुन आजभन्दा सत्तरी वर्ष पहिला लडिएको थियो र जसका विनाशकारी प्रभावहरू कैयौं दशकमाथि फैलिएका थिए र आजसम्म अनुभव गरिन्छ । यद्यपि सीमित मात्रामा एउटा विश्वयुद्धको थालनि भइसकेको छ परन्त हामीले आफ्ना दायित्वहरूलाई समयरहँदै निर्वाहन गर्नुपर्नेछ । अन्यथा यसका प्रभावहरू फैलिएर समस्त जगतलाई आफ्नो लपेटोमा लिनसक्नेछन । र त्यो रक्तपातपूर्ण र विनाशकारी शस्त्र पुनः प्रयोग हुनसक्छ । जसले हाम्रा भावी सन्तानहरूलाई नाश गर्नेछ ।

अतः आउनुहोस ! सबैजना मिलेर आफ्ना दायित्वहरूको निर्वाहन गरौं । विपक्षी गुटबन्दी गर्नुको सट्टा हामी सबैले एकजुट भएर परस्पर एक अर्काको सहयोग गर्नु आवश्यकछ । हामीसित अब अन्य कोही मार्ग छैन किनभने यदि तेस्रो विश्वयुद्ध वास्तवमै आरम्भ हुनगएमा यसको परिणामस्वरूप सम्भावित विनाश र बर्बादीको क्रमलाई कल्पना गर्नु पनि सम्भव छैन । निस्सन्देह यस्तो परिस्थिति आउनगएमा अतितका युद्धहरू

अति नगण्य अनुभव हुनेछन । मेरो प्रार्थना छ, विलम्भ हुनुअघि नै संसारले यस परिस्थितिको गुरुत्वलाई बुझ्नोस । यसैगरी मानिसहरूले खुदा तआला (परमेशवर) का सामुन्ने नतमस्तक रही उन (अल्लाह) को अधिकार र (मानवजातिका) पारस्परिक अधिकारहरूको निर्वाहन गर्न आरम्भ गरून ।

अल्लाह तआलाले तिनीहरुलाई समझ्न र सूझबूझ प्रदान गरुन जसले धर्मको नाममा अशान्तिको वातावरण सृजना गरिरहेछन । र तिनीहरूलाई पनि जसले आर्थिक लाभ उठाउनका लागि भौगलिक र राजनैतिक युद्ध लडिरहेका छन । यदि तिनीहरूलाई तिनीहरूका उद्धेश्यहरू कति युक्तिहीन र विनाशकारी रहेका छन भन्ने कुराको ज्ञान हुनगएमा कतिनै उत्तम हुनेथियो ! संसारका प्रत्येक क्षेत्रमा स्थायी शान्ति स्थापनाको खुदाले सौभाग्य प्रदान गरुन । आमीन ।

यिनै निवेदनहरूका साथ यहाँहरूलाई म एकपटक पुनः धन्यवाद दिन्छु, यहाँहरू यस सभामा पाल्नुभयो । धेरै धेरै धन्यवाद छ ।

# विश्वका शासकहरूका नाममा पत्रावली

# आदरणीय पोप बेनिडिक्ट XVI को नाममा पत्र

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

३१ अक्तूबर २०११

मानीय पोप बेनिडिक्ट दी XVI

अल्लाह तआलाले यहाँमाथि आफ्नो कृपा र बरकत(मंगल)अवतीर्ण गरून भन्ने मेरो हार्दिक प्रार्थना छ । विश्वव्यापी अहमदिया जमाअतको आध्यात्मिक प्रमुख भएको नाताले म माननीय ज्यूको सेवामा पवित्र कुर्आनको निम्न संदेश प्रस्तुत गर्दछु जुन यसप्रकार छ :- “ हे (ईश्वरीय) पुस्तक प्राप्तहरूहो ! एउटा यस्तो कुरोतर्फ(कम से कम)आऊ जुन हाम्रा र तिमीहरूका बीचमा समान रहेको छ । (त्यो के हो भने) हामी अल्लाहबाहेक कसैको उपासना नगरौं र कुनै वस्तुलाई उनको साझेदार नबनाउँ तथा न हामी अल्लाहलाई छाडि परस्पर एक-अर्कालाई रब्ब(प्रतिपालक)बनाउँ । ” (सूरः आले इम्रान आयत ६५)

आज इस्लाम विश्वको दृष्टिमा खट्किएको छ र निरन्तर यसमाथि आरोपहरू लगाइन्छन । जसले आरोप लगाउँछन वस्तुतः तिनीहरू साँचो इस्लामका शिक्षाहरूको अध्ययन गरे बिना नै त्यसो गर्छन । दुर्भाग्यवश केही मुसलमान संगठनहरूले पनि आफ्नो निहित स्वार्थ पूर्तिहेतु इस्लाम धर्मलाई पूर्णतः गलत ढंगमा प्रस्तुत गरेका छन फलतः पश्चिमी संसार र गैर मुस्लिम देशका व्यक्तिहरूको हृदयमा अत्यधिक अविश्वासको भावना उत्पन्न

भएको छ र शिक्षित मानिसहरू पनि इस्लामका प्रवर्तक हजरत मुहम्मद मुस्तफा (सल्लम)विरुद्ध निराधार आरोप लगाउँछन ।

प्रत्येक धर्मको मुख्य उद्देश्य मनुष्यलाई अल्लाह (परमेश्वर)का निकट ल्याउनु र मानव मूल्यहरू र कर्तव्यहरूप्रति मानवजातिलाई सजग गर्नु हो । कुनै पनि धर्मका प्रवर्तकले कदापि आफ्ना अनुयायीहरूलाई अरूका अधिकारहरूको हनन गर्ने र हडपने तथा अत्याचारपूर्ण व्यवहार गर्ने शिक्षा दिएनन । अतः मुसलमानहरूको एउटा पथभ्रष्ट अल्प वर्गका कार्यहरूलाई इस्लाम र त्यसका पवित्र प्रवर्तकमाथि प्रहार गर्ने साधन र बहानाको रूपमा प्रयोग गर्नु उचित छैन । इस्लामले हामीलाई विश्वका सबै धर्महरूका प्रवर्तकहरू र पैगम्बरहरू तथा अवतारहरूको आदर र सम्मान गर्ने आदेश दिन्छ । अतः समस्त मुसलमानहरूका निम्ति ती समस्त पैगम्बरहरूमध्ये हजरत यसू मसीहप्रति पनि विश्वास स्थापना गर्नु आवश्यक र अनिवार्य छ किनभने उनको वर्णन पवित्र बाइबलका साथ साथ पवित्र कुर्आनमा पनि रहेको छ । हामी हजरत मुहम्मद मुस्तफा(सल्लम)का निम्न र तुच्छ दास तथा सेवक हौं त्यसकारण हजरत मुहम्मद मुस्तफा(सल्लम)माथि गरिएका आघात र प्रहारहरूबाट हामीलाई अत्यन्त दुःख लाग्छ र आघात पुग्छ । परन्तु हामी निरन्तर उहाँका उच्च आचरणहरू र पवित्र कुर्आनका सुन्दर शिक्षाहरू विश्वसमक्ष प्रकट गरी ती आरोप र आघातहरूको उत्तर दिन्छौं ।

यदि कोही व्यक्ति कुनै विशिष्ट शिक्षाको पालना गर्दैन तर स्वयंलाई त्यसशिक्षातर्फ संकेत गर्छ र त्यससित सम्बद्ध रहेको दावी गर्छ भने त्यो त्यस व्यक्ति विशेषको भूल हो न त शिक्षाको । इस्लाम शब्दको अर्थ नै शान्ति,प्रेम र सुरक्षा हो । “धर्मको मामिलामा कुनै प्रकारको जबरजस्ती छैन” यो इस्लामको स्पष्ट आदेश रहेको छ । पवित्र कुर्आनले बारम्बार आग्रहपूर्वक प्रेम,सहानुभूति,परोपकार,शान्ति,मैत्री र त्यागको शिक्षा दिन्छ । जसले संयम र धैर्य धारण गर्दैन त्यो अल्लाहबाट दूर र इस्लामी शिक्षाहरूबाट दूर रहेको छ भन्ने तर्क पनि पवित्र कुर्आनमा बारम्बार आएको छ । अतः यदि कुनै

व्यक्तिले इस्लामलाई एउटा अत्यन्त कठोर र कट्टरवादी तथा रक्तपातमा आधारित शिक्षाहरूको धर्म ठान्छ भने त्यो त्यसको निजी समझ हो,इस्लामसित त्यसको केही सम्बन्ध छैन ।

अहमदिया मुस्लिम जमाअत केवल वास्तविक इस्लामका शिक्षाहरूको पालना गर्ने एउटा धार्मिक जमाअत हो । यस जमाअतले केवल अल्लाह तआलाको प्रसन्नता प्राप्तिका निम्ति कार्य गर्छ । यदि कुनै गिर्जाघर अथवा अन्य धर्मका उपासना स्थलको सुरक्षा गर्ने आवश्यकता परेमा तिनीहरूले हामीलाई त्यस कार्यमा आफूसित हातमा हात मिलाएर र काँधमा काँध मिलाएर खडा रहेको पाउँनेछन । यदि हाम्रा मस्जिदहरूबाट कुनै सन्देशको ध्वनि र घोषणा आउँछ भने त्यो केवल अल्लाह सबैभन्दा महान छन र उनीबाहेक कोही पनि पूजनीय छैन तथा मुहम्मद मुस्तफा(सल्लम)अल्लाहका रसूल हुनुहुन्छ भन्ने घोषणा आउँछ ।

विश्व शान्ति भंग गर्नमा सहयोग पुऱ्याउने एउटा मुख्य कारण के पनि हो भने केही मानिसहरू स्वयंलाई अत्यन्त बुद्धिमान,उच्च शिक्षाप्राप्त र हरप्रकार स्वतन्त्र ठान्छन । अतः तिनीहरू धर्मका प्रवर्तकप्रति उपहास र ठट्टा गर्न पनि स्वयंलाई स्वतन्त्र ठान्छन । समाजमा शान्ति यथावत राख्नका निम्ति प्रत्येक व्यक्तिले आफ्नो सहिष्णुता र सहनशीलताको स्तर विकसित गर्नु र आफ्नो हृदयबाट समस्त विरोधी भावनालाई समाप्त गर्नु अत्यावश्यक छ । आज विश्वमा अशान्ति व्याप्त छ । त्यसकारण प्रेम र सहानुभूतिको वातावरण उत्पन्न गरी हामीले भय र अशान्तिलाई समाप्त गर्नु समयको अनिवार्य आवश्यकता रहेको छ । अन्य धर्महरूका संस्थापक र पैगम्बरहरूको आदर-सम्मानको प्रतिरक्षा र प्रचार-प्रसार र प्रेम, शान्ति र सौहार्दको सन्देशलाई चारैतर्फ फैलाउनु हाम्रो प्रमुख कर्तव्य बनेको छ । पहिलाभन्दा धेरै अघिबढेर एकतापूर्वक र पारस्परिक सहयोग र सहानुभूति पूर्वक उत्तम जीवनयापन गर्नु र मानवीय मूल्यहरूको पहिचान गरी तिनीहरूको सम्मान गर्नु आज समयको माग रहेको छ ।

## विश्व संकट तथा  शांतिको मार्ग

आज विश्वमा सा-साना स्तरमा युद्धहरू भइरहेछन । दोस्रोतर्फ महाशक्तिहरू विश्वशान्ति स्थापना गर्ने दावी गरिरहेछन । प्रत्यक्ष रूपमा हामीलाई एउटा कुरो बताइन्छ परन्तु पर्दा पछाडि अथवा परोक्षरूपमा तिनीहरूको मनसा र प्रमुखता तथा नीतिहरू भिन्न हुन्छन जसलाई व्यवहारिक रूपमा पूरा गरिन्छ । यस्तो परिस्थितिमा के विश्वशान्ति स्थापित हुनसक्छ त ? यदि हामीले संसारको वर्तमान परिस्थिति र परिवेशलाई निहालेर हेरेमा एउटा अर्को विश्वयुद्धको थालनी हुनलागेको कुरो ज्ञात हुनजान्छ । यदि द्वितीय विश्वयुद्धपछि न्यायमा आधारित समानताको मार्ग अपनाइएको भए हामीले आज विश्वको यो स्थिति देख्ने थिएनौं जुन आज पुनः युद्धको अग्निमा प्रवेश गरिसकेको छ । आज विश्वका धेरैवटा देशहरू परमाणु हतियारयुक्त छन । परस्पर शत्रुता पनि दिन प्रतिदिन बढ्दै गइरहेछ । फलतः विश्व यससमय विनाशको शिखरमा खडा छ । यदि ती विनाशकारी हतियारहरू फुट्नपुगे भने धेरै भावी पीडिहरू समेत विकलांग र विस्थापित हुनेछन जसको पाप हामीमाथि लाग्नेछ ।


विश्वका निकट सृष्टिकर्ता र उनका सृष्टिको अधिकार पूरा गर्ने समय अहिले पनि सकिएको छैन ।

विश्वले अब आफ्नो उन्नतिप्रति ध्यान दिनुको स्थानमा मानवजातिलाई विनाशबाट बचाउने प्रयासलाई तीव्र गर्नु अत्यन्त आवश्यक छ भन्ने मेरो विचार रहेको छ । मनुष्यले आफ्ना स्रष्टालाई चिनोस र उनीसित आफ्नो निर्मल सम्बन्ध स्थापन गर्ने प्रयास गरोस । मानवताको स्थायी र शान्तिपूर्ण जीवनका निम्ति यही एउटा आश्वासन रहेको छ अन्यथा विश्व तीव्रगतिले विनाशमार्गमा अघिबढिरहेछ । अरूका दोषहरू र त्रुटिहरूको खोज गर्नुको सट्टा मनुष्यले आफूभित्र रहेको सैतानलाई नियन्त्रित राख्ने प्रयास गरोस । आफ्ना दोषहरू र दुर्गुणहरू मेटाएर मानिसले न्यायको अभूतपूर्ण उदाहरण प्रस्तुत गर्न सक्छ र त्यो मानिस शान्ति स्थापित गर्न पनि अवश्य सफल हुनेछ । अरूसितको चरमसीमामा पुगेको शत्रुता र द्वेषले मानव मूल्यलाई

पूर्णत समाप्त गरिरहेछ र यसले विश्वलाई अनिवार्य विनाशतर्फ लिएर गइरहेछ भन्ने कुरो म विश्वलाई निरन्तर स्मरण गराइरहेछु ।

यहाँहरूको विचार र परामर्शको विश्वमाथि एउटा प्रभाव छ । त्यसकारण विश्वलाई खुदा तआलाले स्थापित गरेको प्राकृतिक संतुलनमाथि हस्तक्षेप नगर्न ताकिता गर्नुहोस भन्ने यहाँहरूप्रति मेरो निवेदन रहेको छ । प्राकृतिक विधानमाथिको अनुचित र अत्याचारपूर्ण हस्तक्षेपका कारण विश्व अति तीव्रताका साथ विनाशतर्फ बढिरहेछ । अतः आज यस सन्देशलाई पहिलाभन्दा अधिक व्यापक रूपमा र विशेषरूपमा फैलाउने र विस्तारित गर्ने आवश्यकता छ । विश्वका सबै धर्महरूका बीचमा धार्मिक समन्वय र सबै मानिसहरूका बीचमा परस्पर प्रेम,सहानुभूति र भातृत्वभावको भावना उत्पन्न गर्नु अत्यावश्यक छ । सबैले आ-आफ्नो दायित्व र कर्तव्यलाई बुझेर शान्ति स्थापना तथा आफ्ना स्रष्टाको पहिचान गर्ने कार्यमा आ-आफ्नो भूमिका निभाउन भन्ने मेरो प्रार्थना रहेको छ । अल्लाह तआलाले विश्वलाई यस विनाशबाट सुरक्षित राखुन भनी हामी सबै दुआ(प्रार्थना)र याचना उनका चरणमा गरौं । म पनि अल्लाहले हाम्रो प्रतिक्षामा रहेको महाविनाशबाट हामीलाई  बचाउन भनी दुआ गर्दछु ।

भवदीय



मिर्जा मसरूर अहमद

विश्वव्यापी अहमदिया जमाअतको

प्रमुख  तथा पञ्चम खलीफा

# इजरायलका प्रधानमन्त्री का नाममा पत्र

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM


بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر


16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK


माननीय श्रीमान बैन्जामिन नेतेन्याहू

प्रधानमन्त्री इजरायल,यूरोशलम

२६ फरवरी २०१२

प्रिय प्रधानमन्त्री ज्यू !

मैले वर्तमान समयमा प्रकट हुने केही खतरापूर्ण परिस्थितिमा आधारित एउटा पत्र मान्यवर शिमोन पेरेज,प्रसिडेन्ट इजरायललाई पनि पठाएको छु । बडो तीव्र गतिले परिवर्तित भइरहेको विश्वको परिस्थितिका सन्दर्भमा यहाँसमक्ष पनि आफ्नो संदेश पठाउनु मैले अति आवश्यक अनुभव गरें किनभने यहाँ देशको सरकारप्रमुख हुनुहुन्छ ।

यहाँको जातिको सम्बन्ध नुबुव्वत(पैगम्बरहरूको कम)र ईश्वरीय वाणीसित रहेको छ । इजरायलको इतिहास पनि नुबुव्वत र ईश्वरीय वाणीसित संगल्न रहँदै आएको छ र इजरायलका सन्तानका नबीहरूले यहाँका जातिको भविष्यका सम्बन्धमा स्पष्टरूपमा भविष्यवाणीहरू गरेका थिए । वास्तवमा इजरायली सन्ततिका नबीहरूका शिक्षाहरूको अवज्ञा र तिनीहरूका भविष्यवाणीहरूको अवहेलनाका कारण इजरायली जातिले कठोर कष्ट र संकटहरू भोग्नु परेको थियो । यदि यहाँका देशका नेताहरूले नबिहरूका( पैगम्बरहरूका)शिक्षाहरूको पालना दृढतापूर्वक गरेका भएमा तिनीहरू विभिन्न आपदाहरू र कठिनाइहरूमा पर्ने थिएनन अपितु सुरक्षित राखिने

थिए । अतः अरूहरूको अपेक्षा नबिहरूका भविष्यवाणीहरू र आदेशहरूतर्फ अधिक ध्यान दिनु र तिनीहरूको पालना गर्ने प्रयास गर्नु यहाँहरूको प्रथम कर्तव्य रहेको छ ।

म प्रतिश्रुत मसीह र इमाम महदी(वर्तमान युगका सुधारक)को उत्तराधिकारी हुनाको नाताले यहाँसित सम्बोधित छु । प्रतिश्रुत मसीहलाई हजरत मुहम्मद मुस्तफा (सल्लम)को दासत्वमा पठाइएको थियो र हजरत मुहम्मद मुस्तफा(सल्लम)लाई इजरायलका सन्ततिका भातृहरूमा हजरत मूसाको समरूपस्वरूप सम्पूर्ण मानवजातिका निम्ति साक्षात दया बनाएर आविर्भाव गरिएको थियो । (डेट्रोनामे १८:१८) । अतः खुदाको सन्देश स्मरण गराउनु मेरो कर्तव्य रहेको छ । यहाँको गणना पनि ती व्यक्तिहरूमा हुनेछ जसले खुदाको वाणी सुन्छन र सफलतापूर्वक त्यस सन्मार्गको खोज गर्छन जसले पृथ्वी र आकाशका स्रष्टा र स्वामी महान र सर्वश्रेष्ठ खुदातर्फ लिएर जान्छ भन्ने मेरो आशा रहेको छ ।

समाचार पत्रहरूमा वर्तमान यहाँले इरानमाथि आक्रमण गर्ने तयारी गरिरहनु भएको छ भन्ने रिर्पोट सुनिन्छ । गत विश्वयुद्धका भयावह परिणामहरू भने यहाँका सामुन्ने स्पष्ट छन । द्वितीय विश्व युद्धमा जहाँ अन्य देशका लाखौं मानिसहरू मारिए भने हजारौं यहूदिहरू पनि हताहत भएका थिए । प्रधानमन्त्री भएका नाताले आफ्ना जातिको सुरक्षा र जीवनरक्षा यहाँको कर्तव्य हो । विश्वको वर्तमान परिस्थितिले अबको विश्वयुद्ध केवल दुईवटा देशहरूको बीचमा हुनेछैन अपितु विभिन्न ब्लाकहरू बन्नेछन र तिनीहरूका बीचमा हुनेछ भन्ने कुरो प्रकट गर्छ । विश्वयुद्ध आरम्भ हुने खतरा अत्यन्त गम्भीर रहेको छ । मुसलमान,ईसाई र यहूदिहरू इत्यादी सबैको ज्यान खतरामा छ । यदि यस्तो युद्ध आरम्भ भएको खण्डमा त्यो मानवजातिको श्रृंखलाबद्ध विनाशको कारण बन्नेछ । त्यस भयंकर विनाशको प्रभाव भावी पीढि र सन्ततिहरूले पनि अनुभव गर्नेछन । तिनीहरू या त विकलांग जन्मनेछन अथवा अपाहिज । किनभने अबको विश्वयुद्धमा अवश्य

परमाणु अस्त्र प्रयोग हुनेछ । अतः विश्वलाई एउटा अक्रो विश्वयुद्धमा पार्नुको सट्टा यथासम्भव यसलाई विनाशबाट बचाउने प्रयास गर्नु होला भन्ने यहाँसित मेरो निवेदन छ । शक्तिद्वारा विवादहरूको समाधान खोज्नुका सट्टा वार्तालाप र संवादद्वारा तिनीहरूको समाधान खोज्ने प्रयास गर्नु उचित हुनेछ ता हामीले आफ्ना भावी सन्तानलाई उपहारस्वरूप एउटा विकलांगताको दोषपूर्ण भविष्य दिनुको सट्टा सुरक्षित विश्व र उज्जवल भविष्य दिन सकौं ।

म आफ्ना विचारहरूलाई यहाँका शिक्षाहरूमा आधारित उदाहरणहरूद्वारा स्पष्ट पार्ने प्रयास गर्नेछु । पहिलो उदाहरण " जबूर " (भजन संहिता)बाट लिइएको छ,जो यसप्रकार छः- " कुकर्मीहरूका कारण चिन्तित नहोउ,छलकपटपूर्ण कार्य गर्नेहरूका निम्ति डाह नगर ! वस्तुतः तिनीहरू घाँससरह चाँडै काटिनेछन र हरियो घाँसझैं ओइलिनेछन । यहोवामाथि भरोसा राख तथा भलाइ गर । देशमै बसोवास गर र सत्यप्रति मन लगाएर राख । यहोवालाई आफ्नो सुखको श्रोत मान र उनले तिम्रो मनोरथ पूर्ण गर्नेछन । उनले तिम्रो धर्मलाई ज्योतिसमान र तिम्रो न्यायलाई मध्याह्नको उज्यालोसमान प्रकट गर्नेछन । यहोवासमक्ष चुप्प लागेर बस र धैर्यका साथ उनको प्रतीक्षा गर । त्यस मनुष्यका कारण कुण्ठित नहोउ जसका कार्यहरू सफल हुन्छन र जसले अनुचित उपायहरू गर्नेगर्छ ।

क्रोधबाट टाढा रहने गर र आनाकानी तथा अन्यमनष्कतालाई त्याग । कुण्ठित नहोउ । त्यसबाट नराम्रो कुरो नै निस्कने छ । वस्तुतः कुकर्मीहरू काटिइने छन । तथा जसले यहोवाको वाणी सुन्छन तिनीहरू पृथ्वीका अधिकारी हुनेछन । केही दिन बितेपछि दुष्ट रहने नै छैन । र तिमीले त्यसको स्थानलाई राम्ररी जाँच पडताल गरेतापनि त्यसलाई पाउने छैनौ । परन्तु नम्र मानिसहरू पृथ्वीका अधिकारी हुनेछन र अत्यन्त शान्तिका कारण आनन्द मनाउने छन । " (भजन संहिता ३७:१-११)

यसैप्रकार तौरात(Torah)मा हामी निम्न वाणी पाउँछौं :-

## विश्व संकट तथा  शांतिको मार्ग

" आफ्नो थैलोमा भाँति भाँतिका अर्थात कम र अधिक भारका ढकहरू नराख्नु । आफ्नो घरमा भाँति भाँतिका भरुवा(माना-पाथी)नराख्नु । तिम्रा ढकहरू र भरुवाहरू पूरा पूरा र धर्मका हुन । वस्तुतः जुन देश तिमीलाई तिम्रा परमेश्वर यहोवाले दिन्छन त्यसमा तिम्रो आयु लामो होस । अतः यस्ता काममा जसले जति कुटिलता(छल-कपट)गर्छन ती सबै तिम्रा परमेश्वर यहोवाका दृष्टिमा घृणित रहेका छन । (व्यवस्थाविवरण,२५:१३-१६)

यसैकारण विश्वका नेताहरूले र विशेषगरी यहाँले शक्तिको बलमा शासन गर्ने विचारधारा त्याग्नु आवश्यक छ । र निर्बलहरूमाथि अत्याचार गर्नबाट बच्नु पनि आवश्यक छ । यसको स्थानमा न्याय र शान्तिको प्रचार प्रसार गर्ने प्रयास गर्नु उचित हुनेछ फलतः विश्वमा पनि शान्ति स्थापित हुनेछ ।

यहाँले र विश्वका अन्य नेताहरूले मेरो सन्देश बुझ्नेछन तथा आफ्नो पदको गरिमानुसार आ-आफ्ना दायित्वहरू र कर्तव्यहरू पूरा गर्नेछन भन्ने मेरो दुआ(प्रार्थना)रहेको छ ।

यहाँको शुभचिन्तक



मिर्जा मसरूर अहमद

प्रतिश्रुत मसीहको   पञ्चम खलीफा

तथा विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको  प्रमुख

# इस्लामी रिपब्लिक इरानका राष्ट्रपतिको नाममा पत्र

विश्व संकट तथा  शांतिको मार्ग

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

माननीय

महमूद अहमदी निजाद

राष्ट्रपति इस्लामी रिपब्लिक

इरान,तेहरान

७ मार्च २०१२ ई.

प्रिय राष्ट्रपति ज्यू ,

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहू ।

विश्वमा जुन भयानक घटनाहरू घटिरहेछन तिनीहरूलाई देखेर मैले यहाँलाई पत्र लेख्नु आवश्यक छ भन्ने ठाँने । इरानका राष्ट्रपति भएको नाताले यहाँलाई यस्तो निर्णय लिने अधिकार प्राप्त छ जुन यहाँका जाति र देशवासी तथा विश्वको भविष्यप्रति प्रभावी हुनेछ । वर्तमान विश्वमा धेरै अशान्ति र बेचैनी देखिन्छ । धेरैवटा देशहरूमा सा-साना युद्धहरू आरम्भ भइसकेका छन । र अन्य स्थानहरूमा महाशक्तिहरू शान्ति स्थापित गर्ने बहानाले हस्तक्षेप गरिरहेछन । प्रत्येक देश कुनै अन्य देशको समर्थन अथवा विरोधमा खडा छ परन्तु न्यायका मागहरू र तकाजाहरू पूरा गरिरहिएका छैनन । यदि आज हामीले विश्वको वर्तमान परिस्थितिलाई ध्यानपूर्वक हेरेमा एउटा अर्को विश्वयुद्धको थालनी पहिला नै गरिसकिएको छ भन्ने कुरो ज्ञात

हुन्छ । धेरैवटा साना र ठूला देशहरू प्रमाणु अस्त्रयुक्त भएका हुनाले तिनीहरूमा द्वेष र शत्रुता बढदै गइरहेछ । यस्तो कठिन परिस्थितिमा तृतीय विश्वयुद्ध भयानक रूपका साथ निस्सन्देह हाम्रा निकट छ । परमाणु हतियार उपलब्ध हुनुको तात्पर्य नै तृतीय विश्वयुद्ध एटमी युद्ध हुनेछ भन्ने कुरो यहाँलाई थाहा छ । त्यसको अन्तिम परिणाम अत्यन्त विनाशकारी हुनेछ र यस्तो युद्धको दूरगामी प्रभाव भावी पीढिहरूको विकलांग र कुरूप पैदा हुने कारण बन्नेछ ।

मेरो विश्वास के छ भने हजरत मुहम्मद मुस्तफा(सल्लम) लाई विश्वमा शान्ति स्थापित गर्न पठाइएको थियो र उहाँ समस्त मानवजातिका निम्ति साक्षात दया स्वरूप हुनुहुन्थ्यो । अतः उहाँका अनुयायी हुनाको नाताले हामी कदापि विश्वले यस्तो भयानक परिस्थितिको सामना गर्नु परोस भन्ने चाहँदैनौं । किनभने इरान पनि विश्वको एउटा महत्वपूर्ण शक्ति रहेको छ त्यसकारण उसले पनि तृतीय विश्वयुद्ध रोक्नका लागि आफ्नो भूमिका निर्वाह गरोस भन्ने यहाँसमक्ष मेरो निवेदन छ । महाशक्तिहरू दोहोरो मापदण्ड अपनाइ रहेछन भन्ने कुरो निस्सन्देह वास्तविकता हो । तिनीहरूका अन्यायपूर्ण र पक्षपातपूर्ण नीतिहरू नै वर्तमान विश्वमा अव्यवस्था र अशान्ति फैलाउने कारण बन्नपुगेका छन । परन्तु केही मुस्लिम संगठनहरू अनुचित रूपमा इस्लामी शिक्षाविपरीत आफ्नो आचरण र नमूना प्रस्तुत गर्छन भन्ने वास्तविकताबाट पनि हामी विमुख हुनसक्दैनौं । यसै कुरालाई विश्वका महाशक्तिहरूले निर्धन मुस्लिम देशहरूबाट अनुचित ढंगमा आफ्नो निहित स्वार्थसिद्धिका निम्ति एउटा बहानाको रूपमा प्रयोग गरेका छन । अतः विश्वलाई तृतीय महायुद्धबाट बचाउनका निम्ति यहाँले आफ्नो समस्त शक्ति उपयोग गरी प्रयास गर्नुहोला भन्ने यहाँसमक्ष मेरो पुनः निवेदन छ । कुनै जातिको शत्रुताले मुसलमानहरूलाई न्यायपूर्वक व्यवहार गर्नबाट नरोकोस भन्ने पवित्र कुर्आनको शिक्षाबारे यहाँलाई थाहा नै छ । पवित्र

कुर्आनको सूरः अल् माइदामा अल्लाह तआलाको वाणी यसप्रकार रहेको छ :-

" तथा कुनै जातिका मानिसहरूको शत्रुताले जसले तिमीहरूलाई पवित्र उपासनागृह(खाना का'बा)बाट रोकेको थियो, तिमीहरूलाई अत्याचार गर्न प्रेरित नगरोस । तिमीहरू पुण्य र तक्वा(संयम)का कामहरूमा एक अर्काको परस्पर सहयोग गर परन्तु पाप र अत्याचारपूर्ण कार्यहरूमा एक अर्काको सहयोग नगर । अल्लाहको दण्ड निश्चय नै कठोर हुन्छ ।" (अल् माइदा आयत ३ )

यसै सूरःमा मुसलमानहरूका निम्ति एउटा अर्को आदेश दिइएको छ । जुन निम्नानुसार रहेको छ :-  " हे विश्वासीजनहो ! तिमीहरू न्यायपूर्वक साक्ष दिँदै अल्लाह(को प्रसन्नता प्राप्ति)का लागि खडा हुनेगर र कुनै जातिको शत्रुताले तिमीहरूलाई न्याय गर्नबाट नरोकोस । तिमीहरू न्याय गर्नेगर,यो कुरो तक्वा(संयम)को अधिक निकट छ । तथा अल्लाहसित डर । तिमीहरू जे गर्छौ अल्लाहले निस्सन्देह त्यसलाई जान्दछन ।"  (अल् माइदा,आयत-९)


अतः केवल शत्रुता र घृणाका कारण कुनै अन्य देशको विरोध गर्नु कदाचित उचित होइन । इजरायलले आफ्नो सीमाको अतिक्रमण गरिरहेछ र त्यसको दृष्टि इरानमाथि छ भन्ने कुरो म स्वीकार गर्छु । यदि कुनै देशले यहाँको देशमाथि अन्यायपूर्ण तरीकाले आक्रमण गर्छ भने निस्सन्देह यहाँलाई प्रतिरक्षणको अधिकार प्राप्त छ । जे होस परस्पर विवादको समाधान यथासम्भव कूटनीति र वार्तालापद्वारा हुनुपर्छ । शक्तिको प्रयोग गर्नुको सट्टा वार्तालापद्वारा विवादको समाधान गर्ने प्रयास गर्नुहोला भन्ने यहाँसमक्ष मेरो विनम्र निवेदन छ ।

मेरो विनम्र निवेदनको कारण म अल्लाहका ती निवार्चित विभूतिको अनुयायी हुँ जो यस युगमा हजरत मुहम्मद मुस्तफा(सल्लम)का सेवकको रूपमा प्रकट हुनुभयो र उहाँले प्रतिश्रुत मसीह तथा इमाम महदी(युगका

सुधारक)भएको दावी गर्नुभयो । मानवजातिलाई परमात्माका निकट ल्याउनु र प्रजाहरूका अधिकारहरूलाई ठीक त्यसैप्रकार स्थापित गर्नु जसरी हाम्रा परम पथप्रदर्शक हजरत मुहम्मद मुस्तफा(सल्लम)ले जो सम्पूर्ण मानवजातिका लागि साक्षात दयास्वरूप हुनुहुन्थ्यो,हामीलाई प्रदर्शित गरेर देखाउनु भएथ्यो,नै उहाँको उद्देश्य थियो । अल्लाह तआलाले मुस्लिम उम्मा(जाति)लाई यो सुन्दर र अनुपम शिक्षा बुझ्ने ज्ञान र सामर्थ्य प्रदान गरुन ।

वास्सलाम

भवदीय



मिर्जा मस रूर अहमद

खलीफतुल मसीह पञ्चम

विश्वव्यापी अहमदिया मुस्लिम

जमाअतको प्रमुख

# संयुक्त राष्ट्र अमेरिकाका राष्ट्रपतिको नाममा पत्र

## विश्व संकट तथा शांतिको मार्ग

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

माननीय बराक ओबामा,

राष्ट्रपति संयुक्त राज्य अमेरिका,

व्हाइट हाउस,१६०० पेन्सल्वेनिया

वाशिङ्गटन(डी.सी.)

माननीय राष्ट्रपति

विश्वमा आज जुन चिन्ताजनक परिस्थिति उत्पन्न भइरहेछ त्यसको परिदृश्यमा मैले यहाँलाई पत्र लेख्न आवश्यक ठानें । किनभने संयुक्त राज्य अमेरिका एउटा महाशक्ति हो र तपाइँ यस महाशक्तिका राष्ट्रपति हुनुहुन्छ र यहाँलाई यस्ता निर्णयहरू लिने अधिकार प्राप्त छ जसबाट न केवल यहाँका देशको अपितु साधारणतः समस्त संसारको भविष्य प्रभावित हुनसक्नेछ ।

यस समय संसारमा अत्यन्त बेचैनी र अशान्ति व्याप्त छ । केही स्थानमा निम्नस्तरका युद्धहरूको थालनी भइसकेको छ । दुर्भाग्यवश ती विवादग्रस्त क्षेत्रहरूमा शान्ति स्थापित गर्ने प्रयासमा विश्वका महाशक्तिहरूलाई अपेक्षाकृत सफलता मिल्न सकेको छैन । विश्वस्तरमा प्रत्येक देश कुनै अर्को देशको समर्थन अथवा विरोधमा व्यस्त देखिन्छ परन्तु यस सम्बन्धमा न्यायका मागहरू र तकाजाहरू पूरा गरिरहिएका छैनन ।

विश्व संकट तथा  शांतिको मार्ग

यदि हामीले विश्वको वर्तमान परिस्थितिमाथि गहिरो दृष्टि गाढेमा अत्यन्त खेद र दुखका साथ एउटा अर्को विश्वयुद्धको जग राखिएको देखिन्छ भन्ने कुरो स्पष्ट पार्न हामी विवश छौं । धेरैवटा साना र ठूला देशहरूले परमाणु अस्त्र प्राप्त गरिसकेका छन त्यसैकारण देशहरूका बीचमा परस्पर वैमनस्य र आक्रोश तथा असंतोषको भावना बढिरहेको छ । यस्तो विकट परिस्थितिमा तृतीय विश्वयुद्धको प्रबल सम्भावना देखिन्छ । निस्सन्देह यस्तो युद्धमा परमाणु शस्त्रहरूको प्रयोग हुनेछ । अतः विश्व एउटा भयंकर विनाशतर्फ अग्रसर भइरहेको प्रतीत हुन्छ । यदि द्वितीय विश्वयुद्धपछि न्याय र समानताको मार्ग अपनाइएको भए आज विश्वको स्थिति यस्तो हुने थिएन । त्यही असावधानीका कारण आज विश्व पुनः युद्धको ज्वालाको लपेटोमा आइसकेको छ ।

राष्ट्रसंघको विफलता र १९३२ ई.को आर्थिक संकट द्वितीय विश्वयुद्धका प्रमुख कारणहरू थिए भन्ने कुरा हामीलाई थाहा छ । आजका विख्यात र अग्रगणी अर्थशास्त्रीहरू वर्तमानको र १९३२ ई.को आर्थिक संकटमा धेरै समानताहरू छन भन्ने विचार प्रकट गर्छन । राजनैतिक र आर्थिक समस्याहरू नै साना साना देशहरूका बीचमा पुनः युद्धका कारण बनेका छन र ती देशहरूमा यसकारण आन्तरिक अशान्ति र असन्तोषको वातावरण व्यप्त भइसकेको छ । यस स्थितिमा अन्ततः केही यस्ता शक्तिहरूले अनुचित लाभ उठाएर संसारको नियन्त्रण आफ्ना हातमा लिनेछन जो विश्वयुद्धको कारण बन्नेछ । यदि सा-साना देशहरूका पारस्परिक विवादहरूको राजनैतिक अथवा कूटनीतिक समाधान खोज्न सकिन्न भने यसैको फलस्वरूप विश्वमा नयाँ गुटहरू र समूहहरूले जन्म लिनेछन । अतः त्यस स्थितिले तृतीय विश्वयुद्धको पूर्वावलोकन प्रस्तुत गर्नेछ । अतः यससमय


## विश्व संकट तथा शांतिको मार्ग

विश्वको विकासप्रति ध्यान दिनुको सट्टा हामीले विश्वलाई यस विनाशबाट सुरक्षित राख्ने आफ्नो प्रयासलाई तीव्रगति दिनु अत्यावश्यक छ भन्ने मेरो विश्वास रहेको छ । मानवजातिले आफ्ना स्रष्टा परमेश्वरको पहिचान गर्नु पनि अत्यावश्यक छ किनभने केवल यसै कुराले मानवताको जीवनलाई सुरक्षित बनाउन सक्छ अन्यथा यो संसार निरन्तर आत्म विनाशतर्फ तीव्रताका साथ अग्रसर भइरहने छ ।

अन्य देशहरूको दमन गर्नका निम्ति शक्तिको स्थानमा कूटनीति,वार्तालाप र सुनीतिको प्रयोग गरियोस भन्ने यहाँसित अपितु विश्वका सबै नेताहरूसित मेरो निवेदन रहेको छ । विश्वका महाशक्तिहरूले विशेषतः संयुक्त राज्य अमेरिकाले शान्ति स्थापनार्थ आफ्नो भूमिका निर्वाह गर्नु आवश्यक छ । यहाँहरूले साना देशहरूका गतिविधिहरूलाई विश्वशान्ति भंग गर्ने आधार बनाउनु हुनेछैन । आज परमाणु हतियार केवल संयुक्त राज्य अमेरिका अथवा अन्य महाशक्तिहरूसित मात्र छैन अपितु केही साना देशहरूले पनि यस्ता विनाशकारी हतियारहरू प्राप्त गरिसकेका छन । ती देशका नेताहरू उग्रविचारयुक्त र असंयमी छन फलतः कुनै सोच विचार बिना नै कार्यवाही गर्न सक्नेछन । अतः यहाँले साना र ठूला सबै शक्तिहरूलाई तृतीय विश्वयुद्धको विस्फोटक स्थिति उत्पन्न गर्नबाट रोक्ने यथासम्भव प्रयास गर्नुहुनेछ भन्ने यहाँसमक्ष मेरो विनम्र निवेदन छ । यदि हामी यस प्रयासमा विफल भयौं भने आगामी युद्धको दुष्प्रभाव केवल एशिया,यूरोप तथा उत्तर र दक्षिणी अमेरिकाका निर्धन देशहरूसम्म सीमित रहने छैन अपितु हाम्रो लापर्वाही र त्रुटिहरूको गम्भीर परिणाम हाम्रा भावी पीढिहरूले पनि भोग्नु पर्नेछ तथा विश्वका प्रत्येक क्षेत्रमा विकलांग र अपाहिज बालकहरूले जन्म लिनेछन । तिनीहरूले आफ्ना ती नेताहरूलाई

कदापि क्षमा गर्नेछैनन जसले संसारलाई महाप्रलयमा होमिदिए । केवल आफ्ना निहित स्वार्थको चिन्ता गर्नुको सट्टा हामीले भावी पीढिहरूको कल्याण र हितार्थ कार्य गर्नु उचित हुनेछ र तिनीहरूका निम्ति एउटा उज्ज्वल भविष्यको निमार्ण गर्ने प्रयास गर्नु बेस हुनेछ । परमप्रतापी र सर्वशक्तिमान परमेश्वरले यहाँलाई र विश्वका अन्य सबै नेताहरूलाई यो मेरो सन्देश बुझ्ने र यसको पालना गर्ने सामर्थ्य प्रदान गरून ।

भवदीय



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको प्रमुख

# कनेडाका प्रधानमन्त्रीका नाममा पत्र

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK


माननीय स्टीफन हार्पर,

प्रधानमन्त्री कनेडा

ओटावा,आंटेरियो

प्रिय प्रधानमन्त्री ज्यू ,

८ मार्च २०१२

विश्वमा आज जुन भयावह परिस्थिति उत्पन्न भइरहेछ त्यसैको परिदृश्यमा मैले यहाँलाई पत्र लेख्न आवश्यक ठानेँ किनभने यहाँ कनेडाका प्रधानमन्त्री हुनुहुन्छ र यहाँलाई यस्ता निर्णयहरू लिने अधिकार प्राप्त छ जसबाट न केवल यहाँको देशको अपितु साधारणतः समस्त संसारको भविष्य प्रभावित हुनसक्छ । वर्तमान संसारमा ठूला ठूला विरोध प्रदर्शनहरू भइरहेछन र अशान्ति फैलिरहेछ । केही विषेश स्थानहरूमा निम्नस्तरमा युद्धहरू चलिरहेछन । दुर्भाग्यवश विश्वका महाशक्तिहरू यी विवादित क्षेत्रहरूमा त्यसप्रकार शान्ति स्थापना गर्न सक्षम र सफल भइरहेका छैनन जसरी प्रारम्भमा अपेक्षा गरिएको थियो । विश्वस्तरमा प्रत्येक देश कुनै न कुनै अर्को देशको समर्थन अथवा विरोधमा व्यवहारिक रूपले खडा रहेको हामी देख्छौं । चाहे न्यायको माग पूरा होस वा नहोस । अति दुखको कुरो के रहेको छ भने यदि हामीले विश्वको वर्तमान परिस्थितिप्रति ध्यान दिएमा एउटा अर्को विश्वयुद्धको थालनी भइसकेको छ भन्ने कुरो हामीलाई ज्ञात हुन जान्छ ।

## विश्व संकट तथा  शांतिको मार्ग

संसारका धेरैवटा देशहरूसित चाहे ती ठूला हुन अथवा साना परमाणु हतियारहरू रहेका छन । देशहरूका बीचमा घृणा र शत्रुता बढ्दै गइरहेछ । यसबाट तिस्रो विश्वयुद्ध विकराल रूप लिएर हाम्रो सामुन्ने खडा छ भन्ने कुरो स्पष्ट हुन्छ । त्यो युद्ध अवश्य परमाणु युद्ध हुनेछ । अतः विश्व एउटा भयानक विनाशतर्फ बढिरहेको हामी देखिरहेछौं । यदि हामीले द्वितीय विश्वयुद्धपछि समानता र न्यायको मार्ग अपनाएको भएमा आज हामीले संसारको यो स्थिति देख्नु पर्ने थिएन जसरी यस समय संसार पुनः युद्धको ज्वालामा घेरिएको छ ।


राष्ट्रसंघको विफलता र १९३२ ई.को आर्थिक संकट द्वितीय विश्वयुद्धका प्रमुख कारण बनेका थिए भन्ने कुरो हामी सबैलाई ज्ञात छ । आजका अग्रगण्य अर्थशास्त्रीहरू वर्तमान र १९३२ ई.को आर्थिक संकटमा धेरै समानता छ भन्ने विचार प्रकट गर्छन । सा- साना देशहरूका बीचमा राजनैतिक र आर्थिक समस्याहरू नै पुनः युद्धका कारण बनेका हामी देखिरहेछौं ।  ती देशहरूमा तिनै कारणहरूवश आन्तरिक अशान्ति र बेचैनीको वातावरण व्याप्त छ । यस्तो स्थितिमा अन्ततः केही यस्ता शक्तिहरूले अनुचित लाभ उठाएर संसारको नियन्त्रण आफ्नो हातमा लिनेछन फलतः विश्वयुद्ध आरम्भ हुने प्रबल सम्भावना छ । यदि सा-साना देशहरूका परस्पर विवादहरू र झगडाहरूको समाधान  राजनीति अथवा कूटनीति  तथा वार्तालापद्वारा गरिएन भने अवश्य विश्वमा नयाँ गुटहरू र समूहहरूको जन्म हुनेछ र  त्यस स्थितिले तृतीय विश्वयुद्धको पूर्वावलोकन प्रस्तुत गर्नेछ । अतः यससमय विश्वको विकासतर्फ ध्यान केन्द्रित गर्नुको ठाउँमा हामीले विश्वलाई यस विनाशबाट सुरक्षित राख्ने आफ्नो प्रयासलाई तीव्रता दिनु अत्यन्त र अनिवार्य आवश्यक छ भन्ने मेरो विश्वास रहेको छ । यसैगरी मानवजातिले आफ्ना एकमात्र परमप्रतापी सर्वशक्तिमान परमेश्वर जो हाम्रा प्रतिपालक र स्रष्टा रहेका छन,को पहिचान गरोस किनभने मानवजातिको जीवनको सुरक्षा अब केवल यसै कुरोमाथि निर्भरित छ

अन्यथा यो संसार निरन्तर आत्म विनाशतर्फ तीव्रताका साथ अग्रसर भइरहने छ ।

कनेडालाई विश्वका सर्वाधिक न्यायप्रिय देशहरूमध्ये एउटा देश हुने महान ख्याति प्राप्त छ । यहाँको देशले साधारणतः अन्य देशहरूका आन्तरिक मामिलाहरूमा हस्तक्षेप गर्दैन । यो भन्दा महत्वपूर्ण कुरो के भने हाम्रो जमाअत अर्थात अहमदिया मुस्लिम जमाअतको कनेडावासीहरूसित विशेष मैत्रीपूर्ण सम्बन्ध रहेको छ । अतः विश्वका साना र ठूला सबै शक्तिहरूलाई महाविनाशकारी तृतीय विश्वयुद्धको स्थिति उत्पन्न गर्नबाट रोक्ने यथासम्भव प्रयास यहाँले गर्नुहुनेछ भन्ने मेरो आशा र अनुरोध छ । मेरो यहाँसित र विश्वका सबै नेताहरूसित अन्य देशहरूलाई दमन र नियन्त्रण गर्नका निम्ति शक्ति प्रयोगको सट्टा कूटनीति,वार्तालाप र सुनीतिको प्रयोग गरियोस भन्ने अनुरोध छ । विश्वका महाशक्तिहरूले जस्तै संयुक्त राज्य अमेरिका जस्ता देशहरूले शान्ति स्थापनाहेतु आ-आफ्नो भूमिका निर्वाह गर्नु आवश्यक छ । तिनीहरूले सा-साना देशहरूका गतिविधिहरूलाई विश्वशान्ति भंग गर्ने आधार बन्न दिनुहुने छैन । आज परमाणु हतियार केवल संयुक्त राज्य अमेरिका अथवा अन्य महाशक्तिहरूसित मात्र छैन अपितु अपेक्षाकृत केही सा-साना देशहरूले पनि यस्ता विनाशकारी अस्त्रहरू प्राप्त गरिसकेका छन । ती देशका नेताहरू उग्रस्वभाव र असंयमी छन । तथा तिनीहरूले बिना कुनै सोच विचार अनर्गल कार्यवाही गर्नसक्छन । अतः यहाँले साना र ठूला सबै शक्तिहरूलाई तृतीय विश्वयुद्धको विस्फोटक स्थिति उत्पन्न गर्नबाट रोक्ने भरपूर प्रयास गर्नुहोला भन्ने मेरो विनम्र निवेदन छ । यदि हामी यस प्रयासमा विफल भयौं भने आगामी युद्धको दुष्प्रभाव केवल एशिया,यूरोप तथा उत्तर र दक्षिणी अमेरिकाका निर्धन देशहरूसम्म मात्र सीमित रहने छैन अपितु हाम्रो लापर्वाही र त्रुटिहरूको गम्भीर परिणाम हाम्रा भावी पीढिहरूले पनि भोग्नु पर्नेछ र विश्वका प्रत्येक क्षेत्रमा विकलांग र अपाहिज बालकहरूले जन्म लिनेछन । तिनीहरूले आफ्ना ती नेताहरूलाई

कदापि क्षमा गर्नेछैनन जसले संसारलाई महाप्रलयमा होमिदिए । यससमय केवल आफ्ना निहित स्वार्थहरूको सिद्धितर्फ ध्यान दिनु र तिनको चिन्ता गर्नुको सट्टा हामीले भावी पीढिहरू र सन्ततिहरूको कल्याण र शान्ति तथा हितार्थ सोचनु र कार्य गर्नु अत्यावश्यक छ । तिनीहरूका निम्ति एउटा उज्ज्वल भविष्यको निमार्ण गर्ने प्रयास र यत्न गर्नु आज हाम्रो परम कर्तव्य रहेको छ । परमप्रतापी परमेश्वरले तपाईंलाई र विश्वका अन्य सबै नेताहरूलाई मेरो यो सन्देश बुझ्ने र यसप्रति यथोचित कार्यवाही गर्ने सामर्थ्य प्रदान गरून ।

भवदीय



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको प्रमुख

# दुईवटा पवित्र स्थलहरूका संरक्षक सऊदी अरबका सम्राटका नाममा पत्र

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

दुईवटा पवित्र स्थानहरू(मक्का र मदीना)का संरक्षक

सऊदी अरब राज्यका सम्राट अब्दुल्लाह बिन

अब्दुल अजीज अल् सऊद रियाज,

सऊदी अरब

माननीय सम्राट अब्दुल्लाह

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहू

आज म एउटा अत्यन्त महत्वपूर्ण विषयमाथि विचार गर्ने उद्देश्यले उहाँलाई यो पत्र लेखिरहेछु । किनभने दुईवटा पवित्र स्थलहरूका संरक्षक र सऊदी अरबका सम्राट हुनुभएका नाताले उम्मते मुस्लिमा(मुस्लिम समुदाय)मा यहाँको एउटा उच्च र आदरणीय स्थान रहेको छ । यहाँका देशमा इस्लामका दुईवटा सर्वाधिक पवित्र स्थल- मक्का मुकर्रमा तथा मदीना मुनव्वरा- अवस्थित छन जसको श्रद्धा र प्रेम मुसलमानहरूको इमान(आस्था)को अटूट अंश हो । यी स्थलहरू मुसलमानहरूका आध्यात्मिक उन्नतिका केन्द्र हुन । त्यसकारण मुसलमानहरू यिनको अत्यन्त सम्मान र आदर गर्छन । यस दृष्टिकोणले पनि यहाँलाई सबै मुसलमानहरूले र मुस्लिम देशहरूले विशिष्ट स्थान प्रदान गरेको छ । अतः यहाँले समस्त मुस्लिम समुदायलाई उचित मार्गदर्शन गर्नु र मुस्लिम देशहरूलाई शान्ति र एकताका साथ रहने उपदेश

दिनु र एकताको वातावरण उत्पन्न गर्ने प्रयास गर्नु उक्त सम्मानको माग र तकाजा रहेको छ । यहाँले मुसलमानहरूका बीचमा  परस्पर प्रेम र सहानुभूतिको भावना  विकास गर्ने प्रयत्न गर्नु आवश्यक छ । यसैगरी साँचा मुसलमानहरूको विशेषता " रुहमा अ बैनाहुम " अर्थात तिनीहरू आपसमा परस्पर दया गर्नेगर्छन - को सिद्धान्तको सम्बन्धमा पनि तिनीहरूको मार्गदर्शन गर्नु आवश्यक छ ।

अन्ततः यहाँले समस्त मानवजातिको हित र कल्याणलाई सामुन्ने राखी सम्पूर्ण विश्वमा शान्ति स्थापनार्थ प्रयत्न गर्नु आवश्यक छ । अहमदिया मुस्लिम जमाअतको प्रमुख र प्रतिश्रुत मसीह तथा महदी(वर्तमान युगका सुधारक)अलैहिस्सलामको खलीफा(उत्तराधिकारी)हुनाको नाताले मेरो अनुरोध के छ भने यद्यपि अहमदिया मुस्लिम जमाअत र इस्लामका अन्य समुदायहरूका बीचमा परस्पर मतभेदहरू छन तथापि हामीले विश्वशान्ति स्थापनाहेतु परस्पर सहयोग गर्ने प्रयासमा एकत्र हुनु अत्यावश्यक छ । हामीले संसारलाई प्रम र शान्तिमा आधारित इस्लामका वास्तविक शिक्षाहरूसित परिचित गराउने भरसक प्रयास गर्नु आवश्यक छ । यसप्रकार पश्चिमी देशहरूमा र विश्वका अन्य भागहरूमा इस्लामका सम्बन्धमा जुन भ्रम र भूलधारणाहरू स्थापित भएका छन तिनीहरूको निवारण र निराकरण सम्भव हुनेछ । अन्य जातिहरू र समुदायहरूको शत्रुताले हामीलाई न्यायपूर्वक व्यवहार गर्नबाट कदापि नरोकोस । जस्तै पवित्र कुर्आनमा अल्लाह तआलाको आदेश छ :-

ولا يجرمنكم شنان قوم ان صدّوكم ..................ان الله شديد العقاب
{سورة المائدہ: آيت ٣}

" तथा तिमीहरूलाई कुनै जातिको शत्रुताले किनभने तिनीहरूले तिमीहरूलाई पवित्र मस्जिद(मा उपासना गर्न)बाट रोकेका थिए त्यसकारण अत्याचार गर्न प्रेरित नगरोस । तथा पुण्य र तक्वा(संयम)का कार्यहरूमा

एक-अर्काको परस्पर सहयोग गर परन्तु पाप र अत्याचारका कार्यहरूमा सहयोग नगर तथा अल्लाहसित डर । निस्सन्देह अल्लाह दण्ड दिनमा अत्यन्त कठोर छन ।” (सूरः अल् माइदा आयत ३)

उपरोक्त मार्गदर्शक सिद्धान्तलाई हामीले संधै सामुन्ने राख्नुपर्नेछ जसद्वारा हामी विश्वसमक्ष इस्लामका सुन्दर शिक्षाहरूलाई प्रस्तुत गर्ने कर्तव्य पालन गर्न सक्षम हुनेछौं ।

वर्तमान समयमा हजरत मुहम्मद मुस्तफा(सल्लम)को पवित्र नामलाई बदनाम गर्ने उद्देश्यले केही राजनीतिज्ञ र तथा कथित विद्वानहरू इस्लामविरुद्ध घृणाको बिउ रोप्न व्यस्त रहेका हामी देखिरहेंछौं । आफ्ना उद्देश्यहरूको पूर्तिका निम्ति तिनीहरू पवित्र कुर्आनका शिक्षाहरूको सर्वथा विकृत स्वरूप प्रस्तुत गर्ने प्रयत्न गर्छन । यो भन्दा ठूलो कुरो के भने पेलेस्टाइन र इजरायलको बीचको विवाद दिन प्रतिदिन बिग्रदै गइरहेछ र त्यसैगरी इजरायल तथा इरानको परस्पर शत्रुता चरमसीमामा पुगेको छ जसकारण पारस्परिक सम्बन्ध गम्भीर रूपले विच्छेद हुनपुगेको छ । यी परिस्थितिहरूको माग र तकाजानुसार यहाँले मुस्लिम समुदायका एकजना अत्यन्त महत्वपूर्ण नेता भएका नाताले यी विवादहरूको न्याय र समानताको आधारमा समाधान गर्ने यथासम्भव प्रयास गर्नु आवश्यक छ । जब जब र जहाँ जहाँ इस्लामविरुद्ध घृणा र भूलधारणा फैलाइन्छ अहमदिया मुस्लिम जमाअतले त्यसको निवारण र निराकरणको यथासम्भव प्रयास गर्नेगर्छ । जबसम्म समस्त मुस्लिम समुदाय र जमाअतहरूले एकत्र भएर उपरोक्त उद्देश्य प्राप्तिका निम्ति प्रयास गर्दैनन तबसम्म शान्ति स्थापना कदापि हुनसक्दैन ।

यहाँले यस सम्बन्धमा भरसक प्रयत्न गर्नुहोला भन्ने मेरो अनुरोध छ । यदि विश्वयुद्ध हुनु निश्चित छ भने पनि हामीले कम से कम त्यस युद्धको थालनी कुनै मुस्लिम देशबाट नहोस भन्ने प्रयत्न गर्नुपर्नेछ । संसारमा कुनै

## विश्व संकट तथा  शांतिको मार्ग


मुस्लिम देश अथवा कुनै मुसलमानले व्यक्तिगत स्तरमा,वर्तमान अथवा भविष्यमा विश्वको सर्वनाशको कारण बन्ने आरोप स्वयंमाथि लिन चाहँदैन । यस्तो सर्वनाश जसका कारण भावी पीढिहरूसमेत विकलांग र अपाहिज जन्मने छन किनभने यदि अब तृतीय विश्वयुद्ध आरम्भ भएमा त्यो अवश्य नै परमाणु शस्त्रद्वारा लडिनेछ । हामीले द्वितीय विश्व युद्धमा जापानका दुईवटा शहरहरूमा परमाणु बम हानिएको विध्वंसकारी परिणामको रूपमा यस विनाशको एउटा झलकको अनुभव प्राप्त गरिसकेका  छौं ।

अतः हे सऊदी अरबका सम्राट ! विश्वलाई सर्वनाशबाट सुरक्षित राख्नका निम्ति आफ्नो समस्त शक्ति र प्रतिष्ठाको उपयोग गर्नुहोस । सर्वशक्तिमान अल्लाहले यहाँको सहायता गरून - आमीन । यहाँका निम्ति र समस्त मुस्लिम उम्मा(समुदाय)का निम्ति प्रार्थना सहित

اِهدِنا الصِرَاط المُستَقِيمَ(हामीलाई सन्मार्गमा हिडाउ)

वस्सलाम

भवदीय



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको प्रमुख

# चीनका प्रधानमन्त्रीका नाममा पत्र

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

मान्यवर वैन जियाबाओ,

प्रधानमन्त्री स्टेट काउंसिल पीपुल्स

रिपब्लिक ऑफ चायना

जोगननहाई,चीन

१ अप्रैल २०१२ ई.

प्रिय प्रधानमन्त्री !

यो पत्र म यहाँलाई अहमदिया मुस्लिम जमाअतका एकजना प्रतिनिधिद्वारा पठाइरहेछु । उहाँ कबाबीर इस्राईलमा हाम्रा जमाअतका अध्यक्ष हुनुहुन्छ र उहाँलाई चीनका अल्पसंख्यक वर्गका मन्त्रीले आमन्त्रित गरेको थियो । हाम्रा प्रतिनिधिलाई चीनका अधिकारीहरूसित त्यससमय परिचित गराइएको थियो जब चीनका प्रतिनिधि मण्डल जसमा अल्पसंख्यक वर्गका उप मन्त्री पनि सम्मिलित थिए, कबाबीरमा हाम्रो मिशन हाउसमा आएको थियो । अहमदिया मुस्लिम जमाअत इस्लामको एउटा त्यो समुदाय हो जसले हजरत मुहम्मद मुस्तफा(सल्लम)को भविष्यवाणी अनुसार अविर्भाव हुनुभएका यस युगका सुधारक जसलाई मुसलमानहरूका लागि महदी र ईसाईहरूका लागि मसीह तथा समस्त मानवजातिका लागि युगावतार र सुधारकको रूपमा

पठाइएको हो, उहाँलाई स्वीकार गरेको छ । उहाँको नाम हजरत मिर्जा गुलाम अहमद हो । उहाँ कादियान भारतमा जन्मनु भयो । अल्लाह तआलाको आदेशान्तर्गत उहाँले १८८९ ई.मा अहमदिया जमाअतको स्थापना गर्नुभयो । १९०८ ई.मा उहाँको स्वर्गवास भयो । त्यससमयसम्ममा हजारौं मानिसहरू अहमदिया जमाअतमा सम्मिलित भइसकेका थिए । उहाँको देहान्तपछि खिलाफत(उत्तराधिकार)को व्यवस्था जारी भयो । यस समय उहाँको पाँचौं खिलाफत(उत्तराधिकार)चलिरहेको छ ।

म हजरत प्रतिश्रुत मसीह(अलै.)को पञ्चम खलीफा(उत्तराधिकारी)हुँ ।

हाम्रो शिक्षाको एउटा नितान्त महत्वपूर्ण र आधारभूत पक्ष वर्तमान युगमा धार्मिक युद्धको अन्त हुनुपर्छ भन्ने रहेको छ । यसबाहेक जो व्यक्ति पनि कुनै शिक्षालाई अन्य मानिसहरूसम्म पुऱ्याउन अथवा फैलाउन चाहन्छ त्यसले केवल प्रेम,सहानुभूति र भातृत्वभावका साथ त्यो कार्य गर्नुपर्छ ता त्यो शान्ति,एकता र मैत्रीको माध्यम बन्नसकोस भन्ने हाम्रो मान्यता रहेको छ । यस साँचो इस्लामी शिक्षामा आधारित महत्वपूर्ण पक्षलाई समस्त विश्वमा अहमदिया मुस्लिम जमाअतद्वारा प्रचार गरिँदैछ । यो जमाअत अब विश्वका दुईसयभन्दा अधिक देशहरूमा स्थापित भइसकेको छ र यसका अनुयायीहरूको संख्या करोडभन्दा अधिक छ ।

विश्व आज भयानक विनाशकारी र चिन्ताजनक परिस्थितिमा ग्रसित छ । तथा हामी अति तीव्रगतिका साथ विश्वयुद्धतर्फ अग्रसर भइरहेछौं भन्ने तथ्य प्रकट भइरहेको सन्देश म यहाँलाई दिनचाहन्छु । यहाँ एउटा महाशक्तिशाली देशका शासक हुनुहुन्छ । विश्व जनसंख्याको एउटा ठूलो अंश यहाँको मार्गदर्शनान्तर्गत जीवनयापन गरिरहेछ । यहाँलाई संयुक्त राष्ट्रसंघमा यथावश्यक वीटो शक्ति प्रयोग गर्ने अधिकार पनि प्राप्त छ । यस परिदृश्यमा विश्वलाई त्यस विनाशबाट जुन हाम्रो सामुन्ने भयानक रूपमा खडा छ बचाउनका निम्ति आफ्नो कर्तव्य पालन गर्नुहोला भन्ने यहाँसमक्ष मेरो

निवेदन छ । हामीले राष्ट्रवाद,जातिवाद र धर्मबाट अघिबढेर मानवताको रक्षार्थ यथासम्भव प्रयास गर्नुपर्नेछ ।

चीनमा विकासक्रान्तिपछि एउटा अमोल परिवर्तन आयो । मान्यवर माउजिदांग यहाँका देशका एकजना महान क्रान्तिकारी नेता थिए । उहाँले उच्च नैतिक मूल्यहरूको चीनमा जग राख्नुभएको थियो जसलाई अर्को शब्दमा "जीवनोदय"को संज्ञा दिनसकिन्छ । यद्यपि यहाँ खुदा(परमेश्वर)को अस्तित्वलाई मान्नुहुन्न र यहाँको सिद्धान्तको आधार नैतिकता हो । परन्तु इस्लामद्वारा प्रस्तुत गरिएका खुदा जसले पवित्र कुर्आन जस्तो महान पुस्तक समस्त मानवजातिको मार्गदर्शकस्वरूप अवतीर्ण गरेका छन,त्यस पुस्तकले ती समस्त उत्तमाचरणहरूको शिक्षा दिन्छ जसको यहाँले पालना गर्नुहुन्छ । अपितु त्योभन्दा पनि बढी नैतिक निर्देशनहरू त्यसमा विद्यमान छन भन्ने कुरो म स्पष्ट गर्न चाहन्छु । पवित्र कुर्आनमा यस्ता अपूर्व सुन्दर शिक्षाहरू रहेका छन जसले मनुष्यका आजीविकाका साधनहरूबारे स्पष्टपूर्वक वर्णन गर्छन र मानव मूल्यहरू र अधिकारहरूलाई पनि स्थापित गर्छन । यदि आज विश्वले र विशेषगरी मुस्लिम विश्वले यी पवित्र कुर्आनका शिक्षाहरूलाई अपनाएमा समस्त समस्याहरू र मतभेदहरूको समाधान हुनेछ र शान्ति र एकताको वातावरणलाई प्रोत्साहन मिल्नेछ ।


आज अहमदिया मुस्लिम जमाअत उपरोक्त उद्देश्यलाई विश्वका प्रत्येक भागमा बढुवा दिन प्रयासरत छ । शान्ति समारोह (Peace Symposium)द्वारा र ती असंख्य सभाहरूको माध्यमले जुन म जीवनका प्रत्येक विभागसित सम्बन्धित मानिस र संगठनहरूका साथ गर्छु ,तिनमा म विश्वलाई यो मुख्य उद्देश्य स्मरण गराउँछु । विश्वका नेताहरूले आफ्नो बुद्धि र विवेक खटाएर सा-साना स्तरमा हुने जातिहरू र देशहरूका परस्पर विवादहरू र शत्रुताहरूलाई विश्व युद्धको रूपधारण गर्न दिनेछैनन भन्ने मेरो प्रार्थना छ । विश्वको एउटा महानशक्ति हुनाको नाताले विश्वशान्तिको स्थापनार्थ आफ्नो कर्तव्य पूर्ण गर्नुहुनेछ र विश्वलाई विश्वयुद्धको भयानक

परिणामबाट बचाउनु हुनेछ भन्ने यहाँसमक्ष मेरो निवेदन पनि रहेको छ । यदि यस्तो युद्ध आरम्भ हुनगएमा त्यो युद्ध एटमी हतियारको प्रयोगमा गएर समाप्त हुनेछ । सम्भवतः त्यस युद्धको परिणामस्वरूप केही देशहरू र क्षेत्रहरूका केही भूभागहरू नै विश्वबाट पूर्णतः नष्ट भएर समाप्त हुनपुग्नेछन । आणविक युद्धको प्रभाव र परिणाम केवल क्षणिक अथवा सामयिक विनाशको रूपमा प्रकट हुनेछैन अपितु त्यसको स्थायी दुष्प्रभाव र दुष्परिणाम भावी वंशहरूको दोषपूर्ण र विकलांगतापूर्ण जन्मको रूपमा प्रकट हुनेछ । अतः आफ्नो समस्त योग्यता,शक्ति र संसाधनहरूलाई प्रयोगमा ल्याएर मानवतालाई त्यो भयंकर परिणामबाट बचाउनुहोस । यदि यहाँले यी कुराहरूलाई पालन गरेमा नितान्तरूपमा यहाँको देशलाई पनि लाभ हुनेछ ।

संसारका साना र ठूला सबै देशहरूले यस सन्देशलाई बुझ्रेर आ-आफ्नो कर्तव्य पालन गरून भन्ने मेरो हार्दिक प्रार्थना रहेको छ ।

शुभकामना र प्रार्थनाका साथ

यहाँको शुभचिन्तक



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको प्रमुख

# यू.के.का प्रधानमन्त्रीका नाममा पत्र

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

इंगलैण्ड तथा उत्तरी आयरलेण्डका प्रधानमन्त्री

आदरणीय डेविंड केमरून,

१० डाउनिंग स्ट्रट,लन्दन

एस.डब्ल्यू १A २AA यू.के.

१५ अप्रैल २०१२ ई.

प्रिय प्रधानमन्त्री ज्यू ,

जुन विनाशकारी र असुरक्षित परिस्थितिमा यस समय विश्व घेरिएको देखिन्छ त्यसलाई ध्यानमा राखेर मैले यहाँलाई पत्र लेख्नु आवश्यक ठानें । ब्रिटेनका प्रधानमन्त्री हुनाको नाताले यहाँलाई यस्ता निर्णयहरू लिने अधिकार प्राप्त छ जुन भविष्यमा यहाँको देश तथा विश्वमाथि प्रभावी हुनेछन । आज विश्वलाई शान्तिको नितान्त आवश्यकता छ किनभने युद्धको ज्वाला विश्वका चारैतर्फ फैलिएको देखिन्छ । भिन्न भिन्न देशहरूका बीचमा भइरहेका निम्नस्तरीय युद्धहरू विश्वयुद्धमा परिवर्तित र परिणत हुने आशंका छ । हामी देखिरहेछौं यससमय विश्वको आर्थिक राजनैतिक स्थिति ठीक त्यस्तै छ जुन १९३२ ई.मा थियो । यसका अतिरिक्त अन्य समस्याहरू पनि यस्ता छन जसलाई यदि सामूहिक रूपमा ध्यानपूर्वक हेरेमा तिनले त्यही चित्र प्रस्तुत गरिरहेछन जुन द्वितीय विश्वयुद्ध भन्दा ठीक पहिला देखिएको थियो । यदि यी ज्वालाहरू वास्तवमै कदाचित भडकिन पुगे भने अवश्य

हामीले तृतीय विश्वयुद्धको भयानक दृष्य देख्नेछौं । साना-ठूला धेरै देशहरूसित परमाणु अस्त्र रहेका हुनाले आगन्तुक विश्वयुद्ध निश्चय नै परमाणु युद्ध नै हुनेछ । आज जुन शस्त्र-अस्त्रहरू उपलब्ध छन ती अत्यन्त विनाशकारी भएका हुनाले तिनको प्रयोगको परिणामस्वरूप भावी पीढीहरूका सन्तानहरू वंशानुगत शारीरिक अपाङ्ग र अपाहिज तथा मानसिक दोषका साथ जन्मने छन । जापान एउटा त्यो देश हो जसले परमाणु युद्धको दुष्परिणाम भोग्नु परेको थियो । द्वितीय विश्व युद्धमा जब त्यसमाथि एटम बमद्वारा आक्रमण गरिएको थियो त्यसको परिणामस्वरूप जापानका दुईवटा शहरहरू पूर्णतः नष्ट भएका थिए । त्यससमय जुन परमाणु बम प्रयोग गरिएका थिए र जसका कारण अत्यन्त ठूलो स्तरमा विनाश भएको थियो ती परमाणु बमहरू आजका परमाणु बमहरू र अस्त्रहरू भन्दा अति कम शक्तियुक्त थिए जुन आज केही साना देशहरूसित पनि छन । अतः शक्तिशाली देशहरूको दायित्व आज के रहेको छ भने तिनीहरूले संयुक्त रूपमा प्रयास गरी विनाशको मुखमा खडा संसारलाई बचाउने उपाय र मार्ग निकालुन । सा-साना देशका आणविक अस्त्रहरू ती व्यक्तिहरूका हातलाग्न सक्छन जो केही सोचे सम्झे बिना नै अस्त्रप्रयोग गर्न तत्पर हुन्छन । तिनीहरूमा न त योग्यता छ न तिनीहरूले आफ्ना गतिविधिहरूको परिणामबारे सोच विचार गर्ने प्रयास गर्छन । यदि महाशक्तिशाली देशहरूले न्यायपूर्वक काम गरेनन र सा-साना देशहरूको निराशा र बेचैनीको निवारण गर्ने प्रयास गरेनन तथा न्यायमा आधारित नीतिहरू बनाएनन भने परिस्थिति बिस्तार बिस्तारै अनियन्त्रित हुँदैजानेछ र त्यसको फलस्वरूप जो विनाश आउनेछ त्यो हाम्रो अनुमान र कल्पना भन्दा धेरै माथिको हुनेछ । विश्वका अधिकतर ती नागरिकहरू जो शान्तिका अभिलाषी छन त्यस विनाशको लपेटोमा आउने सम्भावना दृढ छ ।

अतः यहाँले र विश्वका समस्त शक्तिशाली देशका नेताहरूले यस भयंकर वास्तविकतालाई बुझ्नेछन र आफ्नो उद्देश्य र स्वार्थप्राप्तिका निम्ति

आक्रामक नीतिहरू अपनाउन र शक्तिप्रयोग गर्नुको ठाउँमा यस्ता नीतिहरू अपनाउने छन जसले न्याय र समानता स्थापित गर्न सहयोग पुऱ्याउने छन भन्ने मेरो हार्दिक इच्छा र दुआ(प्रार्थना)रहेको छ ।


यदि हामीले निकट अतीतलाई निहालेर हेरेमा ब्रिटेनले धेरैवटा देशहरूमाथि शासन गरेको थियो र न्याय तथा धार्मिक स्वतन्त्रताको उच्च स्तर र आदर्श कायम गरेको थियो भन्ने कुरो हामीलाई विदित हुनजान्छ । विशेषगरी भारत र पाकिस्तान उपमहाद्वीपमा । जब अहमदिया मुस्लिम जमाअतका संस्थापकले आदरणीय महारानी विक्टोरियालाई उहाँको हीरक जयन्तीप्रति शुभकामना प्रस्तुत गर्नुभएको थियो त्यस अवसरमा उहाँले विशेषरूपमा खुदातआलाले ब्रिटेन सरकारलाई आफ्नो न्याय र समानतामा आधारित शासनपद्धतिप्रति अधिक भन्दा अधिक प्रतिफल प्रदान गरून भनी दुआ(प्रार्थना)गर्नुभएको थियो । उहाँले ब्रिटेन सरकारको न्यायसंगत नीति र धार्मिक स्वतंन्त्रता प्रदान गरेवापत सरकारको धेरै प्रशंसा गर्नुभएथ्यो । वर्तमान समयमा ब्रिटेन सरकारले भारत र पाकिस्तानमाथि शासन त गर्दैन परन्तु धार्मिक स्वतंत्रताको नीति र सिद्धान्त आज पनि ब्रिटेनको समाज र त्याहाँको कानूनमा पूर्णतः स्थापित छ । उपरोक्त कानूनान्र्तगत प्रत्येक व्यक्तिलाई धार्मिक स्वतन्त्रता र समानताको अधिकार दिइन्छ । यसवर्ष आदरणीय महारानी एलिजाबेथ द्वितीयको हीरक जयन्ती मनाइँदैछ जसले बर्तानियालाई विश्वका सम्मुख आफ्नो न्याय र इमानदारीको स्तर र आदर्श प्रदर्शित गर्ने अवसर प्रदान गरिरहेछ । ब्रिटेनले जब जब न्यायप्रदर्शन गरेको छ अहमदिया जमाअतले त्यसको सराहना गर्दैआएको छ भन्ने कुरो यस जमाअतको इतिहासले प्रकट गर्छ । भविष्यमा पनि ब्रिटेन सरकारको न्याय गर्ने विशेष गुण कायम नै रहनेछ भन्ने हामी आशा राख्छौं । केवल धार्मिक मामिलाहरूमा मात्र होइन अपितु प्रत्येक मामिलामा यहाँले आफ्नो देशका उत्तम विशेषताहरू र परम्पराहरूलाई भुल्नुहुनेछैन र विश्वको वर्तमान

परिस्थितिमा ब्रिटेनले अन्तर्राष्ट्रीय स्तरमा शान्तिस्थापनार्थ आफ्नो भूमिका निर्वाह गर्नेछ भन्ने पनि आशा रहेको छ ।

प्रत्येक स्तर र दृष्टिकोणले हामीले अनिवार्य रूपमा घृणाको ज्वालालाई शान्त गर्ने प्रयास गर्नुपर्नेछ । यस प्रयासको सफलतापछि मात्र हामीले भावी पीढीहरूलाई उज्ज्वल भविष्यको भरोसा र आश्वासन दिनसक्छौं । परन्तु यदि हामी यस कार्यमा सफल भएनौं भने निस्सन्देह परमाणु युद्धको परिणामस्वरूप भावी पीढिहरूले प्रत्येक स्थानमा हाम्रो कर्मको भयानक अन्त भोग्नु पर्नेछ तथा तिनीहरूले आफ्ना पूर्वजहरूलाई विश्वलाई विनाशको ज्वालामा होमेका कारण कहिल्यै क्षमा गर्नेछैनन । म पुनः यहाँलाई के स्मरण गराउँछु भने ब्रिटेन पनि ती देशहरूमध्ये एक रहेको छ जसले विकसित र विकासशील सबै देशहरूमाथि आफ्नो प्रभाव पार्नसक्छ । यदि यहाँले चाहेमा न्याय र समानताका मागहरू र तकाजाहरूलाई पूरा गर्दै यहाँले विश्वलाई मार्गप्रदर्शन गर्न सक्नुहुनेछ । अतः ब्रिटेन तथा अन्य शक्तिशाली देशहरूले विश्व-शान्ति स्थापनार्थ आफ्नो भूमिका निर्वाह गर्नु अत्यावश्यक छ । अल्लाह तआलाले यहाँलाई र विश्वका अन्य सबै नेताहरूलाई यी कुराहरू र मेरो सन्देश बुझ्ने र यसानुसार कार्यवाही गर्ने सामर्थ्य प्रदान गरुन ।

शुभकामना र दुआका साथ

यहाँको शुभचिन्तक



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको प्रमुख

# जर्मनीका चान्सलरका नाममा पत्र

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

माननीय

एंजेला मरकेल

चांसलर ऑफ जर्मनी

bundeskanzleramt

willy-brandt-str-१

१५ अप्रैल २०१२ ई.

आदरणीय चान्सलर !

विश्वलाई थरथर पार्ने र अत्यधिक चिन्ताजनक वर्तमान परिस्थितिलाई ध्यानमा राखी मैले यहाँलाई पत्र लेख्नु आवश्यक ठानें । विश्वमा जर्मनी जस्तो अत्यन्त महत्वपूर्ण र शक्तिशाली देशकी चांसलर भएका नाताले यहाँलाई यस्ता निर्णयहरू लिने अधिकार प्राप्त छ जुन यहाँको देश र समस्त विश्वका निम्ति महत्वपूर्ण र प्रभावी हुन । आज विश्व भिन्न भिन्न वर्ग र गुटमा विभाजित भइरहेछ । उग्रवादले तीव्ररूप धारण गर्दै गइरहेछ र राजनैतिक र आर्थिक परिस्थिति पनि अत्यन्त बिग्रदै गइरहेछ । यस्तो जटिल परिस्थितिमा प्रत्येक प्रकारको घृणा र द्वेषभावलाई समाप्त गरी शान्तिको

जग राख्नु अत्यन्त आवश्यकता रहेको छ । यो उद्देश्य तबमात्र प्राप्त गर्न सकिनेछ जब प्रत्येक व्यक्तिका भावनाहरूको आदर र सम्मान गरिनेछ । परन्तु वर्तमान यस महत्वपूर्ण कुरालाई पूर्ण इमानदारी र निष्ठाका साथ कार्यान्वित गरिरहिएको छैन त्यसकारण विश्वको परिस्थिति अत्यन्त तीव्र गतिले अनियन्त्रित हुँदै गइरहेछ ।

धेरैवटा देशहरूद्वारा न्यायका मागहरू र तकाजाहरू पूरा नगरिएका हुनाले एउटा विश्व युद्धको थालनी हुनलागेको हामी देखिरहेछौं । अधिकांश साना र ठूला देशहरूसित अब एटमी अस्त्रहरू रहेका छन । अतः यदि अब विश्वयुद्ध भएको खण्डमा सम्भवतः त्यो युद्ध परम्परागत शस्त्रहरूद्वारा नलडिएर एटमी शस्त्रहरूद्वारा लडिनेछ । त्यस युद्धको परिणामस्वरूप हुने नाश र बरबादी पूर्णतः सर्वनाशकारी हुनेछ । त्यसका प्रभावहरू केवल समसामयिक विनाशका रूपमा मात्र प्रकट हुनेछैनन अपितु भावी पीढि र नसलहरूसमेत लामो समयसम्म त्यसबाट प्रभावित हुँदै जानेछन तथा तिनीहरू अनुवांशिक रूपमा भयानक दोषहरूका साथ जन्मने छन ।

अतः मेरो विचारानुसार विश्व शान्ति स्थापनार्थ साँचो न्यायको नितान्त आवश्यकता छ । यसैगरी समस्त मानिसहरूका भावनाहरू र धार्मिक परम्पराको सम्मान गर्नु पनि अति आवश्यक रहेको छ । केही पश्चिमी देशहरू जसले अति उदारताका साथ निर्धन र विकासशील देशका नागरिक हरुलाई आफ्ना देशमा रहने अनुमति दिएका छन ती नागरिकहरूमा मुसलमानहरू पनि सम्मिलित छन र त्यस कार्यप्रति म ती देशहरूको सम्मान गर्छु । निस्सन्देह तथाकथित मुसलमानहरूको एउटा अल्पसंख्यक समूह यस्तो जो पूर्णरूपमा अनुचित र अन्यायपूर्ण कार्यहरूमा व्यस्त छ । फलस्वरूप पश्चिमी देशका मानिसहरूको हृदयमा अविश्वास र आशंकाको

भावना उत्पन्न भइरहेछ । परन्तु तिनीहरूका ती समस्त गतिविधिहरूको इस्लामसित कोही सम्बन्ध र सरोकार नै छैन । यस्ता चरमपंथीहरूले विश्वका निम्ति शान्ति,प्रेम तथा एकताको महान सन्देश दिने परमाभूति हजरत मुहम्मद मुस्तफा(सल्लम)सित साँचो प्रेम गर्दैनन । न त तिनीहरू उहाँका साँचा अनुयायी नै हुन । केही मुठीभर पथभ्रष्ट तथाकथित मुसलमानहरूका गतिविधिहरूलाई हाम्रो धर्मविरुद्ध आरोप लगाउने तथा बहुसंख्यक निष्कपट र निर्दोष मुसलमाहरूका भावनाहरूलाई आघात पुऱ्याउने आधार बनाउनु निस्सन्देह गलत हो । समाजमा शान्ति स्थापित द्विपक्षीय प्रक्रियाबाट सम्भव हुनसक्छ र त्यो तबमात्र कार्यान्वित हुनसक्छ जब समस्त दलहरू परस्पर मिलेर संधि र सम्झौताका निम्ति कार्य गर्छन । विकासशील देशहरूसित सम्बन्ध स्थापित गर्नुको सट्टा पश्चिमी विश्वका मानिसहरूका हृदयमा अविश्वासका कारण केही गैर मुस्लिम मानिसहरूको प्रतिक्रिया आज अत्यन्त बिग्रदैं गइरहेछ र मुस्लिम तथा गैर मुस्लिम विश्वमा एउटा रिक्तता र दूरी उत्पन्न भइरहेछ ।

केही मुस्लिम संगठनहरू र देशहरूका गलत र अप्रिय गतिविधिहरूको आधारमा केही शक्तिशाली देशहरू आफ्ना विशेष स्वार्थ र हितहरूलाई न्याय र इमानदारीमाथि प्राथमिकता र प्रमुखता दिइरहेछन । विश्वका केही शक्तिशाली देशहरू केही विकासशील देशका धन-द्रव्य र संसाधनहरूमाथि अनुचित अधिकार जमाउन चाहन्छन र न्यायसंगत रूपमा प्रतिस्पर्धा गरिरहेका देशहरूको ती संसाधनहरूसम्मको पहुँचलाई असम्भव बनाउन चाहन्छन । त्यसैकारण अधिकांश निर्णयहरू मानव सहयोग र सेवा अथवा विश्वशान्ति स्थापनाका नाममा गरिन्छन परन्तु वास्तविकता भन्ने त्यो हुँदैन । यसैगरी विश्वको वर्तमान आर्थिक परिस्थितिको दयनीय अवस्थाको एउटा


कारण आर्थिक गिरावट हो जसले हामीलाई एउटा अर्को विश्वयुद्धतर्फ लिएर गइरहेछ । यदि न्याय र सत्यमा आधारित निर्णयहरू लिइन्थे भने तिनीहरूमध्ये केही देशले परस्पर न्याय र समानाधिकारको आधारमा औद्योगिक र आर्थिक सम्बन्ध स्थापित गरी एक अर्काबाट उचित रूपले लाभ प्राप्त गर्न सक्नेथिए । यसप्रकार तिनीहरूले एक अर्काका संसाधनहरूबाट अनुचित लाभ उठाउने कुभावना मनमा राख्ने थिएनन अपितु त्यसको स्थानमा तिनीहरूले परस्पर एक अर्काका निकट आएर परस्पर एक अर्काको सहयोग गर्नेथिए । अत: विश्वको वर्तमान अव्यवस्था र अशान्तिको एउटा प्रमुख कारण न्यायको पूर्णरूपेण अभाव हो जसकारण चारैतर्फ अशन्ति र असन्तोषको वातावरण फैलदै गइरहेछ ।

अत: यहाँले यस विश्व युद्धबाट मानवजातिलाई बचाउने यथासम्भव प्रयास गर्नुहोला भन्ने मेरो निवेदन छ । आफ्नो शक्ति,संसाधन र आफ्नो प्रभावलाई प्रयोग गरी विश्वलाई वर्तमान प्रकट हुन लागिरहेको भयंकर विनाशबाट बचाउनुहोस । प्राप्त सूचनानुसार जर्मनीले परमाणु अस्त्रहरूले लदिएका तीनवटा अत्याधुनिक पनडुब्बीहरू इजरायललाई दिनेभएको छ । जर्मनीका एकजना प्रोफेसरको विचारानुसार यस्तो निर्णय इजरायल र इरानका बीचमा पहिलाबाट नै चलिरहेको तनाउपूर्ण स्थितिलाई अझ बढाउन सहयोगी बन्नेछ । वर्तमान यो परमाणु शस्त्र केवल विश्वका महाशक्तिशाली देशहरूसित मात्र नभएर तुलनात्मक साना देशहरूसित पनि उपलब्ध छ भन्ने कुरो हामीले स्मरण राख्नुपर्छ । चिन्ताजनक कुरो के भने यी साना देशहरूमध्ये केही देशका नेताहरू ती शस्त्रहरूको असावधानीपूर्वक प्रयोगप्रति आतुर देखिन्छन र तिनीहरू यी शस्त्रहरूको प्रयोगबाट हुने विनाशकारी परिणामबाट सर्वथा बेपर्वाह र अन्जान रहेका छन । अत:

## विश्व संकट तथा  शांतिको मार्ग

विश्वशान्ति स्थापित गर्ने पूर्ण प्रयास गर्नुहोस भन्ने यहाँसमक्ष मेरो पुनः निवेदन रहेको छ । यदि हामी यस कार्यमा विफल भयौं भने परमाणु युद्धका कारण यस्तो विनाश हुनेछ जसको दुष्प्रभाव हाम्रा भावी पीढिहरूको विकलांग र अपाहिज जन्मको रूपमा अवश्य प्रकट हुनेछ र तिनीहरूले आफ्ना पूर्वजहरूलाई यस अपराधका निम्ति कहिल्यै क्षमा गर्नेछैनन जसका कारण तिनीहरूले त्यस महाप्रलयको मुख देख्नु पर्‍यो । सर्वशक्तिमान परमात्माले यहाँलाई र विश्वका सबै नेताहरूलाई यो सन्देश बुझ्ने र यसको पालना गर्ने सामर्थ्य प्रदान गरुन ।

शुभकामना र प्रार्थनाका साथ



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको प्रमुख

# फ्ऱांस गणराज्यका राष्ट्रपतिका नाममा पत्र

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

महामहिम Francois Hollende

राष्ट्रपति फ्रांस गणराज्य

Palais de'Elysee

55,Rue du Faubourg Saint-Honore

75008 Paris, France

प्रिय राष्ट्रपति ज्यू ,

सर्वप्रथम यस अवसरको लाभ उठाएर म यहाँलाई फ्रांसका नयाँ राष्ट्रपतिको रूपमा निर्वाचित हुनुभएकोमा बधाई दिनचाहन्छु । वास्तवमा यो एउटा महान उत्तरदायित्व हो जुन यहाँलाई सौंपिएको छ र मेरो आशा छ न केवल फ्रांसका जनता अपितु समस्त विश्वले यहाँको नेतृत्वबाट लाभ उठाउने छ । विश्वको बिग्रदो परिस्थितिलाई ध्यानमा राखेर मैले यहाँका देशका पूर्व राष्ट्रपति निकोल्स सरकोजी ज्यूलाई पनि एउटा पत्र पठाएको थिँए । त्यस पत्रमा मैले राष्ट्रपति सरकोजीलाई एकजना विश्वस्तरका नेता हुनाको नाताले उहाँका कर्तव्यहरूतर्फ ध्यानाकर्षण गराउँदै आफ्नो सम्पूर्ण शक्ति र प्रतिष्ठा उपयोग गरी विश्व युद्धको सम्भावनालाई रोक्ने प्रयास गर्नुहोला भनी अनुरोध गरेको थिएँ ।

फ्रांसका नव निर्वाचित राष्ट्रपति हुनुभएको नाताले यहाँलाई पनि मैले यस सन्देशमा आधारित पत्र लेख्न आवश्यक ठानें । यहाँसित अब यस्ता

निर्णयहरू लिने अधिकार छ जसबाट यहाँको देशका साथ साथ समस्त विश्वको भविष्य प्रभावित हुनसक्छ। विश्वको वर्तमान नाजुक परिस्थितिप्रति सबै देशका नेताहरूले र सरकारहरूले अति चिन्तित र संवेदक हुनु आवश्यक छ। विभिन्न देशहरूको अन्याय र शत्रुताका भावनाहरूले एउटा विश्वयुद्धको रूप धारण गर्ने प्रवल सम्भावना रहेको छ। गत शताब्दीमा दुईवटा विश्वयुद्ध भए। प्रथम विश्वयुद्धपश्चात राष्ट्रसंघको स्थापना भयो परन्तु न्यायका मागहरू र तकाजाहरू पूरा नगरिएको हुनाले त्यसले नै द्वितीय विश्व युद्धलाई जन्म दियो र त्यो युद्ध परमाणु बम प्रयोगका साथ समाप्त भयो। त्यसपछि मानवाधिकारहरूको सुरक्षा र विश्व शान्ति स्थापित गर्नका निम्ति संयुक्त राष्ट्रको गठन हुनगयो। यसप्रकार युद्धहरूलाई रोक्ने समाधान निकालियो परन्तु आज हामी तृतीय विश्वयुद्धको थालनी हुनलागेको देखिरहेछौं। विभिन्न साना र ठूला देशहरूसित परमाणु शस्त्र मौजूद रहेको छ। चिन्ताको विषय के भने परमाणु शक्तियुक्त केही साना देशहरू यस्ता शस्त्रहरूको विनाशकारी परिणामप्रति अनभिज्ञ र वेपर्वाह रहेका छन र त्यसप्रति चिन्तित पनि देखिदैनन। यदि परमाणु शस्त्रहरूको प्रयोग गरियो भने त्यसको भयंकर परिणाम तत्काल प्रकट हुनेछ र त्यो दिन प्रलयसमान हुनेछ भन्नु कुनै कल्पनातीत कुरो होइन। आज जुन शस्त्रहरू उपलब्ध छन ती कतिसम्म विनाशकारी छन भने तिनीहरूको प्रभावले गर्दा भविष्यमा धेरै पीढिहरू समेत गम्भीर आणुवांशिक तथा शारीरिक दोषयुक्त बालकहरू जन्मने छन। एकमात्र देश जापान जसले द्वितीय विश्वयुद्धमा परमाणु बमको भीषण परिणाम भोग्नु परेको थियो,सात दशक बिती सक्दा पनि अझसम्म त्यहाँ नवजात शिशुहरूमा परमाणु बमको दुष्प्रभाव प्रत्यक्षरूपमा देख्न सकिन्छ भन्ने कुरो सुनिन्छ।

अतः मुस्लिम तथा गैर मुस्लिम देशहरूका बीचमा रहेको शत्रुता र अविश्वासको भावनालाई शान्त गर्ने यथासम्भव प्रयास गर्नुहोला भन्ने यहाँसमक्ष मेरो विनम्र अनुरोध छ। केही यूरोपेली देशहरू इस्लामका

शिक्षाहरू र परम्पराहरूका सम्बन्धमा प्रत्यक्ष सन्देह र संशय राख्छन त्यसकारण तिनीहरूले उनीहरूमाथि केही प्रतिबन्धहरू समेत लगाएका छन । केही अन्य देशहरू भने यस्तो कार्यवाही गर्नेबारे विचार गरिरहेछन । केही तथाकथित मुसलमान आतंकवादीहरूको पश्चिमी देशहरूप्रतिको घृणा उनीहरूका तर्फबाट अनुचित प्रतिक्रियाको कारण बन्नसक्छ जसको फलस्वरूप धार्मिक असहिष्णुता र मतभेदमा अधिक वृद्धि हुने सम्भावना छ । परन्तु वास्तविक कुरो के हो भने इस्लाम एउटा शान्तिप्रिय र शान्तिप्रद धर्म हो । इस्लामले हामीलाई कुनै अनुचित कार्यलाई अनुचित ढंगमा रोक्ने शिक्षा दिदैन । हामी अहमदिया मुस्लिम जमाअतका सदस्यहरू यस सिद्धान्तको पालना गर्छौं र प्रत्येक समस्याको शान्तिपूर्ण समाधान खोज्नुमा विश्वास गर्छौं ।

मुसलमानहरूको एउटा अल्प वर्गले इस्लामको सर्वथा विकृत रूप प्रस्तुत गर्छ र आफ्ना भ्रमित विश्वासहरूको पालना गर्छ जसप्रति अति खेद छ । समस्त मानवजातिका निम्ति साक्षात दयास्वरूप हजरत मुहम्मद मुस्तफा(सल्लम)सितको आफ्नो हार्दिक प्रेमका कारण के भन्छु भने - यहाँहरूले यस्ता मानिसहरूका कुराहरूलाई र गतिविधिहरूलाई वास्तविक इस्लाम नठान्नुहोस र तिनीहरूलाई हकपत्रको रूपमा प्रयोग गरेर बहुसंख्यक शान्तिप्रिय मुसलमानहरूको भावनालाई आघात नपुऱ्याउनुहोस । केही दिन पहिला एउटा कठोर हृदयी व्यक्तिले दक्षिणी फ्रांसमा केही फ्रांसीसी सैनिकहरूको अकारण गोली हानेर हत्या गऱ्यो । यसैप्रकारका अत्याचारपूर्ण र निर्मम घटनाहरू अन्य मुस्लिम देशहरूमा नियमित रूपले घटिरहेका हामी देख्छौं र यी सबै घटनाहरूले इस्लामका विरोधीहरूलाई आफ्नो घृणा प्रदर्शनप्रति प्रेरित र उत्तेजित गर्छन । यिनकै आधारमा तिनीहरू आफ्नो उद्देश्यपूर्तिका निम्ति विशाल स्तरमा कार्यवाही गर्नेगर्छन । एउटा मुसलमान हुनाको नाताले म के स्पष्ट पार्न चाहन्छु भने इस्लामले कदापि कुनै प्रकारको अत्याचार र अन्याय गर्ने अनुमति दिदैन । पवित्र कुर्आनले एउटा

निर्दोष व्यक्तिको अकारण हत्यालाई समस्त मानवजातिको हत्यासमान ठहऱ्याएको छ । यो निस्सन्देह र अपवादरहित स्पष्ट आदेश हो । पवित्र कुर्आनको एउटा अर्को निर्देश के पनि छ भने यद्यपि कुनै जाति अथवा राष्ट्रले तिमीहरूसित वैमनस्य र शत्रुता राखे तापनि त्यस कुरोले तिमीहरूलाई तिनीहरूसित निष्पक्ष र न्यायपूर्ण व्यवहार गर्नबाट नरोकोस ।

शत्रुता अथवा प्रतिद्वन्द्विताले तिमीहरूलाई प्रतिशोध लिन अथवा अत्याचारपूर्ण व्यवहार गर्नतर्फ प्रेरित नगरोस । यदि यहाँले विवादहरूको उत्तम समाधान गर्न चाहनुहुन्छ भने शान्तिपूर्ण ढंगले समाधान खाज्ने प्रयास गर्नुहोस ।

धेरैवटा पश्चिमी देशहरूले निर्धन र अविकसित देशका जनताहरूलाई जसमा मुसलमानहरू पनि सम्मिलित छन,अत्यन्त उदारतापूर्वक आफ्ना देशहरूमा बसोवास गर्ने अनुमति दिएका छन जसप्रति म तिनीहरूको प्रशंसा गर्दछु । निस्सन्देह धेरै संख्यामा मुसलमानहरू यहाँका देशमा बसोवास गर्छन तथा तिनीहरू यहाँका नागरिक पनि रहेका छन । तिनीहरूमध्ये अधिकतर कानूनको पालन गर्ने र निष्कपट मानिसहरू छन । यसका अतिरिक्त आफ्नो देशसित प्रेम गर्नु इमान र आस्थाको अटूट अंश हो भन्ने इस्लामको शिक्षा पनि रहेको छ । अहमदिया मुस्लिम जमाअत यस शिक्षाको पालना गर्छ र समस्त संसारमा यसको प्रचार प्रसार पनि गर्छ । यहाँका निम्ति पनि मेरो के सन्देश रहेको छ भने यदि इस्लामका वास्तविक शिक्षाहरूको प्रत्येक ठाउँमा प्रचार-प्रसार गरिएमा त्यसको परिणामस्वरूप राष्ट्रीय र अन्तर्राष्ट्रीयस्तरमा देशप्रेमको भावना र शान्तिको स्थापना सम्भव हुनेछ । अन्य देशहरूको दमनार्थ शक्तिको प्रयोग नगरी कूटनीति,वार्तालाप तथा सद्बुद्धिको प्रयोग गरियोस भन्ने मेरो यहाँसमक्ष र वास्तवमा विश्वका सबै महान नेताहरूसमक्ष विनम्र अनुरोध छ । विश्वका महाशक्तिहरू जस्तै फ्रांसले शान्ति स्थापनाका निम्ति आफ्नो भूमिका निर्वाह गर्नु अनिवार्य छ । सा-साना

देशहरूका गतिविधिहरूलाई विश्व-शान्ति भंग गर्ने आधार बन्न दिनुहुने छैन ।

अतः विश्वका साना र ठूला शक्तिहरूलाई तृतीय विश्वयुद्धको विस्फोटक स्थिति उत्पन्न गर्नबाट रोक्नका निम्ति यथासम्भव प्रयास गर्नुहोला भनी यहाँलाई म पुनः स्मरण गराउन चाहन्छु । यदि हामी यस कार्यमा असफल भयौं भने यस्तो भयानक युद्धको प्रभाव र परिणाम केवल एशिया,यूरोप र उत्तरी र दक्षिणी अमेरिकाका निर्धन देशहरूसम्म मात्र सीमित रहने छैन अपितु हाम्रा भावी पीढिहरू समेत हाम्रो दुष्कार्यको भीषण परिणामबाट प्रभावित हुनेछन र समस्त विश्वमा विकलांग र शारीरिक दोषयुक्त बालकहरू जन्मने छन भन्ने कुराप्रति हाम्रो मनमा कुनै सन्देह नरहोस । विश्वका नेताहरूले सद्बुद्धि प्रयोग गर्नेछन र विभिन्न देशहरूका र मानिसहरूका बीचमा निम्न स्तरमा चलिरहेको शत्रुतालाई विश्वयुद्धको रूप धारण गर्नबाट रोक्नेछन भन्ने मेरो आशा र प्रार्थना रहेको छ । परमप्रतापी परमात्माले यहाँलाई र विश्वका अन्य सबै महान नेताहरूलाई यो सन्देश बुझ्ने सामर्थ्य प्रदान गरून ।

शुभकामना र प्रार्थनाका साथ

भवदीय



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

प्रमुख,विश्वव्यापी अहमदिया मुस्लिम जमाअत

# यू.के. तथा राष्ट्रमंडल देशहरुकी महारानीका नाममा पत्र

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

Queen of the United Kingdom & commonwealth Realms

Buckingham Palace

London SW1A 1AA

United Kingdom

१९ अप्रैल,२०१२ ई.

आदरणीय महारानी ज्यू ,

अहमदिया मुस्लिम जमाअतको प्रमुखको रूपमा तथा समस्त विश्वका अहमदिया मुस्लिम जमाअतका लाखौं सदस्यहरूका तर्फबाट हीरक जयन्तीको यस आन्नदपूर्ण शुभावसरमा म यहाँलाई हार्दिक बधाई र शुभकामना दिन्छु । सर्वशक्तिमान परमात्माले हामीलाई यस भव्य समारोहमा सम्मिलित हुने शुभावसर प्रदान गरेकोमा हामी उनका कृतज्ञ छौं । विशेषत: सबै अहमदी मुसलमानहरू जो यू.के.मा बसोवास गर्छन र यहाँका नागरिक रहेका छन,हीरक जयन्तीको यस शुभावसरप्रति अत्यन्त हर्ष र गर्व अनुभव गरिरहेछन । अत: म ती सबैका तर्फबाट महारानीलाई हार्दिक बधाई प्रस्तुत गर्दछु ।

## विश्व संकट तथा शांतिको मार्ग

म ती सर्वश्रेष्ठ परमेश्वर जसले धरती र आकाश सृजना गरी तिनलाई हाम्रा जीवनका आवश्यक असंख्य ने'मत(वैभव)हरूबाट परिपूर्ण गरेका छन,उनले हाम्री महारानीलाई जसको दयापूर्ण राज्य धेरै स्वतन्त्र राष्ट्र र राष्ट्र-मण्डलका सदस्य देशहरूमा व्याप्त छ,सदैव शान्ति र सुरक्षा प्रदान गरुन भनी याचना गर्दछु । जसप्रकार महारानीसित सबै वृद्ध र युवकहरू अर्थात समस्त प्रजाले प्रेम गर्छन र उहाँको आदर गर्छन,परमात्माका फरिस्ता(ईशदूत)हरूले पनि त्यसरी नै प्रेम गरून भन्ने हाम्रो प्रार्थना रहेको छ । जसरी महारानीलाई परमात्माले प्रचुर मात्रामा सांसारिक वैभव र दौलत प्रदान गरेका छन त्यसैप्रकार परमात्माले महारानीलाई असंख्य आध्यात्मिक वरदानहरू र वैभवहरूबाट पनि सौभाग्यवान तुल्याउन भन्ने हाम्रो कामना छ । परमात्माका यी वरदानहरू र वैभवहरूका फलस्वरूप यस महान राष्ट्रका सबै नागरिकहरू आफ्ना सर्वशक्तिमान परमेश्वरको पहिचान गर्नमा सक्षम हुन र परस्पर प्रेम र सहानुभूतिको भावनाका साथ जीवनयापन गर्दैजाऊन । यसैगरी यू.केका सबै नागरिकहरूले धर्म,रंग,जाति र राष्ट्रीयताका भेदभावहरूबाट माथि उठेर एक अर्काप्रति अत्यन्त आदर र सम्मानको भावना प्रदर्शन गर्न लागून र यसको सकारात्मक प्रभाव यस देशका सीमाहरूलाई पार गरी विश्वका अन्य देशहरूका नागरिकहरूमा समेत व्याप्त होस । यो संसार जसका अधिकांश क्षेत्रहरू आज युद्ध र विवाद तथा शत्रुतामा संलग्न छ,परमेश्वरले यसलाई शान्ति,प्रेम,भातृत्व र मित्रताको केन्द्र बनाउन । यस महत्वपूर्ण र सर्वोत्तम उद्देश्य प्राप्तिका निम्ति महारानीको दृष्टिकोण र प्रयासले एउटा प्रमुख भूमिका निर्वाह गर्न सक्नेछ भन्ने मेरो दृढ विश्वास रहेको छ ।

गत शताब्दीमा दुईवटा विश्वयुद्ध लडिए जसमा लाखौं ज्यानहरू नष्ट भए । यदि आज विभिन्न देशहरूका बीचमा विवादहरू बढ्दै गएको खण्डमा अन्ततः त्यसको परिणाम तृतीय विश्वयुद्धको रूपमा प्रकट हुनेछ । आगामी विश्वयुद्धमा परमाणु शस्त्रहरूको प्रयोगको प्रबल सम्भावना छ र त्यसको

अर्थ विश्व एउटा अत्यन्त भयानक र कल्पनातीत विनाशको मुखमा पर्नेछ । परमात्माले विश्वलाई यस्तो भयानक विपत्तिमा पर्नबाट बचाउन र संसारका सबै मानिसहरूलाई सद्‌बुद्धि र सुमति प्रदान गरुन भन्ने हाम्रो प्रार्थना छ । महारानीले आफ्नो हीरक जयन्तीको यस आनन्दपूर्ण अवसरलाई मानवकल्याणका निम्ति प्रयोगमा ल्याएर सबै ठूला र साना देशका जनताहरूलाई परमेश्वर प्रेम,शान्ति तथा एकताको भावनाका साथ तिनीहरूले जीवन यापन गरून भनी स्मरण गराउनुहोला भन्ने महारानी समक्ष मेरो विनम्र निवेदन रहेको छ ।

यस हीरक जयन्तीको पावन अवसरमा विश्वलाई प्रत्येक धर्मका अनुयायीहरूले तथा ती व्यक्तिहरूले पनि जसले परमात्माप्रति विश्वास गर्दैनन सदैव अन्य धर्मका अनुयायीहरूका भावनाहरूको सम्मान गरून भन्ने सन्देश यहाँले दिनुहोला भन्ने मेरो यहाँसमक्ष एउटा अर्को विनम्र निवेदन छ । इस्लामका सम्बन्धमा आज विश्वमा गलत धारणाहरू प्रचलित छन । यसका कारण एकातर्फ शान्तिप्रिय मुसलमानहरूका भावनाहरू आहत हुन्छन भने दोश्रोतर्फ गैर मुस्लिमहरूका हृदयमा इस्लामप्रति अविश्वास र घृणाको भावना उत्पन्न हुन्छ । अतः यदि यहाँले प्रत्येक व्यक्तिले सबै धर्महरू र तिनका अनुयायीहरूको आदर तथा सम्मान गरोस भनी उपदेश दिएमा यो सबै धर्मका अनुयायीहरूप्रति अपितु समस्त विश्वप्रति यहाँको दया र महान उपकार हुनेछ । परमप्रतापी परमात्माले हाम्री महारानीको यस उद्देश्यपूर्तिमा सहायता र समर्थन गरून । म विश्वव्यापी अहमदिया मुस्लिम जमाअतको प्रमुख हुँ भनी मैले यस पत्रको आरम्भमा नै लेखेको थिएँ । यस सन्दर्भमा म आफ्नो जमाअतको एउटा अति संक्षिप्त परिचय प्रस्तुत गर्न चाहन्छु । अहमदिया मुस्लिम जमाअतको दृढ विश्वासानुसार ती प्रतिश्रुत मसीह र वर्तमान युगका अवतार तथा सुधारक जसका सम्बन्धमा हजरत मुहम्मद( सल्लम)तथा उहाँभन्दा पहिलाका सबै अवतारहरूले भविष्यवाणी गरेका थिए र उहाँको यस युगमा आविर्भाव निश्चित थियो,हजरत मिर्जा गुलाम अहमद

कादियानी(अलै.) नै हुनुहुन्छ । उहाँवाहेक अन्य कोही हुनसक्दैन । सन १८८९ ई.मा उहाँले एउटा पवित्र र सदाचारी समुदायको स्थापना गर्नुभयो जसको नाम अहमदिया मुस्लिम जमाअत हो । उहाँले यो जमाअत निर्माण गर्नुको उद्देश्य परमात्मा र मानवजातिका बीचमा सम्बन्ध स्थापित गर्नु र मानिसहरूलाई एक अर्काका अधिकारहरू पूर्ण गर्नतर्फ ध्यानाकर्षित गर्नु थियो ता सबै मानिसहरूले परस्पर सम्मान र समादर तथा शुभेच्छाको भावनाका साथ जीवनयापन गरून । जब १९०८ ई.मा हजरत मिर्जा गुलामअहमद साहेब अलैहिस्सलाम(उहाँप्रति अल्लाहको शान्ति र कृपा वर्षण होस)को स्वर्गवास भयो त्यससमय उहाँका लगभग चार लाखजना अनुयायीहरू थिए । उहाँको स्वर्गवास पछि परमात्माको इच्छानुसार खिलाफत(उत्तराधिकार)को व्यवस्था स्थापित भयो र यस समय परमेश्वरको यो विनीत हजरत मसीह मौऊद(अलै.)को सेवक उहाँको पाँचौं खलीफा( उत्तराधिकारी)रहेको छ । अतः अहमदिया मुस्लिम जमाअत पूरा विश्वमा आफ्ना संस्थापकको उद्देश्यलाई अघि बढाउने प्रयास गरिरहेछ । हाम्रो सन्देश प्रेम,सन्धि र भातृत्वमा आधारित छ । हाम्रो आदर्श बोल- “ सबैलाई प्रेम गर घृणा कसैलाई नगर” वास्तवमा इस्लामका अनुपम र सुन्दर शिक्षाहरूको सार रहेको छ ।

यहाँ के वर्णन गर्नु उचित हुनेछ भने शुभ संयोगवश अहमदिया मुस्लिम जमाअतका संस्थापकको जीवनकालमा महारानी विक्टोरियाको हीरक जयन्ती मनाइएको थियो । त्यससमय अहमदिया मुस्लिम जमाअतका संस्थापकले “महारानीका निम्ति भेंट” नामक एउटा पुस्तक रचना गर्नुभएथ्यो । त्यसमा उहाँले महारानी विक्टोरियाका नाममा बधाई सन्देश लेख्नुभएको थियो । आफ्नो संदेशमा उहाँले महारानीलाई हीरक जयन्तीको शुभावसरप्रति बधाई दिनुभएथ्यो र साथै महारानीको शासनमा सबै मानिसहरू जसमा भारत उपमहाद्वीपका मानिसहरू पनि सम्मिलित थिए सबैलाई न्याय र धार्मिक स्वतन्त्रता प्रदान गरिएको र सबैले शान्तिपूर्ण जीवन व्यतीत गर्न पाएकोमा

समेत धन्यावाद दिनुभएथ्यो । यसैगरी उहाँले त्यस पुस्तकमा इस्लामका सुन्दर शिक्षाहरू प्रस्तुत गरी आफ्नो आगमनको उद्देश्य र आफ्ना दावीहरूको व्याख्यात्मक वर्णन गर्नुभएथ्यो ।

१९४७ ई.मा ब्रिटेनको सरकारले भारतीय उपमहाद्वीपलाई स्वतन्त्रता प्रदान गरिदियो । वास्तवमा ब्रिटेन सरकारले विभिन्न जाति तथा धर्मका मानिसहरूलाई आफ्नो देशमा बसोवास गर्ने अनुमति प्रदान गर्नु र तिनीहरूलाई समानाधिकार,धार्मिक स्वतन्त्रता तथा अभिव्यक्तिको स्वतन्त्रता प्रदान गर्नु ब्रिटेनको उच्चतम स्तरको सहनशीलता र उदारताको विशाल प्रमाण हो । आज सहस्रौं अहमदी मुसलमानहरू ब्रिटेनमा बसोवास गर्छन । तिनीहरूमध्ये अधिकतर यस्ता छन जसले अत्याचार र उत्पीडन सहन गर्न नसकी आफ्ना देशबाट पलायन गरी यहाँ शरण लिएका छन । महारानीको दयापूर्ण शासनमा तिनीहरू शान्तिपूर्ण जीवन व्यतीत गरिरहेछन । तिनीहरूलाई यहाँ न्याय र धार्मिक स्वतन्त्रता प्राप्त छ । यस उदारताप्रति म पुनः आदरणीय महारानीसमक्ष आफ्नो हार्दिक कृतज्ञता प्रकट गर्दछु ।


म्हारानीका निम्ति एउटा प्रार्थनाको साथ म यो पत्र समाप्त गर्छु । वस्तुतः यो त्यही प्रार्थना हो जुन अहमदिया मुस्लिम जमाअतका संस्थापकले आदरणीय महारानी विक्टोरियाका निम्ति गर्नुभएथ्यो । त्यो प्रार्थना निम्नानुसार रहेको छ :- " हे सर्वशक्तिमान तथा सर्वश्रेष्ठ परमात्मा ! आफ्नो कृपा र दयाले हाम्री आदरणीय महारानीलाई सदैव प्रसन्न राख । ठीक त्यसरी नै जसरी हामी उहाँको दयापूर्ण शासनमा प्रसन्नतापूर्वक जीवन यापन गरिरहेछौं । हे सर्वशक्तिमान परमात्मा ! उहाँसित दया र स्नेहपूर्वक व्यवहार गर जसरी हामी उहाँको दयापूर्ण शासनमा शान्ति र समृद्धिपूर्वक जीवन व्यतीत गरिरहेछौं ।"

मेरो के पनि प्रार्थना छ भने महाप्रतापी परमात्माले हाम्री आदरणीय महारानीको मार्गदर्शन गरून । सर्वशक्तिमान परमात्माले आदरणीय

महारानीका सन्तानको पनि त्यसरी नै मार्गदर्शन गरुन । तिनीहरू स्वयं सत्यका अनुयायी रहेर अन्य मानिसहरूलाई समेत त्यस मार्गमा हिड्ने उपदेश दिनेयोग्य बनून । परमात्माले सदैव न्याय र स्वतन्त्रताको गुणलाई ब्रिटिश साम्राज्यको मार्गदर्शक सिद्धान्त बनाइ राखुन । म पुनः आदरणीय महारानीका सेवामा यस आनन्दपूर्ण अवसरमा हार्दिक बधाई र शुभकामना प्रस्तुत गर्छु । हाम्री आदरणीय महारानीका सेवामा मेरा तर्फबाट हार्दिक र साँचो बधाई प्रस्तुत छ ।

शुभकामना र प्रार्थनाका साथ

भवदीय



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

प्रमुख, अहमदिया मुस्लिम जमाअत

# इस्लामी गणराज्य इरानका सर्वप्रमुख नेताका नाममा पत्र

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

आयतुल्लाह सैयद अली हुसैनी खमीनाई

इस्लामी गणराज्य इरानका सर्वप्रमुख नेता

तेहरान,इरान

१४ मई २०१२ ई.

आदरणीय आयतुल्लाह,

अस्सलामु अलैकुम व रहमतुल्लाहे व बरकातुहू

सर्वशक्तिमान अल्लाहले यहाँलाई इरानमा इस्लामको सेवा गर्ने अवसर प्रदान गरेका छन र यससमय यहाँ इरान सरकारको संरक्षण र मार्गदर्शनमा कार्यरत हुनुहुन्छ । अतः हामीले संसारसमक्ष इस्लामका वास्तविक शिक्षाहरूलाई प्रस्तुत गर्ने यथासम्भव प्रयास गर्नु आवश्यक छ । मुसलमान हुनाको नाताले हामीले संसारलाई शान्ति,प्रेम र एकताका साथ रहने शिक्षा दिनुपर्नेछ । विशेषतः मुस्लिम नेताहरूले यसतर्फ ध्यान दिनु अत्यावश्यक छ । यसै उद्देश्यलाई लिएर मेरो यहाँसमक्ष के अनुरोध छ भने, यहाँले आफ्नो सरकारलाई विश्वमा शान्ति स्थापना हेतु त्यसका कर्तव्य र दायित्वतर्फ ध्यानाकर्षण गराउनुहोस । यदि इरानमाथि आक्रमण भएमा उसलाई आफ्नो देशको रक्षा गर्ने पूर्ण अधिकार छ । परन्तु उसले अन्यहरूमाथि आक्रमण गर्ने अथवा कुनै प्रकारको विवादमा पर्ने कार्यमा पहल गर्नु हुनेछैन अपितु धार्मिक

मतभेदहरूलाई एकातर्फ राखी सामान्य र मौलिक मूल्य र मुद्दाहरूको आधारमा एकता कायम गर्ने प्रयास गर्नु अत्यावश्यक छ । इस्लामको इतिहासबाट भिन्न भिन्न समयमा यही मार्ग अपनाइएको तथ्य हामीलाई प्राप्त हुन्छ ।

म प्रतिश्रुत मसीह र महदी जसको यसयुगमा आगमनको भविष्यवाणी हजरत मुहम्मद मुस्तफा(सल्लम)ले गर्नुभएको थियो,प्रति विश्वास स्थापना गर्ने उहाँको उत्तराधिकारी र खलीफा हुनाको नाताले यहाँलाई यो पत्र लेखिरहेछु । अल्लाहको कृपाले यो जमाअत अब विश्वका दुई सयवटा देशहरूमा स्थापित भइसकेको छ र विश्वभरमा यसका लाखौं श्रद्धावान अनुयायीहरू छन ।

परस्पर प्रेम र शान्तिका साथ रहन विश्वको मार्गदर्शन गर्ने हाम्रो प्रबल इच्छा छ । यस उद्देश्यको प्राप्ति हेतु म विश्वका भिन्न भिन्न वर्गका मानिसहरूको निरन्तर ध्यानकर्षण गर्नेगर्छु । अतः मैले यिनै दिनहरूमा इजरायलका प्रधानमन्त्री,संयुक्त राज्य अमेरिकाका राष्ट्रपति तथा विश्वका अन्य केही नेताहरूलाई पत्र लेखेको छु । मैले पोप बैनिडिक्ट xvi लाई पनि यस सम्बन्धमा पत्र लेखेको छु ।

एउटा विशाल इस्लामी देशका आध्यात्मिक नेताको रूपमा यदि समस्त मुस्लिम समुदाय एकजुट र एकत्र भएर कार्य गरेमा विश्वशान्ति स्थापित हुनसक्नेछ भन्ने कुरोप्रति यहाँ सहमत हुनुहुन्छ होला भन्ने मेरो आशा छ । शत्रुता र मनमुटाउलाई अकारण बढाउनु उचित कुरो होइन अपितु शान्ति स्थापित गर्ने उपायहरूको खोज गर्नु हाम्रो कर्तव्य रहेको छ । यसका अतिरिक्त पवित्र कुर्आनले अन्य जातिहरूसित शत्रुता र विरोधको भावना पनि अन्यायपूर्ण रूपमा हुनुहुदैन भनी आदेश दिएको छ । पवित्र कुर्आनको त्यो शिक्षा निम्नानुसार रहेको छ :-

يايها الذين آمنوا كونوا قوامين لله شهداء بالقسط ۔

ولا يجرمنكم شنان قوم ان صدُّ كُم .................ان الله شديدُ العقاب
{سورۃالمائدہ:٩}

अनुवादः-हे विश्वासीजनहो ! अल्लाहका निम्ति न्यायका साथ साक्ष दिन दृढतापूर्वक खडा हुनेगर ।  तथा कुनै जातिको शत्रुताले तिमीहरूलाई कदापि अन्याय गर्नतर्फ प्रेरित नगरोस । न्याय गर यो (कुरो)तक्वा(संयम)को सर्वाधिक निकट रहेको छ । तथा अल्लाहसित डर । तिमीहरू जे गर्छौ निस्सन्देह अल्लाह त्यसप्रति अवगत रहन्छन । (अल् माइदा आयत ९)

अल्लाह तआलाले समस्त मुस्लिम समुदाय र सबै मुस्लिम देशहरूलाई मेरो सन्देश बुझ्ने सामर्थ्य प्रदान गरून तथा तिनीहरू सबै शान्ति स्थापनाहेतु आ-आफनो भूमिका निर्वाह गर्न तत्पर र सहमत हुनजाऊन ।

समस्त मुस्लिम समुदायप्रतिको प्रेमका कारण उत्पन्न मानवजातिप्रतिको प्रेमको भावनाले र समस्त मानवजातिका निम्ति साक्षात दयास्वरूप हजरत मुहम्मद मुस्तफा(सल्लम)को उम्मा(समुदाय)को एउटा सदस्य हुनाको नाताले म यहाँलाई यो पत्र लेख्न प्रेरित भएको हुँ । अल्लाह तआलाले विश्वका सबै नेताहरूलाई मेरो सन्देश बुझ्ने सामर्थ्य प्रदान गरुन । तिनीहरू सबै विश्वशान्ति स्थापनार्थ सक्रिय भूमिका निर्वाह गर्ने सदस्य बनून । अन्यथा यदि कुनै एउटा देशको असावधानीपूर्ण तथा विवेकरहित कार्यवाहीबाट दुईवटा देशहरूका बीचमा युद्धको कारण बन्न पुगेमा त्यो युद्ध केवल ती दुईवटा सम्बन्धित देशहरूसम्म मात्र सीमित रहनेछैन अपितु त्यो युद्धको ज्वालाले समस्त विश्वलाई आफ्नो लपेटोमा लिनेछ । अतः त्यसको फलस्वरूप विश्व युद्ध आरम्भ हुने पूर्ण सम्भावना छ र त्यो युद्ध परम्परागत शस्त्रहरूद्वारा होइन अपितु परमाणु शस्त्रहरूद्वारा लडिनेछ ।

परमाणु युद्धका यस्ता भीषण र भयंकर परिणामहरू प्रकट हुनेछन जसबाट न केवल समकालीन नागरिकहरू अपितु त्यसका दूरगामी परिणामबाट भावी पीढीहरू समेत नराम्रोगरी प्रभावित हुनेछन । त्यो युद्ध भावी पीढीहरूका


निम्ति विकलांगता र शारीरिक दोषको कारण बन्नेछ जुन तिनीहरूका निम्ति एउटा “विकराल उपहार”सिद्ध हुनेछ । अतः कुनै पनि देशले शीघ्र आउने त्यस विनाशबाट सुरक्षित रहनेछ भन्ने कल्पना नगरोस ।

अतः म अल्लाह तथा उनका रसूल(पैगम्बर)र मानवताप्रतिको प्रेम र दयाको नाममा विश्वशान्ति स्थापनार्थ आफ्नो भूमिका निर्वाह गर्नुहोस भनी यहाँलाई पुनः विनम्र अनुरोध गर्छु ।

शुभकामना र प्रार्थनाका साथ

वस्सलाम

भवदीय



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

प्रमुख,विश्वव्यापी अहमदिया मुस्लिम जमाअत

# रूसका राष्ट्रपतिका नाममा पत्र

MIRZA MASROOR AHMAD
HEAD OF THE AHMADIYYA COMMUNITY
IN ISLAM

بسم الله الرحمن الرحيم
نحمده و نصلي على رسوله الكريم
وعلى عبده المسيح الموعود
خدا کے فضل اور رحم کے ساتھ
هو الناصر

16 Gressenhall Road
Southfields, London
SW18 5QL, UK

माननीय व्लादिमीर पुतिन

राष्ट्रपति रूस,

क्रेमलिन,२३ इलियंका स्ट्रीट

मास्को १०३१३२ रूस

१८ सितम्बर,२०१३ ई.

प्रिय राष्ट्रपति,

म यो पत्र अहमदिया मुस्लिम जमाअतको प्रमुख हुनाको नाताले यहाँका सेवामा लेखिरहेछु । यो जमाअत जुन अति शान्तिप्रिय र शान्तिलाई प्रोत्साहन दिने जमाअत रहेको छ, विश्वका दुई सय चारवटा देशहरूमा यो स्थापित भइसकेको छ । विश्वको वर्तमान परिस्थितिलाई ध्यानमा राखी मैले आफ्ना विभिन्न भाषणहरूका माध्यमले विश्वका नेताहरूलाई र मानिसहरूलाई परमात्माप्रति तिनीहरूको कर्तव्य र मानवताप्रति तिनीहरूको दायित्वतर्फ ध्यानाकर्षण गराउँदै आइरहेछु । यहाँसित वार्ता गर्ने अवसर मलाई प्राप्त नभएकोमा मलाई अत्यन्त खेद छ । परन्तु सीरियाको वर्तमान चिन्ताजनक परिस्थितिले मलाई यहाँका सेवामा पत्र लेख्न प्रेरित गर्‍यो । यहाँले बलप्रयोग र युद्धको ठाउँमा वार्तालापद्वारा समस्याहरूको समाधान निकाल्न विश्वका विभिन्न देशहरूमा सहमति बनाउने प्रयास गर्नुभएकोमा


## विश्व संकट तथा  शांतिको मार्ग

म यहाँलाई धन्यवाद दिनका साथै यहाँको भावना र सोचको सराहना गर्दछु । कुनै पनि प्रकारको आक्रमणबाट न केवल यस क्षेत्रमा युद्धारम्भ हुनेछ अपितु त्यसले विश्वयुद्धको रूप धारण गर्ने प्रबल सम्भावना छ । एउटा पश्चिमी समाचारपत्रमा यहाँको एउटा लेख पढेर मलाई अत्यन्त खुशी लाग्यो । त्यसमा यहाँले आक्रमण गर्नु अति विनाशकारी हुनेछ र यसको फलस्वरूप विश्वयुद्ध आरम्भ हुने सम्भावना छ भन्ने कुरोलाई प्रमुख रूपमा प्रस्तुत गर्नुभएको छ । यहाँको त्यही संकल्प र प्रयासका कारण महाशक्तिहरूले आक्रमणको मार्ग त्यागेर सहमति र संधिको मार्ग अपनाएर त्यस समस्याको राजनैतिक समाधान निकाल्ने सहमति प्रकट गरे । मेरो विश्वासानुसार निश्चय नै त्यस सहमतिले विश्वलाई एउटा महाविनाशकारी र विध्वंसक स्थितिबाट बचायो । यदि विश्वका देशहरूले आ-आफ्नो स्तरमा एकपक्षीय निर्णय लिएको खण्डमा संयुक्तराष्ट्रको पनि त्यसरी नै अन्त हुनेछ जसरी लीग ऑफ नेशन्स(राष्ट्रसंघ)को अन्त भएको थियो । अर्थात संयुक्तराष्ट्र विफल हुनेछ भन्ने यहाँको विचारप्रति म पूर्ण सहमत छु । निस्सन्देह हालमा युद्धको ज्वाला भडकाउने प्रयास गरिएको थियो परन्तु यो ज्वाला अब केहीसीमासम्म शान्त भएको छ । जुन सकारात्मक प्रयास अहिलेसम्म गरिएको छ परमेश्वरले विश्वका महाशक्तिहरूलाई साना देशहरूको रक्षा गर्ने,तिनको सम्मान गर्ने र तिनीहरूको उचित अधिकार तिनलाई दिने समझ र सामर्थ्य प्रदान गरून । केवल आफ्नो वीटो शक्तिको प्रयोगको चिन्तामा मात्र तिनीहरू व्यस्त नरहून ।

शान्ति स्थापना हेतु यहाँका प्रयासहरूले मलाई यो धन्यवाद पत्र लेख्न विवश गरे । यी प्रयासहरू अस्थायी नहुन अपितु यहाँ सदैव शान्तिस्थापनार्थ प्रयासरत रहनुहुनेछ भन्ने मेरो विश्वास र प्रार्थना छ । परमात्माले यहाँलाई यो उद्देश्यपूर्तिको सामर्थ्य प्रदान गरून । विश्व शान्तिका निम्ति जब जब मलाई अवसर प्राप्त हुन्छ म मानिसहरूको ध्यान यसतर्फ आकर्षित गराउँछु र न्यायमा आधारित विश्व शान्ति स्थापित गरियोस भन्ने मेरो विचार रहेको

छ । मेरा केही भाषणहरू World Crisis and The Pathway to Peace(विश्व संकट तथा शान्तिको मार्ग)नामक पुस्तकमा प्रकाशित भएका छन । त्यस पुस्तकको एक प्रति उपहारस्वरूप यहाँलाई प्रस्तुत छ ।

शुभकामना र प्रार्थनाको साथमा



मिर्जा मसरूर अहमद

खलीफतुल मसीह पञ्चम

प्रमुख,विश्वव्यापी अहमदिया मुस्लिम जमाअत

# WORLD CRISIS

*and the Pathway to*

# PEACE

The world is passing through very turbulent times. The global economic crisis continues to manifest newer and graver dangers almost every week. The similarities to the period just before the Second World War continue to be cited and it seems clear that events are moving the world at an unprecedented pace towards a horrific Third World War.

In this book, His Holiness Mirza Masroor Ahmad, the Head of the worldwide Ahmadiyya Muslim Community warns the world of the fast approaching dangers and how it can avert disaster and chart a course to peace.